0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वेदान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

२६२

वेदान्त ऑं.

वेदान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वेदान्त-संग्रह

प्रथम भाग

लेखक :—
रामबहादुर गोतामे क्षत्री

प्रकाशक
रामबहादुर गोतामे क्षत्री
१७।१२८ लाजिम्पाट
काठमाडौं (नेपाल)

विक्रम सम्वत् २०१७

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

वेदान्त-संग्रह

प्रथम भाग

उपहार

लेखक र प्रकाशक—
रामबहादुर गोतामे क्षत्री
१७/१२८ लाजिम्पाट, काठमाडौं (नेपाल)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पुस्तक पाइने ठेगाना :—
रत्न पुस्तक भण्डार भोटाहिटी,
काठमाडौं, नेपाल

(सर्वाधिकार सुरक्षित)

प्रथम वार १०००
विक्रम संवत् २०१७।६।८।४।
मूल्य। मो० रु० ३।

मुद्रक: ए० के० 'शास्त्री'
आर्यभूषण प्रेस ब्रह्माघाट, वाराणसी.

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

कृतज्ञता

जुननाथ शर्मा प्रति म आफ्नो हार्दिक कृतज्ञता प्रकट नगरी रहन सक्तिन। यदि मलाई उहांले लेख लेख्नलाई सहानुभूति र शुरूदेखि अन्तसम्म लेख हेरी शुद्धाशुद्ध मिलाई दिनुभएको भए यो पुस्तक लेखी सफलता प्राप्त गर्न मलाई साह्रै कठिन पर्ने थियो। त्यसको निमित्त म उहाँको हृदयदेखि कृतज्ञ र आभारी छु।

यसको अतिरिक्त डाइरेक्टर श्रीकृष्ण बहादुर वर्मा, कुमार शमशेर ज० ब० रा० र क० अम्बर बहादुर आदिले प्रोत्साहन दिनु भएकोले नै मेरो उत्साह बढ्दै गयो र मैले सफलता प्राप्त गर्न सकें। यस बसले उहांहरूलाई म हार्दिक धन्यवाद अर्पण गर्दछु। आर्को कुरा मेरो लेख हेरी स्वामी ईश्वरानन्द, ले० गणेशजङ् सिजापति, प्रोफेसर गोकुलचन्द, पं० मुरलीधर भट्टराई, पं० गोपाल शर्मा, प्रा० जुननाथ शर्मा, केशव शर्मा आदिले हर्ष प्रकट गरी आफ्नो आफ्नो विचार प्रकट गर्नुभएकोमा म उहांहरूलाई पनि हार्दिक धन्यवाद अर्पण गर्दछु।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

स्वर्गीय माता श्री मनोधरादेवीका
चरणमा समर्पित
स्मृति कुसुमाञ्जलिस्वरूप
वेदान्त-संग्रह

(४)

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

स्वर्गीय माताको संक्षिप्त जीवन-चरित्र

स्वर्गीय माता श्रीमनोधरादेवी हामी तीन दाजुभाइ कृष्ण, राम र नारायणलाई टुहुरा पारी यस संसारलाई त्याग गरी ५४ वर्षको अवस्थामा आफ्नो धाममा जानु भयो। उहां ईश्वरको भक्तिमा समय व्यतीत गर्नमा नै श्रेय मान्नु हुन्थ्यो, ईश्वरमा प्रेम हुनाले भगवान्‌को पूजा सामग्री आफ्नै हातले तयार नगरी चित्त बुझ्दैन थ्यो। उहांको जीवनीमा एउटा कुरा ठूलो महत्वपूर्ण यो थियो कि—

कर्म प्रधान विश्व करि राखा।
जो जस करे सो तस फल चाखा॥

भन्ने उक्तिलाई ज्यादा अपनाउनु हुन्थ्यो यसका साथै—

अहिंसा परमो धर्मः अहिंसा परम तपः।
अहिंसा परमो कामः, हिंसा हि परमो ह्यघः॥

अहिंसा परम धर्म हो, अहिंसा परम लाभ हो, तप होहिंसा गर्नु परम पाप भन्ने सिद्धान्तलाई लिएर आफ्नो पेट भर्नाको निमित्त जीव हत्या गरी मांस खानुलाई ठूलो पाप मान्नु हुन्थ्यो। देहपात हुनुभन्दा अघि लखनौमा बसी डाक्टरद्वारा स्वास्थ्यको उपचार निकै नै हुँदा पनि ठीक हुनसकेन र अब म घरै जान्छु भन्नु भएकोले हामीले पनि आज्ञा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

मुताबिक घरमा लिएर आयौं। घरमा आइपुगेको आठ दश दिनपछि धामी झाक्रीलाई देखाउने इच्छा प्रकट गर्नु भएकोले त्यसको प्रबन्ध पनि हामीले गर्‍यौं। धामी झाक्रीले पशुको बली दिनु पर्छ, अनिमात्र स्वास्थ्य ठीक हुन्छ भनेकोमा तिनलाई माताले के उत्तर दिनुभो भने पशुको बली त परै रहोस् राजा बादशाहहरू आफ्नो जीवनको रक्षाको निमित्तमा मानिसको समेत बलिदान दिन सक्नेहोलान् तर खोइ तिनले पनि मृत्युको मुखमा पर्न पर्‍यो। मनुष्य देहलाई एक पल्ट सबैले छाडी जान कै लाग्छ। जो जन्म लिन्छ त्यो अवश्य मर्छ भन्ने कुरा अनिवार्य छ। आफ्नो जीवनको रक्षाका लागि आर्काको वध गर्न म चाहन्न। बली आखिर त यदि केही दिन बाचिन्छ भने पनि मलाई इच्छा छैन। किन कि दिनाले मर्नै पर्ला। यसउसले अहिले मर्नामा नै खुसी छु भनी पशुलाई वध गर्न दिनुभएन। प्रारब्धवश स्वास्थ्य दिन प्रतिदिन खराब हुँदैगयो र अन्तमा विक्रम सम्वत् २००७ साल श्रावण २६ गते कृष्ण द्वादशी बृहस्पतिवारका दिन बेलुका ६ बजे तारक महामंत्रको स्मरण गर्दै नश्वर देह त्याग गरी परमपदमा लीन हुनु भयो।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

आर्थिक सहयोगी

श्रीमती महारानी साहेब बलरामपुर स्टेटबाट मेरी स्वर्गीय माताको स्मृतिमा यो पुस्तक प्रकाशन गर्नलाई लागेको आर्थिक सहायता बक्सेकोमा म उहांलाई धन्यवाद समर्पित गर्छु । उहां अध्यात्मप्रेमी ज्ञानमार्गमा संलग्न हुनाको कारण उहांलाई धर्मसंबन्धी कार्यहरू प्रिय लाग्नु स्वाभाविक हो । यसउसले धन्यवाद समर्पणको अतिरिक्त जसले यो जगत्लाई उत्पन्न गरेको छ, जसमा यो लीन हुन्छ र जसले यसलाई धारण गरेको छ, ती ज्ञानस्वरूप परमात्माले सदा सर्वदा उहाँको इच्छा पूर्ण गरून् भन्ने म प्रार्थना गर्छु ।

—लेखक

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

—लेखक—

रामबहादुर गोतामे छत्री

१७/१२८ लाजिम्पाट, काठमाडौं

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

भूमिका

संसारमा जति प्राणीहरू छन् ती सबै सुखको इच्छा गर्दछन्। सुख को किन इच्छा गर्दछन्? दुःख हुनाले। जब घामले शरीरमा ज्यादै गरम प्रतीत हुन्छ अनि मात्र मनुष्य शीतल छायाको खोजी गर्न थाल्छ। मानिसको स्वास्थ्य जब ठीक रहन्छ तबसम्म औषधिको महिमा थाहा हुँदैन र औषधि सेवन गर्ने व्यक्तिलाई समेत निन्दा गर्छ। जब रोगले पीडित हुन्छ तब औषधिलाई अमृत सम्झन्छ। भोक बिना अन्न र तृषा बिना जलको चाहना हुँदैन। कुनै पदार्थबाट मनुष्यलाई दुःख हुन्छ तापनि पदार्थको दोष नदेखुन्ज्याल उसलाई त्याग गर्ने चेष्टा गर्दैन। सबै प्राणीहरू दुःख निवृत्ति गर्न त इच्छा गर्दछन्, परन्तु सांसारिक विषय भोगमा नै सुख मानी भूलेका छन्। अनि आनन्द कताबाट प्राप्त होस्! जुन वस्तुमा आनन्द छैन त्यसमा

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

आनन्द खोजेर कहिले पाइन्थ्यो ? त्यो त दुःखको मूल कारण छ। आफू आनन्द स्वरूप भईकन थाहा नपाई विषयमा आनन्द खोज्नु कस्तो हो भने आफ्नो काखमा रहेको बोकालाई नदेखी इनारमा परेको बोकाको छायामा बोको खोज्नु जस्तो हो। यी सबै भ्रमलाई नष्ट गर्नाको निमित्त-वेदान्त शास्त्रको अध्ययन गर्नु पर्छ। वेदान्त-शास्त्र त्यो शास्त्र हो जसले संसारिक भ्रमलाई नष्ट गराई आफ्नो आनन्द स्वरूपको लक्षमा पुऱ्याउँछ। यो धारणा हुनु यद्यपि कठिन छ ता पनि उचित प्रयत्न गर्नेलाई अर्थात् यस्तै वेदान्त पुस्तक ध्यानसंग अध्ययन गर्नेलाई सुगम नै हुनेछ। यस्तै ग्रन्थमा जड चेतनको निर्णय आफ्नो स्वरूपको वर्णन आदि गरिएको छ; त्यसको मननले जिज्ञासुहरूलाई शीघ्र नै स्वरूप स्थितिमा प्रवेश हुने लाभ प्राप्ति हुनजानेछ। सरलताले निर्विवाद भएर निष्पक्ष दृष्टि राखेर अवलोकन गर्नाले प्रत्येक मनुष्यलाई मानसिक रोग, राग, द्वेष, कामाग्नि, निर्मूल गर्ने विचार उत्पन्न हुन आउँछ र ती मनुष्यहरूमा परम पद प्राप्त गर्ने जोश आउँछ। आज कसै कसैमा गृहस्थाश्रममा बसी धर्म कर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

गर्न र परमपद प्राप्त गर्न असमर्थ हुन्छ भन्ने जो भ्रम भए-को छ त्यस्ताका लागिमा पनि यो पुस्तक अति उपयोगी हुनेछ। विशेष गरेर गृहस्थीहरू आफ्नो गृहमा नै बसी आफूले गर्न पर्ने कर्तव्य आदि पालन गरेर यो ग्रन्थको या यस्तै कुनै ग्रन्थको मनन गर्नाले अवश्य पनि भोगा-सक्तिलाई नाश गर्नमा समर्थी र कल्याणको भागी समेत हुनेछन् भन्ने लेखिएको छ। जुनसुकै आश्रममा रहेका छ तापनि यदि आफ्नो उद्धार गर्नाको ध्येय र आफ्नो स्वरूपको प्राप्ति गर्नको तीव्र इच्छा छ भने अवश्य पनि यस वेदान्त संग्रह पुस्तकको अध्ययन र मनन गरी सबैले मनुष्य जन्म सफल गरुन् भन्ने लेखकको सबैसंग नम्र निवेदन छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

प्रस्तावना

हाम्रा देशका सर्वसाधारण नर-नारीहरूलाई वेदान्त शास्त्र पढ्न र बुझ्न साह्रै उत्सुक लागेको देखेर उहांहरूलाई वेदान्त बुझ्न सुगम होस् भन्ने उद्देश्य लिएर धर्मको रक्षाबाट नै राष्ट्रको रक्षा हुनसक्छ अर्थात् (यतो धर्मस्ततो जयः) भन्ने सिद्धान्तलाई अपनाई हाम्रो संस्कृति हामीले नै रक्षा गरे मात्र रक्षा हुन सक्छ भन्ने उद्देश्य लिएर मैले यो वेदान्त संग्रह नामक पुस्तकको रचना गरेको हुँ । यो रचना मेरा पिताजीको प्रसादरूप हो । मेरा पिताजी स्व० भीमबहादुरको अवस्था अहिले ६८ वर्षको छ । चौदह पन्द्रह वर्षको अवस्थादेखि नै वेदान्त विषयमा लाग्नु भई साधु महात्मा आदिको सत्संग गरेर पन्द्रह बीस वर्ष व्यतीत गरेपछि, उहाँलाई यो निश्चय भएछ कि जत्ति कुरा गरे पनि वास्तवमा त उही एउटा ब्रह्म सिवाय अरू कुनैं वस्तु रहेनछ भने व्यर्थको वाद विवाद गर्नुको सट्टा उसैको चिन्तन गर्नु श्रेय छ भनी वाद-विवादलाई छोडी परमात्म चिन्तन मै आजसम्म लागि आनन्दले आफ्नो जीवन व्यतीत गरिरहनु भएको छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

यो मेरो विद्यार्थी जीवनमा यस किसिमको वेदान्त ज्ञान हुनु सहज होइन। तर मैले पिताजीले संग्रह गरेको पुस्तकको अध्ययन गरेर त्यस अध्ययनमा नबुझेका कुरा उहांले केही बोध गराई दिनुभएको वेदान्त मैले यस पुस्तकमा व्यक्त गरेको छु र रचनाको सारा श्रेय मैले पिताजीलाई नै दिएको छु। यसको अतिरिक्त मेरा स्वर्गीय गुरु पं० कालिदास र पं० दामोदरले पनि यस विषयमा मलाई कहिले काहीं उपदेश दिनु हुन्थ्यो। उहांहरूको पनि मलाई यस विषयमा आशीर्वाद प्राप्त भएको हुँदा यस अवसरमा उहांहरूलाई बिर्सन सक्तिन। यो मेरो प्रथम पटकको रचना भएको हुंदा केही नकेही यसमा त्रुटि हुन सक्छ र छापा अशुद्ध भएको त्यस उपर ध्यान नराखी यस ग्रन्थलाई सबैले अध्ययन गरी हरतरहबाट सहयोग दिनुहोला भन्ने आशा गर्दछु।

—लेखक

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

॥ श्रीः ॥

केही विद्वानहरूका सम्मति

श्री रामबहादुरजीले "वेदान्त संग्रह" नाम निबन्ध मैले आपाततः। भूमिका स्वरूपबाट विषयावलोकन गर्दा वेदान्त प्रक्रिया जिज्ञासु जनलाई यल्ले निकै नै उपकार गर्ला र वैदान्तिक सिद्धान्त जान्न उत्तर मीमांसामा प्रविष्ट होला भन्ने आशा गर्दछु। इति शम।

केशव शर्मा वेदान्ताचार्य

ता० २१-११-६० । २२।२९ पञ्चगङ्गा घाट

। वाराणसी

श्रीमान रामबहादुर काजीले 'वेदान्त संग्रह' नामक ग्रन्थ लेखनु भयेकोमा वेदान्त विषयक शास्त्रहरुको गंभीर तात्पर्य बोध हुने हुनाले लेखकलाई धन्यवाद र यो लेख-

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

लाई सबै सज्जनबाट प्रसंशित अवश्य हुन जानेछ भन्ने आशा गर्दछु ।

—पं० गोपाल शर्मा कालीमाटी

श्री रामबहादुरजी ! तपाईले सम्पादन गर्नु भएको 'वेदान्त संग्रह' नामक पुस्तक सर्वसाधारणका निमित्त उपयोगिता भयकोले यस्मा यस्ले सबैलाई आफ्नु लक्षमा पुराउने छ ।

ले० गणेशजं सिजापति

सत्संग ग्रीह भक्तपुर. (मध्देपुर ठिमी)

श्रीरामबहादुरजी के वेदान्त संग्रह नामक पुस्तकके कुल स्कूल सुने । पुस्तक धार्मिक दृष्टिसे उपयोगी है । धर्मकी रक्षासे राष्ट्रकी रक्षा होती है ।

श्रावणी पूर्णिमा
२०१७

प्रोफेसर गोकुलचन्द

श्री रामबहादुरजीले सम्पादन गर्नु भएको 'वेदान्त संग्रह' नामक पुस्तक वेदान्त विषयक बोधलाई सर्वसाधारणका निमित्त ज्यादै उपयोगी देखिन्छ र दृष्टान्त कौशल

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

लेखकको प्रत्येक विषयमा देखिएको हुंदा सबैलाई आध्यात्मिक कौतूहलको भूमिकामा ज्योति जगाउने छ भन्ने मलाई लागेको छ।

—प्रा० जुननाथ शर्मा

श्री रामबहादुज्यूले 'वेदान्त संग्रह' नामक पुस्तक लेख्नु भएको २-४ औटा प्रकरण आफैले बाँचेर सुनाउनु भयो, वेसै लाग्यो। सत्संगिच्छुहरूलाई अगाडि बढ्नको निमित्त यो सोपानको रूपमा हुनेछ। यस्तो प्रकाशन ऐलैसम्म नेपालीमा छैन। यो अभावको पूर्ति गराएकोमा उहाँ अवश्य पनि धन्यवादको पात्र हुनुहुन्छ।

—स्वामी ईश्वरानन्द

श्री रामबहादुरजीले संपादन गरेको वेदान्तको मनन गरेर अड्न सके आत्मज्ञान भएर मर्त्य तुरुन्त अमर्त्य हुनेछ।

पं० मुरलीधर भट्टराई

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

विषय-सूची

विषय	पृष्ठ संख्या
१ शान्ति पाठ	१
२ प्रकृति पुरुषको विवेचन	३
३ ज्ञान भूमिका	१५
४ त्याग	१८
५ एक ब्रह्म	२३
६ पंचकोश	२५
७ आत्माको विशेषण	३०
८ जीव र मन	३८
९ वेदान्त प्रक्रिया : संज्ञा वर्णन	४१
१० स्थूल देहको पंचतत्त्व	४८
११ स्थूल देहको धर्म	५३
१२ सूक्ष्म देह	५७
१३ करण देह	६७
१४ महाकारण देह	६९
१५ दिग्विजय	७५
१६ माया	७९
१७ सत्यको अनुसरणले मुक्ति	८६
१८ सुगम मार्ग	९१
१९ वैराग्य प्राप्ति	९५
२० हुनै नसक्ने कुराको चिन्ता गरेको परिणाम	१०३
२१ ब्रह्मचर्य	१०६
२२ तीन प्रकारको कर्म	१०७
२३ को विवेकी ?	११७
२४ आचरण	१२३
२५ कर्म र भाग्य	१३२
२६ शिष्य बन्ने योग्यता	१३८
२७ गुरु-शिष्य	१४२
२८ सत्-चित्-आनन्द	१४३
२९ विजय	१४६
३० ब्रह्म ज्ञानको उपदेश	१४९

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

विषय	पृष्ठ-संख्या
३१ आफ्नो शक्तिको स्मरण	१५६
३२ म को हुँ ?	१५८
३३ चित्तको एकाग्रता	१६१
३४ जो स्वयं मुक्त छ त्यो अर्कोलाई पनि मुक्त गर्न सक्छ	१६२
३५ मत्स्य स्वरूप बोध	१६४
३६ ईश्वरको न्याय	१६६
३७ जीव र ब्रह्मको भेट	१६८
३८ मन खलि बस्दैन	१७१
३९ ब्रह्म तेज	१७३
४० नचिकेता र यम सम्वाद	१७५
४१ विदेह	१८२
४२ ईश्वरको खोज	१८४
४३ राजा जनक र शुकदेवजी	१८८
४४ दुःख निवृत्ति	१९०

विषय	पृष्ठ संख्या
४५ गुरुको खोज	१९४
४६ अध्यात्म विद्या	१९६
४७ आरुणिको श्वेतकेतुलाई उपदेश	१९७
४८ महावाक्य	२००
४९ आफ्नो घर जाने पुरुष	२०५
५० चौदह मायिक ब्रह्मको लक्षण	२०८
५१ श्रीशुकदेवजीको अन्तिम उपदेश	२१०
५२ निर्मोही पुरुष	२१३
५३ विचित्र पुरुषहरूका कथा	२१६
५४ पहिले आफू बन र अनि उपदेश गर	२१९
५५ समदर्शी	२२२
५६ आत्मा-सम्बन्धी प्रश्नोत्तर	२२५
५७ ग्रन्थको उपसंहार—	२३९

———

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

शान्ति पाठ

ॐ भद्रं कर्णेभिः शृणुयाम देवा भद्रं पश्येमाक्षभिर्यजत्राः
स्थिरैरङ्गैस्तष्टुवाꣳ सस्तनूभिर्व्यशेम देवहितं यदायुः ॥
ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!!

हे देवगण ! हामी कानहरूद्वारा कल्याणमय वचन सुनौं, यज्ञकर्ममा समर्थ भएर नेत्रहरूद्वारा दर्शन गरौं, आफ्नो स्थिर अङ्गले स्तुति गर्ने भएको हामीहरू देवताहरूको लागि हित गरेर आयुलाई भोग गरौं । त्रिविध तापको शान्ति होस् ।

स्वस्ति न इन्द्रो वृद्धश्रवाः स्वस्ति नः पूषा विश्ववेदाः
स्वस्ति नस्तार्क्ष्यो अरिष्टनेमिः स्वस्ति नो बृहस्पतिर्दधातु ॥
ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!!

महान् कीर्तिमान इन्द्र हाम्रो कल्याण गरुन्, परम ज्ञानवान् अथवा कीर्तिमान इन्द्र हाम्रो कल्याण गरुन् अरिष्टनेमि गरुड हाम्रो कल्याण गरुन् तथा बृहस्पतिजी हाम्रो कल्याण गरुन् । त्रिविध तापको शान्ति होस् ।

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते ।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते ॥
ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

त्यो (परब्रह्म) पूर्ण छ यो (कार्यब्रह्म) पनि पूर्ण छ, किनकि पूर्णदेखि पूर्णकै नै उत्पत्ति हुन्छ तथा (प्रलयकालमा) पूर्ण (कार्यब्रह्म) को पूर्णत्व लिएर (आफैमा लीन गरेर) पूर्ण (परब्रह्म) नै बाँकी रहन्छ। त्रिविध तापको शान्ति होस्।

अनन्ताय प्रबोधाय नमो ज्योतिः स्वरूपिणे।
नमस्ते स्वप्रकाशाय शिवाय परमात्मने॥

अनन्त ज्ञानस्वरूप ज्योतिस्वरूपलाई नमस्कार। स्वप्रकाश कल्याणस्वरूप परमात्मालाई नमस्कार।

जगदाधार भूताय नमो विश्वान्तरात्मने।
नारायण हृषीकेश वासुदेव नमोस्तुते॥

जगत्का आधार विश्वका अन्तरात्मा भएकालाई नमस्कार। हे नारायण! हे हृषीकेष! हे वासुदेव! हजूरलाई नमस्कार।

यस्माद्युक्तं जगत्सर्वं यस्मिन्नेव प्रलीयते।
येनेदं धार्यते चैव तस्मै ज्ञानात्मने नमः॥

जसदेखि सारा जगत् उत्पन्न भएको छ, जसमा यो लीन हुन्छ र जसले यो धारण गर्छ, त्यस ज्ञानस्वरूपलाई मेरो नमस्कार छ।

तं ह देवमात्मबुद्धि प्रकाशं मुमुक्षुर्वै शरणमहं प्रपद्ये। (अहं ब्रह्मास्मि) भन्ने स्वपदको प्राप्तिको साधन बुद्धिलाई प्रकाश गर्ने ती यी ईश्वरको म शरण पर्दछु॥

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रकृति पुरुषको विवेचन

संसारमा केवल दुइ पदार्थ मात्र छ। जड़ र चेतन। पुरुष चेतन हो, प्रकृति जड हो, पुरुष द्रष्टा हो, प्रकृति दृश्य हो। पुरुष निर्विकार[1] छ। प्रकृति विकारशील[2] छ यो दुवै पदार्थ एकदम प्रत्यक्ष छ। हामी सबैको बीचमा यो दुवैलाई मान्नु परेको छ। यिनमा देख्ने चाही द्रष्टा हो र जगत् रूपमा देखाउने चाही दृश्य हो।

जति जीव छन्, ती सबै परमात्माको अंश हुन्! जुन प्रकार अग्निको झिलकाहरू अग्निदेखि भिन्न छैन। वस्तुतः दुवै एकै हो, त्यस्तै प्रकार जीव पनि परमात्मादेखि भिन्न छैन। दृश्य जडवर्ग पनि प्रकृतिको कार्य हुनाले तत्वतः प्रकृति नै हो। अर्थात् कार्य र करणलाई उत्पन्न गर्नमा प्रकृतिलाई हेतु भनेको छ। आकाश आदि पाँच भूत तथा शब्द आदि पाँच विषय अर्थात् गुण। यिनै दशको नाम कार्य हो। पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय तथा मन, बुद्धि र अहङ्कार, यिनै तेरहको नामकरण हो प्रकृति। यी सबै कारण हुन्। अतः प्रकृतिदेखि उत्पन्न हुनको कारण यो सारा दृश्य जगत प्रकृतिकै स्वरूप हो।

१—निर्विकार = विकार नहुने। २—विकारशील — नाशशील।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

अब प्रकृति र पुरुषको सम्बन्ध सम्झिनु पर्छ। प्रकृति पुरुषको अंश होइन, त्यो उनकै शक्ति हो। शक्ति पनि शक्तिमानदेखि भिन्न हुँदैन।

जब महाप्रलय हुन्छ, त्यस समयमा केवल प्रकृति मात्र रहन्छिन्, दृश्य जगत् रहँदैन। वेदान्त शास्त्रमा प्रकृतिलाई अनादि, शान्त र सांख्य शास्त्रमा अनादि, नित्य मानेको छ। योगमा पनि उनलाई यस्तै बताएको छ। जब यो क्रियारूपमा दृश्य हुन्छ तब दृश्यरूपमा देखिन लाग्दछ र जब अक्रिया रूपमा हुन्छिन्, त्यस समय उनी अव्यक्तरूपमा रहन्छिन्। व्यक्त रूपको उत्पत्तिक्रम यस प्रकारले हुन्छ।

मूल प्रकृतिदेखि महत्तत्व[1] उत्पन्न हुन्छ, उसैलाई नै समष्टि[2] बुद्धि भन्दछन्, समष्टि बुद्धिदेखि समष्टि अहङ्कार र समष्टि अहङ्कारदेखि समष्टि मनको उत्पत्ति हुन्छ। त्यसै अहङ्कारबाट शब्द, स्पर्श, रूप, रस, गन्ध, यी पाँच सूक्ष्म तन्मात्राहरूको उत्पत्ति भएको छ। यिनैलाई इन्द्रियहरूको कारणभूत भनेको छ। फसै कसैले यी सूक्ष्म तन्मात्राहरूको[3] उत्पत्ति अहङ्कारबाट बताएका छन्, र कसै कसैले महत्तत्वबाट। वस्तुतः कुरा एउटै हो। समष्टि बुद्धि, समष्टि अहङ्कार र समष्टि मन यी तीनै एकै

१—महत्तत्त्व = बुद्धि। २—समष्टि = एक वस्तुको समुदाय।

३—तन्मात्रा = शब्द, स्पर्श, रूप रस गन्धको सूक्ष्म रूप।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अन्तःकरणको विभिन्न अवस्थाको तीन नाम हो, यिनै पाँच सूक्ष्मभूतहरूबाट अथवा तन्मात्राहरूबाट पाँच ज्ञानेन्द्रिय, पाँच कर्मेन्द्रिय र आकाशादि पाँच भूतहरूको उत्पत्ति हुन्छ। यही दृश्य जगत् हो।

यस वर्णनले यो कुरा स्पष्टरूपमा सिद्ध हुन जान्छ कि यस दृश्य जगतको कारण प्रकृति हो। त्यस प्रकृतिको स्वरूप वाणीले समझाउन सकिन्न, किनकि वाणी त्यसको कार्य हो। यसैले प्रकृति [1]अनिर्वचनीय हो, मन र बुद्धि पनि प्रकृतिको कार्य भएकोले अतएव यस्ले पनि उसलाई जान्न सक्तैन, यसैले प्रकृति अचिन्त्य र अतर्क्य[2] पनि हो, यस कारण यद्यपि त्यो वाणी र मन बुद्धिको विषय होइन तापनि उसको हुनु उसको कार्यरूप यस दृश्य जगत्‌बाट स्पष्ट नै सिद्ध हुन्छ।

प्रकृति र पुरुष दुवै व्यापक छन्। कारण आफ्नो कार्यमा सदा व्याप्त रहन्छ। बर्फमा जलको व्यापकताको तरह प्रकृतिको व्यापकता त स्पष्ट नै बुझ्न सकिन्छ तर अति सूक्ष्म हुनाले पुरुषको व्यापकता उति शीघ्र र स्पष्टरूपमा समझ्न नसके तापनि त्यो प्रकृतिको अपेक्षा[3] विशेष व्यापक छ। प्रकृति त कारण मात्र हो, तर पुरुष (ईश्वर) महाकारण हो। उसैले यो संसारलाई धारण गरेको छ।

१—अनिर्वचनीय = वचनले भन्न न शाकने

२—अतर्क्य = विचारको विषय न हुने। ३—अपेक्षा = सन्दा।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

प्रकृति र उसको कार्यमा यो महाकारण ईश्वर सर्वत्र परिपूर्ण भइरहेछ। यो माथि बताएको छ कि कारण आफ्नो कार्यमा सदा व्यापक रहन्छ। आकाशबाट वायुको उत्पत्ति भयो। यस कारण आकाश उसमा व्याप्त छ। वायुबाट तेजको उत्पत्ति भयो। यस कारण तेजमा वायु र आकाश दुवै व्याप्त छन् तेजदेखि जल र जलदेखि पृथ्वीको उत्पत्ति भयो। यस कारण पृथ्वी आकाश, वायु, तेज, जल यी चारै तत्वले परिपूर्ण छ। यस प्रकारले यी सबैको कारणरूप प्रकृति यी सबैमा व्यापक ठहरिन्छ, परन्तु त्यस शक्तिमान् पुरुषको यी प्रकृतिशक्ति मात्र हुन्। अतः सबको महाकारण त्यो चेतन-पुरुष यो जड़ प्रकृति र उसको कार्यरूप यो समस्त दृश्य संसारमा व्याप्त भइरहेको छ।

अब यो सम्झन पर्ने कुरा छ कि ईश्वर—चेतन पुरुष यस सृष्टिको उपादान कारण[1] हो या निमित्तकारण[2]। वस्तुतः यो पुरुष सृष्टिको निमित्त र उपादान दुवै कारण हो। भगवान्‌ले गीतामा भन्नुभएको छ कि—

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्म विभागशः ॥ (गीता ४।१३)

अर्थात् ब्राह्मण, क्षत्री, वैश्य र शूद्र यी चार वर्णहरूलाई गुण र कर्मको विभागद्वारा मैबाट रचना गरेको हो। यहाँ श्री भगवानले आफूलाई निमित्त, कारण बतलाउनु भएको छ।

१—उपादानकारण = समवायिकारण, जस्तै परको तन्तु

२—निमित्तकारण = कनो आदि

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

परन्तु,

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम् । ।(गीता ९।१०)

भगवान्ले प्रकृतिलाई यहाँ फेरि निमित्ताकारण बतलाउनुभएको छ । त्यसो भए अब दुवै निमित्ताकारण कसरी भयो यसको उत्तर यो हो कि चेतन पुरुषलाई स्वामी बनाएर, उसको अध्यक्षतामा जब प्रकृति सृष्टिको रचना गर्दछिन् , वास्तवमा त त्यसको रचयिता त ईश्वर नै भयो । प्रकृति त द्वार मात्र हो । अतएव वस्तुतः ईश्वर नै यस सृष्टिको निमित्ताकारण हुन् र चेतन—ईश्वरलाई निमित्तकारण मान्नमा प्रायः सबैको एकमत पनि छ । उपादनकारणमा केही मतभेद पनि छ । परन्तु विचार गर्दा त यस्तो सिद्ध हुन्छ कि ज्ञान र भक्ति दुवै सिद्धान्तबाट उपादानकारण पनि ईश्वर नै हुन्छ । ज्ञानको सिद्धान्तले त यस्तो संझनु पर्छ कि जस्तो स्वप्नमा स्वप्नद्रष्टा पुरुष आफ्नै भिन्न आफ्नै कल्पनाले आफै संसार बन्न जान्छ र आफै उसलाई देख्तछ । त्यहाँ त्यो चेतन द्रष्टाको सिवाय त्यस स्वप्न जगत्को आर्को कोही पनि उपादानकारण छैन । यसै प्रकार मोहको कारण जहाँ गुणहरूसहित प्रकृतिको प्रतीति छ, त्यहाँ वस्तुतः परमात्माको अतिरिक्त आर्को कोही पनि छैन । परमात्माको नै आफ्नो कार्यसहित प्रकृति अध्यस्त[1] हुन र भक्तिको सिद्धांत द्वारा यस्तो मान्नु पर्छ कि प्रकृति परमात्माको शक्ति हुन् र

१—अध्यस्त = मान भएको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

शक्ति कैले शक्तिमानदेखि भिन्न हुँदैन। यो दृश्यजगत् जति छ, सब परमात्माको शक्ति रूप प्रकृतिको नै विस्तार हो। अतएव वस्तुतः यो परमात्माको नै स्वरूप हो। अतएव परमात्मा नै यसको उपादानकारण हुन्। गीतामा (वासुदेवः सर्वमिति) (मया ततमिदं सर्वम्) मत्तः परतरं नान्यत् कञ्चिदस्ति, यतः प्रवृत्ति र्भूतानां येन सर्वमिदं ततम्, अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते। इत्यादि बाट ईश्वरको अभिन्न निमित्तोपादानकारण हुनु स्पष्ट सिद्ध हुन्छ। यहां यो प्रश्न उठ्न सक्छ कि यदि ईश्वर कर्ता हुन् त उनमा कर्तृत्वभाव आयो, यसको उत्तर यो हो कि ईश्वर वास्तवमा कर्ता होइन अकर्ता नै हुन्।

तस्य कर्तारमपि मां विद्ध्यकर्तारमव्ययम्, (गीता ४-१३) भगवान् भन्नु हुन्छ कि त्यस चातुर्वर्ण्यको रचयिता भएर पनि म अविनाशीलाई तिमी अकर्ता नै सम्झ। पुरुषलाई नै आत्मा भन्दछन्। पुरुषको सम्बन्धमा सांख्यदर्शनको मत छ कि पुरुष अनेक छ र योगदर्शन पनि पुरुषलाई अनेक मान्दछ परन्तु योग दर्शन पुरुष विशेष ईश्वरलाई पनि मान्दछ। यसमा जीव अनेक छ तथा पुरुषविशेष ईश्वर एक छ। पूर्वमीमांसा पनि पुरुष-लाई अनेक मान्दछ। वैशेषिक र न्याय पुरुषलाई दुइ भेद मान्दछन्। जीवात्मा र परमात्मा, वेदान्त पुरुषलाई एकै मान्दछ। सबै सिद्धान्तवालाहरूले कुनै पनि रूपले होस् आत्मा पुरुषलाई चेतन या चैतन्यको आश्रय नै मानेका छन्। यो एक र अनेक

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

आफ्नो आफ्नो सिद्धान्त अनुसार सबैले मानेको ठीकै छ। किन कि सबको ध्येय आत्मज्ञानमा छ! एक मान्नमा र अनेक मान्नमा दुवै प्रकारले साधन प्रयोग गर्नलाई आत्मतत्त्वको यथार्थ ज्ञान भएर मुक्त हुन जान्छ। मुक्तिको उत्तरकालमा आत्मस्वरूप को कोही कुनै प्रकारले भन्न सक्दैनन् किनकि त्यो अनिर्वचनीय स्थिति हो। मुख्य कुरा यो हो कि जसलाई त्यो प्राप्त हुन्छ, त्यही वस्तुतः यस कुरालाई राम्ररी बुझ्दछ कि त्यसको स्वरूप कस्तो छ। जबसम्म परमात्माको प्राप्ति हुँदैन, तबसम्म मनुष्यको लागि निम्नलिखित प्रकारले मानेर चल्नु सुगम र उत्तम हो।

पुरुषको विषयमा त यो मान्नु पर्छ कि उसको दुइ भेद छ। जीवात्मा र परमात्मा। जीवात्मा अनेक छ र परमात्मा एक छ। परमात्मा एकै छ परन्तु उसको पनि दुइ भेद छ, एक सगुण, आर्को निर्गुण। सत्व, रज, तम, तीनै गुणलाई उत्पन्न गर्ने भएको प्रकृति सहितको परमात्माको स्वरूप हो। त्यो सगुण हो अर्थात् गुणसहित छ। त्यो सगुण हो र जो गुणहरूदेखि रहित छ त्यो निर्गुण हो। यो सम्झनु पर्छ कि सगुण र निर्गुण परमात्मा वस्तुतः दुइ होइन। दुवैको एक समग्ररूप नै परमात्मा हो। जस्तो आकाशको कुनै एक अंशमा वायु, तेज, जल पृथ्वीको समुदाय[1] छ। उसलाई हामी चारै भूतहरू सहित आकाश भन्न सक्छौं र जहाँ

१—समुदाय = समूह।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

यी चारै भूतहरूदेखि पृथक केवल आकाश छ, उसलाई हामो केवल आकाश भन्न सक्छौं।

आकाश वायु आदिको आधार छ। कारण छ र उसमा सर्वत्र व्यापक पनि छ, यस्तै प्रकारले परमात्मा समस्त चराचर भूतहरूको आधार, कारण र तिनमा व्यापक पनि हुनुहुन्छ। यस विषयलाई फेरि राम्रो संग बुझ्नु पर्छ। जस्तो आकाशमा बादल छ, उसको उत्पत्ति आकाशदेखि भएको हो र ऊ आकाशमै स्थित छ र आकाशमा नै लीन भएर जान्छ। यस्तै किसिमले वायु, तेज, जल र पृथ्वी आदिको उत्पत्ति आकाशबाट भएको हो, र यी सबै आकाशमा नै स्थित छन् र आकाशमै क्रमशः विलीन हुन्छन्। अतएव आकाशदेखि यिनको उत्पत्ति हुनाको कारण आकाश नै कारण हो, र यो आकाशको कार्य हो। कार्य व्याप्य र कारण व्यापक हुन्छ। यस कारण यिनमा आकाश व्यापक छ र यी सबैको स्थिति आकाशमा छ। यस कारण आकाश नै यिनको आधार हो, यी आकाशादि सब भूतहरूको प्रधान कारण प्रकृति हुनाले प्रकृति यिनको कारण हुन्। प्रकृति नै समस्त दृश्यवर्गमा व्यापक छिन्, र प्रकृतिको आधारमा नै यो सब स्थित छ। प्रकृति परमात्माको शक्ति हुन्, अतएव वस्तुतः प्रकृति नै परम आधार हुनाको कारण प्रकृति सहित यस समस्त विश्वको परमात्मा नै महाकारण हुन्, परमात्मा नै यसमा व्यापक छन् र परमात्मा नै यी

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सबको एकमात्र आधार हुन् अस्तु[1]।

यस चराचर जगत्‌को सहित जो परमात्माको स्वरूप छ, त्यो सगुण हो। यसदेखि अतिरिक्तजहाँ चराचर संसार छैन, जो केवल छ, त्यो गुणातीत[2] हो, सगुणको पनि दुइ भेद छ। साकार र निराकार जस्तो पृथ्वीको दुइ भेद छ, गन्ध निराकार र पुष्प साकार छ। जुन तरह अग्नि अप्रकटरूपमा निराकार र प्रकटरूपमा साकार हुन्छ। जस्तै जल आकाशमा परमाणु[3] रूपमा निराकार तथा बादल, थोपा र असीना रूपमा साकार छ, र त्यो निराकार जल नै साकार रूपमा प्रकट हुन्छ। यस्तै प्रकारले सर्वव्यापी सगुण परमात्मा निराकार रूपमा रहेको छतापनि साकार रूपले गुणहरूको सहित संसारमा प्रकट हुन्छन्। जस्तो तेज, जल निराकार र साकार दुइ दुइ रूप हुदाँ पनि वस्तुतः एकै हुन्, उनमा केही भेद छैन, यस्तै प्रकार परमात्माको निर्गुण निराकार, सगुण निराकार र सगुण साकार रूपमाकुनै भेद छैन। सबै मिलेर नै एक समग्ररूप[4] भएको छ। यदि कोही पुरुष सगुणलाई छोडेर निर्गुणको उपासना गर्छन् भने ती पनि उनै परमेश्वरको उपासना गर्छन्। निराकार अथवा साकार कुनै रूपको उपासना गरे तापनि त्यो त्यही

१—अस्तु = होओस्। २—गुणातीत = गुणदेखि रहित।

३—परमाणु रूप = अति सूक्ष्म रूप।

४—समग्र रूप = विराट् रूप।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

परमेश्वरको उपासना गरेको हो, र उपासना गर्ने भएका सबै उपासक अन्तमा उनै परमात्मामा प्राप्त हुन जान्छन्। यस ब्रह्मको समग्ररूपलाई राम्रो संग बुझेर जो उपासना गर्छ, त्यो सर्वोत्तम हो। किनकि उसलाई परमात्माको प्राप्ति सुगमताले र अति शीघ्र हुन जान्छ। यदि भनौं कि फेरि जीवात्मा र परत्मामा के भेद छ, यसको उत्तर यो हो कि जीवात्मा उपासक र परमात्मा उपास्य हुन्। परमात्मा राग, द्वेष, अवगुण, पुण्य, पापं, कर्म र हर्ष, शोक आदि विकारले सर्वदा र सर्वथा रहित छन्, र जीवमा अज्ञानको कारण यिनीहरू सबैसित सम्बन्ध छ। भगवत् कृपाले भगवान्को तत्त्वको ज्ञान भएर यो सबैको सम्बन्ध छुट्न जान्छ। अज्ञानको कारणले नै यी सब छन् र यिनको अभाव प्रभुको तत्त्वज्ञानले हुन्छ। प्रभुको तत्वको यथार्थ ज्ञान कर्मयोग, भक्ति योग, ज्ञान योग आदि साधनहरूद्वारा हुन्छ।

यदि कसैले भनला कि परमात्म तत्वको यथार्थ ज्ञानको उत्तरकालमा भेद रहन्छ कि अभेद। यसको उत्तर यो हो कि साधक जुन प्रकार सम्झन्छन्, त्यस्तै उनलाई प्रतीति हुन्छ, यदि भनौ कि जबसम्म प्रतीव हुन्छ, तबसम्म त्यो उसला[ई] धारण नै हुन्छ। यी दुवैको जो फल छ, जसलाई परमतत्त्व अर्था[त्] परमात्माको प्राप्ति भनिन्छ, जसलाई वेदले अनिर्वचनीय स्थि[ति] बताएको छ भने उसलाई अरूले कसरी बतलाउन सक्छन्

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अतः यो सम्झिनु पर्छ कि त्यो स्थिति बतलाउने योग्यता कसैमा हुँदैन। यदि भनौ कि जब त्यो स्थिति भन्न सकिँदैन भने त्यस स्थितिको अस्तित्वमा नै के प्रमाण भयो ? त्यसको उत्तरमा यो भन्न उचित छ कि उसको लागि प्रमाणको केही आवश्यकता नै छैन। उ स्वतः प्रमाण छ। सबभन्दा ठूलो कुरो त उसको लागि यो छ कि उसैदेखि समस्त प्रमाणहरूको र सबैको अस्तित्व सिद्ध हुन्छ। वेद, शास्त्र र महात्माहरूको अनुभवले उसलाई प्रत्यक्ष बतलाउँछ। सबै वेदको प्रधान लक्ष्य उसैको प्राप्तिको निमित्त छ। ऊ अनिर्वचनीय वस्तु हो। त्यो पुरुष हो र उसको शक्ति प्रकृति हो।तीनै गुण त्यस प्रकृतिको कार्य हो। वेदान्त र सांख्येले प्रकृतिलाई तीनै गुणहरूको साम्यावस्था[1] मानेको छ। तीनै गुणहरूको साम्यावस्थालाई नै उसको स्वरूप मानेको छ, परन्तु भगवान्‌ले गीतामा गुणहरूलाई प्रकृति को कार्य बतलाउनु भएको छ।

वेदान्तले प्रकृतिलाई अनादि र सान्त मानेको छ। सांख्य र योगले प्रकृतिलाई अनादि र नित्य मानेको छ। भगवान्‌ले गीतामा प्रकृतिलाई अनादि त भन्नुभयो तर नित्य भन्नुभएन। नित्य वस्तु त सनातन चेतन अव्यक्तलाई भन्नुभयो। भगवान्‌ले प्रकृतिलाई सान्त र अनित्य पनि भन्नुभएन ? यस कारण यसलाई अनिर्वचनीय मान्नु नै ठीक पर्छ। भगवान्‌ले प्रकृतिलाई

१-- साम्यावस्था = समानमात्राले रहेको अवस्था।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

प्रथम त नित्य यस कारण भन्नुभएन कि नित्य वस्तु एक अनादि, सनातन, अव्यक्त परमात्मा नै हुनुहुन्छ। आर्को कुरा प्रकृतिलाई नित्य भन्नमा त ज्ञानमार्गको सिद्धि नै हुँदैन, यस कारण भगवान्ले प्रकृतिलाई अनित्य हो भनि प्रथम भन्नुभएन कि महाप्रलयको समयामा समस्त दृश्यवर्ग प्रकृतिमा विलीन हुँदा पनि प्रकृति रहन्छिन्। महासगको आदिमा तिनै प्रकृतिदेखि परमात्माद्वारा पुनः दृश्यको उत्पति हुन्छ, जसले गर्दा उनीलाई नित्य झैं प्रतीत हुन सिद्ध हुन्छ, र यदि प्रकृतिलाई अनादि र सान्त अथवा अनित्य भन दिनु भएकोभए भक्तिमार्गको महत्व नै के रहन्थ्यो,। अतः भगवान्लाई दुवै मार्ग अभिप्रेत[1] भएकोले प्रकृतिलाई न त स्पष्ट शब्दमा नित्य भन्नु भो न ता अनित्य नै, यसबाट यो सिद्ध हुन्छ कि प्रकृति अनिर्वचनीय हुन्, परमात्मा को तत्त्वको ज्ञान भइसकेपछि त योग र सांख्यको अनुसार पनि चैतन्यको जीवात्मत्का साथ सम्वन्ध विच्छेद[2] हुन जान्छ। अस्तु, सबै सिद्धान्तको अनुसार आत्मत्वको साक्षात्कार हुनाको उप्रान्त केवल, अवस्था हुनजान्छ। यानी फेरि कार्य सहित यी प्रकृतिको साथ केही पनि सम्बन्ध रहँदैन। वेदान्ती भन्छन् कि एक विज्ञानानन्दघन ब्रह्मको अतिरिक्त कुनै बस्तु पनि छैन, सांख्य र योगको भनाई छ कि आत्मज्ञानको उत्तरकालमा पनि प्रकृति भएदेखि त ठीक हुन्थ्यो, तर जसलाई आत्माको साक्षात्कार भइसकेको छ' उसको प्रकृतिदेखि केही सम्बन्ध रहँदैन।

१--अभिप्रेत = अभिप्राय गरिएको। २--विच्छेद = छुहिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

वस्तुतः परिणाममा एकै कुरा हो। साक्षात्कार भइसकेपछि प्रकृति संग सम्बन्ध मानेता पनि के हुन्छ ? जब सम्बन्ध नै छैन तब प्रकृति रहे पनि केही आपत्ति छैन; नरहे पनि केही आपत्ति छैन। स्वप्नाबाट जागेपछि स्वप्नाको संसारसंग केही सम्बन्ध रहँदैन, फेरि चाहे त्यो स्वप्नको संसार भनिराखे पनि त के आपत्ति छ।

यसबाट यो सिद्ध हुन्छ कि जबसम्म संसारको प्रतीति हुन्छ र यसैको साथ सम्बन्ध रहन्छ, तबसम्म चेतन र जड़, द्रष्टा र दृश्य, अथवा ज्ञाता[1] र ज्ञेय[2] नामक पुरुष र प्रकृति दुइ पदार्थ हुन्छ र यिनैदेखि सबैको सृष्टि हुन्छ। परन्तु जब संसारको प्रतीति हुँदैन, संसारबाट सदाको लागि सम्बन्ध विच्छेद हुन जान्छ, तब परमात्माको प्राप्ति हुन्छ, त्यसको उत्तर-कालको अवस्थाको वर्णन कोही गर्न समर्थ हुँदैनन्। अतएव यथार्थमा यो कुरा हो कि जसलाई परमात्माको प्राप्ति हुनजान्छ त्यही पुरुष त्यस कुरालाई यथार्थ सम्झन सक्छ। यसकारण हामीहरूले परमात्मालाई प्राप्त गर्न नित्य प्रयत्न गर्नु पर्छ।

ज्ञान भूमिका

मुमुक्षु पुरुषले ज्ञानको सात भूमिकाहरूको निष्ठाद्वारा[3] ब्रह्मलाई प्राप्त गर्ने उद्योगमा लाग्नु पर्छ। ज्ञानका सात भूमिका-हरू क्रमशः १ शुभेच्छा, २ सुविचारणा, ३ तनुमानसा, ४ सत्वा-

१--ज्ञाता = जान्ने। २--ज्ञेय = जानिने।
३--निष्ठद्वारा = स्थिति।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पत्ति, ५ असंसक्ति, ६ पदार्थ भावनी, ७ तुरीयेगा। यी सात ज्ञान भूमिकाहरू हुन्।

१ शुभेच्छा—पूर्व जन्मविशेष अथवा यस जन्ममा गरेको निष्काम कर्म र उपासनाले शुद्ध र एकाग्र चित्त गरी पुरुषले विवेक वैराग्य षट संपत्ति[1] र मोक्षइच्छा यी चार साधन गरेर जो आत्मालाई जान्नमा तीव्र इच्छा हुन्छ त्यो शुभेच्छा नाम ज्ञानको प्रथम भूमिका हो।

२ सुविचारणा—आत्मालाई जान्नको तीव्रइच्छाले ब्रह्मनिष्ठ गुरुकहाँ विधिपूर्वक शरणमा गएर गुरुको मुखदेखि जीवब्रह्मको एकताको बोधक वेदांतवाक्य श्रवण गरी, त्यस श्रवण गरेको अर्थ आफ्नो मनमा युक्तिद्वारा विचार गर्नु, सो सुविचारणा नाम ज्ञानको दोस्रो भूमिका हो।

३ तनुमानसा—स्वरूपको साक्षात्कार अथवा अपरोक्ष अनुभव अर्थ श्रवण मननद्वारा निर्णय गरेको ब्रह्मात्माको एकता रूप अर्थलाई निरंतर चिन्तन रूप निदिध्यासनले[2] जो स्थूलमनको बहिर्मुखमनको सूक्ष्मताको नाम अंतर्मुखता हुनु हो सो तनुमानसा नाम ज्ञानको तेस्रो भूमिका हो।

४ सत्वापत्ति—श्रवण, मनन र निदिध्यासनद्वारा संशय

१—षटसंपत्ति = शम, दम, उपरति, तितिक्षा, श्रद्धा, समाधान।
२—निदिध्यासन = ध्यान।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

र विपर्ययले[१] रहित स्वरूप साक्षात्कार रूप निर्विकल्प[२] स्थितिमा रही तत्त्वज्ञानयुक्त जो शुद्ध अंतकरणमा आत्मा स्थिर हुन्छ, सो सत्त्वापत्ति नाम ज्ञानको चौथो भूमिका हो।

५ असंसक्ति—निर्विकल्प समाधीको अभ्यासले परिपक्क भई देहमा जो सर्वथा अहंता, ममताको नाश हुन्छ, देहमा जो सर्वथा आसक्तिको नाम प्रीतिको अभाव हुन्छ। सो असंसक्ति नाम ज्ञानको पंचम भूमिका हो।

६ पदार्थ भावनी—अतिशय निर्विकल्प समाधिको अभ्यासले देहादिक सर्व पदार्थको प्रतीति न रही केवल आत्मस्वरूपमा रहनु सो पदार्थ भावनी ज्ञानको षष्ठभूमिका हो।

७ तुरीयगा—ज्ञाता, ज्ञान र ज्ञेयरूप त्रिपुटीको चतुर्थ पंच भूमिकाको झैं द्वैतमात्र हराई जो आफ्नो स्वरूपमा स्थित भइरहनु तुरीयगा हो यसलाई जीवन्मुक्त भएको तुर्यावस्था भन्दछन्। यो तुरीयाग नाम ज्ञानको सप्तम भूमिका हो।

यो सात भूमिका कसको साधन हो ? प्रथम, द्वितीय र तृतीय भूमिका तत्त्वज्ञानको साधन हो। चतुर्थ भूमिका त तत्त्व ज्ञानरूप हुनाले जीवन मुक्ति र विदेह मुक्तिको साधन हो। पंचम, षष्ठ र सप्तम भूमिका जीवनमुक्तिको विलक्षण[३] आनन्द को साधन हो।

१—विपर्यय = उल्टो। २—निर्विकल्प = समाधिको नाम
३—विलक्षण = अर्कै तरहको।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

त्याग

गृहस्थाश्रममा बसी परमात्माको चिन्तन गर्न असंभव छ त्यस कारण आमा-बाबु, छोरा-छोरी, इष्टमित्र, घरबार इत्यादि संसारी विषय माया मोहलाई त्याग गरी वनमा गई परमात्माको चिन्तन गर्नु पर्छ भनी भन्दछन् ।

तर यहा एउटा शंका उत्पन्न हुन जान्छ । माया भनेको प्रकृति हुन् । यीनैबाट पंच महाभूतको सृष्टि भएको छ । पंच महाभूतदेखि मनुष्यको शरीर सृष्टि हुन गएको छ । संसारी माया मोह त्याग गर्नु भनेको त शरीरलाई पो त्याग गर भनेको हो कि भन्ने भान पर्न जान्छ । किनकि शरीर पनि मायाको कारण हो ।

तर त्यसको अर्थ संसारी माया मोहलाई त्याग गर्नू भनेको तिनमा आसक्त न रही भोग गर्नू; त्यस भोगले जीवलाई बन्धनमा पार्न सक्तैन भनेको हो । यस संसारी पदार्थलाई ग्रहण गर्नू वा त्यागनू केही आवश्यकता देखिदैन । यो संसार त ऐना जस्तो भएकाले आफू जस्ता छ, उस्तै देखिन्छ । उसलाई के को दोष ?

महर्षि भरद्वाज भन्दछन्—हे सुदर्शन ! यस संसारमा आफूले पूर्व जन्ममा भोग दिलाएका यो एघार इन्द्रिय अधिका

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

वासनाले भोग गर्न आएका छन्। विवेकसाथ तृप्त नगराई खाली हठले यिनलाई राख्यो भने अवश्य धोका खान्छ। सो भोग गृहस्थाश्रमैबाट पुग्ने हुनाले तृप्त गराई आफू अलग रहन सक्नू पर्छ। यसैलाई विवेक भन्दछन्। परमात्माको चिन्तन गर्नलाई घरै त्यागनु पर्छ र भेषै बदल्नु पर्छ भन्ने केही नियम छैन। राजा जनक गृहस्थाश्रममा बसी सर्व त्यागी भए। राजा भर्तृहरि भन्दछन्—

भिक्षाशनं तदपि नीरसमेकवारं
शय्या च भूः परिजनो निजदेह मात्रम्।
वस्त्रं विशीर्णं शतखण्डमपी च कन्था
हा, हा, तथापि विषया न परित्यजन्ति ॥

नीरस अन्न भीख मागी एक पटक खान्छन्, भूमिमा नै सुत्छन्, कुटुम्बको नाममा केवल उनको आफ्नो देह मात्र छ, वस्त्र पनि पुरानो सय ठाउँमा फाटेको लगाई यस्तो दशा परेको छन्। आश्चर्य छ कि उनलाई विषय वासनाले छोडेको हुँदैन।

विषय भनेको केवल घरबार कुटुम्बलाई मात्र भनेको होइन। मुख्य विषय त्याग्न नसकिने त आँकै छ। त्यो क्या हो? कानले शब्द सुन्नु, त्वचाले स्पर्श भएको थाहा पाउनु, चक्षुले रूप देख्नु, जिब्रोले स्वाद लिनु, नाकले गंध लिनु; यी पंच विषय त जहाँसम्म शरीर रहन्छ त्यहाँसम्म मनुष्यमा रहन्छन्। उसो भए विषयदेखि कसरी निवृत्ति हुनु भनी प्रश्न उठन सक्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

त्यसको उत्तर यही हो कि ती पंच विषयको कार्य भई नै रहोस् आफू त्यसमा आसक्त नरही म आत्म स्वरूप हुँ, मेरो विकार कैले हुंदैन, म स्वयंप्रकाश आत्मा हुँ, मलाई ती इन्द्रियको शुभाशुभ कर्मले स्पर्श गर्न सक्तैन, म अनन्त छु भनि इत्यादि जानी तिनमा आसक्त नरहनू नै विषयदेखि निवृत्ति हुनु हो।

श्रीमद्भागवतमा श्रीकृष्णले भन्नुभएको छ—

मौनानि ह्यानिलायामा दण्डा वाग्देह चेतसाम्।
न ह्येते यस्य सन्त्यङ्ग वेणुभिर्न भवेद्यतिः॥ (११-१८-१७)

मौनरूपी वाणीको दण्ड, निष्क्रियता रूप शरीरको दण्ड र प्राणायाम रूपी मनको दण्ड यो तीन दण्ड जसको साथमा छैन त्यो केवल बाँसको दण्ड लिनाले मात्र त्रिदण्डी संन्यासी हुन सक्तैन।

गीतामा कृष्णजीले भन्नु भएको छ कि—

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः।
स संन्यासी च योगी च न निरग्निर्नचाक्रियः॥ (६-१)

कर्मको फलको आशा नराखेर जो गर्न पर्ने कर्तव्य कर्म गरेर हिंड्छ त्यै संन्यासी हो। औ त्यो योगी पनि हो। केवल आगो छुन्न भन्ने र आगो त्याग गर्ने संन्यासी योगी होइन र केही काम गर्दिन भनेर हातखुट्टा नचलाएर बस्नाले मात्र कोही संन्यासी योगी हुँदैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

राजा शिखरध्वज तपस्या गर्न गएको आठ वर्ष व्यतीत भएपछि चूडाला रानी कुम्भज ब्राह्मणको रूप धारी राजाकहाँ गइन्। अनि राजालाई भनिन्, हे राजन! जो सर्व त्याग गर्छ उसको सबै पाप नष्ट हुन्छ। कुम्भजको कुरा सुनी राजा भन्छन्, मैले, स्त्री, पृथ्वी, मन्दिर, हात्ती इत्यादि ऐश्वर्य समेत कुटुम्बलाई त्याग गरी आएको छु। ब्राह्मण भन्छन्—तिमिले के त्याग गरेको छ? राज्यमा तिम्रो के छ? जति वस्तु तिमी त्याग गरी भन्दछौ. ती सबै पूर्ववत छन्। खाली नाम मात्र बदलियो। देशको राजा थियौ अहिले वनको राजा भयौं। एवं प्रकारले नाम नाम मात्र बदलियो, अरू के भयो? राजाले वन, वृक्ष, फूल, फल, तलाऊ, बगैचा, आसन, वासन, इत्यादि त्याग गरे तै पनि आफूलाई ब्राह्मणले त्यागी नभनेकोले उनले आगो बालेर आफ्नो लट्ठी, मृगछाला, कमण्डलु, जपमाला र कुटी समेत आगो लगाई बालिदिए। अनि राजाले अब त म सर्व त्यागी भएँ भनी ब्राह्मणलाई सोधे? ब्राह्मण भन्छन्, अझ सर्वत्याग भएको छैन। जो तिम्रो छ उसलाई त्याग गर अनि दुःख निवृत्ति हुन्छ। राजाले आफ्नो देहलाई त्याग गरेमा सर्व त्यागी बनिन्छ भनी निश्चय गरी पर्वतबाट होम्फाल्न लागेको थिए। कुम्भज मुनिले रोकेर भने, हे राजन्! यस्तो पुण्यवान् देहलाई किन त्याग गर्छौ? यसलाई त्याग्नाले सर्व त्यागी हुँदैन। जसलाई त्याग गर्नाले सर्वत्याग हुन्छ उसलाई त्याग गर। देहको जो

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अभिमान छ उसलाई त्याग गर्न सकेमा तिमि सर्वत्यागी हुन्छौ, यो अभिमान कर्ता नै चित्त हो र यसैलाई त्याग गरेमा सर्व वासना त्याग हुन्छ । जहाँसम्म चित्तलाई त्याग गर्न सकिन्न त्यहाँसम्म यसले वासनाद्वारा अनेक शरीर बनाउँछ । जस्तै एक क्षेत्रमा अनेक प्रकारको अन्न उत्पन्न हुन्छ । जब क्षेत्रलाई नै जलाई दियो भने अन्न फेरि उत्पन्न हुँदैन । त्यस्तै यो जो देह र जरामृत्यु दुःख संसारमा छ यसको बीज चित्त नै हो । जब सम्म चित्तलाई त्याग गर्न असमर्थ रहन्छ तबसम्म उसको जन्म भई नै रहन्छ । त्यसकारण—हे राजन ! अब तिमी पनि चित्तलाई त्याग गरी सर्वत्यागी बन । भनी कुम्भज रूप धारी रानीले उपदेश राजालाई गरिन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

एक ब्रह्म

कुनै एकजना सुबुद्धि नाम गरेका राजा थिए। उनका अनेक रानीहरू थिए। राजालाई केही कालपछि विदेशी आर्को राजा संग युद्ध गर्न जानंपर्‍यो। यी सुबुद्धि राजा स्वयं वीर र रणकुशल थिए। उनका सिपाहीहरू पनि वीर भएको हुनाले उनले शीघ्र नै विजय प्राप्त गरे। उनले आफ्नो अनेक रानीहरूलाई चिठी लेखे कि हामीले विजय प्राप्त गर्‍यौं। यहां अनेक प्रकारका राम्रा राम्रा पदार्थ पाइँदा रहेछन्। तिमीहरूलाई इच्छा लागेको पदार्थ लेखि पठाऊ। म आउँदा ल्याइदिन्छु भनी लेखेका थिए। ती अनेक रानीहरूले आफूआफूलाई इच्छालागेको पदार्थ लेखि पठाए। तर त्यस मध्ये एउटी सुशीला नाम गरेकी रानी थिइन्। उनीले बाहिर खाममा राजाको ठेगाना र भित्र चिठीमा केवल एकको अङ्क मात्र लेखेकी थिइन्। जुन जुन रानीले चिठीमा जे जे लेखि पठाएका थिए सो सबै पदार्थ जम्मा गरे। अन्तमा राजाले त्यो एकको अङ्क लेखेको चिट्ठी देखी, आफ्नो सुमित्र नाम भएको मन्त्री संग कारण सोधे। मन्त्रीले भने—महाराज अरू हजूरको रानीहरू त पदार्थमा रत रहेछन्. हजूरमाथि माया रहेनछ। जो एकको अङ्क लेख्ने सुशीला नाम गरेकी रानी हुन् उनीलाई भने पदार्थमा इच्छा रहेनछ केवल हजूर एकमा मात्र इच्छा रहेछ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

राजा स्वदेश फर्की आए। जुन जुन रानीहरूले जे जे इच्छा गरेका थिए सो सो पदार्थ दिए। सुशीला रानीले केवल उनेकै इच्छा गरेकी हुनाले स्वयं राजा उनै रानीकहाँ गई त्यस दिन-देखि उनैको साथमा बसे।

सिद्धान्त—राजा भनेका ब्रह्म हुन्। रानी भनेका जीव हुन् र ब्रह्म प्राप्ति गर्ने उद्देश्यले तपस्या गरिरहेका थिए। राजाले आफूहरूलाई इच्छा लागेको पदार्थ लेखि पठाऊ भनेको तिमी-हरूको तपस्या देखि म संतुष्ट भएँ इच्छा लागेको वर माग भनेका हुन्। जीवहरूले पनि आफू आफूलाई मनपरेको वर मागे। पर-मात्माले पनि सो वरहरू दिई तृप्त गराउनु भयो। एकको अङ्कको रहस्य बुझ्ने सुमित्र मंत्री भनेको ब्रह्मज्ञानले पूर्ण भई जीवन्मुक्त भइसकेका ज्ञानी हुन्।

एकको अङ्क लेख्ने सुशीला रानी भनेको ती तपस्वी जीव मध्ये ज्ञानी थिए। उनलाई थाहा थियो जुन ब्रह्म प्राप्त भएपछि ब्रह्माण्ड संसारमा प्राप्त गर्न पर्ने चीज बाकी रहँदैन। जसलाई जानेपछि फेरि जान्न पर्ने केही आर्को कुराको जरूरत पर्दैन। जुन पदार्थ खानाले नित्य तृप्त भइरहिन्छ, फेरि आर्को पदार्थ खानको आवश्यकता नै पर्दैन। स्वयं प्रकाश निर्विकार ब्रह्ममा दुःखको लेश मात्र पनि छैन। जसको प्राप्ति भएपछि यो जन्म मरण रूपी भवझञ्झट सदाको लागि बन्द भई आवागमन-

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

देखि रहित हुन्छ। भन्ने जीवलाई निश्चय भएकोले केवल एक ब्रह्म प्राप्ति गर्ने उद्देश्यले एकको अङ्क लेखेका हुन्। उनी ब्रह्ममा लीन भई ब्रह्मै भए।

पंचकोश

कोश नाम तलवारको म्याना हो। जसले तलवारलाई ढाकी राख्छ तथा धनलाई ढाकी राख्ने भएको हुनाले भंडारलाई पनि कोश भन्दछन्। कोशकार नामक कीराको गृह पनि कोश भनिन्छ अर्थात् ढाक्ने वस्तुको नाम कोश हो। यस कारण पंचकोश जो छ त्यसले आत्मालाई ढाक्तछ। पंचकोशको नाम—१ अन्नमय कोश, २ प्राणमयकोश, ३ मनोमयकोश, ४ विज्ञानमयकोश, ५ आनन्दमयकोश हो।

१. अन्नमयकोश—माता पिताले खाएको अन्न जो छ त्यसबाट रज वीर्य बन्दछ। त्यही रज र वीर्यको संबन्धले माताको पेटमा स्थूल देह उत्पन्न हुन्छ। जन्म भएपछि पनि माताले खाएको अन्नको परिणामस्वरूप दूध पीएर स्थूल देह बढदछ। फेरि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

दांत उत्पन्न हुनको पश्चात् अन्न खाएर नै शरीरको वृद्धि हुन्छ र अन्न खाएर नै जीवित रहन्छ। फेरि मरणको अनन्तर अन्नमय पृथ्वीमा नै लीन हुनजान्छ। यस्तो जो स्थूल देह छ, सो अन्नमय कोश हो।

यो अन्नमयकोश कस्तो छ भने सुख दुःखको अनुभव (भोग) स्थान हो। यो अन्नमयकोशदेखि म पृथक छु भनी जान्नु पर्छ। जन्मनुभन्दा प्रथम र मरणको पछि अन्नमय कोश (स्थूल शरीरको) अभाव हुन्छ। यो उत्पत्ति नाशवान हुनाको कारण घटको समान कार्यात्मक छ। र "म" नित्य भावरूप हुँ। त्यस्तै उत्पत्ति नाशरहित हुनाको कारण यसदेखि विलक्षण छ।

यो अन्नमयकोश "म" होइन र मेरो होइन। यो स्थूल देहरूप हो। म यसलाई जान्ने आत्मास्वरूप भएकोले यसदेखि भिन्न छ। यस रीतिले अन्नमयकोशदेखि म फरक छ भनी जान्नु पर्छ।

२. प्राणमयकोश—पांच कर्म-इन्द्रिय सहित पांच प्राण जो छ त्यो प्राणमयकोश हो। पांच कर्म-इन्द्रियको वर्णन सूक्ष्मदेहको प्रक्रियामा गरेको हुनाले यहाँ नगरी पांच प्राणको स्थान र केवल क्रियाको मात्र वर्णन गरिन्छ।

प्राणवायु—हृदय स्थानमा रहन्छ र प्रत्येक दिनरात गरी २१६०० श्वास उच्छ्वास लिने क्रिया गर्छ।

अपानवायु—गुदा स्थानमा रहन्छ र मलमूत्र त्यागरूप क्रिया गर्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

समानवायु—नाभिस्थानमा रहन्छ र प्राणिले खाएको पिए-को अन्न जठराग्निद्वारा पचाउँछ। शरीरमा जुन किसिमले बगैंचाको मालिकले कुवाँबाट पानी झिकी विरुवामा हाल्छ, त्यस्तै प्रकारसंग भोजन गरेको अन्नको रस समस्त शरीरमा पुऱ्याउने क्रिया गर्छ।

उदानवायु—कंठस्थानमा रहन्छ, र खाए पिएको अन्न जल विभाग गरी भिन्न-भिन्न ठाउँमा पुऱ्याउँछ तथा कंठस्थ हिता नामक अत्यन्त सूक्ष्म नाडी छ, उसमा स्वप्न तथा हिक्का उत्पन्न गर्ने काम गर्छ।

व्यानवायु—शरीरको सबै भागमा रहेर सबै नाडी (नसा) मा घुमी रस रक्तादि संचार गर्दछ। जुन किसिमले म्यानले तलवारलाई ढाकेको छ, त्यस्तै प्रकार यो प्राणमय कोशले आत्मालाई ढाक्तछ। यसको द्रष्टा जसदेखि भिन्न यसको साक्षी म आत्मा स्वरूप हुँ भनी जान्नु पर्छ।

३. मनोमयकोश—पांचज्ञानेन्द्रिय सहित मन, सो मनोमय कोश हो। पांचज्ञानेन्द्रियको वर्णन सूक्ष्म देहको प्रक्रियामा गरे-को हुनाले यहाँ केवल मनको मात्र वर्णन गरिन्छ।

देहमा अहंता र गृहमा ममतारूप अभिमान गर्ने भएको इन्द्रियद्वारा बाहिर गमन भएको र कारण रूप छ।

यो मनोमयकोशदेखि म पृथक छु भनी जान्नु पर्छ। काम-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

क्रोधादि वृद्धियुक्त[१] हुनाले मननियमन रहित स्वभाव भएको छ। त्यस्तै विकारवान छ, र म सर्व वृत्तिको साक्षी निर्विकार हुँ। यस कारण यो मनोमयकोश म होइन र मेरो होइन, यो सूक्ष्म देहको हो। म यसलाई जान्ने आत्मा यसदेखि अलग रहेको छु, भनी जान्नु पर्छ।

४ विज्ञानमयकोश—पांच ज्ञानेन्द्रिय सहित बुद्धि सो विज्ञानमयकोश हो। सुषुप्तिमा चिदाभासयुक्त[२] बुद्धि विलीन हुन जान्छ र जाग्रतमा नङ्को अग्रभागदेखि लिएर शिखासम्म शरीरमा व्यापक हुन्छ र कर्तारूप छ।

यी विज्ञानमय कोशदेखि म पृथक छु भनी जान्नु पर्छ। बुद्धि घटादिको समान विनय आदि अवस्थावाला हुनाले नाशवान छ। र म विलय आदि अवस्थारहित हुनाले यसदेखि विलक्षण अविनाशी हुँ। यसकारण यो विज्ञानमय कोश म होइन र मेरो होइन। यो सूक्ष्म देहरूप हो, म यसलाई जान्ने आत्मा यसदेखि अलग छु भनी जान्नु पर्छ।

५ आनन्दमय कोश—कारण शरीररूप अविद्यामा जो मलिन सत्य छ, उसमा प्रिय,[३] मोद[४] र प्रमोद[५] नामक वृत्ति-

---

१—वृत्तियुक्त = व्यापारयुक्त। २—चिदाभास = चेतन प्रकाश।

३—प्रिय = देख्दैमा आनन्दलाग्ने।

४—मोद = वस्तु पाएपछि आनन्द हुनु।

५—प्रमोद = वस्तुको भोगबाट हुने आनन्द।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

हरूदेखि जो आनन्द हुन्छ, उसलाई आनन्दमय कोश भन्दछन्। यस विषयजन्य आनन्दद्वारा शुद्ध निर्विकार आनन्दरूप आत्माको भान हुँदैन अर्थात् उक्त प्रिय आदि तीनै आनन्द संयुक्त जो अविद्याको मलिन सत्व छ उसैले आत्मालाई ढाकेको छ। यस कारण आनन्दमय कोश भनेको हो।

यस आनन्दमय कोशदेखि म पृथक छु भनी जान्नु पर्छ। यो आनन्दमय कोश बादल आदि पदार्थको समान क्षणिक छ र म सर्वदा स्थित हुनाको कारण नित्य छ। परमानन्दरूप स्वयं प्रकाश आत्मा म हुँ भनी निश्चय गरी यो आनन्दमयकोश म होइन र मेरो होइन कारण देहरूप हो, म यसलाई जान्ने आत्मा यसदेखि अलग रहेको छु भनी जान्नु पर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

आत्माको विशेषण

१ सत्, २ चित्, ३ आनन्द, ४ ब्रह्म, ५ स्वयं प्रकाश, ६ कूटस्थ ७ साक्षी, ८ द्रष्टा, ९ उपद्रष्टा ।

१ सत्—जाग्रत, स्वप्न र सुषुप्ति तीनै अवस्थाहरूमा तथा भूत, भविष्य र वर्तमान तीनै कालमा आत्मा एक समान छ। उ नभएको काल कैले पनि छैन । यसकारण आत्मा सत् हो ।

२ चित्—जाग्रत, स्वप्न र सुषप्ति तीनै अवस्थामा भएको आनन्दलाई जान्ने चैतन्यस्वरूप, सकल वस्तुलाई जान्ने अर्थात् जाग्रत, स्वप्न र सुषुप्ति यो तीनै अवस्थालाई प्रकाश गर्ने भएकोले आत्मा चित् हो ।

३ आनन्द—आत्मामा सदाकाल परम आनन्द हुन्छ, उसको स्वरूपै आनन्दस्वरूप भएको हुनाले सबैले उसलाई प्रेम गर्दछन् । यस कारण आत्मा आनन्द हो ।

४ ब्रह्म—आत्मा सत् चित् आनन्दरूप श्रुति युक्ति र अनुभवले सिद्ध छ र ब्रह्मलाई पनि शास्त्रमा सच्चिदानंद रूप भनेको छ । त्यसकारण आत्मा ब्रह्मरूप छ । किंवा ब्रह्म नाम व्यापक छ जसको देशदेखि अन्त हुँदैन सो व्यापक भनेको छ। आत्मा जो ब्रह्मदेखि भिन्न भए त देशमा अन्त हुनजाने हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

जसको देशमा अन्त हुन्छ उसको कालदेखि पनि अन्त हुन्छ। सो अनित्य मानेको छ। जसको देशकालदेखि अंत हुन्छ सो अनित्य मानेको छ। त्यसकारण आत्मा अनित्य हुन जान्छ। यसकारण आत्मा ब्रह्मदेखि भिन्न छैन र आत्माबाट जो ब्रह्म हुन्छ भने ब्रह्म अनात्मा हुन जान्छ। जो अनात्म घटादिक हो सो जड हो त्यसैले आत्मादेखि भिन्न ब्रह्म जड हुन्छ। यो कुरा श्रुतिदेखि विरुद्ध छ। आत्मादेखि भिन्न ब्रह्म छैन। यसकारण ब्रह्मरूप आत्मा हो।

५ स्वयं प्रकाश—जो दीपकको समान आफूलाई प्रकाश गर्नमा कसैको पनि अपेक्षा गर्दैन, औ आफू सबैको प्रकाशक हुन्छ, सो स्वयं प्रकाश भनेको छ। अथवा सदा अपरोक्षरूप[1] हुन्छ। औ कुनै ज्ञानको विषय हुदैन। त्यसलाई स्वयंप्रकाश भनेको छ। आत्मा सदा अपरोक्षरूप छ औ प्रकाशरूप हुनामा कुनै पनि ज्ञानको विषय (प्रकाश्य) हुँदैन। यसैले आत्मा स्वयंप्रकाश हो।

६ कूटस्थ—कूट नाम लोहारको लिहीको हो त्यसको समान जो निर्विकार अचल रूपले स्थित हुन्छ सो कूटस्थ हो। जस्तै लोहार लिही माथि राखी अनेक माल तयार गर्छ। तै पनि लिही जस्ताका त्यस्तै रहन्छ। यस्तै मनरूप लोहार व्यवहाररूप अनेक

१—अपरोक्षस्वरूप = प्रत्यक्षस्वरूप

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वस्तु तयार गर्छ। तै पनि आत्मा जस्ताका त्यस्तै रहन्छ। यस कारण आत्मा कूटस्थ हो।

७ साक्षी—लोकव्यवहारदेखि उदासीन र रागद्वेषदेखि रहित हुन्छ। समीपवर्ती[२] छ। औ चेतन छ त्यसलाई साक्षी भनेको छ। चेतन, अजड र प्रकाश छ। यसैले आत्मा साक्षी हो अथवा अन्तःकरण वा अन्तःकरणको वृत्ति विशेष वर्तमान चेतन मात्रलाई साक्षी भनेको छ। यसैले आत्मा साक्षी हो।

८ द्रष्टा—देख्ने चाही जो सो द्रष्टा हो। आत्मा सर्व दृश्यलाई जान्ने चाहिने हो। यसैले आत्मा द्रष्टा हो।

९ उपद्रष्टा—यज्ञशालामा यज्ञकार्यलाई गर्नेचाहि पंद्रह ऋत्विज हुन्। सोह्र यजमान हुन् र सत्रह यजमानिनी हुन्, अठारौलाई उपद्रष्टा भनेको छ जो सँगै बसेर देख्तछन् र केही पनि कार्य गर्दैनन्। स्थूल देहरूप यज्ञशालामा पांच ज्ञानेन्द्रिय, पांच कर्म इन्द्रिय र पांच प्राण यी पन्ध्र ऋत्विज हुन्। सोह्र मनरूप यजमान हो र सत्रह बुद्धिरूपा यजमानकी स्त्री हुन्। यी सबै आफ्नो-आफ्नो विषयलाई ग्रहण गरी भोगमय यज्ञको कार्य गर्दछन्। यी सबैका समीपवर्ती जान्नेरूप आत्मा अठारौं उपद्रष्टा हो।

२—समीपवर्त्ती = नजीकमा रहने।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

१ एक आत्मा, २ अनन्त, ३ अखंड, ४ असंग, ५ अद्वितीय, ६ अजन्मा, ७ निर्विकार, ८ निराकार, ९ अव्यक्त, १० अव्यय, ११ अक्षर इत्यादि आत्माको विशेषण हुन् ।

१ एक आत्मा—सजातीय भन्नाले जाति भएको आत्मा होइन यसकारण आत्मा एक छ ।

२ अनन्त—आत्मा व्यापक छ । देशदेखि अन्त छैन र नित्य छ, त्यस्तै आत्माको कालदेखि अन्त छैन । आत्मा अधिष्ठान[1] हुनाको कारण सबैको स्वरूप हो । आत्माको देश, काल, वस्तुदेखि अन्त परिच्छेद[2] छैन । त्यसकारण आत्मा अनन्त छ ।

३ अखंड—जीव ईश्वरको भेद, जीव जीवको परस्पर भेद, जीव जड़को भेद, जड़ ईश्वरको भेद, जड-जड़को भेद, यो पाँच भेद-देखि आत्मा रहित छ, अथवा सजातीय विजातीय स्वगत भेदले आत्मा रहित छ । यसकारण आत्मा अखंड छ ।

४ असंग—संग नाम सम्बन्धको हो । सो सम्बन्ध तीन प्रकारको छ, सजातीय सम्बन्ध, विजातीय सम्बन्ध र स्वगत सम्बन्ध । आफ्नो जात मिलनेसंग जो सम्बन्ध हुन्छ, त्यो सजा-

१—अधिष्ठान = आधार ।

२—परिच्छेद = पहिचान ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

तीय सम्बन्ध हो, जस्तै ब्राह्मणको अन्य ब्राह्मणसंग सम्बन्ध हुनु हो ।

अन्य जातिसंग जुन सम्बन्ध हुन्छ, त्यो विजातीय संबंध हो, जस्तै ब्राह्मणको शूद्रसंग सम्बन्ध हुनु हो । आफ्नो अवयव-संग अर्थात् अङ्गसंग जुन जुन सम्बन्ध छ, त्यो स्वगत सम्बन्ध हो । जस्तै ब्राह्मणको आफ्नो हस्त, पाद, मस्तक आदि अङ्गसङ्ग सम्बन्ध हुनु हो । आत्मा चेतन एक छ । उसको जाति छैन । औ जीव ईश्वर, ब्रह्मा, विष्णु, शिव, म, तिमी इत्यादि भेद त उपाधिलाई[1] गरेको हो, त्यो मिथ्या छ । आत्माको भने कसैसंग साथी र सजातीय सम्बन्ध छैन । त्यसकारण आत्मा अद्वैत र सत् छ । सम्बन्ध त आत्मादेखि भिन्न भएको अज्ञान मायाको कार्य स्थूल सूक्ष्म प्रपंचमा प्रतीत हुन्छ । त्यो असत् छ र असत् कुनै वस्तु होइन । यसकारण आत्मामा कसैसंग साथी विजातीय सम्बन्ध छैन ।

त्यसैले आत्मा निरवयव[2] हो । सच्चिदानंदादिक त आत्माको अवयव[3] होइन किन्तु एक रूप हुनाले आत्माको स्वरूप हो । त्यसकारण आत्मा कसैको साथी स्वगत संबन्ध होइन आत्मा सर्व संबन्धले रहित छ । यसकारण आत्मा असंग छ

१—उपाधि = आइपरेको

२—निरवयव = अवयव नभएको ३—अवयव = अङ्ग

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

५ अद्वितीय—द्वैत जो प्रपंच हो सो स्वप्नाको समान कल्पित हुनाले वास्तवमा होइन। आत्मा द्वैतदेखि रहित हुनाको कारण आत्मा अद्वैत छ।

६ अजन्मा—स्थूलदेहको धर्म जन्म हुनु हो। सूक्ष्मदेहको धर्म पनि होइन भने आत्माको धर्म जन्म कसरी हुन सक्छ? फेरि आत्माको जन्म मानेको खण्डमा त मरण पनि मान्नु पर्छ। त्यसकारण आत्मा अनित्य सिद्ध हुन्छ। यसले परलोकवादी आस्तिकलाई अनिष्ट[1] र आवांछित हुन्छ। जन्ममरण वस्तुको हुन्छ। आत्मा त्यसदेखि आदि अन्तले रहित छ। स्थूलदेहको मरण हुनाले आत्माको मरण हुँदैन र त्यसको जन्म हुनाले उसको जन्म हुने होइन। उ त सदा छँदैन छ। उ नभएको काल कैले पनि छैन। मरणको अनंतर आत्मा रहँदैन भनी भन्नाले त वेदोक्त कर्मको व्यर्थ हुनजान्छ। यसकारण आत्माको धर्म जन्म होइन। आत्मा अजन्मा, अजर, र अमर छ।

७ निर्विकार—जस्तो १-घटको जन्म, २-अस्तिपना[2] भन्नाले प्रगटता, ३-वृद्धि, ४-विपरिणाम, ५-अपक्षय[3], ६-विनाश। यी घट धर्म छन्। परन्तु घटमा स्थित र घटदेखि भिन्न जो आकाश छ, त्यसको धर्म होइन।

१—अनिष्ट = मनपरेको। २—अस्तिपना = प्रकटरूप ३—अपक्षय = नाश

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

यी षट विकारहरू देहका धर्म हुन्। देहलाई जान्ने र देहदेखि असंग जो आत्मा छ, त्यसको धर्म होइन। यस कारण षट विकारले रहित आत्मा निर्विकार छ।

८ निराकार—१-स्थूल, २-सूक्ष्म, ३-लामो, ४-छोटो। यी चार प्रकारका जगत्‌मा आकार छन्। आत्मा, इन्द्रिय र मनको अविषय हुनाको कारण सूक्ष्म छ, स्थूल होइन। आत्मा व्यापक छ सूक्ष्म छैन, र अणु होइन। आत्मा सबै ठाउँमा ओतप्रोत[1] छ, लामो छोटो छैन, यसकारण आत्मा निराकार छ।

९ अव्यक्त—आत्मा, मन इन्द्रिय आदिको अगोचर हुनाको कारण अस्पष्ट छ। यसैले आत्मा अव्यक्त छ।

१० अव्यय—जस्तो भकारीबाट धान झिक्दा घटदै जान्छ त्यस्तै आत्मा घटने होइन। अर्थात् आत्मा अव्यय छ।

११ अक्षर—आत्मा नाशरहित छ। यस अर्थले आत्मालाई अक्षर, अमृत र अविनाशी भनिएको छ। यस रीतले आत्माका निषेध्य विशेषण[2] छन्।

प्रश्न—आत्माको विशेषण वर्णन गरेकोमा परस्पर अभिन्न कुन प्रकारले भयो ?

१—ओतप्रोत = भरिभराउ

२—निषेध्य विशेषण = निषेध गरिने विशेषण।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

उत्तर — सच्चिदानंदादिक जो आत्माको गुण भएको भए परस्पर भिन्न हुनेथ्यो। त्यो आत्माको गुण होइन, किन्तु स्वरूप हो। यसकारण परस्पर भिन्न नभई अभिन्न छ। औ एकै आत्मा नाशरहित छ। सत् भन्नाले जडदेखि विलक्षण प्रकाशरूप छ। चित् भन्नाले दुःखदेखि विलक्षण मुख्य-प्रीतिको विषय र आनन्द छ। यस कारणले सर्व विशेषणको वर्णन एकै प्रकारले गरेको हो। जस्तै एकै पुरुष पिताको दृष्टिमा पुत्र, बाजेको दृष्टिमा नाती, दाइको दृष्टिमा भाइ र मामाको दृष्टिमा भाञ्जा भनिन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

जीव र मन

कुनै एकजना श्यामबहादुर नाम गरेको धनवान् पुरुषको पुत्र थियो। उसले आफ्नो यौवनावस्थामा नै विद्या अध्ययन गरिसकेको हुँदा उसलाई जागिर खाने विचार उत्पन्न भएछ र जागिर पनि खाएछ। उ अड्डाखानामा साइकिल चढी जाने गर्दथ्यो। केही दिनमा नै उसको छाती कमजोर भएछ र घोड़ा चढी जाने गर्न लाग्यो। उसलाई एउटा नोकरको जरूरत परेछ। त्यस्तैमा दैवसंयोगवश गोथे नाम गरेको एक नवयुवकले अगाड़ि आएर भन्यो। म तपाईंको नोकरी गरी बस्तछु। मलाई महीनावारी समेत दिनू पर्दैन भनेछ। त्यो नवयुवकको शरीर हृष्ट-पुष्ट देखी श्यामबहादुरले त्यसलाई तुरून्त नौकर बनाए छन्। भोलिपल्टदेखि गोथे घोड़ाको पछि-पछि मालिकको साथ अड्डामा जानथालेछ र त्यहाँ मालिकले बताए बमोजिम काम समेत अति शीघ्र गर्नथालेछ। पर्सिपल्ट पनि अड्डामा मालिकको साथ गइरहेको थियो। त्यस्तैमा मालिक चाहिँको रुमाल सहित केही रूपैयाँ समेत घोड़ाबाट खसेछ। अड्डामा पुगेर खोज्दछन् त रूपैयाँ र रुमाल नै छैन। सोधेपछि गोथेले भन्यो— मैले घोडाबाट खसेको त देखेको थिएँ, तर तपाईंको

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

आज्ञा नपाई कसरी टिप्नु भनी टिपिन। श्यामबहादुरलाई क्रोध त आयो तैपनि नयाँ मानिस भएकोले केही पनि गाली नगरी भोलि पल्टदेखि हिंडने समयमा एक रुमाल दिएर भने कि अब उप्रान्त मार्गमा जुन चीज खसे पनि त्यसलाई टिपेर बाँधनु। हिंड्दा हिंड्दा मार्गमा घोडाले हगेछ। त्यसलाई नोकरले रुमालमा बाँध्यो। मालिक अड्डामा पुगेर लेख्न लागेको समयमा गोथेले पोको अगाड़ि राखिदिएछ। श्यामबहादुरले पोकामा के रहेछ भनी खोली हेर्दा त घोड़ाको लिदी यो देखेछन् र अत्यन्त क्रुद्ध भएर भने—हे नादान! तँ अहिले घरमा जा मेरो साथमा बस्न लायेकको छैनस्। घरमा कुनै जरूरी कुरा आइपर्‍यो भने मलाई संदेश दिनु भनी घर पठाई दिए। गोथे घोसेमुन्टो गरी फरकी आया। यस्तैमा श्यामबहादुरकी स्त्री माइतबाट आइपुगिछिन्। यो नयाँ कुरा हो भनी गोथे दौडदै दौडदै गयो र ढोकाबाट नै जोर-जोरसंग कराउँदै भन्यो—श्यामबहादुर ज्यू! तपाईंकी श्रीमती माइतबाट आउनुभएको छ झट्टै घरमा हिडनुहोस्। श्यामबहादुरले केही लाज मानी त्यसलाई हपकाएर भने—हे वेकुफ! यतिको ठूलो स्वरमा कुरा भन्नुहुन्छ? अबदेखि जुन कुरा भन्नु छ त्यो कुरा बिस्तारै मेरो कानमा भन्नु, त्यो पनि जब म इशारा गर्छु अनि मात्र।

आर्को दिन घरमा आगलागी भएछ। अनि गोथे दौडेर गयो अड्डाखानामा श्यामबहादुर केही लेखिरहेका थिए। घण्टौं शिर

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

उठाएनन्। धेरै बेरमा शिर उठाउदाँ गोथे उभिरहेको देखेर सोधे। गोथेले मालिकको कानमा बिस्तारै भन्यो कि घरमा आगलागी भएको छ। श्यामबहादुरले भने, हे नीच ! यो कुरा त जोडसंग कराएर भन्नु पर्दथ्यो। घरमा आएर हेरछन् त सबै घर बलेर खरानी भइसकेको रहेछ। श्यामबहादुरले भने— हाय ! यस्तो नीच, अधम, अज्ञानी र मूर्खको फेला पर्नाले मेरो सर्वस्व नष्ट भयो ; तै पनि यसको ममता म छोड्न सक्तिन, धिक्कार छ मलाई। अन्तमा त्यस गोथे नोकरलाई सदाको निमित्त परित्याग गरिदिए र त्यसको ठाऊँमा आर्को एक समझ-दार चतुर र हितैषी नोकर राखे। तब उनको गएको दिन विस्तार-विस्तार फेरि बनेर गयो।

सिद्धान्त—श्यामबहादुर जीव हुन्, उनलाई नासमझ गोथे रूप मन, नोकर मिल्न गयो। यो सारा कार्य उलटा नै गर्छ। जो जगत् प्रपंच दुःख रूप र त्याज्य छ, त्यता भने नित्य खुसी मानी ध्यान दिन्छ। जो सत्संग साधन अमृत तुल्य सेवन गर्न योग्य छ त्यतातिर भने मुख फर्काउन्छ र नाना प्रकारको दोष देख्तछ। यस तुच्छ मनको साथ गर्नाले नै जीवको सब दुर्दशा भइरहेछ। जब मनको सम्बन्धदेखि आफ्नो दुर्दशा भएको विचार गरेर जगत्को सुख आनन्दलाई त्याग गरी उसको ठाउँमा शुद्ध विचार भावनाको आश्रय लिन लाग्छ, अनि मात्र जीव सुखी हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

वेदान्त प्रक्रिया : संज्ञा-वर्णन

१ अज्ञान, व्यष्टि अज्ञान—एक चीज वस्तु र एक बुद्धिको नाम हो।

समष्टि अज्ञान—अनेक चीज वस्तु र अनेक बुद्धिको नाम हो।

२ ज्ञान, परोक्ष—ब्रह्म सत्यरूप हुन भनी यस्तो प्रकारले ब्रह्मलाई आत्मादेखि भिन्न जान्नुलाई परोक्ष ज्ञान भन्दछन्। अपरोक्ष—भनेको यो निर्विकल्प ब्रह्म मै हुँ भनी यस्तो प्रकारले ब्रह्मलाई अभेदरूपले अनुभव गर्नुको नाम अपरोक्ष ज्ञान हो। यसलाई साक्षात्कार पनि भन्दछन्।

३ कर्म, संचित—पहिले गरेको पाप र पुण्य कर्म भोगबिना संस्कार रूपले अज्ञान सहित सूक्ष्म देहमा रहन्छ, त्यसैलाई संचित कर्म भन्दछन्।

क्रियामाण—यही वर्तमान देहद्वारा हुने पुण्य र पापजनक कर्मलाई क्रियामाण कर्म भन्दछन्।

प्रारब्ध—अनेक जन्म जन्ममा गरिराखेको यो संचित कर्मदेखि जुन कर्मद्वारा यो वर्तमान शरीर बन्दछ र जसको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

द्वारा यो शरीरमा सुख दुःख प्राप्ति हुन्छ त्यसैलाई प्रारब्ध कर्म भन्दछन्।

४ शम—सर्व वासना त्यागको नाम शम हो।

दम—शब्दादि एवं विषयबाट इन्द्रियलाई रोक्नाको नाम दम हो।

उपरति—संसारको सर्व प्रपंचदेखि निवृत्ति हुनाको नाम उपरति हो।

५ बल—बल वा शक्ति मायारूपले प्रकट भएर अपरिच्छिन्न रसको परिछिन्न गरिदिन्छ तब अव्यय पुरुषको प्रादुर्भाव हुन्छ त्यसलाई पांच किसिममा वर्णन गरिएको छ। आनन्द, विज्ञान, मन, प्राण र वाक्।

६ संन्यास, विविदिषा संन्यास—जिज्ञासाले गरेको जो संन्यास हो त्यसलाई विविदिषा संन्यास भन्दछन्।

विद्वत् संन्यास—ज्ञानको अनन्तर वासना क्षय, मनोनाश र तत्वज्ञान अभ्यासद्वारा जीवनमुक्तिको विलक्षण आनन्दको निमित्त गरेको जो संन्यास हो त्यसलाई विद्वत् सन्यास भन्दछन्।

७ मुक्ति, सालोक्य—अर्थात् शिवलोकमा रहनु। समीप्य—मतलब उपास्यको समीपमा रहनु। सारूप्य—अर्थात् उपास्यको

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

समान रूप प्राप्त गर्नु। सायुज्य—को मतलव उपास्यमै मिल्नु।

८ कर्म नित्यकर्म—सदा गर्नुपर्ने कर्म, नैमित्तिक कर्म—कैले कैले पर्नआउने कर्म ; जस्तै पुत्र जन्मेपछि गरिने संस्कारकर्म। काम्यकर्म—कुनै कामना लिएर गरिने कर्म। प्रायश्चितकर्म—पापको निवृत्तिको निमित्त गर्नुपर्ने कर्म। निषिद्धकर्म—गर्न हुन्न भनी बताएको कर्म ; ब्रह्महत्यादि।

९ स्वर, ईडा-–बायां नाकको प्वालबाट निस्कने वायु। पिङ्गला – दाहिने नाकको प्वालबाट निस्कने वायु। सूषम्णा – दुवै नाकको प्वालबाट एकै साथ निस्कने वायु।

१० शास्त्र—संसारमा सबै धर्म शास्त्र निगम र आगम दुइ भागमा बाँडिएको छ। वेद र दर्शन शास्त्रादि निगम हुन्। तन्त्र शास्त्रादि आगम हुन्, जसद्वारा मोक्षको मार्ग भेटाउन खोजिन्छ तिनलाई निगम भन्दछन्। जसद्वारा क्रियात्मक प्रयोग हुन्छ तिनलाई आगम भन्दछन्।

११ अवस्था, जाग्रत अवस्था – सत्वगुणको कार्य हो यो नेत्रमा रहन्छ। प्रारब्ध कर्मको वासना भोग्न जाग्रत भएको हो र स्थूल देहको करण हो। त्यस बखतमा इन्द्रियले चेतनासहित खूब जोरले काम गरेको हुनाले जाग्रत अवस्था भनेको हो। स्वप्न अवस्था – रजोगुण र सूक्ष्म देहको हो। यो कण्ठमा रहन्छ। जाग्रत अवस्थाको संस्कारले अर्थात् प्रारब्ध कर्मको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

वासना भोग्न संकल्प उठेको काम सिद्ध नभइसकेको अवस्था हुनाले स्वप्न अवस्था भनेको हो।

सुषुप्ति अवस्था—तमोगुण र कारण देहको कारण हो। यो हृदयमा रहन्छ, प्रारब्ध कर्मको वासना भोग्नलाई आई मनमा लय भई त्यो आनन्दको सहायता लिई बस्ने हुनाले सुषुप्ति अवस्था भनेको हो।

१२ वायु, प्राणवायु — हृदयमा, अपानवायु-गुदामण्डलमा, समानवायु — नाभीदेशमा, उदानवायु — कण्ठको बीचमा, व्यानवायु -- सब शरीर भरमा व्याप्त भइरहन्छ।

१३ उपप्राण, नाग — बाट डकार आउँछ, कूर्म — बाट आँखा खुल्ने र बन्द हुने हुन्छ। कृकल — बाट छिऊँ आउँछ, देवदत्त — बाट हाई आउँछ, धनंजय सब शरीरमा व्याप्त भएर शरीलाई पुष्ट गर्दछ।

१४ रोग, आधि — मनमा पिर पर्नू।

व्याधि — शरीरमा रोग लाग्नु।

१५ सत्ता — भनेको आत्माबाट प्राप्त भएको शक्ति हो।

१६ मार्ग, अध्यात्मिक मार्ग — आत्मज्ञानको मार्ग हो, यसलाई निवृत्ति मार्ग पनि भन्दछन्।

भौतिक मार्ग — संसारिक मार्ग हो र यसलाई विषय भन्दछन्।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

१७ आनन्द, ब्रह्मानन्द — आत्माको ध्यानमा लठ्ठ भएर रहनुलाई भन्दछन् ।

वासनानन्द — जो चुपचाप बस्दा खेरी अथवा विषय रहित रहँदा पनि कुनै न कुनै चीजमा वासना रहेको हुन्छ ; त्यसैलाई भन्दछन् ।

विषयानन्द — संसारिक पदार्थमा आनन्द मानी रहनुलाई भन्दछन् ।

१८ प्रिय — आफूलाई अनुकूल परेको पदार्थ देखेर जो आनन्द हुन्छ त्यसलाई प्रिय भन्दछन् ।

मोद — प्रिय पदार्थ प्राप्त हुँदा जो सुख हुन्छ त्यसलाई मोद भन्दछन् ।

प्रमोद — आफुलाई अनुकूल परेको पदार्थ प्राप्त भइसकेपछि त्यो पदार्थलाई भोग गर्दामा जो सुख प्राप्त हुन्छ, त्यसैलाई प्रमोद भन्दछन् ।

१९ आकाश, घटाकाश — भनेको स्यानो हुन्छ । यसमा धेरै पानी अटाउँदैन न त एकजना मानिस नै त्यसभित्र रहन सक्छ ।

मठाकाश — घर भित्रको आकाशमा भने धेरै मानिसहरू र हजारौं पाथी पानी समेत अटाउन सक्छ । यद्यपि मठ र घटमा केवल स्यानो र ठूलोमा मात्र फरक छ । त्यहाँ भित्र रहेको आकाशमा भेद छैन । यी दुवैमा महाकाश एकै हो ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

जलाकाश—घटको भित्र आकाश रहेको हुन्छ। त्यसमा जल हालिदिनाले त्यस जलमा जो मेघ, नक्षत्र र आकाशको प्रतिबिम्ब देखिन्छ त्यसकन जलाकाश भन्दछन्।

मेघाकाश—यस महाकाशमा जो मेघमण्डल देखिन्छ त्यस मेघमण्डलमा जुन जल रहेको छ त्यस जलमा प्रतिबिम्बित जो आकाश छ त्यही मेघाकाश हो।

२० ताप अधिदैहिक ताप—रूगा, खोकी, जरो, पेट दुख्ने इत्यादि वात, पित्त र कफ उपाधिबाट पैदा हुने ताप हो।

अधिभौतिक ताप—मनुष्य, पशु, पक्षी, राजा, कुटुम्बबाट हुने ताप हो।

अधिदैविक ताप—देववर्ग, यक्ष, राक्षस, भूत, प्रेत, गंधर्व, ग्रह प्रभृतिको आवेशबाट पैदा हुने ताप। जस्तो अतिवृष्टि, अनावृष्टि इत्यादिबाट पैदा हुने ताप हो।

२१ अध्यास—एक पदार्थलाई दोस्रो पदार्थमा मिथ्या कल्पना गर्नुलाई अध्यास भन्दछन्। जस्तै डोरीलाई सर्प मान्नु।

२२ भक्त, आर्तभक्त—दुःख पाएर भक्ति गर्ने।

जिज्ञासुभक्त—ज्ञानको इच्छाले भक्ति गर्ने।

अर्थार्थिभक्त—धन, दौलत, इज्जत, सन्तान इत्यादि प्राप्त गर्ने उद्देश्यले भक्ति गर्ने।

ज्ञानी भक्त—ईश्वरको इदमित्थ ज्ञान भएर भक्ति गर्ने।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

२३ राग—विषयलाई आनन्द मानी ग्रहण गर्नु र आर्कोलाई निन्दा नगर्नु।

द्वेष—विषयलाई अपहेला, अथवा आर्कोलाई निन्दा गर्नु।

२४ वाच्य, रोचक वाच्य—सुख मिल्छ भनिकन लोभ देखाउँछ।

भयानक वाच्य—डर देखाउँछ।

अपवाद वाच्य—फलको इच्छा त्यागी कार्य गरेमा मुक्तिपद प्राप्त हुन्छ भनी शास्त्रले जीवलाई सत् मार्गमा लगाउँछ।

२५—सुख, निरतिशय सुख—ब्रह्मानन्द सुख। सातिशय सुख—क्षणिक विषय सुख।

२६ आवरण, असत्वापादक—छँदै छैन भन्ने। अभानापादक—त्यो छ न त छ तर मैले जान्न सकिन भन्ने।

२७ कार्य र करण—आकाश, वायु, अग्नि, जल र पृथ्वी तथा शब्द, स्पर्श रूप, रस, गन्ध यिनीहरूका नाम कार्य हो। बुद्धि, अहङ्कार र मन तथा श्रोत्र, त्वचा, रसना, नेत्र र घ्राण एवं वाक्, हस्त, पाद, उपस्थ र गुदा—यिनीहरू १३ को नाम करण हो।

२८—षट्सम्पत्ति—शम, दम, उपरति, तितिक्षा, श्रद्धा र समाधान। शम—वासनाको त्याग। दम—इन्द्रियलाई रोक्नु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

उपरति—प्रपंचदेखि निवृत्ति हुनु । तितिक्षा—शीतोष्णादि द्वन्द्व धर्मको सहनशीलता । श्रद्धा—ब्रह्मनिष्ठा गुरु तथा वेदान्त वाक्यमा विश्वास मान्नु । समाधान—चित्तको एकाग्रता ।

स्थूलदेहको पंचतत्व

आकाशको पंचतत्व — १ शोक; २ काम; ३ क्रोध; ४ मोह; ५ भय ।

१ शोक — आकाशको मुख्य भाग हो । जब शोक उत्पन्न हुन्छ तब शरीर शून्यजस्तो हुन्छ । आकाश पनि शून्यजस्तो छ । यसकारण शोक आकाशको मुख्य भाग हो ।

२ काम—आकाशमा वायुको भाग मिल्न जादा हुन्छ, कामनारूप वृत्ति चंचल हुन्छ र वायु पनि चंचल छ । यस उसले यो वायुको भाग हो ।

३ क्रोध — आकाशमा तेजको भाग मिलेर हुन्छ । जब क्रोध आउँछ तब शरीर तातो हुन जान्छ र तेज पनि त्यस्तै हुनाले यो तेजको भाग हो ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

४ मोह—आकाशमा जलको भाग मिलेर हुन्छ। पुत्रादिमा मोह रहेको हुन्छ। यो जलको भाग हो।

५ भय—आकाशमा पृथ्वीको भाग मिलेर हुन्छ। जब भय उत्पन्न हुन्छ तब शरीर जड़ समान हुन्छ र पृथ्वी पनि जड़ स्वभाव भएकी छन्। यो पृथ्वीको भाग हो।

वायुको पांच तत्त्व—(१) प्रसारण (२) धावन (३) बलन (४) चलन (५) आकुंचन।

१ प्रसारण—वायुमा आकाशको भाग मिलेर हुन्छ। प्रसारण नाम फैलनूको हो औ आकाश पनि फैलेको छ, यस-कारण यो आकाशको भाग हो।

२ धावन—वायुको मुख्य भाग हो, धावन नाम दौडनुको हो औ वायु पनि दौडन्छ। यसकारण यो वायुको मुख्य भाग हो।

३ वलन—वायुमा तेजको भाग मिलेकोले हुन्छ। बलन नाम अङ्गको वलनको हो, औ तेजको प्रकाश पनि बल्द छ। यस कारण तेजको भाग हो।

४ चलन—वायुमा जलको भाग मिलेकोले हुन्छ। चलन नाम चल्नुको हो। जल पनि चल्दछ। यसउसले यो जलको भाग हो।

५ आकुंचन—यसमा वायुसित पृथ्वीको भाग मिलेको छ। आकुञ्चन नाम संकोच गर्नुको हो। पृथ्वीमा पनि संकुचन पाइ-एको छ। यसकारण पृथ्वीको भाग हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

तेजको पांच तत्त्व—(१) निद्रा (२) तृषा (३) क्षुधा (४) कांति (५) आलस्य।

१ निद्रा—यसमा तेज र आकाशको भाग मिलेको छ। जब निद्रा आउँछ तब शरीर शून्यतुल्य हुन्छ र आकाश पनि शून्य भनी मानिएको छ। यसकारण यो आकाशको भाग हो।

२ तृषा—तेजमा वायुको भाग मिलेर हुन्छ। तृषाले कंठलाई शोषण गर्दा वायु पनि कारण हुन्छ।

३ क्षुधा—तेजको मुख्य भाग हो। जब भोक लाग्छ तब खाने कुरा खाइन्छ र सो भस्म हुन्छ औ अग्निमा जुन चीज हाले पनि भस्म हुन्छ। यसकारण यो तेजको मुख्य भाग हो, भन्न ज्यादै युक्तिसङ्गत छ।

४ कान्ति—तेजमा जलको भाग मिलेर हुन्छ। कांति घामले घटतछ र जल पनि घामले घटतछ।

५ आलस्य—तेजमा पृथ्वीको भाग मिलेर हुन्छ। जब आलस्य गर्मी भएर आउँछ तब शरीर जड हुन्छ र पृथ्वी पनि जड स्वभाव भएकी छन्, यसउसले यो पृथ्वीको हो।

जलको पांच तत्त्व—१ रक्त, २ स्वेद, ३ मूत्र, ४ शुक्र, ५ शोणित

१ रक्त—जलमा आकाशको भाग मिलेर हुन्छ। रगत अग्लो होचो हुन्छ र आकाश पनि अग्लो होचो हुन्छ। त्यसले यो आकाशको भाग हो।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

२ स्वेद्—जलमा वायुको भाग मिलेर हुन्छ। पसीना परिश्रम गर्नाले आउँछ र वायु पनि पंखा आदिले श्रम गर्नाले आउँछ। यसउसले यो वायुको भाग हो।

३ मूत्र—जलमा तेजको भाग मिलेर हुन्छ। यो तातो हुन्छ र तेज पनि तीतो हुन्छ। अतः यो तेजको भाग हो।

४ शुक्र—जलको मुख्य भाग हो, शुक्र भनेको वीर्य हो र श्वेतवर्ण हुन्छ र गर्भको हेतु छ। जल पनि श्वेतवर्ण छ। यसलाई जलको मुख्य भाग मानेको छ।

५ शोणित—जलमा पृथ्वीको भाग मिलेर हुन्छ। शोणित रक्तवर्ण छ र पृथ्वी पनि रक्त छ। यसउसले यो पृथ्वीको भाग हो।

पृथ्वीको पांच तत्त्व— १ रोम, २ त्वचा, ३ नाडी, ४ मांस, ५ अस्थि।

१ रोम—पृथ्वीमा आकाशको भाग मिलेर हुन्छ। रोमलाई शून्य भनी मानेको छ। काटदाखेरी दुख्दैन र आकाश पनि शून्य छ। अतः यो आकाशको भाग हो।

२ त्वचा—पृथ्वीमा वायुको भाग मिलेर हुन्छ। त्वचाबाट शीत, ऊष्ण, कठिनता, कोमलता इत्यादि स्पर्शको थाहा हुन्छ। वायुको स्पर्श गुण भएको छ। यसकारण यो वायु भाग हो।

३ नाडी—पृथ्वीमा तेजको भाग मिलेर हुन्छ। नाडीबाट तापको परीक्षा हुन्छ। तेज पनि तापरूप छ। यसकारण यो तेजको भाग हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

४ मांस—पृथ्वीमा जलको भाग मिलेर हुन्छ । मांस गीलो हुन्छ र जल पनि गीलो हुन्छ । यसकारण यो जलको भाग हो।

५ अस्थि—पृथ्वीको मुख्य भाग हो । यो कठिन र पीतवर्ण छ र पृथ्वी पनि कठिन र पीत रंग भएकी छिन् । यसउसले यो पृथ्वीको मुख्य भाग हो ।

स्थूल देहको तत्त्वको कोष्टक

आकाश	वायु	तेज	जल	पृथ्वी
काम	चलन	क्षुधा	शुक्र	अस्थि
क्रोध	वलन	तृषा	रक्त	मांस
शोक	धावन	आलस्य	लार	त्वचा
मोह	प्रसारण	निद्रा	मूत्र	नाडी
भय	आकुंचन	कान्ति	पसीना	रोम

स्थूलदेहको आकाशादि पच्चीस तत्त्व र जाग्रत अवस्थाको वैखरी वाचाको ८ तत्त्व १ कंठ, २ तालु, ३ जिव्हा मूल, ४ दाँत ५ ओष्ठ, ६ नासिका, ७ हृदय ८ शिर समेत गरी ३३ तत्त्व छन्

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

स्थूल देहको धर्म

१ नाम, २ जाति, ३ आश्रम ४ वर्ण, ५ सम्बन्ध, ६ परिणाम, ७ जन्ममरण इत्यादि म होइन र मेरो होइन भनी जान्नु पर्छ।

१ नाम—जन्मनुभन्दा अगाडि नाम थिएन। जन्मको अनन्तर नाम कल्पित हो। औ शरीरको भिन्न भिन्न अङ्गमा विचार गरी हेर्‍यो भने मिल्दैन। यसकारण यो नाम म होइन र मेरो होइन। यो नाम केवल स्थूलदेहमा कल्पित छ; म त यसनामलाई जान्ने भएको द्रष्टास्वरूप यसभन्दा अलग रहेको छु। त्यस द्रष्टा स्वरूपको नाम छैन, त्यसकारण यो नाम म होइन र मेरो होइन भनी जान्नु।

२ जाति—ब्राह्मण, क्षत्री, वैश्य शूद्र इत्यादि जाति स्थूल देहको धर्म हो। सूक्ष्मदेह र आत्माको धर्म होइन। लिङ्गदेह र आत्मा त जो पूर्व देहमा थियो सो यस वर्तमान देहमा र भावीदेहमा पनि रहन्छ, जाति त जुन अगाडि जन्ममा थियो सो यसदेहमा छैन र आर्को जन्ममा पनि यसै जन्मको जात हुन्छ भन्ने केही निश्चय छैन। यसकारण यो जाति स्थूल देहको धर्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

हो लिंगदेहको र आत्माको होइन। फेरि शरीरको अंगमा विचार गरेर हेर्दा पनि स्थूलदेहमा जाति मिलेको देखिंदैन। यसकारण यो जाति मेरो होइन र म होइन यो केवल स्थूल देहमा आरोपित मात्र छ, म जातिलाई जान्ने भएको द्रष्टा घटद्रष्टाको तुल्य यसभन्दा फर्क रहेको । यस्तो जाति म होइन र मेरो होइन भनी जान्नु ।

३ आश्रम – ब्रह्मचारी, गृहस्थ, वानप्रस्थ र संन्यास यी चार आश्रम भिन्न भिन्न कर्म गर्नेलाई आरोप गरेर स्थूलदेहलाई मानेको छ। त्यो पनि विचार गर्दा नर देहमा मिल्दैन। यस कारण यो आश्रमलाई आफू र आफ्नो नठानी म त यो आश्रमलाई जान्ने पो हुँ र द्रष्टा घटद्रष्टा समान यसदेखि अलग रहेको छु भनी जानी यस्तो आश्रम म होइन र मेरो होइन भनी निश्चय गरिरहनु पर्छ।

४ वर्ण—गोरो, कालो, गौंगोरो इत्यादि रंग छ। सो स्थूलदेहमा प्रत्यक्ष देखिन्छ। परन्तु त्यो स्थूलदेह म होइन अर्थात् त्यो रंग म होइन र मेरो होइन त्यो रंग त स्थूलदेहको हो। म त यी रंगहरूलाई जान्ने भएको ज्ञानस्वरूप हुँ र त्यसदेखि अलग छु। यस्तो वर्ण म होइन र मेरो होइन भनी जान्नु।

५ सम्बन्ध—पिता-पुत्र, गुरु-शिष्य, स्त्री-पुरुष, स्वामी-सेवक, इत्यादि संबन्ध स्थूलदेहको परस्पर प्रसिद्ध मिथ्या मानेको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

विचार गरि हेर्दा मिल्दैन किन कि सबै आफ्नो स्वार्थ सिद्ध गर्न इच्छा गर्दछन्। यो सम्बन्ध स्थूलदेहमा अरोपित छ। म त यस सम्बन्ध द्रष्टा घटद्रष्टाको समान यसदेखि अलग रहेको छु। यस्तो सम्बन्ध म होइन र मेरो होइन भनी जान्नु।

६ परिणाम—लामो, छोटो, मोटो, पातलो, सोझो, बाँगो, इत्यादि आकार पनि प्रसिद्ध स्थूलदेहमा देखिन्छ। औ म त स्थूलदेहदेखि अलग रहेको निराकार हुँ। यो आकार मेरो होइन यो त स्थूलदेहको हो। म त यस आकारलाई जान्ने भएको द्रष्टा घटद्रष्टको समान यसदेखि अलग छु। यस्तो परिणाम म होइन र मेरो होइन भनी जान्नु पर्छ।

७ जन्म मरण—आत्माको जन्म मानेदेखि त आत्मा पनि नाशवान् हुन्छ किनकि जो जन्म लिन्छ त्यो निश्चय मर्ने भएकोले आत्माको पनि मृत्यु हुन्छ भन्ने मान्नु पर्ने हुन जान्छ। आत्माको त के कुरा ? लिंगदेहको पनि मृत्यु हुँदैन केवल शरीरको रूपान्तर[1] हुनुलाई मृत्यु मानेको छ। यसजन्ममा मानिसले जति कर्म गरेको छ त्यो लिंगशरीरमा गई जम्मा. भएर रहेको हुन्छ। त्यही संचित कर्मलाई लिएर लिंग शरीर स्थूलदेह सहित जन्मन्छ। जो जति कर्म यो स्थूलदेहले गरेको हुन्छ त्यो सब लिंगदेहको आज्ञाद्वारा गरेको हुन्छ र कर्मको भोक्ता पनि आफै-

---

१— रूपान्तर = अर्को रूप।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

लाई मान्छ। त्यस कारण कर्मको भोग गर्न लिंगदेहको जन्म हुन्छ। आत्मा त अकर्ता, अभोक्ता र जन्म मरणदेखि रहित छ। जन्म, प्रकटता, वृद्धि, विपरिणाम[1], अपक्षय[2], मरण यी षट् विकारदेखि आत्मारहित छ। त्यस कारण यो जन्म मरण म होइन, मेरो होइन, म इत्यादिदेखि रहित भएको शुद्ध स्वरूप द्रष्टा घटद्रष्टाको समान यसदेखि अलग भनी जानेर आनन्दले रहनु पर्छ।

१—विपरिणाम = बदलिनु; २—अपक्षय = नाश।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सूक्ष्मदेह

स्थूलदेह, स्थूलदेहको पंचीकृत पच्चीस तत्त्वहरूको कोष्ठ र स्थूलदेहको धर्म सबै भनियो। अब सूक्ष्मदेहको विषयमा पनि केही भनिन्छ सो सुन्न अथवा पढ्न अति योग्य छ।

जसरी स्थूलदेह म होइन र मेरो होइन भनी बताइयो त्यस्तै यो सूक्ष्म पनि म होइन र मेरो होइन भनी जान्नु पर्छ। सूक्ष्म पनि कसरी हुन सक्छ? त्यो पनि भौतिक, जड र दृश्य छ। आत्मा त्यसको पनि द्रष्टा साक्षी छ। यस कारण म सूक्ष्मदेह होइन। किनकि सूक्ष्मदेह पनि पंच महाभूतहरूको हो! त्यो मेरो होइन। म त्यसको साक्षी हुँ। यस कुरालाई अनुभवमा ल्याउनाको निमित्त स्थूलदेहको भिन्न भिन्न तत्त्वहरू विचार गरियो। त्यसबाट आत्मा भिन्न छ भन्ने त थाहा भयो। त्यस्तै प्रकार सूक्ष्मदेहको पनि तत्त्वहरूलाई विचार गरेर त्यसलाई पारख गरेर आफूलाई त्यसदेखि भिन्न जानेर त्यसको जालबाट पनि उम्किन परेको छ। सूक्ष्मदेहको पच्चीस तत्त्व हुन्छन्। अन्तःकरण पांच, प्राण पांच, ज्ञानेन्द्रिय पांच, पंच विषय र पंच कर्मेन्द्रिय। यी पच्चीस तत्त्वका पनि आकाश, वायु, तेज, जल र पृथ्वी पंच महाभूतहरूबाट उत्पन्न हुन् गएका छन्। अब यिनलाई राम्रो संग बुझनको लागि कोष्ठको प्रयोग गरे उचित होला।

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

In Public Domain. Digitization by eGangotri.Funding:

सूक्ष्म देहको कोष्टकको स्पष्टीकरण

पूर्व

उत्तर — दक्षिण

पंच महाभूत	आकाशको अन्तःकरण पंचक (कर्ता भोक्ता)	वायुको प्राणपंचक (वाहन)	तेजको ज्ञानेद्रियपंचक (द्वार)	जलको कर्मेन्द्रियपंचक (सेवक)	पृथ्वीको विषय पंचक (भोग)
आकाश	अन्तःकरण प्रथम स्फुरण देवता विष्णु	ब्यान ; सर्वाङ्गमा रहन्छ कर्म·समस्त देहको सन्धिहरूलाई घुमाइदिन्छ.	श्रोत्र ; देवता दिशा जसको द्वारा शब्द सुनिन्छ यदि यो नभएको भए बहिरो हुनेथ्यो	बाणी ; देवता अग्नि. यसैको द्वारा शब्द बोलिन्छ यदि यो नहुँदो हो त लाटो हुनेथ्यो.	शब्द
वायु	मन ; संकल्प विकल्पात्मक देबता चन्द्रमा यसैको द्वारा संकल्प हुन्छ	समान, नाभिस्थानमा रहन्छ. यसको काम नाडी द्वारा अन्नको रसहरूलाई रोम रोममा प्रवेश गराउनु हो.	त्वचा ; देवता वायु जसद्वारा स्पर्श हुन्छ अर्थात् शीत, उष्ण, मृदु, कठिनता आदि थाहा हुन्छ	पाणी ; देवता इन्द्र यसको द्वारा पदार्थको लिनेदिने काम हुन्छ. यदि यो नभएको भए यो कम हुन कठिन हुने थियो.	स्पर्श

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

. In Public Domain. Digitization by eGangotri.Funding:

तेज	बुद्धि निश्चयात्मिका देवता ब्रह्मा जसको द्वारा निश्चय हुन्छ	उदान कंठस्थानमा रहन्छ यसको काम अन्न रसको बिभाग गर्नू र हिता नाडीमा स्वप्न देखनु हो.	चक्षु देवता; सूर्य जसद्वारा रूप देखिन्छ यदि यो न भएमा कानो नै हुन्छ.	पाद ; देवता उपेन्द्र यसको द्वारा आउनु जानु क्रिया हुन्छ यो नभएको भए लंगडो हुने थियो.	रूप
आप (जल)	चित्त चिन्तात्मक देवता नारायण स्मरण हुन्छ	प्राण हृदयस्थानमा रहन्छ यसको काम २१६०० एक्काइस हजार छ सय श्वासलाई चलाउनू हो	जिह्वा ; देवता बरुण जसको द्वारा रसको स्वाद थाहा पाइन्छ. यदि यो न भएको भए रसको ज्ञान हुँदैन थ्यो	शिश्न ; देवता प्रजापति. यसैको द्वारा मूत्र त्याग र रति भोग हुन्छ यो नभएदेखि त नपुंसक हुने थियो	रस
पृथ्वी	अहंकार अहंमता देवता रुद्र उनैको द्वारा अहंकार हुन्छ,	अपान गुदास्थानमा रहेर मललाई त्याग्ने काम गर्छ	घ्राण ; देवता अश्विनीकुमार यसको द्वारा सुगन्ध दुर्गन्धको ज्ञान हुन्छ यदि यो न भएको भए सुगन्ध र दुर्गन्ध केही पनि थाहा हुँदैनथ्यो.	गुदा ; देवता यम, उसैको द्वारा मल त्याग हुन्छ	गन्ध

पश्चिम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

सूक्ष्मदेहको कोष्टकको स्पष्टीकरण

१. आकाशको अन्तःकरण पंचकको व्याख्यान

अन्तःकरण भनेको शरीरभित्र रहेको ज्ञानसाधन कारण जसबाट सुखदःखादिको ज्ञान हुन्छ उसको स्वरूप प्रथम स्फुरण हुन्छ। अर्थात् कोही कामकाज गर्नको लागि सबभन्दा प्रथम जस्को स्फूर्ति हुन्छ त्यसलाई अन्तःकरणको कार्य भन्दछन्। अन्तःकरणको देवता विष्णु हुन्। जसदेखि स्फुरण हुन्छ।

मन—उपरोक्त अन्तःकरणको स्फुरण कार्य गर्ने अथवा नगर्ने विचार जुन इन्द्रियबाट हुन्छ उसलाई मन भन्दछन्। यसलाई संकल्प-विकल्प भन्दछन्। मनको देवता चन्द्रमा हुन्। उनै द्वारा संकल्प-विकल्प हुन्छ।

बुद्धि—मनको संकल्प-विकल्पको माथि निश्चय गर्ने इन्द्रियलाई बुद्धि भन्दछन्। यसको देवता ब्रह्मा हुन् र जसको द्वारा निश्चय हुन्छ।

चित्त--निश्चय गरिसकेको कामको विषयमा यस्तो प्रकारले चिन्तन गर्नु कि, "यो काम कुन किसिमसंग गर्नमा असल हुन्छ"? यस्तो चिन्तन गर्ने भएकोले चित्त भन्दछन्। चित्तका देवता नारायण हुन् र जसकोद्वारा स्मरण (चिन्तन) हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अहंकार—यो काम म गर्न सक्छु। यस्तो अभिमानलाई अहंकार भन्दछन्। यसको देवता रुद्र हुन्। उनैकोद्वारा अहंकार हुन्छ।

अन्तःकरणको वास्तविक स्वरूप एकै हो। परन्तु स्फुरण, संकल्प, विकल्प, निश्चय, चिन्तन र अभिमान नामक उसको पाँच वृत्तिहरूले उसको मन आदि पांच नाम हुनगएको मात्र हो। जस्तै एकै पुरुषको नाम भात पकाउँदा भान्छे, पढ्दा पाठक, शिकार खेल्दा शिकारी इत्यादि हुन्छ। यी सब अन्तःकरणलाई म होइन र मेरो होइन यो त सूक्ष्मदेहको हो। म यी सबको साक्षी, यसदेखि असंग, यी सबको द्रष्टा हुँ भनी विचार गरिरहनुपर्छ।

२. वायुको प्राण पंचकको व्याख्यान

व्यान, समान, उदान, प्राण र अपानको वर्णन पंचकोशमा गरेको छ। यसलाई त्यहीं पढ्न, होला।

३. तेजको ज्ञानेन्द्रिय पंचकको व्याख्यान

श्रोत्र—कानको काम शब्द सुन्नु हो। यसको देवता दिशा हुन्। उनैको द्वारा शब्द सुनिन्छ यदि दिशा नभएको भए शब्द सुनिदैन थ्यो।

त्वचा—छालाले शीत, ऊष्ण, कोमल, कठिन आदिको ज्ञान हुन्छ। यसको देवता वायु हुन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

चक्षु—आंखाले रूपको ज्ञान हुन्छ। यसको देवता सूर्य हुन्। सूर्य विना कुनै पदार्थको रूप देख्न सकिदैन।

जिह्वा—जिभ्रोले अमिलो, पिरो, तितो, गुलियो आदिको स्वाद ज्ञान हुन्छ। यसको देवता वरुण हुन्।

घ्राण—नाकले सुगन्ध-दुर्गंन्ध आदि गन्धहरूको ज्ञान हुन्छ यसको देवता अश्विनीकुमार हुन्।

हामीले यो विचार गर्न पर्छ कि यी पांच ज्ञानेन्द्रिय म होइन र मेरो होइन यो पंचभूतको हो। म यी सब तत्वहरूको द्रष्टा साक्षी हुँ भनी जान्नु पर्छ।

४. जलको कर्मेन्द्रिय पंचकको व्याख्यान

वाचा—वाणी इन्द्रियको काम बोल्नु हो। यसको देवत अग्नि हुन्। जसको विना बोल्न सकिदैन।

पाणि—हात इन्द्रियको काम लिनु-दिनु हो। यसको देवता इन्द्र हुन्।

पाद—खुट्टा इन्द्रियको काम आउनु जानु हो। यसको देवता उपेन्द्र हुन्। जसद्वारा जाने-आउने क्रिया हुन्छ।

शिश्न--उपस्थेन्द्रियको काम मूत्र त्याग गर्नु तथा रतिभोग गर्नु हो। यसको देवता प्रजापति हुन्। यसको बिना मानिस नपुंसक हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

गुदा द्वार—यसको काम मल त्याग गर्नु हो। यसको देवता यम हुन्।

यी कर्मेन्द्रियहरू पनि पंचभूतका हुन्। यसकारण म होइन र मेरो होइन म त यसको साक्षी ज्ञाता यसदेखि असंग रहेको छु भनी जान्नु पर्छ।

५. पृथ्वीको विषय पंचकको व्याख्यान

शब्द—विषयमा आसक्त भएर हरिणको मृत्यु हुन्छ। बन गएर शिकारीले कुकुरलाई छोडेको हुन्छ। कुकुरको घाटीको घंटाबजेको स्वर सुनेर मृग मग्न हुन्छ। त्यस्तैमा शिकारीले मारी हाल्छ।

स्पर्श—विषयमा आसक्त हुनाले हात्तीको नाश हुन्छ। शिकारीले हात्तीको दांत झिक्नको लागि खाड्ल बनाई छोपि-राखेको हुन्छ। त्यसमाथि काठको ढोई बनाएर राखेको हुन्छ। बनावटी हतिनीलाई देखी हात्ती स्पर्श गर्न आउंछ र खाडलमा पर्छ र मृत्यु हुन्छ। अनि दांत झिकेर लै जान्छ।

रूप—विषयमा अर्थात् दीयोमा पुतली ज्यादा आसक्त रहन्छ र उसमा जली नष्ट हुन्छ।

रस—विषयमा आसक्त रहनाको कारण माछाको नाश हुन्छ। जब माछा मार्न मानिसले धागोमा गडेउला उनी बल्छी हाल्दछ। स्वादमा आसक्त भई जब माछाले बल्छी निल्दछ। अनि माछा मार्न मानिसले बल्छीमाथि तान्छ र मार्दछ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

गन्ध—गन्धको अनुरागी[1] भमरा कमलको फूलमा बस्दछ। ज्यादा आसक्त रहनाको कारण सूर्य अस्त हुनलागेको पनि याहा पाउँदैन। सूर्य अस्त हुनसाथ कमल खुम्चन्छ र भमरो त्यही बन्द हुन्छ। यस्तैमा हात्ती आउँछ र कमललाई खान्छ। कमलको साथ उसको मृत्यु हुन्छ। एक विषयमा आसक्त हुनाले त नाश हुन्छ भने पाचै विषयमा आसक्त रहने पुरुषको कुन हालत होला। त्यस कारण हामीले आफ्नो कल्याणको लागि यो विषयहरूमा आसक्त रहनु हुँदैन। भनेको छ : (प्रे० क० ६।३६)

कुरङ्ग मातङ्ग पतङ्ग भृङ्ग मीना हताः पञ्चभिरेव पञ्च।
एकः प्रमादी स कथं न हन्यते यः सेवते पञ्चभिरेव पञ्च॥

अन्तः करणको त्रिपुटीको कोष्टक

अध्यात्म	अधिभूत	अधिदैव
अन्तः करण	स्फूरण	विष्णु
मन	संकल्पविकल्प	चन्द्रमा
बुद्धि	निश्चय	ब्रह्मा
चित्त	चिन्तन	नारायण
अहंकार	अभिमान	रुद्र

१—अनुरागी = आसक्त।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

अन्तःकरण—अध्यात्म हो। स्फुरण अधिभूत हो र विष्णु अधिदैव हुन्। यी तीनले नै अन्तःकरणको क्रिया स्फूर्ति हुन्छ। यी तीनमा एकमात्र कमी हुनगयो भने स्फूर्ति हुँदैन। जस्तो यो अन्तःकरणको वर्णन गरेको छ, त्यस्तै नै वर्णन मन, बुद्धि, चित्त र अहंकारको हुन्छ भनी जान्नु पर्छ।

पंच ज्ञानेन्द्रियहरूको त्रिपुटी कोष्टक

अध्यात्म	अधिभूत	अधिदैव
श्रोत्र	शब्द	दिशा
त्वचा	स्पर्श	वायु
चक्षु	रूप	सूर्य
जिह्वा	रस	वरुण
घ्राण	गन्ध	अश्विनीकुमार

यी ज्ञानेद्रियको वर्णन पनि जस्तो अन्तः करणको वर्णन गरेको छ त्यस्तै भएकोले वर्णन नगरेको हो।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पंच कर्मेन्द्रियहरूको त्रिपुटीको कोष्टक

आध्यात्म	अधिभूत	अधिदैव
वाक्	वचन-बोल्नु	अग्नि
पाणि	आदान-लिनु दिनु	इन्द्र
पाद	गमन-आउनु जानु	उपेन्द्र
शिश्न	आनन्द-रति भोग	प्रजापति
गुदा	विसर्ग-मलत्याग	यम

यी कर्मेन्द्रियको पनि जस्तो अन्तःकरणको वर्णन गरेको छ उस्तै भएकोले वर्णन नगरेको हो।

सूक्ष्मदेहको अन्तःकरण आदि पच्चीस तत्त्व र स्वप्नावस्था आदि आठ तत्त्व १ मध्यामा वाचा, २ प्रविविक्त भोग, ३ ज्ञान शक्ति, ४ सत्त्वगुण, ५ उकार, ६ मात्रा, ७ तैजस्, ८ अभिमान मिलेर सूक्ष्म शरीरको तेँतीस तत्त्व भएका छन्। यी तेतीस तत्त्व म होइन र मेरो होइन म त यी तेँतीस तत्त्वहरूको द्रष्टा साक्षी हुँ भनी जान्नु पर्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

कारण देह

अज्ञानबाट स्थूल र सूक्ष्म दुवै देह उत्पन्न भएका हुँदा अज्ञान दुवै देहको कारण भएको छ। यस प्रकार अज्ञानका नाम कारण देह भएको हो। "स्थूल तथा सूक्ष्मदेहलाई त म जान्ने भएँ किन्तु कारण देहलाई र आफूलाई जान्दिन कि, म को हुँ" यसैको नाम अज्ञान हो। म आफूलाई जान्दिन, भना, यस्तो जसले जानेको छ त्यही त्यो ज्ञानरूप हो। ज्ञान बिना यस्ता जान्नु र भन्नु असम्भव छ। अज्ञानलाई दृश्यरूप जानेर पनि "म अज्ञानी हुँ", भनी यस्तो अध्यारोप गर्नु उचित होइन। यस कारण हामीले विचार गरेर अनुभव साथ हेरेमा यस अज्ञान-लाई जान्ने साक्षीस्वरूप आत्मा रहेछ भनी जान्न सक्छौं। जसमा अज्ञानको लेश मात्रको पनि सम्बन्ध छैन। यस्तो विचार गरी हामीले म कारण देहदेखि भिन्न आत्मा हुँ भनी निश्चय गर्न पर्छ। मस्त निद्रा अथवा सुषुप्ति अवस्थामा मैले केही पनि जान्न सकिन भनी उठेपछि जो भनिन्छ यसले सिद्ध हुन्छ कि, निद्राको समयमा केही द्वैत प्रपंच रहेनछ। किन्तु प्रपंचको अभावलाई जान्ने आत्मा स्वयं मात्र रहेछ। सुषुप्ति अवस्था-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

मा सर्व इन्द्रिय, मन, बुद्धि आदि अन्तःकरणको अज्ञानमा लय हुनजानाको कारण त्यस समय आनन्दको वर्णन वाक्यद्वारा गर्न सकिदैन तथापि त्यस आनन्दको अनुभव ऊ स्वयं गर्छ।

कारण देहको आठ तत्त्व छन्। १ सुषुप्ति अवस्था २ हृदयस्थान ३ पश्यन्तिवाचा, ४ आनन्दभोग, ५ द्रव्यशक्ति, ६ तमोगुण, ७ मकारमात्रा, ८ प्राज्ञ अभिमान। यो वर्णन गरेको आठ तत्त्व कारणदेहको सुषुप्ति अवस्थाको हो यो तत्त्व म होइन र मेरो होइन। म त सबैको साक्षी चैतन्य आत्मा स्वयं आनन्दरूप छु भनी जान्नु पर्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

महाकारण देह

तीनदेहको अपेक्षा, चौथो देह महाकारण हो। अज्ञान तथा उसको कार्यरूप देहादिक प्रपंचको निवृत्तिको ठूलो कारण हुनाको कारण यसको नाम महाकारण भएको हो । यस महाकारण देहको रूप ज्ञान हो ।

यस महाकारण देहलाई पनि प्रकाशक म आत्मा शुद्ध स्व-रूप छु, म निर्मल, सामान्य, नित्य, सुख र ज्ञानरूप छु। उक्त विशेष ज्ञान जाग्रतमा नै रहन्छ किन्तु स्वप्न तथा सुषुप्तिमा रहँदैन; यसैले त्यो अनित्य र परिच्छिन्न छ। परन्तु म त्यस विशेष ज्ञानको प्रकाशक आत्मा अस्ति, भाति, प्रिय, रूपले आकाशको समान सबैमा व्यापक छु। यसकारण यस सामान्य, पूर्ण स्व-रूपको अनुभव गर्नु र वृत्तिजन्य विशेष ज्ञानलाई अज्ञानको निवृत्तिको साधन जान्नु, भूत भौतिक जति पदार्थ छन् ती सब पदार्थहरूमा १ अस्ति २ भाति ३ प्रिय ४ नाम ५ रूप यी पांच अंश प्रतीत हुन्छन्। 'घटोस्ति' घट हो भनी भनिन्छ; तब घटमा अस्ति ता देखाहा पर्छ र जब भनिन्छ कि "अयं घटोभाति" यो घट भन्ने भान हन्छ, तब घट जानिन्छ र "घट प्रियोस्ति"

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

घट प्रिय छ अर्थात् काम लाग्नेछ । जब यस्तो भनिन्छ तब घटमा प्रियता थाहा हुन्छ । "घट" नाम हो तथा मुख. पींद इत्यादि घटको रूप हो । यस्तै प्रकारले घटमा अस्ति, भाति. प्रिय, नाम र रूप वर्तमान छ । यसै प्रकार समस्त भूत भौतिक जगत्मा यो अस्ति आदि पंच अंश वर्तमान छ। यिनीहरूमध्ये प्रथम तीन अस्ति, भाति र प्रिय त ब्रह्म रूप छ र शेष दुइ नाम र रूप कल्पित जगत्को स्वरूप हो। अर्थात् यो दुइ जगत् मिथ्या छ । यसदेखि प्रथम तीन अस्ति आदि घटपट आदि सर्व पदार्थहरूमा समान नै छ परन्तु पछिल्लो दुइ नाम र रूप सर्व पदार्थहरूमा भिन्न भिन्न छ । एकको नामरूप अर्को पदार्थमा छैन र दोस्रो तेस्रोमा छैन। जस्तो घटको नामरूप पटादिमा छैन र पटादिको नामरूप घटादिमा छैन। यसैले नाम रूप सबै कल्पित छ। किन्तु अस्ति, भाति र प्रिय यी तीनै अंश सर्व पदार्थहरूमा सामान्यरूपले वर्तमान छ। यस्तो कुनै पनि पदार्थ ब्रह्माण्डमा छैन जसमा कि यो तीन अंश वर्तमान नभएको होस् यसैले अस्ति, भाति, प्रियरूपले ब्रह्मको व्यापकता सिद्ध हुन्छ। जुन प्रकार देहमा आत्माको सच्चिदान्दरूपले अनुभव हुन्छ, उस्तै किसिमले ब्रह्माण्डमा, अस्ति, भाति र प्रियरूपले ब्रह्मको अनुभव सिद्ध हुन्छ। अस्तिले सत्, भातिले चित् तथा प्रियले आनन्दरूपले ब्रह्म र आत्माको एकता सिद्ध हुन्छ। यो अनुभवबाट म समान्य ज्ञानरूप आत्मा ब्रह्मरूप हुँ

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

भनी साधकले निश्चय गर्नु पर्छ। यसै ब्रह्मस्वरूप आत्मालाई अज्ञानको कारण नामरूपात्मक जगत् भान हुन्छ। त्यो कल्पित मिथ्या छ। ज्ञान दुइ प्रकारको छ। एक सामान्य ज्ञान, अर्को विशेष ज्ञान। यिनमा सामान्य ज्ञान अज्ञानको विरोधी छैन किन्तु उलटा त्यही अज्ञानको प्रकाशक छ। अर्थात् सामान्य ज्ञान नै अज्ञानलाई बतलाउँछ। जुन किसिमले सूर्यको प्रकाश काष्ट, तृण इत्यादि जगत्को सब पदार्थहरूमा पर्छ। यद्यपि सूर्यको प्रकाशमा सामान्य रूपमा अग्नि छ; परन्तु त्यो कुनै पदार्थलाई जलाउँदैन, बरु सब तीं पदार्थहरूलाई देखाइदिन्छ। किन्तु जब यही घाम सूर्यमुखी पत्थरमा पर्दछ अनि तुरून्त त्यसमा विशेष अग्नि उत्पन्न भएर काष्टादि सर्व पदार्थहरूलाई जलाइदिन्छ। यस किसिमले सामान्य ज्ञान सर्व मनुष्यमा रहेको हुन्छ।

जब ब्रह्मनिष्ठ सद्गुरुको वेदान्त शास्त्रको उपदेशले यस्तो निश्चय हुन्छ कि, (मै नै सच्चिदानन्द आत्मा ब्रह्म हुँ) तब यस बुद्धिमा उत्पन्न भएको विशेष ज्ञानले त्यस समयमा (म अज्ञानी हूँ) भन्ने यस्तो अज्ञान र त्यसको कार्यकर्ता भोक्तापना-देखि लिएर सर्व विपरीत अध्यासको नाश गराइदिन्छ। यस प्रकार विशेषज्ञानरूप चतुर्थ महाकारण देहको प्रकाशक म आत्मा शुद्ध ब्रह्मस्वरूप हुँ भनी जान्नु पर्छ। अब महाकारण देहको आठ तत्त्वहरूको वर्णन गरिन्छ :—

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

१ तुर्या अवस्था, २ मूर्द्धन्यस्थान, ३ पराअवस्था, ४ आनन्दावभास, ५ इच्छाशक्ति, ६ सत्वगुण, ७ अर्द्धमात्रा, ८ प्रत्यगात्माभिमान्।

१ तुर्याअवस्थालाई चौथो अवस्था भनेको छ र यसको पनि प्रकाशक आफू नै भएको हुदाँ यहाँ आफूलाई तुर्यातीत मानेको छ।

जो शुद्ध आत्मा छ त्यै नै जाग्रत, स्वप्न तथा सुषुप्ति अवस्थालाई जान्दछ र तीनै अवस्थादेखि भिन्न हुनाको कारण उसलाई तीनै अवस्थाको अपेक्षाले तुर्या (चौथो) अवस्था मानेको छ। नत्र भने ती अवस्थाहरूको नाश हुनाले तुरीया नाम पनि भन्न सकिदैनथ्यो। यस कारण आफू तुर्यातीत छ अर्थात् तुरीया नामदेखि रहित छ। यस कारण तुरीयारूप जो आत्मा हो सोई तुर्यातीत आफू हो।

२ मूर्धन्यस्थान—यसको शरीरमा सबभन्दा उच्च र श्रेष्ठ स्थान छ जस्तो कि तुरीय आत्माको स्थान तुर्यातीत सबभन्दा श्रेष्ठ छ। यसकरण यही तुर्यातीतलाई तुरीयो मूर्धन्यस्थान भन्दछन्।

३ पराअवस्था—महाकारण देहको वाचा, परा हो। शब्दोच्चारणको प्रथम अवस्थालाई परावाचा भन्दछन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

४ आनन्दावभास—यस महाकारण देहको भोग आनन्दावभास हो। गुरु र शास्त्रको उपदेशले यथार्थ ज्ञान भएपछि (म कृतार्थ हुँ ; म धन्य हुं ; मेरो आवागमन निवृत्त हुनगयो) यस्तो प्रकारको आनन्दको जो अनुभव हुन्छ त्यसैको नाम आनन्दावभास भोग हो।

५ इच्छा शक्ति—ज्ञान हुनाको पश्चात् निर्विकल्प आनन्दको अनुभव गर्नाको जो इच्छा हुन्छ त्यसैको नाम इच्छा शक्ति हो।

६ शुद्ध सत्वगुण—रजोगुण र तमोगुणको सम्बन्धले रहित जो सत्व गुण छ त्यसलाई शुद्ध सत्वगुण भन्दछन्। यदि शुद्ध सत्वगुण महाकारण देहमा रहेको हुन्छ। यस कारण यो उसको गुण हो।

७ अर्द्धमात्र—यस अवस्थामा अर्द्धमात्रा नै मात्रा हो।

८ प्रत्यगात्मा—(म द्रष्टा हुँ) भनी यस्तो प्रकारको अभिमान गर्नुलाई नै प्रत्यगात्माभिमान् भन्दछन्। यो महाकारण शरीरमा यही अभिमान् रहन्छ।

उपर्युक्त निरूपण गरेको महाकारण देहको आठ तत्त्वहरू विशेष ज्ञानको प्रकाशक आफ्नै स्वरूप आत्मा हो। माथि वर्णन गरिएको स्थूल, सूक्ष्म, कारण र महाकारण देहको तत्त्व

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सब मिलेर ८२ तत्त्व भएकाछन् । अर्थात् स्थूल देहको तत्तीस, सूक्ष्म देहको तैंत्तीस, कारण देहको आठ र महाकारण देहको आठ तत्त्व सब मिलेर (३३ + ३३ + ८ + ८ = ८२) बयासी छन्। म यी सब तत्वहरूलाई जान्ने स्वयं प्रकाश आत्मा हुँ । यसमा कुनै प्रकारको सन्देह छैन । जब यी तत्वहरूलाई यस्तै प्रकारले विचार गर्दा यस्तो निश्चय हुन्छ कि, (मै नै उपाधिरहित शुद्ध ब्रह्म हुँ) यसैको नाम साक्षात्कार अर्थात् अपरोक्ष ज्ञान हो ।

पूर्वोक्त निरूपण[1] गरिएका स्थूल, सूक्ष्म, कारण र महाकारण देहदेखि भिन्न चैतन्य मेरो स्वरूप हो भन्ने यस्तो दृढ बोध धारण गरेर जो देहाध्यासलाई त्याग गर्छ त्यो यसै शरीरमा नै मोक्ष सुखमा प्राप्त हुनजाने हुन्छ यो निश्चय छ ।

१—निरूपण = निर्णय ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

दिग्विजय

कुनै एक ब्राह्मण काशीमा विद्या अध्ययन गरिरहेका थिए। उनले यस्तो इच्छा लिएका थिए कि जब शास्त्र पढ़ेर निपुण हुन्छु अनि भारतवर्षमा दिग्विजय प्राप्त गर्छु। यस उद्देश्यले उनले तीस वर्षसम्म शास्त्र अध्ययन गरे। आफ्नो अध्ययन पूरा भएको देखी उनी दिग्विजय गर्छु भनी भारतवर्षको चारै दिशामा पर्यटन गर्नथाले। सामान्य पण्डितगणमा उनीसंग वाद-विवाद गर्ने समर्थ हुदैनथ्ये। यस किसिमले पण्डितजी अद्वैत सिद्धान्तको खण्डन र द्वैतको मण्डन गर्दै गाउँ र ठूला ठूला शहरका पण्डितहरूलाई जीतेर तिनीहरूद्वारा विजय-पत्र लेखाई लिन्थे। घुम्दा घुम्दा उनी एक ब्रह्मचारीको आश्रममा पुगेछन् र ब्रह्मचारी संग पनि वाद-विवाद गर्ने इच्छा प्रकट गरे। तर वहाँको उनीसंग वाद विवाद गर्ने इच्छा थिएन तापनि पण्डितहरूको आग्रहले गर्ने निश्चय गर्नुभयो। अनि ती ब्रह्मनिष्ठ ब्रह्मचारीले उनलाई डाक्न लगाउनुभो र आदरपूर्वक आफू बसेको स्थानमा राख्नुभो। अनि उनलाई आफ्नो विषय सिद्ध गर्न आज्ञा दिनु भो। अनि द्वैतवादी पण्डितजीले द्वैत प्रतिपादन[1]

[1] प्रतिपादन = सिद्धगर्नु।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

गर्नलागे । जुनजुन श्रुति स्मृति पुराणमा जीवात्मा र परमात्माको भेद मानेको छ तिनैको प्रमाण दिदै व्याख्यान ५ घंटासम्म गरे। जब पण्डितजीले व्याख्यान समाप्त गर्नुभो अनि ब्रह्मचारीले उन-लाई भन्नुभो निःसन्देह तपाईं शास्त्रज्ञ हुनुहुँन्दो रहेछ । तपाईं एकलैले अनेक शास्त्र संग्रह गर्नुभो तर तपाईं अफूलाई अनेक किन मान्नु हुँदैन ? तपाईले जति शास्त्र अध्ययन गर्नुभएको छ ती शास्त्र पिच्छे आफूलाई भिन्नै भिन्नै न मानी त्यसको ज्ञाता स्वरूप आफूलाई एकै मान्नु हुन्छ । जुन ज्ञातालाई तपाईंले एक मानेको छ त्यस ज्ञातृभावमा रहने भएकोलाई ब्रह्मज्ञानीहरू ज्ञानस्वरूप अद्वैत भन्दछन् । अद्वैतलाई छोडेर कुनै प्रकार तपाईं द्वैत सिद्ध गर्न सक्नु हुन्न । जस्तै तपाईं जीव र ईश्वर दुइ भिन्न मान्नु हुन्छ त्यस्तै भिन्न हामी व्यवहार दशामा मान्दछौं र परमार्थ त एक मान्दछौ । तपाईं ईश्वरलाई व्यापक सर्वज्ञ र जीव-लाई अव्यापक अल्पज्ञ मान्नु हुन्छ र ईश्वरको व्यापकता सिद्ध हुनाले जीव र जीवको बीज रहेर लय हुनु पनि मान्नु हुन्छ त्यसो भएकोले तपाईंले पनि एकै मान्नु हुन्छ अब त्यो बीज पनि आर्को पदार्थ होइन । ज्ञान भएपछि विलीन हुन्छ । तपाईं लौकिक दृष्टिले परमार्थको निर्णय गर्न चाहनु हुन्छ त्यो बिलकूल असम्भव छ । शास्त्र अन्य वस्तु हो र शास्त्रको रहस्य परमार्थ, शास्त्र शब्दहरू देखि भिन्न हो । लौकिक दृष्टि त संसारमा सबैलाई भई नै रहेको छ । यति भनेर ब्रह्मचारीले एक मनुष्यलाई भन्नुभो कि जाऊ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

बाहिर जुन मानिस आइरहेको छ उसलाई यहाँ लिएर आऊ।

त्यो मानिस बाहिर गई लुगा धुन गइरहेको एक धोबीलाई ब्रह्मचारीको अगाडि लिएर आयो। ब्रह्मचारीले मान्यतापूर्वक आउनुहोस् महात्माजी तपाइं त ईश्वर हुनुहुन्छ। सच्चिदानन्द रूप हुनुहुन्छ। तपाईंमा नै संसारको उत्पत्ति, स्थिति लय, हुन जान्छ। ब्रह्मचारीको यस्तो वचन सुनेर बिचरा धोबी घबड़ायो र दण्डवत् प्रणाम गरेर भन्न लाग्यो। यो तपाइं के भन्नुहुन्छ ? म तुच्छ, सबको मैला धुने भएको, अल्पज्ञ जीव ईश्वर कसरी हुन सक्छु ? ब्रह्मचारीले भन्नुभो के तिमी ईश्वर होइनौ ? धोबीले भन्यो, होइन महाराज ! यस्तो भन्नाले त म पापी हुन्छु। फेरि ब्रह्मचारीले एक मानिसलाई आज्ञा दिए। उसले एक तेल बेच्ने सालमीलाई बोलाएर ल्यायो। ब्रह्मचारीले पनि पूर्ववत् प्रश्न गर्नुभो। उसले पनि धोबीले गरेझैं आफूलाई ईश्वर भनेकोमा अस्वीकार गर्‍यो। तब ब्रह्मचारीले द्वैतवादी पण्डितलाई भन्नुभो, हे विद्वान ! तपाईंले शास्त्र पढ्न तीस वर्षसम्म खूब परिश्रम गर्नुभो तै पनि जति एउटा धोबी र सालमी जान्दछ, उति नै तपाई जान्नु हुन्छ। जीव अलग हो, ईश्वर अलग हो भन्ने कुरा त अपढ पनि जान्दछ भने तपाईले शास्त्र पढेर विशेष के जान्नु भो ? ईश्वरलाई ठूलो र आफूलाई सानो मान्ने कुरा त जन्मसिद्ध छ अर्थात् सबैलाई थाहा छ। हामीले त के जान्नु पर्छ भने जुन सर्वशक्तिमान् परमात्मा

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

n Public Domain. Digitization by eGangotri.Funding

भनेको आफूदेखि भिन्न छैन आर्थात् त्यही आफ्नो स्वरूप हो। यदि जुनसुकै शास्त्र पढोस् जुनसुकै कर्म गरोस् तापनि आफूलाई जो ईश्वरदेखि भिन्न देख्तछ भने यो निश्चय गर्नुहोस् कि त्यो जन्म मरणदेखि कहिले पनि छुटतैन। ईश्वरलाई आफूदेखि भिन्न मान्नु नै जन्म मरणको मूलकारण हो। पण्डितजी ! तपाईंले पढ्न त पढनु भो तर विचार केही गर्नु भएन। अब केही दिन ब्रह्मनिष्ठ गुरूको साथमा रही शास्त्रको के तात्पर्य हो खूब विचार गर्नूहोस् तब विशेषता प्रतीत होला। शास्त्रले पनि द्वैत सिद्ध हुँदैन। वेदलाई अपौरुषेय तपाइं पनि मानु हुन्छ। जुन कुरा सामान्य मनुष्यसम्मले जानेको छ उसलाई सिद्ध गर्नको निमित्त गहन शास्त्र हुन सक्तैन। ईश्वरको ज्ञान वेद हो र ईश्वरले भनेको वेद हो। उनैको वाणी हो र उसको कृपा बिना कोही पनि समझन सक्तैन। आर्को कुरा तपाईंले दिग्विजय गर्ने उद्देश्यले यत्रो परिश्रम गर्नुभो। यदि लौ तपाईंले दिग्विजय प्राप्त गर्नु भएछ रे त्यसबाट त तपाईलाई लाभको सट्टा झन् अभिमान पो बढदछ तपाईले काम, क्रोध, लोभ, मोह इत्यादिलाई जित्न कोशिशगरी जित्नु भएको भए त्योजस्तो ठूलो दिग्विजय आर्को कुनै हुँदैन थियो। तपाईलाई पनि आनन्द प्राप्त हुन्थ्यो। त्यसको बयान नै हुँदैनथ्यो। अर्थात् आनंद स्वरूपै तपाई हुनुहुनथ्यो।

यस्तो किसिमको ब्रह्मचारीको वचन सुनेर पण्डितजी सार्है लज्जित भए र सभालाई छोडी गए। उनलाई ब्रह्मचारीको वचन

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

सुनेर तीस वर्षसम्म आफूले गरेको परिश्रममा ठूलो पश्चात्ताप पर्‍यो। केही दिनपछि कुनै ब्रह्मनिष्ठ श्रोत्रियको शरणमा गए केही समयमा नै उनी अद्वैत निष्ठामा पूर्ण भए।

द्वैत दृष्टिले अद्वैत सम्झन अति कठिन पर्छ। जस्तै बंध्या स्त्री सुतकेरी अवस्थाको दुःख जान्न सक्तिन त्यस्तै द्वैतपना नहराइ अद्वैत हुन सक्तैन।

——०——

माया

श्रीकृष्णको कृपाले सुदामाको दरिद्रता नष्ट भई सुदामापुरी इन्द्र भवनको समान भएको थियो।एक दिन श्रीकृष्ण सुदामाको भवनमा जानुभयो। सुदामा श्रीकृष्णलाई आफूकहाँ आएको देखेर अति प्रसन्न हनुभयो। उनका स्त्री, दास, दासी, नोकर सब कृष्णको सेवामा हाजोर भए श्रीकृष्णले सुदामाकी स्त्रीलाई भन्नु भो, भाउजू! आज तपाइं आफ्नो प्रथम अवस्था

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

को समान सादा भोजन, दाल रोटी मात्र बनाउनुहोस् । मीठो भोजन खांदा वाक्क पनि लागिसक्यो । सुदामाकी स्त्रीले यो कुरा सुनेर खूब प्रेमको साथ तीन जनाको निमित्त आफै रोटी पकाउन लागिन् । जब आधा पिठोको रोटी पाकिसकेको थियो तब सुदामाको साथ श्रीकृष्ण स्नान गर्न भनी तलाउमा जानु भयो । बाटोमा सुदामाले श्रीकृष्णलाई भने । भगवान् ! ऋषि मुनि तपाईको मायालाई अद्भुत छ भनी भन्दछन् । त्यो माया कस्तो छ ? श्रीकृष्णले भन्नु भो । मित्र, मेरो माया यही नै हो जो प्रत्यक्ष देखिदैछ । जो जगत् तपाईले देखिरहनुभएको छ त्यो क्या हो ? त्यो सबै माया नै हो । म मायापति हुँ, मलाई मायाले बस गर्न सक्तिन, अरूलाई भने बाकीं राख्दिन । सबै मायामा भूलेका छन् ।

मायादेखि अलग हुन सारै गाह्रो छ । सुदामा भन्दछन् कि मलाई तपाईको माया प्रत्यक्ष देखाउनुहोस् । श्रीकृष्ण भन्नु हुन्छ त्यसलाई देखेर तपाईलाई केही लाभ छैन । झन् भ्रममात्र हुन्छ । त्यसैले यस्तो कुरा नगर्नुहोस् ? सुदामले सारै जोड़ गरे श्रीकृष्णले भन्नुभो । हुन्छ, देखाउला । स्नान गरेर चाड़ै फर्किन पर्छ । भाउजूले चाडै आउनु भन्नुभएको छ ।

यस्तो प्रकारको कुरा गर्दै दुवैजना तलाऊमा पुगेर स्नान गनको लागि एक डुबकी लगाए । जब सुदामाले आर्को डुबकी

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

लगाएका मात्र थिए उनलाई यस्तो थाहा भयो कि उनलाई बगाएर लग्यो। दिन भर बगाउदा बगाउदा रातमा एक किनारामा पुऱ्यायो। रात अंध्यारो थियो, बड़ा कष्टले रातभर किनारामा बसी व्यतीत गरे। भोलिपल्ट सबेरै पर्वको दिन हुनाले शहरबाट अनेक स्त्री, पुरुष जो स्नान गर्न आएका थिए, सबै उनलाई हेर्न लागे। त्यो शहरको नाम मायापुरी थियो। त्यसै शहरकी राजकन्या पनि स्नान गर्न आएकी थिइन्। उनी सुदामाको स्वरूपलाई देखेर प्रसन्न भइन् र सुदामा पनि उनीलाई देखेर मोहित भए। राजकन्याको प्रार्थनाले सुदामा उनैको साथ राज दरबारमा गए उहाँ गएर कन्याले उनलाई वस्त्रभूषण पहिराई आफ्नो पिताकहाँ लगेर भनिन् पिताजी, म यिनै पुरुषसंग विवाह गर्न चाहन्छु। सुदामाको सुन्दर स्वरूप र युवा अवस्था देखेर राजा पनि प्रसन्न भई उनले आफ्नो पुत्रीलाई उनै संग विवाह गरिदिए। सुदामा र राजकन्या दुवै आनन्दपूर्वक रहन लागे, केही दिनमा नै एक पुत्र उत्पन्न भो। एवं प्रकारले सात पुत्र उत्पन्न भए जसको आनन्दमा सुदामा यस्तो मग्न भए कि उनलाई आफ्नो पूर्व स्त्री, घर र श्रीकृष्ण भगवान् सम्मलाई समेत सम्झना भएन। संयोगवश सुदामाकी स्त्री राजकन्या बिरामी भइन्। त्यस समय सुदामाको अवस्था साठी वर्ष पुगेको थियो, अर्थात् राजकन्यासंग विवाह भएको उनको पैंतीस वर्ष पुगेको थियो, छोराहरू पनि ठूला ठूला भइ-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

सकेका थिए। स्त्रीलाई अनेक प्रकारको औषधि गर्दा पनि फाइदा भएन र अन्तमा मृत्यु भो। राजकुटुम्बले अति शोक गरे तथा सुदामा पनि दुःखी भए। यस मायापुरीको एक नियम अरू सबै देशको भन्दा विलक्षण थियो कि जुन पुरुषकी स्त्री मृत्यु हुन्छ तब उसको साथ पुरुष पनि चितामा जली सती हुन पर्थ्यो। यदि कोही आफ्नी स्त्रीको साथ सती जान मंजूर नभए पनि जबरजस्ती उसलाई जलाउन लिएर जान्थ्यो, आफूलाई जबरजस्ती लिएर जान लागेको देखेर सुदामा ठूलो स्वरले चिच्याई भन्न लागे, "हे निर्दयी दुनियाँ! म जीउदो मानिसलाई तिमीहरू किन जलाउन खोज्दछौ ? म त परदेशी हुँ, मलाई तिमीहरूको यहाँको कानून के थाहा ? तिमीहरूको कानून तिमीहरूको देशका निमित्त मात्र लागू हुन्छ। यस्तो प्रकारले सुदामा कराई राखेका थिए परन्तु उनको कुरा कसैले सुनेनन्। उनले लाचार भएर श्मशानघाटमा सती हुनको लागि जानु पर्‍यो। अब उनको बच्ने केही उपाए नभएकोले उनी विचार गर्न लागे कि अग्निमा डढेर मर्नु भन्दा त बरु जलमा डुबेर मर्नु नै उचित छ भन्ने निश्चय गरे। अनि उनी पानीमा डुबकी लगाएर उठ्छन् त श्रीकृष्णलाई किनारामा उभिरहेको देखे, श्रीकृष्णले हाँसेर भन्नु भो "दाइ! यत्तिको बेर किन लगाएको"? यो कुरा सुनेर सुदामाले आश्चर्यपूर्वक भने "तपाईं कसरी आइपुग्नु भो?" श्रीकृष्णजीले भन्नु भो के तपाईंले बिर्सनु भो, हामी दुवै स्नान

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

गर्न आएको होइनौं र म स्नान गरी किनारमा उभिरहेको छु। यो कुरा सुनेर सुदामा झन् आश्चर्यमा परे र भन्न लागे, के भन्नु भएको पैंतीस वर्ष व्यतीत भइसक्यो कस्तो कष्टले दुष्टहरूको पञ्जाबाट उम्केर आएको छु, श्रीकृष्णले भन्नु भो "तपाईंले पागलको जस्तो के यस्तो कुरा गरेको ? के एक डुबुकीमा पैंतीस वर्ष भयो। पाँच मिनेट त भएको छैन।" यस्तो प्रकारको कुरा गरी श्रीकृष्णजी हाँसिरहनु भो र सुदामाको मनमा भने आश्चर्यको सीमा नै रहेन। जो जति उनले अनुभव गरेका थिए त्यो सबै उनको मनमा सत्य नै प्रतीत भइरहेको थियो। श्रीकृष्णले उनको हात समाती घरमा ल्याउनुभयो। घरमा पुग्दा सुदामाको स्त्रीले रोटी पनि पकाइसकेकी थिइनन्। त्यसलाई देखेर सुदामा फेरि भन्न लागे "बडो आश्चर्य हुन गयो। के मैले स्वप्ना त देखिरहेको छैन ? पैंतीस वर्ष भइसक्यो रोटी भने अझ पाकेको छैन।" तब श्रीकृष्णले भन्नु भो "दाइ मेरो मायाको तमासा देख्नु भो ? यही माया हो, यस्तै यो जगत् छ। जो तपाईंले देख्नुभएको र देखिरहनुभएको छ त्यो सब माया हो। दुवै एक समान' छन् यो सुनेर सुदामाले श्रीकृष्णलाई दंडवत गरेर भने, "भगवान्, ममाथि कृपा गरी अब आफ्नो मायालाई कहिले नदेखाउनुहोस् !" सुदामाको विनय सुनेर श्रीकृष्णजीले उनको प्रार्थना अनुसार वर दिएर जानु भयो।

यो कुरा सारै आश्चर्य भएकोले शीघ्र बुझ्न कठिन नै पर्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

त्यति मात्र हो र सुदामाले मायापुरी गई हेर्दा जुन कुरा उनको मनमा गडेको थियो त्यो प्रत्यक्ष देखे। राजा लवणलाई एक चटकीले मयूरको पुच्छरको झुप्पाद्वारा यस्तै माया देखायो, गाधि ब्राह्मणलाई पनि एक डुबकी पानीमा लगाउँदा सुदामाको झैं घटना घटेको थियो।

यो कुरा साऱ्है अचम्मलाग्दो र बुझ्न पनि अति कठिन छ। जो जति सुदामाले देखे त्यो सब माया मात्र हो र भ्रमले देखिन गएको हो। जस्तै स्वप्नामा नाना प्रकारको पदार्थहरूको भान हुन्छ, त्यस्तै यो जगत् पनि भ्रमले देखिन्छ। त्यो सुदामालाई कसरी अनुभव भयो भने त्यहाँ मायापुरीमा आर्को एक सुदामा नाम गरेको कोही एक पुरुष थियो। त्यसको राजकन्यासंग विवाह भयो र सात पुत्रहरू पनि पैदा भए। त्यतिमा उसको राजकन्यासंग विवाह भएको पैंतीस वर्ष व्यतीत भइसकेको थियो। जब राजपुत्रीको मृत्यु भो उसलाई पनि स्त्रीको साथ सती पठाउन त्यहाँका दुनियाँले श्मशान लिएर आए। आफ्नो बाच्ने कुनै उपाय न देखेकोले तलाउँमा हामफाली डुब्नु पऱ्यो। यो सब घटना त्यसको भएको थियो तर त्यही प्रतिभा[१] सुदामालाई स्फूरन भयो। जुन अवस्था त्यसलाई भएको थियो त्यो। उनको चित्तमा आएर स्फुरेको हुँदा मलाई

---

१. प्रतिभा = बुद्धि।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

भएको हो भन्ने उनलाई भान पर्‍यो। झन् कृष्णको कुरा र आफ्नो स्त्रीले पकाएको रोटी पनि नपाकिसकेको देख्दा पछि मायापुरी गई उनले आफू बसेको घर र छेराहरू समेत देख्दा त आश्चर्यको सीमानै न रहेन। वास्तवमा यो केही पनि होइन आर्कोको प्रतिभा एउटालाई गई स्फुरण हुन जान्छ। अकस्मात यस्तो भ्रममा परी उनलाई आफूमा प्रतीत भयो। रेल हिंडिरहे को समयमा रेलमा बस्नेले रूख हिडेको देख्दछ त्यस्तै भ्रममा डोरीलाई सर्प देख्दछ। कालको रूप आकार केही पनि छेन ता पनि एक पदार्थ जस्तो भई उसलाई स्फुरण हुन आयो। चित्तमा पदार्थ कालले भान हुन्छ र। काल पदार्थले भान हुन्छ। जस्तो जाग्रतको एक मुहूर्त्तमा स्वप्नको अनन्तकालको अनुभव हुन्छ यो चित्तमा स्फुरण जस्तो जस्तो छ त्यस्तै त्यस्तै भान हुन्छ रोगीलाइ थोरै काल पनि धेरै भान हुन्छ र भोगीलाई धेरै काल पनि थोरै भान हुन्छ। जो आफूले भोगेको हुँदैंन त्यसको पनि अनुभव हुन्छ। जस्तो त्रिकालदर्शीलाई भविष्यको वृत्तांत पनि वर्तमानको झैं भान हुन्छ। त्यस्तै अनुभव सुदामालाई हुन गएको हो। एक यस्तो पनि हुन्छ कि 'प्रत्यक्ष अनुभव गरेको विस्मरण' हुन जान्छ। यो सब माया रूप चित्तको भ्रम हो। नभएको पदार्थ देख्नु नै माया हो, जस्तै न भएको संसारको प्रत्यक्ष

१. विस्मरण = बिर्सनु।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

अनुभव हुन्छ। जबसम्म चित्त आत्मपदमा स्थित हुँदैन तबसम्म अनेक भ्रम भान हुन्छ र जब चित्त स्थित हुन्छ तब भ्रम नष्ट र केवल एक अद्वैत आत्माको मात्र भान हुन्छ। अनि यस्तो भ्रम कहिले पनिन। हुँदै

सत्यको अनुसरणले मुक्ति

सत्–यो शब्द व्यापक छ। असलमा सत् शब्द परमात्माकै स्वरूप हो। उसैको नाम हो। जो पुरुष सत्को तत्त्वलाई जान्दछ त्यसले परमात्मालाई जान्दछ। जो सत्य छ सोही नित्य छ सो अमृत हो। यस तत्त्वलाई जान्नेले काललाई जित्न सक्तछ। शोक मोहलाई नाघेर निर्भय भएर नित्य परम धाममा जान्छ। सो पुरुष सदा सर्वदा अभय अमृत स्वरूपमा प्राप्त भइरहन्छ। उसै-लाई संसारमा जीवनमुक्त ज्ञानी, महात्मा भनेर स्तुति, पुकारा गर्दछन्। उसको सबैमा सम बुद्धि हुन्छ किनकि सत् परमात्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

सबैमा सम छ, सबैमा रहेको छ । यसकारण उसमा विषमता[१] दोष रहन सक्तैन । त्यस्तो हुनाले त्या कहिले पनि असत्य बाल्दैन ।

उसको मन वचन शरीरबाट हुने सबै काम सत्यै हुन्छ । उसको कोही क्रिया पनि असत्य नहुनाले जसकोद्वारा गरिएको प्रत्येक आचरण सत्य सम्झिन्छ । उसले जो आचरण गर्छ या बतलाउँछ उही लोकमा प्रामाणिक मानिन्छ ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः ॥
स यत्प्रमाणं कुरुते लोकस्तदनु वर्तते ॥ (गीता ३।२१)

यस्ता पुरुषको अन्तःकरण इन्द्रियहरू सबै सत्यले पूर्ण हुन्छन् । उसको आहार विहार क्रिया कर्महरूमा साक्षात् सत्यले मूर्ति धारणा गरेर बस्तछ । यस्ता नर रत्नको जन्म संसारमा धन्य छ । अतः हामीहरूले यस्तो संम्झेर सत्यको शरण लिनु पर्छ उसमा दृढतापूर्वक रहनु पर्छ ।

सत्यको स्वरूप—सत्य उसको नाम हो जसको कोही कालमा पनि नाश हुदैन । जो नित्य एकरस सदा सर्वदा सबै ठाउँमा सम भावले स्थित छ जो स्वतः प्रमाण छ ।

नासतो विद्यते भावो नाभावो विद्यते सतः ॥ गी०२।१६

१— विषमता = असमान भाव ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

यस्तो सत्य, एक विज्ञान, आनन्दघन[१] चेतन परमात्मा दे नै हुन्। श्रुति भन्दछिन्! सत्य ज्ञानमनन्तं ब्रह्म ॥ तै० २। जीवात्मा पनि सत् हो। परमेश्वरको अंश हुनाले उसलाई प सनातन नित्य कहिन्छ।

ममैवांशो जीवलोके जीवभूतः सनातनः। गी० १५।७

गीता अध्याय २ श्लोक १७ देखि २१, २३, २५ सम्ममा य विषयको वर्णन् गरेको छ। अतएव त्यस सनातन, अव्यक्त सत रूप परमात्माको शरण लिनाले जीव मायालाई नाघेर सत स्वरूप परमात्मामा लीन भइजान्छ। विज्ञान आनन्दघन प मात्मा सत्य छ यस कारण उसको नाम पनि सत् नै भनेको छ किन कि रूपको अनुसार नाम हुन्छ यो लोकमा प्रसिद्ध छ।

ॐ तत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः। गी० १७।२३

ॐ, तत्, सत् यी तीन प्रकारका ब्रह्मका नाम भनिएकाछन्। सत्, शब्द भाव अर्थात् अस्तित्वको वाचक हो। संसारमा जति पनि सिद्ध हुन्छ त्यो सत् कै आधारमा हुन्छ। अतए सारा संसारको आधार सत्य नै छ। सूर्य, चन्द्र, वायु पृथ्वी आदि सबै सत्यमा नै रहेकाछन्। बिना सत्यको केहि पदा पनि सिद्ध हुन सक्तैन, (सत्य परमात्माको स्वरूप हो) स

२—आनन्दघन = आनन्दको पिण्ड।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

परमात्मा सबैभन्दा उत्तम र श्रेष्ठ छ, यस निमित्त श्रेष्ठ गुण उत्तम कर्म र साधुभावमा सत्, शब्द प्रयोग गरिएको छ अर्थात् श्रेष्ठ गुण, उत्तम कर्म शांत भाव जो हुन्छ त्यो सद्गुण सत् भाव हो। त्यै सत् कर्म भनेर लोक शास्त्रमा प्रख्यात हुन्छ।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते॥ गी० १७।२६

उत्तम कर्म हुनाले यज्ञ, दान, तपस्या पनि सत् कर्मकै नामले प्रसिद्ध छन्। यस्तै यिनमा जो निष्ठा तथा स्थिति छ त्यसलाई पनि सत् भन्दछन्। स्वार्थको त्याग र सत् स्वरूप परमात्माको निमित्त गरिएको प्रत्येक कर्म लोक र शास्त्रमा सत् कर्मको नामले नै प्रख्यात् छ।

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते॥ गी० १७।२७

विचार गर्नाले यो कुरा युक्तियुक्त सिद्ध हुन जान्छ कि सत्यको लागि जो काम क्रिया गरिन्छ त्यो सत्य नै हुन जान्छ। यस कारण सत्यको निमित्त कर्म गर्नेहरूको कायिक, मानसिक, र वाचिक सम्पूर्ण क्रियाहरू सत्य नै हुन्छन् यानि ती सबै क्रियाहरू लोकमा प्रमाणित हुन्छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

In Public Domain. Digitization by eGangotri.Funding:

आसक्ति रहित पुरुषको हरएक कर्ममा स्वार्थ रहदैन, यसबाट उसको हरएक आचरणमा प्रेम र दयाको भाव विकसित भइरहन्छ। केही पदार्थमा पनि 'राग' नरहनाले उसले गरेको कर्मको फल उसले भोग्नु नपर्ने हुन्छ र मुक्त हुन्छ।

साँच बरोबर तप नहीं- झूठ बरोबर पाप।
जाके हिरदै साँच है ताके हिरदै आप॥

१—व्यभिचारिणी = वेश्या।

epal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

रहदैन,
विकसित
गरेको

सुगम मार्ग

मनुष्यहरूको यो विचार छ कि भगवान्लाई प्राप्त गर्नु बड़ो कठिनछ। यस्तो विचार हुनु भूल हो किनकि भगवान्देखि हामीहरू केही टाढा छैनौं भगवान् हाम्रै सजातीय हो। हामी भगवान् कै सजातीय अंश हौं। हामीहरूले यही जीवनमा भगवान्लाई प्राप्त गर्नु परम आवश्यक छ। विषय भोगहरूलाई प्राप्त गर्न धेरै गाऱ्हो छ। किनकि सो भोगहरूमा हामीहरू सर्वथा पराधीन छौं। ती भोगहरूबाट हामीहरू कोही प्रकारबाट पनि एकता शान्ति लिन सक्तैनौं।

एउटा ईश्वरीय विधान यस्तो छ कि जो चीज अत्यन्त आवश्यक, नभई नहुने हुन्छ सो कुरा सजिलै संग पाइन्छ। जस्तो जुहारात् हीरामोतीहरू मनुष्यलाई त्यत्तिको जरूरत छैनन्। कसै कसैले ठूलो परिश्रामबाट पाएका छन् उसको मोल पनि धेरै जान्छ। जाच्न पनि गाऱ्हो छ। त्यस भन्दा केही जरूरत सुवर्णमा छ सो पाउन जुहारातभन्दा सजिलै संग पाइन सकिन्छ उसको मोल पनि जुहारात्भन्दा केही कम हुन्छ। त्यो भन्दा जरूरत चादीको छ र सुवर्ण भन्दा सस्तो पनि छ सजिलैसंग प्राप्त गर्न सकिन्छ। त्यो भन्दा जरूरत न भई नहुने अन्न खाने पदार्थ छ;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

आसक्ति रहित पुरुषको हरएक कर्ममा स्वार्थ रहदैन, यसबाट उसको हरएक आचरणमा प्रेम र दयाको भाव विकसि भइरहन्छ। केही पदार्थमा पनि 'राग' नरहनाले उसले गरेको कर्मको फल उसले भोग्नु नपर्ने हुन्छ र मुक्त हुन्छ।

साँच बरोबर तप नहीं- झूठ बरोबर पाप।
जाके हिरदै साँच है ताके हिरदै आप॥

१—व्यभिचारिणी = वेश्या।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

सुगम मार्ग

मनुष्यहरूको यो विचार छ कि भगवान्‌लाई प्राप्त गर्नु बड़ो कठिनछ। यस्तो बिचार हुनु भूल हो किनकि भगवान्‌देखि हामीहरू केही टाढा छैनौं भगवान् हाम्रै सजातीय हो। हामी भगवान् कै सजातीय अंश हौं। हामीहरूले यही जीवनमा भगवान्‌लाई प्राप्त गर्नु परम आवश्यक छ। विषय भोगहरूलाई प्राप्त गर्न धेरै गाऱ्हो छ। किनकि सो भोगहरूमा हामीहरू सर्वथा पराधीन छौं। ती भोगहरूबाट हामीहरू कोही प्रकारबाट पनि एकता शान्ति लिन सक्तैनौं।

एउटा ईश्वरीय विधान यस्तो छ कि जो चीज अत्यन्त आवश्यक, नभई नहुने हुन्छ सो कुरा सजिलै संग पाइन्छ। जस्तो जुहारात् हीरामोतीहरू मनुष्यलाई त्यत्तिको जरूरत छैनन्। कसै कसैले ठूलो परिश्रामबाट पाएका छन् उसको मोल पनि धेरै जान्छ। जाञ्न पनि गाऱ्हो छ। त्यस भन्दा केही जरूरत सुवर्णमा छ सो पाउन जुहारातभन्दा साजलै संग पाइन सकिन्छ उसको मोल पनि जुहारात्‌भन्दा केही कम हुन्छ। त्यो भन्दा जरूरत चादीको छ र सुवर्ण भन्दा सस्तो- पनि छ सजिलैसंग प्राप्त गर्न सकिन्छ। त्यो भन्दा जरूरत न भई नहुने अन्न खाने पदार्थ छ;

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

चादीभन्दा सस्तो छ र सजिलै संग पाइन्छ। अन्नभन्दा प
ज्यादै आवश्यकता जलको हुन्छ। जल नभई प्राणी बाँ
सक्तैन। अतः अन्न भन्दा पनि धेरै सजिलोसंग पाइन्छ। ज
भन्दा पनि ज्यादा नभई नहुने आवश्यक तेज, वायु र पृथ्वी छ
सो जहाँ तहाँ पाइन्छन् यी स्वयं प्राप्त छन् यिनलाई खोजी ग
पर्दैन र तिनको मूल्य पनि केही छैन। इत्यादि भन्दा प
जल, अत्यन्त आवश्यक नभई नहुने आकाश छ जसको आधार
तेज, वायु र पृथ्वी छन् सो आकाश यो शरीरबाट कहिले प
अलग हुदैन। जाडोमा घाम ताप्न र गर्मिमा हावा खाने इत्या
कर्म गर्न आकाशलाई पैसा तिर्न पर्दैन। यी सबभन्दा प
ज्यादा आवश्यक नभई नहुने जीवहरूको निमित्त भगवा
हुन्। उनको खोजमा न त काही जान पर्छ, न पैसा खर्च गर्न
नै जरूरत पर्छ। उनी टढाना छैनन् उनी जत्तिको नगिच आ
कुनै वस्तुनै छैन उनी जीवहरूका हृदयमा बसेकाछन्। उनला
स्मरण गर्न त शरीरलाई न कुनै कष्टनै पर्छ। यस्तो सुगम मार्ग
आफ्नो स्वरूप ईश्वरलाई पाउन लाई गाह्रो पर्छ भने त
जस्तो मूर्खता, भूल र भ्रम अरू के होला।

ईश्वरो न महाबुद्धे नच सुदुर्लभः। (योगवासिष्ठ
महाबोधमयैकात्मा स्वात्मैव परमेश्वर॥ ६। २-४८। २२

हे महाबुद्धे। ईश्वर टाढा छैन्, नपाइने पनि छैन। म
बोधमय एक स्वात्मा नै परमेश्वर हो।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

. In Public Domain. Digitization by eGangotri.Funding:

उसलाई प्राप्त गर्नको निमित्त घरबार र कुनै व्यवहार नै त्याग्नु भन्ने कुरा होइन एउटी व्यभिचारिणी[1] स्त्री थी। त्यो घर को सबै धन्धा गर्दथी। परन्तु हर हमेशा आफ्नो जारलाई मनमा संम्झेर रहन्थी। गाई जहाँ-तहाँ चर्न गए पनि आफ्नो बाछलाई न भूली मनमा संम्झेर रहेकी हुन्छिन्। एउटी स्त्री थिइन् उनी धानकूटिरहेको थिइन्। एक हातले मूसल चलाई अर्को हातले उछिटिएका धान ओखलमा हाल्द थिइन् यस्तैमा कोही मालकिन आउनेलाई माल बेच्ने र बालकलाई दूध पनि पियाउने गर्दैरहन्थिइन्, किन्तु ती स्त्रीको ध्यान भने मूसलमा नै रहन्थ्यो यदि केही मात्र ध्यान कम भयो कि अर्को हात मूसलले काटी हाल्दथ्यो। यस्तै प्रकारले मनुष्य यदि संसारको काम धन्धा गरेर पनि, ईश्वरमा मनलाई उनैको स्मरण गरेर रहोस्। यसमा केही आपत छैन, अवश्य उसलाई भगवान् प्राप्त हुन्छ। यस्तै किसिमले गृहस्थाश्रममा रहेर पनि धेरैले मोक्ष पद प्राप्त गरेका थिए।

बहूनां जन्मनामान्ते ज्ञानवान्मां प्रपद्यते। गी० ७। १९

अनेक जन्मपछि अर्थात् अनेक जन्मको पुण्यले मात्र ज्ञान-वान्ले ईश्वर प्राप्त गर्दछन्। भन्नाले त मनुष्यहरूमा आलस्य आउछ। अनि ती भगवान् प्राप्त गर्नमा प्रयत्न गर्दैनन् र साच्चै

१—व्यभिचारिणी = वेश्या।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

नै अनेक जन्म लाग्ने हुन्छ। हामीले अनेक जन्म व्यतीत गरे आएका छौं। हामी यसै जन्ममा भगवान् प्राप्त गरी छोडने छौं भन्ने सबै साधकीमा निश्चय हुनु पर्छ। समुद्रको जल वाष्प द्वारा अकाशमा जान्छर पानी पर्छ। केही जमिनमा, केही पर्वत र केही समुद्रमा नै पर्छ। त्यसमा केही सुकेर जान्छ, केही नदी द्वारा नाम बद्लिदै समुद्रमै पुग्छ। के जसरी पानी आकाशबाट समुन्द्रमा सीधा खस्दछ उस्तै प्रकार हामी पनि भगवान् यसै जन्ममा प्राप्त गरी छोड्दछौं। त्यो अर्को वस्तु होइन आफै हो। आफैले आफैलाई प्राप्त गर्न केही गाऱ्हो कुरा होइन। त्यस्तो अनेक जन्म जन्मान्तरको पाप त भागवान्को नगिच पुग्ना साथ नष्ट भइहाल्छ पाप नष्ट भएपछि निर्मल अन्तःकरण हुन्छ। अनि त भगवद्दर्शन तुरून्त भइहाल्छ यसमा के को शंका छ र जस्तै चुम्बक को नगिचमा फलाम पुग्ना साथ चुमकले आफूतिर तानिहाल्छ। त्यस्तै हामी भगवान्को नगिच पुग्ना साथ भगवान्ले तान्नु हुन्छ। केवल निश्चय हुनलाई मात्र विलम्ब छ। निश्चय भयो कि भगवान प्राप्त भयो भनी जाने हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

वैराग्य प्राप्ति

एक नरकानन्द नाम गरेको धनी पुरुषको छोरा थियो। त्यो ज्यादा भोग विलासमा आसक्त थियो। उसको बाबु आमाले कत्ति शिक्षा दिए तर त्यसको उसमा केही असर परेन। त्यसै शहरमा एक रामलाल नाम गरेको महाजन थियो उसकी स्त्रीको नाम सुभद्रा थियो। उनी अति सुन्दरी थिइन्। त्यो नरकानन्द उनी संग भूल्न इच्छा गरिरहेको थियो। तर सुभद्रा त्यस्ती चलकी स्त्री थिइनन्। एक दिन त्यस मूर्खलाई शिक्षा दिने उद्देश्यले उनीले उसलाई आफ्नो घर डाकिन। त्यो अति हर्षमानी सुन्दरीकहाँ गयो। उनीले उसलाई अनेक प्रकारले स्वागत गरी खाने कुरा अगाड़ि राखिदिइन्। त्यो मूर्ख त्यो खाना खान मात्र के लागेको थियो त्यस्तैमा उनको पति देव राम लाल पनि घरमा आए। सुभद्राले आफ्नो पतिलाई आएको देखेर त्यो मूर्खलाई भनिन् कि अब हामी दुवैको कुनै उपायले पनि बाँचने छाँट छैन। उनले अवश्य पनि हामी दुवैलाई नमारी छोड़ने छैनन्। त्यस्तैमा उनले ढोका घच्चघचाए। नराकानन्दलाई सार्है आपत पर्‍यो। भाग्ने ठाऊ कतैबाट पनि छैन। सुन्दरीले उसलाई झट। नरक स्थान पाइखानामा

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पस्न लगाइन् र ढोका खोलिदिइन् । रामलाल कोठा भित्र आए। उनलाई पेट दुखेको थियो र तुरून्त लोटा लिएर चर्पिमा दिशा गर्न गए जहाँ नरकानन्द लुकेर रहेको थियो। नरकानन्दले रामलाल चर्पिमा दिशा गर्न आउन लागेको थाहापाई मलक्षनैं प्वालमा लुकेर बसेको थियो। रामलालले दिशा पिशाब गरेको मलमूत्र नरकानन्दको मुखमा पर्न गयो ! परन्तु गरोसकी न त्यहाँबाट भाग्ने शक्ति थियो न कसैलाई डाक्न सक्तथ्यो। रामलाललाई पेट दुखेको हुँदा चार पाँच पटक लगातार दिशा गर्न गए अनि केही समय पछि आफ्नो पसलमा गए। सुंदरीले पटुकाले बाँधी त्यस मूर्ख नरकानन्दलाई माथि तानिन्, उसको शरीर भर घाऊ नै घाऊ भएको र मल मूत्रले लुगा सबै भिजेको थियो। शीघ्र लुगा सफा गरी आफूले पनि स्नान गऱ्यो। अब उसलाई सुभद्रा भन्दछिन्, हे नरकानन्द, तिमीले जुन मल मूत्र को थैलोमा आसक्ति भएर आएका थियो प्रत्यक्ष झन् नरक भोग गर्न पायौ। जो मनुष्य निज स्वरूपलाई भूलेर जड़ विषय-हरूमा सुख मानेर स्त्री जातिमा आसक्त रहन्छ भने त्यो निश्चय पनि नरकानन्द हो। अर्थात् शरीराध्यास, रूप मलमूत्र, नरकमा मुछिएर सुख मान्ने भएको जीव तिमी जस्तो नरकानन्द हो। हे मूर्ख ! नरकानन्द जो पुरुष स्त्रीको भावना गरेर स्त्रीकै पेटमा गएर दश महीना जहाँ त्यत्ति सानो ठाऊमा अति कष्ट साथ मल मूत्र दुर्गन्धले युक्त भएर गर्भाशय रूप नरकमा बसेको हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

फेरि अत्यन्त सानो मार्गद्वारा कष्टले बाहिर निक्लीकन पनि फेरि अहं मम भाव गरेर नरकमा पस्नको लागि नाना प्रकारको कर्म गरिरहन्छ भने के त्यो मूर्ख होइन ? फेरि यो स्थूल शरीर अति मलिन छ, रज वीर्य आदि अपवित्र वस्तुहरूले यसको उत्पत्ति हुन्छ, मांस, रुधिर, हाडले पूर्ण तथा मल, मूत्र, थूक, सिंगान आदि नौ द्वारदेखि फोहर निस्कन्छ। यो साह्रै दुर्गन्ध शरीर छ। पोड़ेले ढ्वाङ्मा मल मूत्र राखी रुमालले छोपेर बोकी लैजान्छ, त्यस्तै यो शरीरभित्र को मल छालाले छोपेको हुन्छ।

हे नराकनन्द ! अब तिमी विचागर कि यो मनुष्य देह केवल विषय भोग भोग्नको लागि मात्र जन्म भएको होइन। यो देह त परमात्मालाई प्राप्त गर्नको लागि प्राप्त भएको छ। यो शरीरलाई बारम्बार पाउन पनि कठिन छ। ८४ लाख योनिहरू भोगी सकेपछि मात्र यो मनुष्य—चोला पाइन्छ। यसै पटकमा यदि परमातमा प्राप्त गर्न सकिएन भने फेरि ८४ लाख चक्कर भ्रमण गर्नु पर्छ। यदि तिमीले मेरो कुरामा विश्वास मानी परमात्माको चिन्तन गर्न लाग्यौ भने तिम्रो अन्तःकरण अवश्य शुद्ध हुन्छ। अन्तःकरण शुद्ध भएपछि स्वस्वरूपको बोध हुन जान्छ।

जसलाई तिमी मेरो माता, पिता, पुत्र, पुत्री, दाजु, भाइ इत्यादि भन्दछौ ती पनि आफ्ना हुँदैनन् अर्थात् आफ्नै शरीर

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

आफ्नो हुँदैन र यही छाडी जान करै लाग्छ भने अरूको के कुरा । संसारी माया मोहलाई अनित्य जानेर त्यसमा आसक्त नरहनुको नाम नै वैराग्य हो । विषयआसक्त पुरुषहरूको लागि विषयदेखि निवृत्त गराउनको निमित्त विधाताले एक युक्ति बनाउनु भएको छ ।

चेतः पशुमशुभपथं प्रधावमानं निराकर्तुम् ।
वैराग्यमेकमुचितं गलकाष्ठं निर्मितं धात्रा ॥

कुमार्गतिर दौड्ने भएको चित्तरूपी पशुलाई रोक्नको लागि विधाताले एक मात्र वैराग्यलाई नै गलाको उचित काष्ठ बनाएको छ ।

खूब याद राख, बिना वैराग्य ज्ञान हुँदैन र बिना ज्ञान मोक्ष हुँदैन । नरकानन्दलाई पहिले चर्पीमा मल-मूत्र रूप नरक भोग गरेकोमा नै केही वैराग्य प्राप्त भएको थियो झन ती सुभद्रा-को कुराले त दृढ वैराग्य भयो । नरकानन्द भन्न लागे, अहो ! यो मेरो कत्तिको भयङ्कर पतन भयो । कहाँ म षट्विकार, तीन लिंग त्रिगुणदेखि रहित द्रष्टा शुद्ध सत्य सबै पदार्थलाई जान्ने चैतन्यरूप सिंह र कहाँ यो इन्द्रिय आदि विषय जडरूप भेडामा परेर विषय भोगरूप रस रहित तृणलाई

१--तीन लिङ्ग=पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसकलिङ्ग ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

ग्रहण गरिरहेको छु । यी मेरा शत्रु हुन् र मलाई अनेक प्रकारले तलतिर खसाल्ने प्रयत्न गर्छन् । जुन विषयरूप भोजनले कहिले संतुष्ट नहुने भएको, काम स्पर्श स्त्री विषयलाई विचाररूप खड्गले निर्मूल गर्नुपर्छ । यसैमा मेरो कल्याण हुन्छ, शान्ति हुन्छ र मोक्ष हुन्छ । कामको उद्भव नै हुँन पाउँदैन, इच्छा उठ्नासाथ शत्रुको समान शीघ्रताले सुखमा दुःख भाव या भ्रम सम्झेर त्यसलाई बारम्बार प्रहार गर्नु पर्छ । संकल्प फूल हो, कर्तव्य फल हो, फूल टिपिदिनाले फल फल्दैन, त्यस्तै दुष्कर्मको इच्छा त्यागिदिनाले दुःखरूप कर्तव्य रहँदैन । स्त्रीसंग स्पर्श गरो वीर्यलाई नष्ट गर्नु र अन्य विषयहरूमा जो सुख दृष्टि हुनु त्यो मलाई भ्रमले नै हुन गएको हो । जस्तै कुकुर सूकेको हाडलाई चपाउँछ । चपाउँदा हाडले उसको मुखमा चोट लाग्न जान्छ र रगत आउँछ त्यही आफ्नो रगत चुसेर कुकुर खुशी हुन्छ । यो थाहा पाउँदैन कि सूकेको हाडबाट रगत कसरी आउँछ । यदि यस्तो थाहा पाएको भए भ्रमवश सूकेको हाडबाट नै रगत आएको हो भनी हाडलाई टोक्नपट्टी लाग्दैनथ्यो होला । मैले पनि यही कुरालाई नजान्नाले अर्थात् स्त्री भोगमा सुख हुन्छ भन्ने भ्रममा परी वीर्यको नष्ट, समयको नष्ट, धनको नष्ट, इज्जतको नष्ट इत्यादि नष्टै नष्ट गरेर आफ्नो बहुमूल्य समयको नष्ट भएको समेत मलाई ज्ञान भएन अर्थात् म र त्यो कुकुरमा के फर्क भयो ?

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पाँच विषय सूकेको हाडतुल्य जड पदार्थ हुन्। यो अखण्ड चैतन्यजीवको भित्र पस्न सक्तैनन्। फेरि त्यसमा सुख कसरी! परन्तु अनादि कालदेखि देह सम्बन्धमा आफ्नो स्वरूपलाई भूलेर मझैं भ्रममा परी अनेक जीवहरू पांच विषयहरूमा सुख मानेर आएका छन्। इन्द्रिय सम्बन्ध संस्कार दोषहरूले उत्पन्न भएको अज्ञान, जडासक्ति, जड विषयहरूमा सुख रूप मान्नु यो भाव अनादि कालदेखि भइआएको हुनाले जीवको अन्तःकरणमा दृढ हुनगएको छ। पांचै विषय छ तापनि त्यसमा सबैको प्रियता बराबर नरहने हुनाले त्यसै पदार्थलाई पाएर पनि कोही सुखी र कोही दुखी हुन्छन्। यहांसम्म कि त्यही कामी—कामनावश जुन स्त्रीको लागि मरिसेट्थ्यो, त्यसैको यदि कामना बदलिन गयो भने त्यो उसलाई प्राप्त भए पनि त्यागिदिन्छ। यसबाट यो सिद्ध भयो कि विषयमा सुख रहेनछ।

आफूलाई भूलेर दृश्य विषयमा सुखको आरोप[1] गरी जुन पदार्थको भोग इन्द्रियद्वारा हामीहरू गर्दछौं, त्यो भोग्य[2] पदार्थ त हाम्रो अखण्ड स्वरूपको बाहिर नै रहेको हुन्छ। यदि बाहिर नरहेको भए, घटमा जलले भरेको समान निज स्वरूपमा विषय सुख भरिएको भए, त फेरि इच्छा कसरी उत्पन्न हुन्थ्यो! इच्छा

१—आरोप=कल्पना। २—भोग्य= भोग गरिने वस्तु।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

गरेको पांचै विषयको भोग आजदेखि अनंत कालसम्म नित्य प्रति भोग गरिन्छ, तै पनि इच्छा शान्त हुदैन। यसै चाहनामा जसरी मृग आफ्नो प्राण शिकारी कुकुरका घण्टाको शब्दको अतृप्तिमा नै नष्ट गर्छ, त्यस्तै मैले पनि विजाति पांच विषयमा सुख मानी करोडौं पदार्थहरूको भोग भोगिरहेको छु, तै पनि इच्छा तृप्ति नभई झन् अनेक कामनाको इच्छा हुन्छ। जब अनादिकालदेखि आजसम्म तृप्ति भएको छैन फेरि अब अगाडि कसरी होला? भोग भोग्नुभन्दा ज्यादा इच्छा पुष्ट भएर नाना कर्म बन्न जानाले तापत्रय दुःख उठ्ने हुन्छ। तत्वतः विषय भोग नै तीन ताप दिने दुःखको कारण हो। र त्यसलाई त्यागिदिनु नै सुख हो। यदि मलाई जुन कार्य गर्नाको इच्छा छैन, त्यो कार्य कसैले जबर्दस्ती गरायो भने कत्ति ठूलो कष्ट हुन्छ? किन कि मेरो स्वतंत्रता मेरो निमित्त प्रिय छ। अब विचारपूर्वक हेर्नु पर्छ कि जुन जुन विषय भोगहरूको इच्छा गर्‍यो त्यही त्यहीमा विशेष चिन्ता परिश्रम तथा जीवलाई परवश रहनु पर्छ, राजा र रंक[1] पनि प्रत्यक्ष एउटा आर्काको परतंत्रतामा बांधिएको दुःखी देखिन्छ। अहो! पंच विषयासक्तिमा पांच जीव एक एक विषयमा भूलेको छ र नाना कष्ट सहन्छ परन्तु म त एकलै पांचौटामा भूलेर पनि फेरि इच्छा गर्दैछु। धिक्कार छ मलाई।

१—रंक—कंगाल।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

अहो ! मेरा कुन दुर्गति होला ? यी जो विषय भोग अध्यास महा- दुःखरूप आदि, मध्य, अंत तीनै कालमा परिश्रम, चिन्ता, पर- वशताको कारण, पुनः पुनः जन्म मरणको हेतु, त्यसदेखि म डराएर अथवा बचेर किन नहिंडेको होउँला ? यदि यिनीहरूबाट बचेर रहन सकिन भने मेरो दुःख जस्ताको त्यस्तै भई नै रहन्छ। जुन सुखको अध्यासमा निज स्वरूपलाई भूलेर जुन किसिमले दृढ भएर बांधिएको छु, त्यस्तै प्रकारले भूललाई नष्ट गरेपछि त म चैतन्य, ज्ञाता, परीक्षक स्वरूप शुद्ध नै हुन्छु ।

यसरी स्वरूप बोध सहित विषयमा सुखको बदला हरेक प्रकारबाट दुःख दृष्टि जनाउदै दृढ मनन गर्नाले सुखाध्यास छुटेर म मुक्त नै हुन्छु । सुखाध्यासमा खूब दुःखाध्यास दृढ गर्नु नै सुखाध्यास छूटनाको निमित्त यही एक प्रबल साचो (कुञ्जी) हो। इत्यादि प्रकारको निश्चय गर्दै गएर अन्तमा नरकानन्दले परीक्षा साधनद्वारा सबै दुर्गुणलाई नष्ट गरी आफ्नो निज स्वरूपको ध्यानमा मग्न भएर रहे ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

हुनै नसक्ने कुराको चिन्ता गरेको परिणाम

कुनै शहरमा एउटा ब्राह्मण बसेका थिए, ती अति कञ्जूस थिए। तिनले भित्ता मागेर हिड्ने गरेका थिए। त्यस समयमा मानिसहरू ज्यादा सत्तु खाने हुनाले तिनलाई पनि भित्तामा सत्तु नै दिन्थे। एवं कर्मबाट केही दिनमा तिनले खाएर शेष रहेको सत्तुले एक घड़ा भरियो। त्यो घडालाई तिनले आफू सुत्ने खाट-माथि किलामा झुण्डायाएर राखेका थिए र हरबखत त्यसैमा हेरिरहन्थे।

कुनै एक रातमा खाटमा पल्टिरहेको बखतमा तिनले विचार गरे कि यो मेरो घडा सत्तुले भरिएको छ, केही गरी मेरो भाग्यले अनिकाल पऱ्यो भने त अरू कसैको घरमा पनि खाने कुरा केही हुँदैन र यो मेरो सत्तुलाई किन्न आउनेछन्। त्यस समय रुपियाँ सजिलैसित पाउन सक्नेछु। अनि त किन चाहियो र म त्यसै रुपियाँले पहिले दुइटा बाख्री किन्नेछु, बाख्रोकी जात त अरू पशु जस्तो हो र त्यो त ५।६ महीनामा ब्याउँछे र उसमा पनि एकै पल्टमा दुइटा बच्चा जन्मिन्छन्। त्यसो भएकोले केही कालमा नै ती दुइ बाख्रीबाट बथान हुन जानेछ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

त्यस पछि ती बाख्रीका सब बथानलाई बेचिदिन्छु र त्यसैको दामले गाईहरू लिनेछु। गाईहरू ब्याउँनाले फेरि केही कालमा नै बथान भइहाल्छ। अनि ती गाईहरूलाई पनि बेची त्यसको दामले भैंसीहरू किन्नेछु। एवं प्रकारले भैंसीका बथान-लाई पनि बेची त्यसको दामले अनि घोड़ाहरू किन्नेछु। घोड़ा-हरूको बथानलाई बेचनाले अवश्य पनि धेरै सुन मलाई प्राप्त हुनेछ। त्यसपछि चोक सहितको एक अति राम्रो सुनको घर बनाउँछु। म जस्तो धनी नै आर्को कोही हुने छैन, अर्थात धन-भन्दा ठूलो आर्को यस संसारमा कुनै वस्तु नै छैन। भनेको पनि छ—

टका धर्मः टका कर्म टका हि परमं पदम्।
यस्य गेहे टका नास्ति हाटके टकटकायते ॥

टकाको विना धर्म, टकाको विना कर्म, टकाको बिन परम-पद प्राप्त हुनसक्तैन। जसको घरमा टका छैन त्यो बजारमा टक्टकिन्छ। यदि मसंग टका भएको भए उत्तम पदार्थलाई म भोग गर्न थिएँ। भनिरहन्छ—

आणा अंशकलाः प्रोक्ता रूप्यो हि भगवान् स्वयम्।
अतस्तत्सर्वं इच्छन्ति रूप्यं हि गुणवत्तमम् ॥

किन कि सब सोन्ह कलायुक्त अदृश्य भगवान्को कथन श्रवण गर्दछन्, त्यो त देखिदैन परन्तु सोह्र आना रूप अंश

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

कलायुक्त जो रुपियाँ छ त्यही साक्षात भगवान् हो र यसकारण सबै जना रुपियाँको नै खोजीमा लागिरहन्छन्। किन कि सबै काम रुपैयाँले सिद्ध हुन्छ।

त्यसो भएपछि मलाई कुनै ब्राह्मण मेरो घरमा आई रूप र यौवनले पूर्ण भएकी कन्या अवश्य दिनेछन्। तो कन्याबाट केही कालमा नै मेरो एक पुत्र जन्म हुनेछ र त्यस पुत्रको नाम म सोमशर्मा राख्नेछु। त्यो छोरा पनि केही दिनमा नै बामेसर्न सक्ने हुन जानेछ। तब म हातमा पुस्तक लिएर घोडाको तबेला॰ को पछाडि उभिरहन्छु। त्यसपछि सोमशर्मा मलाई देखेर आफ्नो आमाको काखबाट बामेसर्दै घोडाको टापको छेऊ भएर मेरो नगीच आउनेछ। अनि म बाहुनीलाई रिसले चूर भएर भन्नेछु, पहिले छोरालाई समात। तर मेरी स्त्री घरको कार्यमा लागेकी हुँदा मेरो कुरालाई सुन्ने छैन। त्यसपछि म उठेर लात्ती लात्तीले हान्नेछु। यस्तो किसिमको चिन्तन गर्दा त त्यसैको ध्यानमा मग्न भएछन् र आफ्नो स्त्रीलाई लात्ताले हान्छु भनी हान्दा त त्यो सत्तुको घडामा पो लाग्न गएछ र घडा खस्न गई फूटी उनैको मुखभरी पोखिई धुस्रो फुस्रो भएछन्।

अर्थात् जुन मनुष्य आइनपरेको र हुनै नसक्ने कुराको विचार गर्दछ त्यो पनि सोमशर्माको पिताझैं धुस्रो भई सुत्ने छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ब्रह्मचर्य

ब्रह्मचारी हुनाले जप, तप, योग, ध्यान इत्यादि सबै सिद्ध हुनजान्छ र जो पुरुष ब्रह्मचर्यमा नरही जप तप मंत्र साधना वा योगाभ्यास आदि गर्दछ भने त्यसको फुटेको घडा· देखि जसरी पानी बगेर जान्छ त्यस्तै प्रकारले सब जप तप आदि पनि बगेर जान्छ। अर्थात् उसलाई यथार्थ सिद्ध हुँदैन। यसकारण बुद्धिमानले पहिले ब्रह्मचर्यमा रहेर पछि जप, तप, योगाभ्यास वा मंत्रको अनुष्ठान आदि कार्य सिद्धि गर्नमा प्रवृत्त हुनु पर्छ। ब्रह्मचर्यको रक्षाको लागि नै ब्रह्माजीका सनक सनन्दन् आदि चारै पुत्र तीनै लोकमा बालकरूपले घुम्दछन्। तथा ब्रह्मचर्यको प्रभावले नै अंजनीका पुत्र हनुमान महाबल र प्रतिष्ठामा[1] प्राप्त भए। तथा भीष्म पितामह पनि ब्रह्मचर्यद्वारा उत्तम ज्ञानमा र स्वतन्त्र मृत्युमा प्राप्त भएर गए तथा यो पनि महाभारतमा लेखेको छ कि जनक राजाको

१— प्रतिष्ठा = इज्जत।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

सभामा योगबलले युक्त भएकी सुलभा नाम गरेकी ब्रह्मचारिणिले ब्रह्मचर्यको प्रभावले जनक राजालाई ज्ञान चर्चामा जितेकी थिइन्। तथा बुद्धिमती गार्गी नाम भएकी स्त्रीले ब्रह्मचर्यले नै याज्ञवल्क्य ऋषिदेखि परम वेदान्तको ज्ञान र योगविद्या प्राप्त गरेकी थिइन्। अनेक पुरुष र स्त्रीहरू निश्चय गरी ब्रह्मचर्यद्वारा नै परम गतिमा प्राप्त भएका छन्। ब्रह्मचर्य नै परम पुण्य हो, ब्रह्मचर्य नै परम तप हो, र ब्रह्मचर्य नै परम ज्ञान हो। तथा ब्रह्मचर्य नै परमपद मोक्ष गराइदिन्छ।

'ब्रह्मचर्येण तपसा देवा मृत्युमुपाघ्नत'

तीन प्रकारको कर्म

कर्म तीन प्रकारको हुन्छ—

१ संचित २ क्रियामाण ३ प्रारब्ध।

१ अनेक जन्ममा गरेको जो पुण्य पापादि कर्म, भोग विना, संस्कार रूपले, अज्ञान सहित सूक्ष्म शरीरमा, रहन्छ त्यसलाई संचित कर्म भन्दछन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

२ यस वर्तमान शरीरद्वारा हुने पुण्य-पाप कर्महरूलाई क्रियामाण कर्म भन्दछन् ।

३ अनेक जन्महरूमा गरेको संचित कर्महरूबाट यो वर्तमान शरीर बनेको छ र जसकोद्वारा यस शरीरमा सुख दुःखको प्राप्ति हुन जान्छ उसलाई प्रारब्ध कर्म भन्दछन् ।

यिनै तीन प्रकारका कर्म छन्, तीन मध्ये संचित कर्म त ज्ञान हुनासाथ नाश भइहाल्छ र ज्ञानीलाई कर्तापनको अभिमान नहुनाको कारण जलमा कमलपत्रको समान क्रियामाण कर्मले स्पर्श गर्न सक्तैन । श्रुतिमा भनेको छ कि जुन किसिमले सिरक-को रूवा अग्निको स्पर्श हुनासाथ भस्म हुन्छ त्यस्तै किसिमले ज्ञान हुनासाथ पुरुषको संचित र आगामी, पुण्य-पाप मिश्रित, सर्व कर्म नष्ट हुन जान्छन् । यसै कुरालाई लिएर भगवान् श्रीकृष्णले गीतामा भन्नु भएको छ—

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन ।
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात्कुरुते तथा ॥ ४।३७ ।

हे अर्जुन ! सूक्ष्म काष्ठादिले प्रज्वलित भएको अग्नि जुन किसिमले सब काष्ठहरूलाई भस्म गरिदिन्छ, त्यस्तै प्रकारले श्रवण मननको अभ्यासले उत्पन्न भएको ज्ञानाग्नि पुण्य पाप मिश्रितरूप, संचित र आगामी कर्महरूलाई जलाएर नाश गरिदिन्छ ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

यस प्रकारले परमात्माको ज्ञानद्वारा संचित तथा क्रियामाण निवृत हुन्छन्। प्रारब्ध कर्म भनेको शरीरको साथमा रहन्छ अर्थात् शरीर नै प्रारब्धरूप हो। जबसम्म यो शरीर रहन्छ तबसम्म प्रारब्ध कर्मको फलरूप सुख दुःखलाई, स्थूल देहद्वारा सूक्ष्म देहरूप, अन्तःकरण भोग गर्दछ। यो देहलाई जड तुल्य दृश्य जानीकन आफूलाई अकर्ता, अभोक्ता र द्रष्टारूप भनी जान्ने पुरुष जीवनमुक्त हुन्छ। अर्थात् संचित, क्रियामाण र प्रारब्ध कर्महरूमा संचित तथा क्रियामाण कर्महरूको ज्ञान हुनासाथ नाश हुन जान्छ। आर्को शेष सुखदुःख भोगरूप तेस्रो प्रारब्ध कर्मको त शरीरमाथि आधार छ अर्थात् वर्तमान शरीरमा प्रारब्ध कर्मको भोग हुन्छ। यसमा स्थूल देह भोगायतन हो। इन्द्रियहरू भोग भोगनाको साधन हुन्, चिदाभास[1] संयुक्त अन्तःकारण सुखदुःखरूप प्रारब्ध कर्मको फलको भोक्ता हो। त्यस कारण सो प्रारब्ध कर्म को भोग न भोगीकन निवृत्त हुंदैन। भोगले नै प्रारब्ध कर्मको नाश हुन्छ, यही शास्त्रको सार हो।

ज्ञानी अथवा अज्ञानीको देह प्रारब्धकर्म भोग्नाको निमित्त उत्पन्न भएको हो, यसकारण प्रारब्धकर्मको फलरूप सुखदुःख नभोगीकन कसैले पनि छुटकारा पाउँदैन। प्रारब्धकर्म त्यसै कर्मको नाम हो जो कर्मफल दिनलाई प्रवृत्त भइसकेको छ, सो फल नदिईकन शान्त हुँदैन।

१—चिदाभास—चेतन प्रकाश।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जस्तै कोही पुरुषले आफ्नो बाणको परीक्षा गर्नको निमित्त कुनै वृक्षको पातलाई निशाना बनाएर हान्दछ, र जब त्यो बाण पातमा लागीकन पनि अगाडि जान्छ, त्यस समयमा त्यो बाण हान्ने पुरुषले विचार गऱ्यो कि—

अब यो बाण यसभन्दा अगाडि नगए देखि त उचित हुनेथियो तर उसले विचार गरेर मात्र त्यो बाण रोकिदैन, किनभने बाणमा जति वेग छ त्यहाँसम्म गएर मात्र त्यो शान्त हुन्छ, जति प्रयत्न गरे पनि बीचमा त्यो रोकिदैन। केवल वेग समाप्त भएर मात्र रोकिन्छ। अर्थात् त्यो पुरुषको अधिकारदेखि त्यो बाण परभइसकेको छ जो शेष उसको हातमा रहेको बाण छ त्यो मात्र उसको अधिकारमा रहन्छ। त्यसलाई बाल्न, फ्याँक्न इत्यादि जेसुकै गर्न त्यो स्वतन्त्र छ, तर आफ्नो हातबाट छुटिसकेको बाणलाई रोक्नमा उसको शक्तिले काम गर्दैन। त्यस्तै किसिमले ज्ञानी आफ्नो संचित र क्रियामाण कर्महरूलाई ज्ञान अग्निले नाश गरी दिनामा समर्थ छ, परन्तु त्यो भोग प्रवृत्त भएको प्रारब्ध कर्मलाई हातदेखि छुटेको बाणको समान रोक्नामा असमर्थ हुन्छ।

ज्ञानी र अज्ञानीमा फर्क यति छ कि ज्ञानी प्रारब्ध कर्म हाँसी खुशीसंग भोग्छ अज्ञानी रोई कराई भोग गर्दछ। कसै, कसैको भनाई छ कि ज्ञानीले त प्रारब्ध कर्म भोग्न नपर्ने

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

भनाई ठीक हो तर के गर्नु प्रारब्ध कर्मबाट देह बनेको छ, र प्रारब्धको वेग शरीरमा रहेको हुन्छ। जस्तै कुमालेले माटोको भाँड़ा बनाउन छोडिसकेपछि पनि त्यसको त्यो काठको पाङ्ग्रा पहिलेको वेगले घुमिरहन्छ। ज्ञान, अज्ञान, संचित तथा क्रियामाण कर्महरूको विरोधी त छ, तर प्रारब्ध कर्मको विरोधी छैन। ज्ञानको उपदेश गर्ने गुरु ज्ञानी हुन् कि अज्ञानी ? यदि गुरुलाई अज्ञानी मानेदेखि त उनी जब स्वयम् अज्ञानी भए तब अर्कालाई ज्ञानको उपदेश कसरी गर्न सक्छन्। अर्थात् अज्ञानी गुरुले ज्ञानको उपदेश गर्ने सक्दैनन्। यदि गुरु ज्ञानी हुन् भने, ज्ञानी गुरुले देह बिना कसरी उपदेश गर्न सक्छन् ? र देह प्रारब्ध कर्मको फल हुनाले प्रारब्ध कर्मको निवृत्त देहको वर्तमानावस्थामा सम्भव छैन। यसकारण प्रारब्ध कर्मको सहित नै उपदेष्टा[1] गुरुको शरीर हो यसबाट यो सिद्ध हुन्छ कि ज्ञान प्रारब्ध कर्मको विरोधी छैन।

याज्ञवल्क्य, उद्दालक, वशिष्ठ, पाराशर, वेदव्यास, शुकदेव आदि अद्वैत ज्ञाननिष्ठ ज्ञानी पुरुषहरूको ज्ञान सम्प्रदाय प्रवर्तक[2] रूपले श्रुतिले धेरै ठाउँमा वर्णन गरेको छ। यस्तै जनक, भगीरथ, शिखरध्वजादि महान राजाहरू पनि अद्वैत ज्ञाननिष्ठाद्वारा जीवन मुक्त भएर गए। यदि ज्ञानद्वारा प्रारब्धको नाश

१—उपदेष्टा=उपदेश दिने।

२—प्रवर्त्तक=कार्यमा प्रेरणा गर्ने।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

हुँदो हो त याज्ञवल्क्य आदि ऋषि र जनक आदि राजाहरू लाई जीवन्मुक्त भन्ने नाम हुँदैन थियो। किनकि जो आत्मा लाई नित्य, शुद्ध, बुद्ध, मुक्त, एक, अद्वैत, अकर्ता अभोक्ता, सच्चिदानन्दरूप जानेर पनि प्रारब्ध कर्मको फलले जीवित रहन्छ उसैलाई जीवन मुक्त भन्दछन्। यसबाट स्पष्ट सिद्ध हुन्छ कि ज्ञानले प्रारब्ध कर्म निवृत्त हुँदैन।

अवश्यं भावि भावानां प्रतिकारो भवेद्यदि ?
तदा दुःखैर्न लिप्येरन् नलरामयुधिष्ठिराः ॥

अवश्य हुने भएको प्रारब्धकर्मलाई मिटाउन यदि कुनै युक्ति हुँदो हो त राजा नल धर्मावतार युधिष्ठिर, श्रीरामचन्द्र इत्यादि समर्थ पुरुषलाई राज्यबाट भ्रम भएर किन वन वन घुमी त्यो अत्यन्त कष्ट भोग्नु पर्थ्यो ?

'लिखितमपि ललाटे प्रोज्झितुं कः समर्थः ?'

पुरपुरोमा लेखिएको पनि मेट्न को सक्दछ भनेको अर्थ पनि त प्रारब्धकर्म भोग्नै पर्छ भनेको न हो। फेरि एउटा कुरा यो छ कि कुनै देवताले तँ यस्तो भएस् भनी कसैको पुरपुरोमा आएर लेखिदिएको हुँदैन। यदि देवताले नै लेखिदिएको भए कोही गरीब, कोही धनी, कोही ज्ञानी, कोही अज्ञानी हुन नपर्ने। यस्तो भएमा त उनै देवता पनि पक्षपाती ठहरिन्छन्। त्यसकारण

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

ले यहाँ—

काहु न कोउ सुख दुख कर दाता।
निज कृत करम भोग सब भ्राता ॥

इत्यादि सिद्धान्त नै ठीक मानिन्छन् किन कि पहिले जन्ममा जो जति कर्म आफूले गर्‍यो त्यही नै अहिले प्रारब्ध बनी आएको हुन्छ।

श्रीकृष्णजीले पनि यस विषयलाई लिएर श्रीमद्भागवतमा नन्दलाई भन्नुभएको छ।

कर्मणा जायते जन्तुः कर्मणैव बिलीयये।
सुखं दुःखं भयं क्षेमं कर्मणैवाभि पद्यते ॥ १० । २४ । १३

जीव आफ्नो कर्मानुसार नै उत्पन्न हुन्छ र मर्छ तथा आफ्नो कर्मानुसार नै उसलाई सुख दुःख, भय र क्षेम[१] प्राप्त हुन्छ।

यस विषयमा एउटा देवशक्ति नाम गरेका राजाको कथा र बलि नाम गरेका राजाको कथा पढनाले केही ज्ञान हुने हुनाले अब त्यो कथा पनि सुन्नुहोस्।

कुनै शहरमा देवशक्ति नाम गरेका एउटा राजा थिए। उनको छोराको पेटरूपी धमिराको गोलामा रहेको सर्पले गर्दा ती

१—क्षेम = लाभ भएका चीजको रक्षा

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

राजपुत्रको शरीर दिन प्रतिदिन क्षीण हुँदैगयो। अनेक प्रकारको चिकित्सा गर्दा पनि स्वास्थ्य ठीक नभएकोले उनी दिग्दारीले गर्दा आर्को देशमा गए। त्यहाँ भिक्षाटन गरेर आफ्नो समय व्यतीत गरिरहेका थिए।

त्यस शहरमा एउटा बलि नाम गरेका राजा थिए। तिनको यौवन अवस्थाले पूर्ण भएकी दुइओटी छोरी थिए। ती दुवै दिनहुँ सूय उदय हुनासाथ आफ्ना पिताको नगीचै आएर नमस्कार गर्दथे। ती दुइ मध्य एउटीले भनिन् कि महाराजको विजयहोस्, जसको निगाहले सबै सुख पाइन्छ। आर्की चाहिनीले त महाराज, प्रारब्धको भोग गर्नुहोस् भनी यस्तो पो भनिन्। यो कुरा सुनेर राजा रिसाएर मन्त्रीलाई भने कि यो खराब कुरा बोल्ने छोरीलाई कुनै गरीब विदेशीका साथ विवाह गरी पठाऊ यसले आफ्नो नसीबमा लेखेको कुरा आफैले भोग गर्दछे। मन्त्रीले राजाको हुकूम बमोजिम ती राजकन्यालाई केही सुसारे र दाइजो दिई देवताको मन्दिरमा बसेका कुनै एक दुःखी रोगग्रस्त व्यक्तिसंग विवाह गरिदिए। ती कन्याले पनि आफ्नो पतिलाई रोगी भए ता पनि देवता झैं मानेर पतिलाई लिएर आर्को देशमा गइन्।

त्यसपछि कुनै शहरमा पुगी त्यहाँ तलाउँको किनारामा एउटा बास बनाइन् र बासको रक्षाको निमित्त ती राजाको

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

छोरालाई राखी आफू सुसारेलाई लिए किनमेल गर्न भनी गइन् । किनमेल गरी फर्केर आउँदा के देख्तछिन् भने राजपुत्र धमिराको गोलामाथि सिरान गरी सुतिराखेका छन् र उनको मुखबाट चाहि सर्पले फण निकालेर हावा खाइरहेको थियो । त्यही नै धमिराको गोलामा अर्को सर्प पनि त्यसरी नै हावा खाइरहेको थियो । यसरी ती दुइ सर्पको देखा देख भयो । त्यस्तैमा धमिराको गोलामा रहेको सर्पले भन्यो—ए दुष्ट ! तँ किन सुन्दर अङ्ग भएका ती राजपुत्रलाई जीर्ण गराउँछस् ? मुखमा रहेको सर्पले पनि भन्यो—ए ! तँ दुष्टले पनि धमिराको गोलाको बीचमा रहेको सुनैसुनले पूर्ण भएको जोडीघटलाई किन बेकम्मा गराउ छस् भनी आफुस आफुसको मर्महरू खोले ।

फेरि धमिराको गोलामा रहेको सर्पले भन्यो—ए दुष्ट ! के तेरो औषधि कसैलाई पनि थाहा छैन र ? धेरै पुरानो कुहाएका काञ्जिका र रायो पिउनाले तँ मर्दछस् । अनि मुखमा रहेको सर्पले भन्यो के तेरो औषधि कसैले पनि जान्दैनन् ? तातो तेल अथवा तातो पानी खन्याई दिए तेरो पनि त नाश हुन्छ । यस किसिमले रूखको हाँगाबाट लुकेर हेरिरहेकी राजाकी छोरीले ती दुइको मर्मभरिएका कुरा सुनेर त्यस्तै नै गरिन् । पतिलाई मोटो घाटो र निरोगी पनि तुल्याएर ठूलो धन भेट्टाएर आफ्नो देशतिर गइन् । आमा बाबु र इष्टमित्रहरूले मान गरिएकी छँदी आफूले राखेको भोग पाएर सुखले रहिन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

यस उसले ज्ञानी अथवा अज्ञानी, चाहे जुनसुकै हुन् शरीरको प्रारब्ध भोग नभोगीकन छुटकारा पाउँदैनन्। यति कुरा सत्य छ कि ज्ञान भएपछि ज्ञानीको संचित आदि कर्म नाश भएर जान्छ। प्रारब्धकर्म त भोगेर मात्र नाश हुन्छ र शेष संचित कर्म ज्ञान हुनासाथ नाश भइहाल्छ। ज्ञानीको शरीरदेखि क्रियामाण कर्म हुन्छ, त्यो ज्ञानीसंग प्रीति र द्वेष गर्नेलाई प्राप्त हुन्छ। अर्थात् जो ज्ञानीलाई भक्ति, स्तुति, पूजा, सेवा, टहल आदि गर्छ त्यसले पुण्य जति लिन्छ र जो ज्ञानीलाई निन्दा गर्छ, द्वेष राख्छ र उनलाई देखेर रिसाउँछ त्यसले पाप कर्म जति लिन्छ। यस्तो किसिमले ज्ञानी संचित र क्रियामाण कर्महरूबाट निवृत्त भएर शरीर रहुन्ज्याल देहको प्रारब्धको द्रष्टा भई जीवनमुक्त भएर घुमफिर गर्दछन्। यो कुरालाई जसले राम्ररी बुझी त्यही माफिक चल्न सक्छ त्यो पुरुष जीवन्मुक्त भएर परमानन्दमा प्राप्त हुन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

को विवेकी ?

शास्त्रमात्र पढ्नाले विवेकी भई-ब्रह्मज्ञानी हुन्छ भन्ने केही निश्चय छैन, शास्त्र त पढेको छ तर विचार राम्ररी गर्न सकेन भने विवेक हुनाको सट्टा आर्को खराब गतिमा प्राप्त हुन जान्छ। त्यसैको नाम अविवेक हो।

सर्वं नाशे समुत्पन्ने अर्द्धं त्यजति पण्डितः।
अर्द्धेन कुरुते कार्यं सर्वनाशो हि दुस्तरः॥

पण्डितले सर्वनाश हुन लागेमा आधा त्याग गरी बाकी धन इत्यादिलाई रक्षा गरोस् सर्वनाश हुनु त साँचै सही नसकिने हुन्छ। यो अर्थको तात्पर्य विचार गर्न नसक्नाले अर्थात् शास्त्रको मर्म बुझ्न नसक्नाले कसै कसैले खोलामा बगेको मानिसको टाउको समेत काटे। गीता पढ्नाले मानिस जोगी बन्द छ भन्ने मनिसहरू पनि छन्। के गीताको सिद्धान्त बुझेका मानिसले भए त्यस्तो भन्ने थियो ? गीतामा त संन्यास लिन्छु भन्ने अर्जुनलाई यो तिम्रो धर्म होइन तिमीले त कार्यमा प्रवृत्त हुनुपर्छ भनी श्रीकृष्णले भन्नु भएको छ।

सपुराणान् पञ्च वेदान्शास्त्राणि विविधानि च।
ज्ञात्वाप्यनात्मवित्वेन नारदोऽति शुशोच ह॥

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

चारै वेद, पुराणहरू र अनेक शास्त्रलाई जानेर पनि आत्म-ज्ञान रहित हुनाको कारणले नारदलाई अति शोक भयो।

यहाँ प्रश्न यो उठ्न सक्छ कि विद्या जान्नाले मात्र केही हुँदो रहेन छ भने विद्या अध्ययन गर्नेको पनि के काम भयो ? तर त्यस्तो त कसरी भन्नु ? जसलाई शास्त्रले पनि यस्तो बताएको छ—

विद्या ददाति विनयं विनयाद्याति पात्रताम्।
पात्रत्वाद्धनमाप्नोति धनाद्धर्मं ततः सुखम्॥

विद्याले नम्रता दिन्छ, नम्रताबाट पात्रत्वमा प्राप्त हुन्छ पात्रत्वबाट धन पाउँछ, धनबाट धर्म पाउँछ, त्यसपछि सुख हुन्छ।

परन्तु यहाँ विवेक भई ब्रह्मज्ञान प्राप्त हुन्छ नभनेको कारण यो छ। विद्या जान्नु के हो भने खेत नहुनेले खेत प्राप्त गर्नु जस्तै हो। खेत त प्राप्त भयो तर कुन समयमा कुन वस्तु लगाउनु पर्छ, कसरी खनजोत र बीज लगाउनु पर्छ भनी थाहा हुँदैन त्यसैको नाम अविवेक हो।

जब मानिसको हृदय शुद्ध हुन्छ अनि मात्र विचार उत्पन्न हुन थाल्दछ र शास्त्रको विचारद्वारा बुद्धि तीक्ष्ण हुन गई

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

विवेकी समेत बन्न जान्छ। जसलाई केही सिद्धता प्राप्त भएको छ त्यो विचार र पुरुषार्थबाट भ को हो। जुन मानिसले विचारको आश्रय लिएको छ त्यो विचारको दृढताले जसलाई इच्छा गर्छ उसलाई पाउँछ। विचारवान् पुरुष आपदमा पनि आत्तिदैन। जस्तो तुम्बी पानीमा डुब्दैन त्यस्तै त्यो आपदमा डुब्दैन। जो जति गर्नुछ विचार पूर्वक गर्नाले उसको सबै क्रिया सिद्ध हुन्छ र धर्म, अर्थ, काम र मोक्ष समेत विचारको दृढताले सिद्ध हुन्छ। शुद्ध ब्रह्मको विचार गर्नाले ब्रह्मज्ञान प्राप्त हुन्छ। जस्तै दीपकले पदाथको ज्ञान हुन्छ त्यस्तै पुरुष विचारले सत्य असत्यलाई जान्दछ। विवेक राजा हो र विचार उसको ध्वजा हो जहाँ विवेकरूप राजा आउदछँन् त्यहाँ विचाररूप ध्वजा पनि उनैको साथ घुम्छ र जहाँ विचाररूप ध्वजा आउँछ त्यहाँ विवेकरूपी राजा पनि आउँछन्।

यस विषयमा एउटा बड़ो चाख लाग्दो कथा छ—

एक जना अति धनवान् महाजन थिए। उनको एक मात्र छोरा थियो। वृद्ध अवस्थामा उनले तीर्थाटन गर्ने निश्चय गरे। अनि उनले आफूसंग भएको धन पन्द्रह लाख असर्फी एक सानो देवालयको गुम्मजमा गाड़े। उनले आफूले धनगाड़ेको मिति बहिमा लेखेर राखे कि सम्वत १९०० साल चैत्र महीना

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

शुक्लपक्ष अष्टमी दिनको ४ बजे यो महादेवको मन्दिरको गुम्मजमा गाडेर पन्द्रह लाख असरफी राखिदिएको छु। जुन बखतमा आवश्यकता पर्छ उसै समयमा झिकेर लिनु भनी लेखी आफू तीर्थाटन गर्न गएँ।

उनको मृत्यु तीर्थमा नै भयो। आठ दश वर्षपछि व्यापारमा नोकशान पर्नाले जो जति भएको धन समाप्त भयो। र छोरालाई धनको आवश्यकता पर्‍यो। उसले विचार गर्‍यो। मेरो पिता त धेरै धनी व्यक्ति थिए उनले कसैलाई ऋण दिएका छन् कि यदि दिएको भए बहीमा लेखको हुनुपर्छ भनी बहीखाता हेर्‍यो। बहीमा पन्द्रह लाख असरफी गुम्मजमा गाडेको छ भन्ने लेख देख्यो र अति हर्ष पूर्वक मन्दिर भत्काई गुम्मजमा असरफी खोज्यो तर पाउन सकेन, तब त्यो विचार गर्न लाग्यो कि यो बहीमा लेखेको त सत्य हुनुपर्छ। कुरा मैले नबुझेर हो कि भनी उक्त लेख सबैलाई देखायो। जस जसले त्यो लेख हेरे उनीहरूले पनि पन्द्रह लाख असरफी गुम्मजमा गाड़ेको छ भनी पढ़े, परंतु उक्त असरफी नपाएकोमा उनीहरू पनि आश्चर्य मानी लेख त झूठा हुन नपर्ने हो भनी भन्थ्ये। त्यो धनवान्‌को छोराले सो बही धेरैलाई देखाई सक्यो तै पनि असरफी को पत्ता लगाउन नसकी

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

निराश भयो । एवं प्रकारले देखाउँदा देखाउँदा अन्तमा एक वृद्ध विवेकी ब्रह्मचारीको आश्रममा पुग्यो र आफ्नो वृत्तांत हाल सुनायो । ती विवेकीले त्यो बहीलाई देखेर निश्चय गरे कि अवश्य पनि मन्दिरमा पन्द्रह लाख असरफी गाड़ेको छ । अनि ती विवेकी ब्रह्मचारीले त्यो दीन पुरुषलाई मन्दिर पहिलेको जस्तै बनाऊ भनी खर्च दिएर पठाए । जब मन्दिर बनाइसकेका थिए अनि ती विवेकीले त्यस पुरुषलाई अहिले तिमी घर जाऊ मैले डाकेको समयमा आउनु भनी पठाइदिए । आफू भने चैत्र अष्टमीको प्रतीक्षा गर्न लागे । जब चैत्र अष्टमीको दिन आइपुग्यो तब ती विवेकी पुरुषले त्यस दीन पुरुषलाई डाकी मन्दिरमा लिएर गए । दिनको ४ घड़ी पनि व्यतीत भो तब मन्दिरको शिखरको छाया परेको ठाउँमा खन्न लगाए । त्यो पुरुषले उनको आज्ञा अनुसार उक्त ठाउँमा खन्दा पन्द्रह लाख असरफी पायो र सुखैले दिन व्यतीत गर्न थाल्यो ।

जुन कुरा बहीमा लेखेको थियो त्यो सबैले पढे तर विवेक नहुनाको कारण चैत्र महीनाको अष्टमीको दिन ४ घडी बितेपछि शिखरको छायामा खन्नुपर्छ भन्ने कसैले विचार गर्न सकेनन् । केवल पन्द्रह लाख असरफी घटाउन असम्भव भएको गुम्मजमा खन्नु पर्छ भन्ने आज्ञा दिए ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सिद्धान्त—यस्तै प्रकारले संस्कृत अथवा प्राकृत भाषा आदि-का वेदान्त ग्रन्थ बाँच्न त सबै जान्दछन्, त्यसको शब्दार्थ पनि बुझ्ने भन्दछन् कि यो मनुष्य देह मन्दिर हो र यसलाई चार देहमा वर्ण गरेको छ स्थूल सूक्ष्म, कारण र महाकारणको द्रष्टा भई आत्मा यसै भित्र रहेकोछ त्यो हाम्रो स्वरूप हो अर्थात हामी नै त्यही हौं।

तीनै अवस्थाको साक्षीं पंच कोशातीत, सबै वस्तुलाई प्रकाश गर्ने त्यो हामी हौं र हाम्रो आत्मा हो। कुरा त सत्य हो तर के गर्नु जसरी मन्दिरको छायामा गाड़ेको धन प्राप्त गर्न असमर्थ भए त्यस्तै ती ब्रह्म प्राप्त गर्नामा पनि असमर्थ रहन्छन्। जहाँसम्म मानिस आफूले वेदान्तशास्त्र पढेको सुनेको कुरा-लाई एकान्तमा बसी त्यसको विवेक विचार गर्दैन त्यहाँसम्म उसलाई त्यसको वास्तविक तात्पर्य बोध हुँदैन। जस्तै कुनै भोज-भत्यारमा अनेक प्रकारका स्वादिष्ट पदार्थहरू पकाएका हुन्छन्। डाडुले सबैलाई भाग लगाउँछ तर डाडुलाई पदार्थको स्वाद सोध्नु त्यो भन्न सक्तैन, कारण त्यो पदार्थमा डुबेको छ ता पनि त्यसले रसस्वादन गरेको छैन, त्यस्तै वेदान्त शास्त्रको संग्रह र

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अध्ययन गरेको छ तर त्यसको अनुभव गर्न सकेको छैन भने त्यो पनि त्यही डाडु तुल्य हुनेछ ।

यस उसले आफूले पढेको सुनेको जो जति छ त्यसलाई मनन गर्नु अनि विवेक प्राप्त हुन्छ । विवेक प्राप्त भएपछि सत्य र असत्य छुट्याउने ज्ञान हुन्छ, ज्ञान प्राप्त भएपछि म आत्मा, निर्विकार, शुद्ध, ब्रह्म हुँ भन्ने साक्षात्कार हुन्छ र निसन्देह मोक्ष प्राप्त हुन्छ ।

आचरण

प्राचीन कालमा भारतवर्षमा एक राजा थिए। उनको राज्यमा प्रजा सबै सुखले आफूहरूले गर्नु पर्ने कर्तव्य कर्म पालन गर्दथ्ये। ती राजा पवित्र र सात्विक आहारको सेवन गर्दथे। परस्त्रीलाई मातृवत् मान्दथ्ये। अहिंसा परमो धर्म भन्ने सिद्धान्तलाई ज्यादा अपनाउँथ्ये एक दिन प्राकृत सौन्दर्य हेर्ने इच्छा भए छ र उनी बनमा गए। दैवसंयोग त्यहाँ उनको

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

दृष्टिमा एक आश्रम देखा परेछ र उनी त्यस आश्रममा गए। आश्रममा उनले अति तेजपूर्ण ब्रह्मनिष्ठ महात्मालाई देखी प्रणाम गरी केही आहार संबन्धी प्रश्न गरे ?

महात्मा उत्तर दिनुहुन्छ--

सर्वागमानामाचारः प्रथमं परिकल्प्यते ।
आचारप्रभवो धर्मो धर्मस्य प्रभुरच्युतः ॥

महाभारत अनुशासन पर्व अ० १४९।१३७

सब शास्त्रहरूमा सबभन्दा प्रथम आचारकै नै कल्पना गरिन्छ, आचारले धर्म उत्पन्न हुन्छ र धर्मको प्रभु श्रीअच्युत भगवान् हुनुहुन्छ ।

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः ।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥ गीता १७।७

आफ्नू आफ्नू प्रकृति अनुसार सबको प्रिय आहार तीन प्रकारको हुन्छ । त्यस्तै तीन तीन प्रकारको यज्ञ, तप र दानको पनि भेद हुन्छन् । ती भेदहरू कस्ता हुन्छन् सुन—

आयुः सत्त्वबलारोग्य सुखप्रीतिविवर्धनाः ।
रस्याः स्निग्धाः स्थिरा हृद्या आहाराः सात्विकप्रियाः ॥
गीता १७।८

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आयु, बुद्धि, बल, आरोग्य, सुख र प्रीति बढाउने, रसिला, चिप्लो, अडिलो, खाँदा खुशी लाग्ने आहार सात्विक मानिसलाई मिठा लाग्ने हुन्छन् ।

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ॥ गीता १७।९

पिरो, अमिलो, नुन चर्को भएका, सारै तातो हरक धेरै आउने, रूखा, पेटपोल्ने, दुःख, शोक र रोग उत्पन्न गराउने प्रकारका भोजन राजसिक प्रकृति भएका मान्छेलाई मन पर्ने हुन्छन् ।

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ॥ गीता १७।१०

जो भोजन आधा काँचो, रस नभएको, गन्हाउने, बासी, जुठो औ अपवित्र छ त्यो भोजन तामसिक मान्छेलाई प्यारो लाग्छ ।

जस्तो प्रकारको आहार सेवन गर्‍यो उस्तै प्रकारको गुण बन्दछ र कर्म पनि उही माफिकको गर्छ किन कि अन्नबाट मन बन्ने भएको हुँदा सात्विक भोजनबाट सत्वगुण, राजस

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भोजनबाट रजोगुण र तामस भोजनबाट तमोगुणको वृद्धि हुन्छ । त्यसकारण मानिसले सदा सात्विक भोजन सेवन गर्नु, सत्य भाषण गर्नु, सत्वगुणमा रहनु, सत्य व्यवहार गर्नु इत्यादि· बाट मानिसलाई सत् स्वरूपको ज्ञान हुन्छ ।

महात्माको यस्तो प्रकारको कुरा सुनी राजा भन्दछन्— मैले परस्त्रीलाई मातृवत मानेको छ, अहिंसा परमो धर्मः लाई मानेको छ, सात्विक भोजनको सेवन गरेको छ र मदिरा पान गर्दछु किनकिमदिरा फलफूलको बन्ने हुनाले त्यो सर्वतत्तुल्य छ, त्यसलाई ब्राह्मण क्षत्री आदिले पनि सेवन गरे हुन्छ, त्यसमा केही दोष छैन भनी राजाले भने ।

महात्मा उत्तर दिनु हुन्छ—अरू सबै तिम्रो आचारण त सत्वगुणयुक्त हुनाले ठीक छ परन्तु मदिरा पांन गर्नू उचित होइन । वस्तु फलफूलको भएर के गर्नू त्यसको गुण खराब भएको हुँदा अरू सबै गुणलाई पनि नष्ट गर्दछ । जस्तै एकै वृक्षमा रहेको अग्निले सबै वनलाई भस्म गरिदिन्छ राजा— त्यस्तो पनि कहिले हुन सक्दछ ? म त यो तपाईंको मदिरा पान गर्नु हुन्न भने सिद्धांतलाई अनुचित मान्दछु ।

महात्मा—आज समय पनि छैन तिमीलाई राजमहलमा जान बिलंब होला यस उसले अहिले जाऊ र आजको हसा

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दिनमा आउनु अनि यस विषयमा केही उपदेश गरौंला भनी राजालाई आज्ञा गरे । राजा पनि आफ्नो दरवारमा फर्की आए । महात्माले आफ्नो सङ्कल्पबाट एउटा अति सुनदर सबै मालमत्ताहरूले सजिसजाऊ भएको महल सृष्टि गरेर एउटा कोठामा एक अति मनोहर सुनदरी, मदिरा, मांस, तलवार र एक अति लामो दारी भएको वृद्ध पुरुष यी पांच थोक राखेका थिए ।

सात दिनको दिन राजा पनि महात्मा कहाँ आइपुगे । महात्माले राजालाई त्यो सङ्कल्पबाट सृष्टि भएको दरवारमा घुमाउन लगे । सबै कोठाहरू एक एक गरी देखाई सकी अन्तमा त्यही पाँच थोक राखेको कोठामा लगे । महात्मा भन्दछन्—राजन् यिनीहरू मध्ये जुन चीज तिमीलाई मन पर्छ ग्रहण गर । महात्माको त्यो कुरा सुनि राजाले विचार गरे कि, म एक पत्नी व्रत पुरुष भएकोले ती सुन्दरी मेरी माता तुल्य हुन्, मांस र तलवार पनि म वैष्णव भएको हुँदा व्यर्थ छ इत्यादि विचार गरी मदिरा त आफूले सदा सेवन गरेको चीज हुँदा अब यही नै पिउछु भनी पिए । राजाले मदिरा पान गर्न लागेपछि महात्मा त्यस ठाउँमा नवसी तलतिर आए । मदिरा पानमा एक आश्चर्यजनक आकांक्षा उठ्छ । त्यो हो मदिरापानको साथसाथै सितन् पनि खानु, त्यस समयमा अरू

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कुनै पदार्थ नहुनाको कारण राजाले वैष्णव नियम छोडी मांस पनि खाए। मदिराको केही नशा चडेपछि स्त्रीगमन गर्न अभिलासा हुँदोरहेछ त्यस समयमा आफ्नो स्त्रीको अभाव भएकोले राजा ती सुन्दरीलाई समात्न लागे तर उनीले वृद्ध पुरुषको लाजले गर्दा मानिनन्। अनि राजाले तलवारले त्यो वृद्ध पुरुषको शिरश्छेदन गरी सुन्दरीमा गमन् गरे। मदिराको नशामा परेको पुरुषले दिदी बहिनी, भाउजू बुहारी, जात कुजात इत्यादिको विचार नगरी दुष्कर्म गर्छ भनेको ठीकै होला किनकि त्यस समयमा त्यो पुरुष किं कर्तव्य विमूढ़ हुन्छ र यो कुरा बोल्नु हुन्छ यो कुरा बोल्नु हुन्न भन्ने ज्ञान समेत नभई बिहोसमा परी बाटामा लडेर मुखमा कुकुरले मुतेको समेत थाहा पाउदैन। हुन पनि किन नहोस् जसलाई यो मेरो शरीर हो भन्ने ज्ञानै हुदैन भने अरू कुरा को ज्ञान भएन भनेर के को आश्चर्य।

महात्माले अब त राजालाई नशाले छोड्यो होला भनी निश्चय गरी राजा भएको ठाउँमा गए। महात्मालाई आफ्नो अगाडि खडा भएको देखेर राजाले प्रणाम गरी क्षमा मागे। अब यो कर्म मेरो जीवन रहुन्ज्याल गर्ने छैन मलाई ज्ञान दिनुहोस् भनी बिन्ति गरे।

महात्मा भन्दछन् अब त तिमीलाई मैले मदिरा पान गर्न हुन्न त्यसको गुण खराब छ भनेको कुराम चित्त त बुझ्योहोला।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आफूलाई सत्वगुणी मानेका थियौ त्यो एउटा मदिरा पान गर्नाले पाँचैओटा कर्म गऱ्यौ। अब जे भयो, भयो फेरि त्यो कर्म कहिले नगर्नू। चित्तशुद्धिको विषयमा केही ज्ञान बताउँछु त्यो सुन।

चित्त शुद्धिको कर्म--खराब कामको र आवश्यक नभएको संकल्पको त्याग गर्नु नै चित्त शुद्धिको पहिलो उपाय हो। जुन कामबाट आर्काको अहित हुन जाने हुन्छ, त्यस विषयको संकल्प खराब संकल्प हो। जस्को वर्तमान कालमा संबन्ध छैन, जुन संकल्पलाई पूरा गर्नको योग्यता छैन, अथवा शक्ति या योग्यता भए पनि वर्तमान कालमा पूरा गर्न आवश्यक नहोला अथवा शंभव नहोला यस्तो संकल्पको नाम अनावश्यक संकल्प हो। यति कुरा हटेर गएपछि मनुष्यको मनमा आवश्यक र राम्रो संकल्प उठ्दछ, उसको पूर्ति स्वयं हुन्छ यो सामान्य प्राकृत[1] नियम हो।

आवश्यक संकल्प उसलाई भन्दछन्, जसमा साधकीको प्रवृत्तिको[2] नितान्त जरूरीछ। एवं प्रकार शुद्ध भएपछि भगवान्को भक्त बनिन्छ र भगवान्ले पनि आफ्नो भक्तको मलदोष[3] र विक्षेप दोषलाई[4] नष्टगराई दिनु हुन्छ। मल र विक्षेप यी दुइ दोष

१ प्राकृत = स्वाभाविक २ प्रवृत्ति = लाग्नु

३ मलदोष = जन्मजन्मान्तरको पाप

४ विक्षेपदोष = चित्तको चंचलता

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

नष्ट भएपछि त्यस भक्तको जीवनमा सबै प्रकारको दुःख निवृत्ति हुनाको कारण स्वाधीनता र स्वगत सामर्थ्यको अनुभव हुन्छ। अनि त्यो पुरुषलाई ज्ञानको अधिकार हुन्छ र वेदान्त शास्त्रको रहस्य बुझ्न सक्ने सामर्थ्य प्राप्त हुन्छ। यो सबै भएपछि त्यो पुरुष केही समयमा आवरणदोषलाई[1] समेत हटाई आफ्नो स्वरूप स्थितिमा प्रवेश गर्छ।

दृष्टान्त –एकजना मानिस सुब्बा जागिर थिए। उनको पाँच वर्षको एक बालक पुत्र थियो। उनी अड्डाबाट घर फर्केर आई कोठामा बसेका थिए। बालक छोरा—आफ्नो पिताको काखमा बस्न भनी उनको नगीच आएको देखेर उनी पर-पर भागे। बालक पिताले आफूलाई काखमा बस्न नदिएकोले रुँदै माता कहाँ गयो र भन्यो कि मलाई पिताजीले काखमा लिनु भएन। छोराको यो कुरा सुनी माता भन्दछिन् तँलाई पिताले काखमा नलिएको कारण मलाई थाहाँ छ। तँलाई पिताको माया नभएको कहाँ हो र ? उहाँको वस्त्र सुकिलो भएकोले तेरो शरीरको र मैलो वस्त्रको फोहोर लाग्ला भनी काखमा न लिई पर-पर भाग्नु भएको हो भनी पुत्रलाई न्वाई ध्वाई गरी सफा वस्त्र लगाई दिई पिताको समीपमा पठाइन्, अनि पिताले पनि खूब प्रेमका साथ पुत्रलाई काखमा राखे।

---

१ आवरणदोष = स्वरूपको अज्ञान

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सिद्धान्त—भक्ति भनेकी माता हुन्, पिता भनेको ब्रह्म हुन् र पुत्रभनेको साधकी जीव हो। यदि जुन साधकीले पहिले भक्ति नगरी ब्रह्म प्राप्त गर्छु भन्ने उद्देश्यमा लाग्छ भने त्यसको त्यो साधन व्यर्थ हुन्छ। भगवान्को भक्ति माता तुल्य छिन् र तिनीले भक्तको मलदोष र विक्षेपदोषलाई नाश गरिदिन्छिन्। अनि त्यो पुरुषको अन्तःकरण शुद्ध हुन जान्छ र ज्ञानको अधिकारी भई ज्ञानद्वारा आवरणदोषलाई पनि नाश गर्छ। त्यसपछि ब्रह्म प्राप्त गर्छ अर्थात् जसरी पिताले पुत्रलाई आफ्नो काखमा राखे त्यसै गरी ब्रह्मले पनि त्यो ज्ञानी भक्तलाई आफैमा लीन गराउनु हुन्छ यो निश्चय छ। यसकारण जसले पहिलेदेखि भऱ्याङको खुडकिला नियम पूर्वक चढिआएको छ त्यसलाई बाकीं खुडकिला चढन केही कठिन पर्दैन, जो पुरुष एकै चोटी सबै खुडकिलोलाई चढ्दछु भनी लाग्छ अवश्य त्यो लडिहाल्छ यसमा केही सन्देह छैन। इत्यादि महात्माको उपदेश सुनी राजाले अति हर्ष मानी महात्मालाई प्रणाम गरी आफ्नो महलमा फर्किआएर महात्माको उपदेश पालन गरी जीवन व्यतीत गर्न लागे।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कर्म र भाग्य

कर्म नगरी कोही पनि केवल भाग्यले मात्र सफलता प्राप्त गर्न सक्तैन। कर्म र भाग्य भनेको रथका पांग्रा तुल्य हुन्। यी दुइ पांग्रामा एकको पनि नाश भयो भने अर्को एक पांग्राले मात्र रथलाई चलाउन समर्थ हुंदैन, त्यस्तै कर्म र भाग्य छन्। बिना बीजले कुनै अन्न उत्पन्न हुदैन, यसकारण बिना बीज खेत जोत्नु व्यर्थ छ र त्यसको केही फल हुँदैन, त्यस्तै प्रकारले बिना उद्योग केही हुँदैन र पूर्व जन्मको संचित कर्म बिना वर्तमानको उद्योगले केही दिदैन। जस्तो कि, खेत र बीजको सम्बन्धले फल स्वरूप अन्न उत्पन्न हुन्छ, त्यस्तै नै उद्योग र भाग्यको सम्बन्धले फल उत्पन्न हुन्छ। अतः उद्योग क्षेत्र हो र भाग्य बीज हो। मनुष्य जस्तो कर्म गर्छ उस्तै फल पाउँछ। सुख दुःख रूपी फल भोग गर्दछ। कर्मले नै मनुष्यलाई शुभाशुभ फल दिन्छ। जसले जति प्रतिष्ठा[1] प्राप्त गरेको छ त्यों पनि कर्मबाट प्राप्त गरेको हो, बिना कर्म केही पनि हुन सक्तैन। यसै कुरालाई लिएर ऋग्वेदमा भनेको छ (उच्छ्रयस्व महते सौभाग्याय) महान सौभाग्य प्राप्तिको निमित्त

१ प्रतिष्ठा = इज्जत

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उन्नतिशील बन्नुपर्छ। यो कुरा त हामी सबैलाई थाहा नै हुनुपर्छ कि कर्महीन मनुष्यलाई धन, मित्र, कुटुम्ब, लक्ष्मी आदि प्राप्त हुन सक्तैन, यसै कुराको सिलसिलामा अर्जुनलाई श्रीकृष्ण गीतामा भन्नु हुन्छ—

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मणः।
शरीरयात्रापि च ते न प्रसिद्ध्येदकर्मणः॥ ३८

शास्त्रले गर्न पर्छ भनेर बताएको कर्म तिमी अवश्य गरः कर्म नगर्नु भन्दा कर्म गर्नु बढिया छ। केही कामै नगरेको खण्डमा त तिमीलाई जीवन निर्वाह गर्न पनि कठिन पर्न हुन्छ।

यदि कोही मानिसले राजाको हितको उद्देश्य लिएर मार्गमा राजाको जय होस् भनी निरन्तर बहुलाले कराए झैं गरी कराई हिंड्यो भने त्यसलाई अवश्य पनि बहुला भएछ भनी उल्टो पागलखानामा थुनिदिन्छन्। त्यस्तै एउटा अड्डाखानामा दुइ कर्मचारी रहेछन्। तिनमा एउटा भने आफूले गर्न पर्ने कर्म गर्दो रहेछ, आर्को भने कर्म नगरी केवल हाम्रो राजाको जय होस् भनी समय व्यतीत गर्दोरहेछ। केही दिनपछि राजाले अड्डाखानको निरीक्षण गर्न गएछन्। त्यो कर्म गर्नेले अनेक प्रकारको उद्योग गर्दै गएको देखी राजा खुशी भई मान बढाई दिएछन्। आर्को कर्म नगर्ने केवल जय

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

चिताउनेलाई भने निमक हराम भनी जागिरबाट खोसिदिएछन्। यस्तै कुरा विष्णुपुराणमा पनि भनेको छः—

अपहाय निजं कर्म कृष्ण कृष्णेति वादिनः।
तेहरेर्द्वेषिणः पापाः धर्मार्थं जन्म यद्धरेः।

आफ्नो स्वधर्मोक्त कर्मलाई छोडेर केवल कृष्ण-कृष्ण भनेर रहने मानिस जो हो त्यो हरिको द्वेषी र पापी समेत हो। किन कि स्वयं हरिको जन्म पनि त धर्मको रक्षाका लागि नै भएको न हो। जो भगवान् विष्णु देवता, दैत्य, मनुष्य आदि-लाई जन्म दिनु हुन्छ र त्रैलोक्य स्वामी मानिएको हुनुहुन्छ वहां पनि क्षीरसागरमा ध्यानावस्थित् भएर आफ्नो कर्म अर्थात् तपश्चर्या गर्नु हुन्छ। विष्णु भगवान्ले यसै कुरालाई लिएर श्रीमद्भागवतमा ब्रह्माजीलाई भन्नु भएको छ—

सृजामि तपसैवेदं प्रसामि तपसा पुनः।
बिभर्मि तपसा विश्वं वीर्यं मे दुश्चर तपः। २।९।२३।

तपले नै म संसारको उत्पत्ति गर्दछु, तपले नै कल्पको अन्तमा त्यसलाई आफूमा लीन गर्दछु र तपले नै त्यसलाई पालन गर्दछु। दुश्चर[1] तप नै मेरो वीर्य र बल हो। परन्तु धेरै मानिसहरू उपर्युक्त कुरा थाहा नपाई भाग्यको भरोसामा रहन्छन् र कर्म नगरी भन्दछन् कि, भाग्यमा जस्तो छ उस्तै

१ दुश्चर = गाह्रो

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

हुन्छ कर्म गर्नाको केही आवश्यकता छैन भन्दछन् । ती मूर्खहरू यो कुरा जान्दैनन् कि कर्म नगरे फल कहाँबाट प्राप्त हुन्छ । अतः मनुष्यले कहिले पनि कर्म नछोड़ोस् फेरि भाग्यमा जस्तो छ त्यो अवश्य प्राप्त हुन्छ । कर्म नगरेको खण्डमा त केवल भाग्य कसैलाई केही दिन सक्तैन ।

उसोभए भगवान्को नाम उच्चारण, कीर्तनादिको महत्व के भयो त फेरि कलिमा (कलौ केशव कीर्तनात् भनेको के अर्थ भयो भनी प्रश्न उठ्न सक्छ । यहाँ लेखकको उद्देश्य भगवान्को नाम उच्चारण र कीर्तन नगर्नु भन्ने होइन, नाम उच्चारणभन्दा श्रीकृष्णले बताउनु भएको श्रीमद्भगवद्गीता, श्रीमद्भागवतपुराणहरूमा बताएको कर्म गर्न झन् बढ़ता उचित छ । त्यस्तै रामायणमा रामले गर्नु भएको कर्म हामीहरूले गर्‍यौं भने त्यसबाट भगवान् चाँडै नै खुशी हुनु हुन्छ कि भन्ने मेरो भनाई हो ।

भागवतमा श्रीकृष्णजी नन्दलाई यस विषयमा बताउनु हुन्छ—

अस्ति चेदीश्वरः कश्चित्फलरूप्यन्य कर्मणाम् ।
कर्तारं भजते सोऽपि न ह्यकर्तुः प्रभुर्हि सः ॥
भाग० १०।२४।१४

यदि अरुकोलाई कर्मको फल दिने कोही ईश्वर भए पनि सो कर्म गर्नेलाइ मात्र फल दिनमा समर्थ हुनसक्छन् र कर्म नगर्ने-लाई फल दिन त उनैको पनि सामर्थ छैन । मारकण्डेय पुराण—

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

(उद्युक्तानां मनुष्याणां गम्यागम्यं न विद्यते)। उद्योगी व्यक्तिको सामने साध्य-असाध्यको प्रश्न उठ्दैन, उसका लागिमा त सबैथोक साध्य हुन्छ। महाभारत--

उत्थातव्यं जागृतव्यं योक्तव्यं भूतिकर्मसु।
भविष्यतीत्येव मनः कृत्वा सततमव्यथैः॥

स्वपुत्र संजयलाई भनेको विदुलाको यो बचन हो-उठ, आलस्यलाई त्याग गर, कल्याण कर्ममा आफूलाई लगाऊ। यसप्रकार मनलाई चिन्तामुक्त गरेर कार्य गऱ्यौभने अवश्य सफल हुनेछौ।

जब कि देवलोकसम्म पनि यस कुराको नियम छ कि उत्तम कर्म नगरेमा इन्द्रादि पनि आफ्नो स्थानबाट च्युत[1] हुन जान्छन् तब तिनीहरू यो कसरी स्वीकार गर्न सक्छन् कि संसारका प्राणीहरू अनुचित कर्म गरेर र अकर्मण्य बनेर पनि सुख भोगुन्। ती त यस्ता प्राणीहरूको लागि कुनै नकुनै विघ्न अवश्य पनि गरिहाल्दछन्। देवताहरू तपस्वीहरूको तपस्यामा सदैव बाधा उपस्थित गर्दछन, परन्तु तपस्वीहरू त्यसको कुनै पर्वाह नगरी आफ्नो कर्तव्य पालन गरेर छोड्दछन्। यसउसले विचार गर्दा कर्मको प्रधानता बडो महत्वको छ।

आत्मा नै आफ्नो शत्रु र मित्र हो तथा आत्मा नै आफ्नो पुण्य र पापको साक्षी छ र यो आत्मा बडो चतुर छ, यसकारण मनुष्यको लागि यो उचित छ कि, त्यसकोद्वारा शुभा-शुभ

१ च्युत = पतित

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कर्महरूलाई जानेर शुभ कर्म गरोस्, किन कि शुभ कर्मले पुण्य-लोक प्राप्त हुन्छ र जो पुण्यात्मा छ उसलाई दैव पनि केही गर्न सक्तैन। उसका पुण्यको अगाडि कसैको पनि केही शक्ति चल्न सक्तैन। त्यस्तो कर्मनिष्ठ मानिस जो छ त्यसको पहिले आफ्नो कर्तव्य अर्थात् कर्म सहायक हुन्छ, फेरि पछाडि उसलाई सहायता गर्नको लागि भाग्यले पनि अवश्य केही न केही साथ दिन्छ। जुन प्रकार वायुको सहायता पाएर अलिकति अग्निले पनि ठूलो काम गर्छ अर्थात् भयानक रूप धारण गर्दछ त्यस्तै उत्तम कर्म गर्नेलाई भाग्यले पनि अवश्य केही नकेही सहायता दिन्छ। परन्तु यस मर्त्य-लोकमा रहेर पनि यदि मनुष्य कर्म गर्दैन भने भाग्य अर्थात् प्रारब्धले सहायता गर्नु असम्भव छ। जुन किसिमले गुरुको आज्ञामा शिष्य तत्पर रहन्छ उस्तै किसिमले कर्मको आज्ञामा प्रारब्ध पनि तत्पर रहन्छ।

कलिः शयानो भवति, सञ्जाग्रद् द्वापरः स्मृतः।
उत्तिष्ठमानस्त्रेता स्यात्, कृतं सम्पद्यते चरन्॥
चरैवेति, चरैवेति।

सुतिरहनु कलियुग हो, बिउँझिरहनु नै द्वापर हो, उठेर बस्नु नै त्रेता हो र हिंड्नु नै सत्ययुग हो। अतः हिंडिराख, हिंडिराख। यी स्मृति र श्रुतिले यसै कुरालाई पुष्टि दिन्छन्।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

शिष्य बन्ने योग्यता

एक दिन एकजना मानिस श्रीवल्लभाचार्यजीसंग मन्त्र सुन्ने उद्देश्यले गएछ। श्रीवल्लभ स्वामीले उसलाई सोध्नु भएछ कि यी सांसारिक वस्तुहरूमा तिमीलाई सबभन्दा ज्यादा प्रेम के मा छ ? उसले उत्तर दिएछ कि दुनियाँमा कुनै वस्तुमा पनि मलाई अनुराग छैन। यो कुरा सुनी स्वामीले भन्नु भयो—म तिमीलाई आफ्नो शिष्य बनाउँदिन किनभने यदि तिम्रो मन मा कुनै पनि सांसारिक वस्तुमा प्रेम भएको भए त्यसलाई हटाएर म ईश्वरपट्ट लगाइदिनेथिएँ। तिम्रो हृदय त पाषाण तुल्य रहेछ त्यसमा प्रेमको अंकुर पलाउँदैन। जहाँ एकदम प्रेमको अभाव छ वहाँ कुन प्रकारले भगवत्प्रेम जाग्रत हुन सक्छ भनी उसलाई मन्त्र सुनाई शिष्य बनाउन् भएनछ।

कुनै एक महात्मा कहाँ दुइ जना मानिस शिष्य बन्ने उद्देश्य-ले गएछन्। ती दुवैलाई महात्माले कसैले पनि नदेख्ने गरी जंगलबाट एकएक परेवा मारेर लिई आऊ भनी आज्ञा दिनु भ छ। ती दुबै हातमा धनुष-बाण लिएर परेवाको शिकारमा जंगल पसेछन्। एउटाले रूखमा परेवालाई देखेछ र चारैतिर हेरी कसैलाई पनि नदेखी परेवालाई बाण हानी मारेर महात्मा-को अगाडि राखिदिएछ। आर्को चाहिंले पनि परेवालाई देखेछ र

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

बाण नहानी विचार गर्न लागेछ कि जुन परब्रह्मबाट आकाशादि महाभूतहरू सहित चराचर जगत् सृष्टि भएकाछन् र सबैमा उनी सूक्ष्म रूपले रहेका छन्, उनी साक्षी रूपले हृदयमा रहेका हुँदा मन बुद्धि आदिको संकल्प विकल्पलाई जान्दछन्, उनी चक्षु बिना नै सबै ब्रह्माण्डलाई देख्तछन् तीनै परब्रह्म मेरो हृदयमा स्थित छन् र ती मेरा आत्मा हुन्। यसकारण आफूले आफैलाई देखिरहेको छ भने कसरी एकान्त भो र कसैले देखेको छैन भनी मार्नु। आत्माको त के कुरा यीनै पंचमहाभूत आकाश, वायु, जल, तेज पृथ्वी इत्यादिले पनि त देखिरहेका छन् भने कसरी मारौं भनी नमारी त्यसै फर्की आएछन्। ती महात्मा-ले किन तिमीले परेवा मार्न सकेनौ भनी सोद्धा तिनले आफ्नों विचार प्रगट गरी सुनाए छन्। महात्मा अति खुशी हुनुभई तिनलाई आफ्नो शिष्य बनाउनु भएछ। अर्कों जो हरिलण्ठ परेवा मारी ल्याउनेलाई भने शिष्य बनाउनु भएनछ।

अर्को एक उपमा—युगल नाम गरेको अट्ठार वर्षको नवयुवक एक केटो बड़ो हरि भक्त थियो। संयोगबस ऊ एक दिन गुरु गोरखनाथ कहाँ पुगेछ। युगलको वहाँसंग मंत्र सुन्ने इच्छा थियो। धेरै कालसम्म गोरखनाथको सेवा गरेर बस्यो। चार वर्ष व्यतीत भएपछि गोरख-नाथले सोध्नु भयो कि म कहाँ तिमी के उद्देश्यले आएका हौ? युगलले हात जोडी भन्यो तपाईं कृपापूर्वक

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गुरु मन्त्र दिनुहोस् यही मेरो प्रार्थना छ। यो कुरा सुनेर गुरुले केही पनि उत्तर नदिई एक दिन परीक्षा गर्ने मन भएछ र त्यो केटोलाई एउटा बिरको लगाएको खप्पर दिई त्यसलाई रावी नदीको पारीपट्टि बस्ने एक व्यक्तिलाई दिएर आऊ भनी पठाउनु भएछ।

खप्पर लिएर युगल गयो, परन्तु त्यस भित्र के राखेको होला भनी त्यो जान्नलाई कौतूहल लागेछ र मार्गमा खोले छ। खोल्ना साथ त्यहाँबाट एउटा मूसा निस्किभागे छ। तब युगल अति निराश भएर विचार गर्न लागेछ कि अब त्यो मानिस कहाँ जाउँ कि अथवा गुरु गोरखनाथ कहाँ नै फरकौं? धेरै बेर विचार गरी त्यही मानिस कहाँ गएछन्, युगललाई आएको देखेर ती मानिसले केही हांसी भने—तिमीले गुरु गोरखनाथ-शंग दीक्षा लिन प्रार्थना गरेका थियौ? युगलले भने—हो। अनि ती मानिसले भने गुरुले तिम्रो परीक्षा लिनको लागि नै खप्परमा मूसा राखेर म कहाँ पठाउनु भएकोथ्यो। जब तिमीले एउटा मूसालाई समेत सम्भालन सकेनौं भने परमात्माको त्यस महान् नामलाई कसरी सम्भालन सकलाऊ? युगल अत्यन्त लज्जित भएर गुरु गोरखनाथ कहाँ फर्किआयो। गुरुले युगल-लाई भन्नु भयो, हिजो रातमा मैले प्रभुशंग तिमीलाई मंत्र दिउँ कि न दिऊ भनी सात पटक सोद्धा पनि केही आज्ञा दिनु भएन। तै पनि मैले तिम्रो परीक्षा गरें। त्यसमा पनि सफल हुन

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

सकेनौं। अब आफ्नो देश जाऊ भन्नु भएछ। युगलले अति विनय भावले भने—गुरुदेव! मेरो कल्याणको लागि कृपा गरेर केही मलाई उपदेश दिनुहोस्। गुरुले केही उपदेश दिई विदा गर्नु भएछ।

साधरणतया मन्त्र कानमा फुक्नेलाई गुरु भन्ने प्रथा चलेको छ। परमात्मा त आकाश जस्तो विशाल छ, समुद्र जस्तो अगाध छ। त्यसमा विश्वास पारिदिने गुरु त आज भोलि पाइन गाह्रैपर्लो कि। आजकाल त कतिपय गुरु भनाउँदा हरूमा यही नै प्रथा चलेको छ। चार पांच वर्षका बालकहरूका कानमा समेत मन्त्र फुकी शिष्यको संख्या र धनको संख्या बढाउने। अब यस्ता स्वार्थले परीपूर्ण भएका गुरुहरूमा कसरी ब्रह्मज्ञान होला र शिष्यलाई पनि ज्ञानी बनाउन सक्लान्। स्वार्थले गर्दा शिष्य दोषी भयो भने गुरुमा समेत त्यो दोष आउँछ भन्ने विचारहुँ दोरहेनछ क्यारे। प्राचीनकालमा अर्थात् वेद, धर्म, शास्त्रादिमा जुन गुरुको महिमा वर्णन गरेको छ त्यसको समेत आज महत्व घट्दै गएको मूलकारण यस्तै गुरु भएर न हो। जतिको शिष्य बन्नलाई योग्यता चाहिन्छ, योग्यता गुरु बन्नलाई झन् अत्यधिक चाहिन्छ। यो वेदान्त संग्रह पुस्तकमा गुरुको विषय धेरै लेख परेकाछन्। त्यसको अध्ययन गरेमा गुरु कस्तो हुनुपर्दो रहेछ भन्ने केही ज्ञान हुन सक्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गुरु-शिष्य

गुरु प्रश्न गर्नु हुन्छ-तिमीलाई दिनको समयमा पदार्थहरू-लाई देखाउने कुनचाहिं ज्योति हो ?

शिष्य उत्तर दिन्छन्-मलाई दिनमा सूर्य र रात्रिको समयमा चंद्रमा तथा दीपक प्रकाश प्रदान गर्छन् ।

गुरु-यी सूर्य र चंद्रमालाई देख्न तिमी कुन ज्योतिबाट काम लिन्छौ ?

शिष्य—नेत्रद्वारा ।

गुरु—नेत्र चिम्लिदा ?

शिष्य—बुद्धिले ।

गुरु—बुद्धिलाई प्रकाशित गर्ने तिमीसंग कुन साधन छ ?

शिष्य—बुद्धिलाई प्रकाश गर्ने चाहिं त मै नै हुँ ।

गुरु—ठीक हो त्यसो भएदेखि तिमी नै सम्पूर्ण ज्योतिहरू-मा पनि उत्कृष्ट परम ज्योति हौ ।

शिष्य--हो भगवान् ! मै नै हुँ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सत्-चित्-आनन्द

मनुष्यहरू आफू सत्-चित्-आनन्द स्वरूप ब्रह्म हुँदा हुँदैमा पनि विवेक विचार गर्न नसक्नाले म मनुष्य हुँ भनी ठान्दामा बड़ो दुःख पाएकाछन्। यसैकारणले अब मुमुक्षुहरूको सच्चिदानन्द स्वरूपको लक्षण बताइन्छ।

प्रथम सत्को लक्षण कसो भने कोही कालमा तिमी नभएको तिमीलाई थाहा छ कि भनी कोही पुरुषलाई सोध्नु त्यो पुरुषले कोही कालमा त म नभएको पनि मलाई थाहा छ भन्यो भने आफू नभएको थाहा पाउने जो हो सोही आफू हो भनी जान्नु। यसैकारणले आफू नभएको काल कहिले पनि हुँदोरहेनछ भनी निश्चय गर्नु अथवा त्यो पुरुषले त आफू नभएकोपनि कहिले हुन्छ भन्यो भने पनि आफू सदा रहेकै रहेछ भनी जान्नु। यो माथि लेखिएको कुराको विचार गरेर मेरो नाश कहिले पनि हुँदोरहेनछ अर्थात् म कहिले पनि मर्ने रहेनछु, म सत् स्वरूप अविनाशी पो रहेछु भनी मुमुक्षु पुरुषहरूले खूब विवेक विचार गरी मनमा निश्चय राख्नु यो सत्को लक्षण हो।

अब चित्को लक्षण--कसोभने मनुष्यहरूलाई यो विषयको देखिएको सुनिएको वस्तु जुन हो त्यो मन बुद्धिले जान्दछ भन्ने मानेका छन्। यो मन बुद्धि त जड वस्तु हुनाले केही कुरा जान्न सक्दैन। यो मन बुद्धिले सब कुरा जान्दछ भने

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

माटाको घडाले पनि सबै कुरा जान्न पर्ने हो, किनभने यो मन-बुद्धि माटाको घडा दुवै अज्ञानको कार्य हो। कारण भएको अज्ञान त जड छ भने कार्य भएको मन बुद्धि पनि जडै हुन्छ। यस अर्थ जड वस्तुले केही जान्न सक्तैन भनी भनेको हो फेरि कसैले जाग्रत स्वप्न अवस्थामा त सब कुरा मन बुद्धिले पो जान्दछ भनी भन्दछ भने सुषुप्ति अवस्थाबाट जागेपछि अर्थात् मस्त निन्द्राबाट उठेपछि म खूब आनन्दले सुतेको थिएँ भनी मनुष्यहरू भन्दछन्। त्यो मस्त निन्द्रामा त मन बुद्धि हुँदैन, त्यहाँ भएको त्यो आनन्द जान्नेको हो भने आत्मा हो। त्यही आत्मा भनेको आफू हो, फेरि त्यही मस्त निन्द्रामा भएको आनन्द आत्मा जो हो त्यसैले जाग्रत अवस्था, स्वप्न अवस्था यी दुवै अबस्थामा भएको कुरा सबै जान्ने पनि त्यही हो भनी जान्नु। यसकारण आत्मा भनेको म आफू जोहुँ, चैतन्य स्वरूप सकल बस्तुलाई जान्ने अर्थात् जाग्रत स्वप्न सुषुप्ति यी तीने अवस्थालाई प्रकाश गर्ने मै रहेंछु भनी मुमुक्षुले मनमा विवेक विचार गरी निश्चय गर्नू, यो चित्‌को लक्षण हो।

आनन्दको लक्षण-कुनै किसिमको मालमत्ताहरू आफूले पाउदाँखेरि यही विषयमा पो आनन्द रहेछ भनी मूर्ख मनुष्य-हरू ठान्दछन्। त्यो विषयमा त आनन्द छैन, जस्तै कोही मनुष्य-लाई कसैले एउटा गाई दियो भने त्यो के भन्दछ। मैले एउटा गाई पाएँ मलाई बडो आनन्द भयो भन्दछ तर त्यो मनुष्यलाई

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

गाई पाएर आनन्द भएको होइन। यदि त्यो मनुष्यलाई गाईबाट आनन्द भएको भए त त्यो गाई भोलिपल्ट किन दुःख दिने हुन्थ्यो ? के खानदिने कहाँ चराउनलाने इत्यादिबाट झन् दुःख उत्पन्न गराउने हुन जान्छ। उसो भए त्यस पुरुषलाई पहिले गाई पाउँदा किन आनन्द भयो भन्छौभने त्यो गाई पाउँदा त्यसलाई आनन्द भएको होइन। कारण आनन्दस्वरूप आफै हुँदा हुँदै पनि गाई पाए हुँदो हो अथवा विषयको केही वस्तु पाए हुँदो हो भन्ने इच्छा लिएर आफ्नो मन बाहिर गएको हुन्छ। जब आफूले इच्छा गरेको वस्तु प्राप्त भयो तब त्यो मन भित्रतिर आउँदछ र इच्छा मेटिन्छ। यसैकारणले त्यो पुरुषलाई आनन्द भएको हो यो कुराले के बुझ्नु भने इच्छादेखि रहित भएको आनन्द स्वरूप आफू रहेछ, इच्छा गर्दामा मात्र दुःखी भएको रहेछ, इच्छा गर्न छोडे पछि त आफै आनन्द स्वरूपै रहेछ भनी मुमुक्षुपुरुषले आफ्नो मनमा विचार विवेक गर्नू। यी माथि लेखिएका सत्-चित्-आनन्द स्वरूप ब्रह्म मै रहेछु भनी राम्रो प्रकारले विचार विवेक गरी मुमुक्षुपुरुषले आफ्नो मनमा निश्चय गर्नू यो कुराको निश्चय गरेदेखि मात्र गर्भवाश छिनुपर्दैन। यो कुराको निश्चय नगरेदेखि जन्मनु मर्नु कहिले पनि हराउँदैन। यसकारण परमेश्वर का भक्त बुद्धिमान मुमुक्षुपुरुषहरूले यो माथि लेखेको कुराको विचार विवेक अवश्य गर्नू योग्य छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विजय

एउटा राजा आफ्नो राजालाई युद्धमा विजय गरेर आफ्नो फौजको साथ बड़ो धूमधामसंग आइरहेका थिए। जुन मार्गबाट राजा आएका थिए त्यो मार्गमा अगाडि अगाडि सिपाहीहरू मानिसलाई हटाई बाटो सफा राख्द थे। पछाडि राजाको सवारी आइरहेको थियो। त्यही बाटामा एक वैराग्य-वान् सन्त मन्दगतिले हिंडिरहेका थिए। सिपाहीहरूले भने-छेउ छेउबाट हिंड सवारी आइरहेछ।

सन्त भन्दछन्—कसको सवारी!

सिपाही उत्तर दिन्छन् विजयी राजा साहेबको।

सन्त—तपाईंहरू यस्तो मिथ्या कुरा किन गर्नु हुन्छ।

सिपाही—सत्य हो।

सन्त—के सत्य हो, विजयी र फेरि राजा यो कसरी भयो! सन्तले भनेका सबै कुराहरू सिपाहीले राजाको हजूरमा बिन्ति गरे र यो पनि भने कि एक साधु मार्गबाट हट्दैनन्। यति सुन्नेबित्तिकै राजा आफ्नो मानभङ्ग हुनगयो भनी क्रोधमूर्ति रक्त-वर्णका भए। उनी तुरुन्त तलवार लिई सवारी छोडी कन अगाडि बढे। साधुलाई देखेर भने—हे भिक्षुक! तँ मेरो विजयको सट्टामा

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मेरो हार भनीकन मान भङ्ग गर्दछस् र मार्गबाट पनि हट्दैनस यसको हेतु भन्, नत्र अहिले तेरो शिर काट्छु ।

सन्तले धैर्यसाथ भने--हे राजन् ! वास्तवमा तिमी आफ्नो र संसारको दृष्टिमा विजयी अवश्य हौ, तर तिमीमाथि तिम्रा घरका शत्रुहरू लागेका छन्। तिनीहरूलाई म आफ्नो दिव्य चक्षुले देख्दछु, तिम्रो हानि नहोस्, तिमी होसियार हौ, यसकारण मैले केही कुरा भनेको हुँ । यदि तिमी मेरो शिर काटेर आफ्नो कल्याण चाहन्छौ भने शिर तिम्रै सामनेमा छ, तर याद राख कि तिमी आफ्नो विनाशतिरै गइरहेकाछौ । राजा साधुको यस्तो निर्भय वाक्य सुनेर संकुचित भए ।

राजा भन्दछन्--हे महाराज ! तपाईं सन्त श्रेष्ठ हुनुहुन्छ, कृपापूर्वक भन्नुहोस् कि मेरो घरैया शत्रु कुन हुन् ?

सन्त-तिमीलाई विलम्ब भइरहेछ, सवारीमा चढेर आफ्नो राज्यमा जाऊ ।

राजा--बिन्ति छ, मेरो शत्रु को हुन् बताइदिनु होस्,बिलम्ब भएको छैन ।

सन्त—ती शत्रु तिम्रो मित्र बनिसकेकाछन्, तिमीले पनि तिनलाई मित्र मानेका छौ । जबसम्म तिनीहरूदेखि हानि भएको देख्नमा आउँदैन तबसम्म तिमी तिनलाई शत्रु भनेर कसरी चिन्न सक्छौ । यदि तिमीले मेरो कुरालाई ध्यान पूर्वक सुनिदियौ

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

भने देखि अनि तिम्रो भित्रको विवेक विचाररूपी नेत्र खुल्नेछ, जसद्वारा तिमी घरैया शत्रुहरूलाई चिन्न सक्ने हुनेछौ। पहिले त तिमीलाई आफ्नो घरै पनि थाहा छैन।

राजा—त्यो घर कुन हो ?

सन्त--देह घर हो, पंच ज्ञानेन्द्रिय त्यसको द्वार हो, त्यस घरको कर्ता भोक्ता भई पंच अन्तःकरण रहेको छ, पंच प्राण कर्ता भोक्ताको बाहन हो। पंच विषय कर्ता भोक्ताको भोग हो, पंच कर्म-इन्द्रिय सेवक हुन्। त्यस घरको भित्र पंच कोश छ, त्यसैमा घरको स्वामी बस्दछ। पंच कोशको भित्र रहने स्वामीलाई जान्नु पर्छ। यसलाई नजानीकन काम क्रोध मद लोभरूपी शत्रुहरूदेखि विजय प्राप्त गर्न अति कठिन छ। यसलाई जीतनाले हे राजन् तिमी चक्रवर्ती राजा बन्ने छौ--यति सुन्नेबितिकै राजाको विवेक विचार रूपी नेत्र खुल्यो तब राजाले साधुसंग आफ्नो भूलको क्षमा मागे।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्म ज्ञानको उपदेश

आत्मा नइन्द्रिय हो, नमनहो, नबुद्धि हो नप्राण हो। आत्मा यी सबदेखि पृथक् छ, धर्म अधर्म भन्ने दुवै व्यवहारले रहित छ, कर्तव्य अकर्तव्य भन्ने दुवै व्यवहारदेखि रहित छ। भूत र भविष्य भन्दा पनि अति पर छ। आत्मा नजड़ हो नचेतन हो, जड हो भनौंभने विकार छैन. चेतन हो भनौंभने चेतन असंग छ। आत्मा शुद्ध स्वयं प्रकाश छ, निर्विकार र निराकार छ। देह, इन्द्रिय, प्राण इत्यादि त आत्माका विपरीत हुन् अर्थात् अशुद्ध र परप्रकाश्य हुन् र आकारवान् र विकारवान छन्। आत्मा परिच्छिन्न, अल्पज्ञ र सर्वज्ञ, अल्पशक्ति र सर्वशक्ति भन्ने यो सवैगुणदेखि पर रहेको छ।

अपाणिपादो जवनो ग्रहीता पश्यत्यचक्षुः स शृणोत्य कर्णः।
स वेत्ति वेद्यं न च तस्यास्ति वेत्ता तमाहुरग्र्यं पुरुषं महान्तम्॥

—श्वेताश्वतरो ३।३।१९

जसको हात छैन तर आफ्नो शक्तिरूप हातले सबको रचना ग्रहण गर्दछ, जसको पाऊ छैन तर त्यो सर्वत्र व्यापक छ, जसको नेत्र छैन तर त्यो सबैलाई यथावत् देख्दछ,

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जसको कान छैन त्यो रूवै कुरा सुन्दछ, जसको अंतः-करण छैन तर त्यो ब्रह्माण्ड संसारलाई जान्दछ । त्यस आत्मालाई जान्नको निमित्तमा तपस्वीहरू तपस्या गर्दछन् तै पनि यथावत् जान्दैनन्।

भावाभावविनि र्मुक्तं विनाशो त्यति बर्जितम् ।
सर्वसङ्कल्प नातीतं परतत्वं तदुच्यते ।।

अमनस्क गीता १०

भाव अभाव भन्ने दुबै व्यवहार नभएको कहिले विनाश र उत्पति नभएको सम्पूर्ण संकलपभन्दा पर रहेकोछ ।

अनाकार मवि क्षीण मग्राह्य मचलं ध्रुवम् ॥
सर्वोपाधि विनिर्मुक्तं सर्वकाम विवर्जितम् ।।

अमनस्क गीता ११

आकार पनि नभएको सम्पूर्णमा पूर्ण भइरहेका सम्पूर्ण उपाधिले रहित भएको सम्पूर्ण कामना भन्दा पर रहेको पक्रदाँ पनि नपक्रिने स्थिर भइरहेकोछ ।

ऽदृष्टो द्रष्टाश्रुतः श्रोत मतो मन्ता विज्ञातो
विज्ञाता नान्यो ऽ तो ऽ स्ति द्रष्टा नान्यो ऽ तो ऽ स्ति श्रोता नान्यो ऽ तो ऽ स्ति मन्ता नान्यो ऽ तो ऽ स्ति विज्ञातैषत आत्मा न्तयाम्यमृतो ऽ तो ऽ न्यदार्तं ॥

—वृहदारण्यकोपनिषद् ३।७।२३

कसैले पनि देख्न नसकिने आफू सबैलाई देख्ने कसैले पनि कानले सुन्न नसकिने स्वयं सुन्ने तथा मनको विषय नभएको सबैको मनमा रहने रूपादि झैं निश्चय गर्न नसकिने स्वयं

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

विज्ञाता इन्द्रियादिको विषय नभएको सर्व शक्तिमान् आत्मा छ। यसकारण यसदेखि बाहेक द्रष्टा[1] श्रोता[2] मन्ता[3] विज्ञाता[4] कोही छैन। या तिम्रा आत्मा अन्तर्यामी अमृत छ। यस्तो (अरू केही छैन।)

दिव्यो ह्यमूर्तः पुरुषः सबाह्याभ्यन्तरो ह्यजः।
अप्राणो ह्यमनाः शुभ्रो ह्यक्षरात्परतः परः ॥
—मुण्डकोपनिषद् २।१।२

स्वयं प्रकाश, मूर्ति रहित पूर्ण बाह्य र आभ्यन्तर सँगैरहेको अज, प्राण शून्य मनरहित शुद्ध ब्रह्म अक्षरदेखिन् पनि पर छ।

बृहच्च तद्दिव्यमचिन्त्यरूपं सूक्ष्माच्च तत्सूक्ष्मतरं विभाति।
दूरात्सुदूरे तदिहान्तिके च पश्यत्स्विहैव निहितं गुहायाम् ॥
—मुण्डकोपनिषद् २।१।७

त्यो ब्रह्म. बृहत्[5] स्वयंप्रभ[6] इन्द्रियको गोचर नभएको अर्थात् इन्द्रियले थाहा पाउन नसकिने सूक्ष्म आकाशादि भन्दा पनि ज्यादै सूक्ष्म भै प्रकाशमान् छ। टाढाभन्दा पनि टाढा छ। ज्ञानवान्हरूको बुद्धिलक्षण गुहामा रहेको छ।

आत्मा नित्यो ऽव्ययः शुद्ध एक क्षेत्रज्ञ आश्रयः।
अविक्रियः स्वदृग्घेतुर्व्यापिकोऽसङ्ग्यनावृतः ॥
--७।७।१९ श्रीमद्भागवत पुराण

आत्मा नित्य उत्पत्ति विनाश रहित अव्यय रागादि शून्य

१—द्रष्टा = देख्ने। २—श्रोता = सुन्ने। ३—मन्ता = मनन गर्ने।
४—विज्ञाता = जान्ने। ५—बृहत् = ठूलो। ६-स्वयंप्रभ = स्वयं प्रकाश।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

एक क्षेत्रज्ञ सर्वाधार विकार रहित स्वयं प्रकाश सृष्टिहरूको कारण व्यापक संसर्ग नभएको परिपूर्ण छ।

स्वस्थं शान्तं सनिर्वाणमकथ्यं सुखमुत्तमम्।
अजमजेन ज्ञेयेन सर्वज्ञं परिचक्षते॥

—माण्डूक्योपनिषद् गौ० ३।४७

स्वस्थ शान्त, कैवल्य नाम भएको मोक्ष सहित भन्न नसकिने अनुभवले मात्र थाहा पाइने उत्तम सुख अज, सर्वज्ञ अनुत्पन्न अनुभवैकगम्य ब्रह्म नै सुख हो-भनी ब्रह्म जान्नेहरू भन्दछन्।

स वा एष महानज आत्मा जरो ऽमरो ऽमृतो ऽभयो ब्रह्माभयं वै ब्रह्माभयँ हि वै ब्रह्म भवति य एवं वेद।

—बृहदारण्यकोपनिषद् ४।४।२५

त्यो यो महान् आत्मा अजर, अमर, अमृत, अभय, ब्रह्म छ, जसले यो थाहा पाउँछ त्यो ब्रह्मस्वरूप हुन्छ।

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम्।
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च॥ गीता १३।१४

सब इन्द्रियहरूको विषयलाई थाहा पाउँछ, तर स्वयं इन्द्रियदेखि वर्जित छ, कुनै कुरामा लिप्त छैन औ गुणातीत छ ता पनि सबैलाई भरण पोषण गर्छ औ गुणहरूको भोग गरे झैं देखिन्छ।

न तत्र सूर्यो भाति न चन्द्रतारकं नेमा विद्युतो भान्ति कुतो ऽयमग्निः।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

तमेव भान्तमनुभाति सर्वं तस्य भासा सर्वमिदं विभाति ॥
—कठोपनिषद् २।२।१५

त्यहाँ त्यो आत्मा स्वरूप ब्रह्ममा नसूर्य प्रकाशित छ न— चन्द्रमा नतारा नबिजुलीको चमक पुग्छ अग्निको के कुरा। यी सबै ब्रह्मबाट प्रकाशित भइआएका हुन्।

नैव वाचा न मनसा प्राप्तुं शक्यो न चक्षुषा।
अस्तीति ब्रुवतो ऽन्यत्र कथं तदुपलभ्यते ॥ कठ २।३।१२

त्यो ब्रह्मलाई नवाणीले नमनले ननेत्रले र नअरू कुनै इन्द्रियद्वारा प्राप्त गर्न सकिन्छ।

न विद्यते यस्य च जन्म कर्म वा
न नामरूपे गुणदोष एव वा ॥ श्रीमद्भागवत ८।३।८

जसको जन्म, कर्म, नाम, रूप, अथवा गुण दोषादिले रहित छ। त्यो आत्मालाई जान्दछु भनी कोही ध्यान गर्दछु भनी भूलेका छन्, कोही जप गर्दछु भनी दुःख भोग गर्दछन्, कोही न्याय, गणित, वेद, वेदान्त, धर्मशास्त्र, कर्मकाण्ड, छन्दःशास्त्र, व्याकरण, कविता, अलंकार शास्त्रहरू अध्ययनमा भूलेका छन्। कोही गेरू वस्त्र धारणगरी अनेक तरहका पाखण्ड बढाई देहलाई कष्ट दिई उन्मत्त बौलाहा जस्तै भई घुम्दछन्। वास्तबमा यी सबै साधन लोकयात्रा र मोक्षका प्राथमिक कक्षा मात्र हुन्। वास्तवमा आत्मा स्वयं प्रकाश हुनाले आत्मालाई त

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ब्रह्ममा र जीवमा भेद नराखी आफैंमा सिद्ध गर्नु पर्दछ। भनेको पनि छ--

न योगेन न सांख्येन कर्मणा नो न विद्यया।
ब्रह्मात्मैकत्वबोधेन मोक्षः सिद्ध्यति नान्यथा ॥

विवेक चूडामणि ५८

योग, सांख्य, कर्म, बिद्याद्वारा मोक्ष हुँदैन, किन्तु मोक्ष त केवल ब्रह्ममा ज्ञानद्वारा आत्माको एकत्त्व सिद्ध गरे मात्र हुन्छ।

अथोदरमन्तरं अथ तस्य भयं।
भवति द्वितीयाद्वै भयं भवति ॥

जो ब्रह्ममा र जीवमा अलिकति मात्र भेद गर्दछ त्यसलाई भय प्राप्त हुन्छ किन कि भय भनेको अरूदेखि हुन्छ आफूदेखि हुँदैन।

सर्वैं प्रियतमाश्चात्मा यतो न भयमण्वपि।
इति वेद स वै विद्वान्यो विद्वान्स गुरुर्हरिः ॥

भागवत ४।२९।५१

जसदेखि कसैलाई अणुमात्र पनि भय हुँदैन त्यो सबको प्रियत्तम आत्मा हो। जुन पुरुषलाई यस्तो ज्ञान भएको छ त्यही सबैको गुरु र साक्षात श्रीहरि पनि हो।

सत्यं ज्ञानमनन्तं ब्रह्म यो वेद निहितं गुहायां परमे व्योमन्।
सोऽश्नुते सर्वान् कामान् सह ब्रह्मणा विपश्चितेति ॥

तैत्तिरीयोपनिषद् २।१।१

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जो जीवात्मा आफ्नो बुद्धि र आत्मामा स्थित सत्य ज्ञान र अनन्त आनन्द स्वरूप परमात्मालाई जान्दछ त्यो त्यस व्यापकरूप ब्रह्ममा स्थित भएर सबै काममा भोगगर्दछ यही मुक्ति हो ।

अहं ब्रह्म परं धाम ब्रह्माहं परमं पदम् ।
एवं समीक्षन्नात्मानमात्मन्या धायनिष्कले ॥

श्रीमद्भागवत पुराण १२।५।११

जो म हुँ त्यही परम पदरूप ब्रह्म हो । जो परम पदरूप ब्रह्म हो त्यो म हुँ ॥

स यो ह वै तत्परमं ब्रह्मवेद ब्रह्मैव भवति ।

मुण्डकोपनिषद् ३।२।९

जसले त्यो परमपद (ब्रह्मैवाहमस्मि) म ब्रह्म नै हुँ भन्ने जान्दछ त्यो ब्रह्म नै हुन्छ ॥

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

आफ्नो शक्तिको स्मरण

चारजना लडकाहरू आफ्ना घरबाट खेल्न निस्केका थिए। तिनीहरूको अवस्था भने पहिलोको ८ दोस्रो को १० तेस्रोको १२ र चौथो चाहिंको २५ थियो। यत्तैमा ती लडकाहरू आफुस आफुसमा झगड़ा गर्न थाले। तीन जाना ती साना लडकाहरू मिलेर त्यो २५ वर्षको नवयुवकलाई लट्ठीले पिट्न लागे। त्यो चौथोले भन्यो—हे बाबु नानी हो! मलाई न कुट, यस्तो भन्दै हात समेत जोडदै थियो। तै पनि ती तीनै जनाले कुट्न छोडेनन्। एउटा लठ्ठीले उसलाई जोरसंग लाग्न गयो, अनि त्यो क्रोधित भयो र मनमा निश्चय गर्‍यो कि तीनैजना मभन्दा ज्यादै निर्बल स्यानो भएर पनि मलाई कुटिरहेका छन्। पख तिमींहरू। यस्तो निश्चय हुनसाथ उसको रौं रौंमा शक्ति भरेर आयो। अनि उसले शीघ्र नै दुइ बालकलाई जोरले धक्का दिएर लडाइदियो र तेस्रो चाहिंलाई पछारेर पिट्न लाग्यो। दुइजना भने भागिहाले तेस्रो चाहिंले हात जोडीकन क्षमा माग्यो। त्यस दिनदेखि ती बालकहरू कायल भएर उसको आज्ञा मुताबिक काम समेत गर्ने भए। हेर! जबसम्म उसलाई आफ्नो बलको निश्चय थिएन, तबसम्म त्यो आफूभन्दा स्याना-स्याना निर्बल बालकहरूद्वारा पिटाई खान्थ्यो। जब त्यो युवकले आफ्नो बलको निश्चय गर्‍यो

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अनि तीनै जनालाई हरायो। यस्तै प्रकारसंग काम, क्रोध र लोभादि निर्बल अनुचरहरूदेखि जीव सताइएको छ, जबसम्म जीवले आफ्तो शुद्ध स्वरूपको अखण्ड बल स्मरण गरेर निश्चय पूर्वक यी मनोद्वन्द्वहरूको नाश गर्ने सामर्थ्य हुँदैन, तबसम्म यो त्रिविध तापको दण्डलाई सहेर रहन्छ। जुन दिन, जुन क्षण, जुन पलमा जगत्को दुःखदेखि हताश भएर आफ्नो नित्यस्वरूपको निश्चय गर्दछ, त्यही दिनदेखि काम, क्रोध, लोभादि सर्व दुर्गुणको यो परीक्षा साधनद्वारा निर्मूल गरेर स्वस्वरूपमा स्थित भएर रहन्छ। खालि स्वरूप निश्चयताको मात्र विलम्ब छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

म को हुँ ?

मलाई नभय छ नशंका। मृत्यु मेरो समक्ष आउँन सक्दैन। मेरो न कहिले पिता थिए नमाता, मेरो कहिले जन्म नै भएको छैन। मेरो शत्रु कहाँ छ, म नै सब हुँ, र म सत्-चित् आनन्द हुँ। सोऽहम्, सोऽहम्, क्रोध, काम र ईर्ष्या दुष्ट र अन्य सब विचार मसंग कहिले पनि आउँन सक्दैनन् किन कि, सत्-चित् -आनन्द म नै हुँ। यही म हुँ, यही सब रोगहरूको औषधी हो, यही अमृत हो जसद्वारा मृत्युको नाश हुन्छ। म यही संसारमा छु। मेरो प्रकृति मदेखि विरुद्ध हुनजान्छ, तर मलाई जप गर्न देऊ—सोऽहम् सोऽहम्। मलाई केही भय छैन, कुनै शंका छैन, मृत्यु छैन, लिङ्ग छैन, जाति छैन, वर्ण छैन, मेरो धर्म के हुन्छ। अब कुन यस्तो धर्म छ जसलाई म ग्रहण गरूँ। म कुन धर्ममा आउन सक्छु, म नै सबै धर्ममा छु। मलाई नकसैदेखि भय र मृत्यु छ। नमलाई भोक लाग्छ, नप्यास म त्यो हुँ। यी प्रकृतिले पनि मलाई नष्ट गर्न सक्दिनन्। ती मेरी दासी हुन्। देवाधिदेव महेश्वर आफ्नो शक्तिलाई काममा लगाऊ, आफ्नो हराएको राज्य लिइहाल, उठ र हिंड, नत्रस यस्तो प्रेरणा मिल्यो र म उठेँ। मदेखि फेरि शक्तिको संचार भयो। सबै दुःखहरू र सबै निर्बलताहरूबाट आफ्नो आत्मा-

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

लाई निकाल। यो जत्तिकै अस्पष्ट र अव्यक्त किन नहोस्। तिमीमा अन्तको साहस आइहाल्दछ र तिमी सिंहझैं गर्जेर उठ्नेछौ। सोऽहम् सोऽहम् म नस्त्री हुँ, नपुरुष हुँ, नदेव हुँ, न दैत्य हुँ, न म पक्षी हुँ, नपशु हुँ, नवृक्ष नवनस्पति हुँ, न म धनी हुँ, ननिर्धन हुँ, नविद्वान हुँ, नमूर्ख हुँ, मेरो अपेक्षा यी सब केही पनि होइनन् किन कि म त्यो हुँ म त्यो हुँ। सूर्य, चन्द्रमा र ताराहरूलाई हेर, म त्यो ज्योति हुँ जो तिनमा चमकिरहेछ। अग्निमा तेज रूप मै नै हुँ विश्वमा शक्ति पनि मै नै हुँ किन कि म त्यो हुँ म त्यो हुँ!

जो आफूलाई अल्पज्ञ, निर्बुद्धि इत्यादि ठान्दछ भने त्यो ठूलो भूलमा पऱ्यो भनी जाने हुन्छ। किन कि जे जति छ सबै आत्मा नै हो। सूर्यको सत्ता यसकारण छ कि म छु किन कि मै नै सत्-चित्-आनन्द हुं, नित्यानन्द, नित्य शुद्ध र सदा शुभदर्शन। हेर, सूर्य हाम्रो देख्ने कारण हुन्। तर यदि कसैको दृष्टिमा दोष छ त त्यसमा सूर्यको केही दोष छैन। त्यस्तै म पनि हुँ म सबै अङ्गहरूद्धारा सबै काम गरिरहेछु। तर कर्मको शुभाशुभको प्रभाव म माथि पर्दैन। मेरो निमित्त केही विधि छैन, केही कर्म छैन, कर्मको अधिष्ठाता मैं हुँ, म सधैं छु र सदा रहन्छु। मलाई कहिले भौतिक वा सांसारिक पदार्थहरूमा सच्चा सुख मिलेन। स्त्री, पुरुष पुत्र, कलत्रादिमा मलाई राग छैन, किन कि म अनन्त आकाशको सरह अनन्त छु। नाना वर्णको बादल आउँछ र

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

क्षण भरमा हटेर जान्छ। त्यो हट्यो कि फेरि त्यही निर्विकार आकाश हुन्छ। सुख दुःख, शुभ अशुभ, म माथि क्षणभरको निमित्त आएर आवरण गरोस, तै पनि म फेरि अचल रहन्छु। त्यो केही छिनमा गइहाल्दछ किनकि त्यो विकारवान् छ। म प्रकाशवान् र निर्विकार हुँ, दुःख आउँछ, म जान्दछु कि त्यो परिमत छ, केही छिनपछि गई नै हाल्छ। यदि जुन-सुकै खराब वस्तु आए पनि मलाई थाहाछ कि त्यो परिमित छ, गई नै हाल्छ म एकलै अनन्त हुँ, निर्लेप हुँ, किन कि म अनन्त, शाश्वत निर्विकार आत्मा हुँ॥

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

चित्तको एकाग्रता

गुरु द्रोणाचार्यले पाण्डहरूलाई धनुष-विद्या सिकाइसकेपछि एक दिन सबको परीक्षा लिने निश्चय गरे छन्। नियत समयमा सबै पाण्डव एकत्रित भए। गुरुले एक लक्ष्य बनाएर पहिले युधिष्ठिरलाई लक्ष्य बेध गर्नें आज्ञा दिए। युधिष्ठिर धनुष-बाण लिएर लक्ष्य वेध गर्नको लागि तैयार भए। अनि गुरुले सोधे–तिमी यस समयमा कसलाई देख्दछौ ? युधिष्ठिरले उत्तर दिए—म तपाइँलाई र सब भाइहरूलाई देख्दछु। गुरुले भने भो तिमी धनुष बाण राख, तिमी लक्ष्य वेध गर्न सक्तैनौ। यही प्रश्न गुरुले अरू भाइहरूसंग पनि गरे। जब तिनीहरू पालो पालो लक्ष्य वेध गर्न तयार भएका थिए उनीहरूले पनि युधिष्ठिरले दिएझैं उत्तर दिए। अन्तमा गुरुले अर्जुनलाई लक्ष्य वेध गर्न आज्ञा दिए। जब अर्जुन धनुष-बाण लिएर लक्ष्यवेध गर्नाका निमित्त तयार भएका थिए, तब गुरुले सोधे तिमी के देख्दछौ ? अर्जुनले भने—गुरुजी ! यस समयमा म न त तपाइँलाई देख्दछु न अरू कुनैलाई देख्दछु। यस समयमा म केवल लक्षलाई मात्र देखिरहेकोछु। गुरुले भने तिमी लक्षबेध गर्न सक्दछौ। कारण के भने तिम्रो चित्त केवल लक्षमा मात्र छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

अर्जुनले लक्षवेध गरे। चाहे जुनसुकै कष्ट दायक काम होस् मनुष्यले त्यो काममा त्यक्ति नै तन्मय हुनुपर्छ, अनि त्यो काम बाहेक उसको दृष्टिमा अन्य पदार्थ देखिदैन र त्यसले अवश्य पनि आफ्नो काम सफल गराउँछ।

●

जो स्वयं मुक्त छ त्यो अर्कालाई मुक्त गर्न सक्छ

एक जना पण्डितले कुनै यजमानलाई भागवतको कथा सुनाए। जब कथा समाप्त भई हवन समेत भइसकेको थियो अनि यजमानले भने – पण्डितजी! भागवतमा लेखेको छ कि श्री शुकदेवजीले राजा परीक्षितलाई सप्ताह सुनाए। त्यो समाप्त भएपछि राजालाई लिनको निमित्तामा विमान आएको थियो, तर मेरो निमित्त भने विमान किन नआएको? पण्डितजी भन्दछन्—सत्ययुगमा धर्मको चार पाऊ थियो। अब त केवल एकै पाऊ मात्र बाँकिरहेको हुनाले सोह्र आनामा चार आना मात्र पुण्य लाग्छ। यजमानले पहिले २०० रुपियाँ खर्च गरी

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भागवत सुनेका थिए। फेरि ६०० सय रूपियाँ खर्च गरेर सप्ताह तीन पटक लगाए। पण्डितजीले पनि तीन पटक भागवत सुनाए, जब तीन पटक सुनाईसक्ता पनि विमान आएन पण्डित घबराए। यजमानले पनि पण्डितजीलाई नछोड्ने भए। अन्तमा यजमानलाई साथ लिएर एक महात्माकहाँ गए। महात्माको दर्शन पाउनासाथ पण्डितजीले हात जोडेर भने--महाराज मैले एक पटकको बदला चार पटक भागवत सुनाएँ तर तै पनि विमान आएन के कारणले हो। अब त मलाई समेत यी यजमानले नछोडने भए भनी सोधे? महात्माजीले केही पनि उत्तर नदिई उल्टो ती दुवैको हात डोरीले बाँधेर एक स्थानमा राख्नु भयो। दुवै मुख हेराहेर गर्न लागे। महात्माले भन्नु भयो तिमीहरू किन मुख मात्र हेराहेर गर्छौ, डोरी फुकाउने किन प्रयत्न गर्दैनौ? तिनीहरूले भने हामीहरू दुवै बन्धनमा छौं कसरी एउटाले आर्कोलाई मुक्त गर्न सक्नु? तपाइँ नै कृपापूर्वक हामीलाई बन्धनबाट मुक्त गरिदिनुहोस्। महात्माले दुवैको हातको डोरी फुकाई भन्नु भयो--जस्तो तिमी दुवै बन्धनवाट एक आर्कोलाई मुक्त गर्नमा असमर्थ छौ यस्तै प्रकारले जो संसारदेखि स्वयं मुक्त हुन सकेको छैन भने त्यो आर्कोलाई कसरी मुक्त गर्नमा सामर्थ हुन्छ? शुकदेवजी स्वयं मुक्त हुनुहुन्थ्यो तब पो परीक्षितलाई मुक्त गर्न सक्नु भयो। पण्डितजी तपाईं स्वयं संसारी माया मोहमा डुब्नु भएको छ आर्कोलाई कसरी पार लगाउन सक्नु हुन्छ?

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

मत्स्य स्वरूप बोध

एक दिन कुनै एक माझीले पानीमा जाल हालेछ। जाल भित्र एउटा माछा पर्‍यो। अनि त्यो माछा भाग्ने प्रयत्न गर्न थाले छ र त्यो माछाको प्रयत्नलाई देखी माझीले भनेछ हे माछा तँलाई मार्न म आएको हुँ भन् अब तँ के गर्छस्? तँ व्यर्थ अब भाग्नाको प्रयत्नपट्टि नलाग् तँ सफल हुँदैनस्। बरू तँ आफ्नो देह अभिमानलाई त्याग गरेर भगवान्‌को शरण जा। त्यसबाट अवश्य तँलाई केही नकेही फाइदा होला। माछाले माझीको सब कुरा ध्यानपूर्वक सुन्यो र त्यो विचार गर्नथाल्यो 'मेरो शिरमा काल खडा भइसक्यो, अब मलाई यति थोरै समयमा भगवान्‌को भजन गरी उनलाई खुसी तुल्याई माझीको हातद्वारा मुक्त हुन कठिन पर्दछ' भन्ने निश्चय गरी माछा भन्दछ--के त्यो भगवान् सबै ठाउँमा पूर्णछ? माझीले भन्यो—सबै ठाउँमा पूर्ण छ। भगवान्‌देखि रहित कुनै ठाउँ छैन। माछा भन्दछ उसो भएदेखि-

यूयं वयं वयं यूयमित्यासीन्मतिरावयोः।
किं जातमधुना मित्र येन यूयं वयं वयम् ॥

वैराग्य शतक ६५।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जो तिमी हौ सो म हुँ जो म हुँ सो तिमी हौ। यस प्रकारले परस्परमा केही भेद छैन यस्तो बुद्धि हाम्रो पहिले थियो। अब के नयाँ कुरा हुन गयो र तिमी तिमी नै हौ म मै नै हुँ भन्ने भावना खडा हुन गयो। अब के तिमी आफ्नो हत्या आफै गर्न इच्छा गर्छौ भन्दा माझीले विचार गर्‍यो कि अब माछालाई आफ्नो स्वरूपको बोध भएछ भनी छोडी आफ्नो धाममा गयो।

सिद्धान्त-माझी भनेको यमराज हो र माछा भनेको जीव हो मानिसको जन्म हुनासाथ त्यो यमराजको मुखमा परिहाल्छ। त्यसबाट त्यो कुनै उपायद्वारा पनि बाँच्न सक्तैन। जहाँसम्म माछालाईझैं आफ्नो स्वरूपको बोध हुँदैन तब सम्म जन्मन मरण भै नै रहन्छ। बोध भएपछि जन्मनु मर्नु यो भवचक्कर-देखि मुक्तहुन जान्छ अनि मात्र त्यो कालको मुखदेखि सदाको लागि छुट्टी पाउँछ। मानिसको आयु पनि अल्प भएको हुनाले यथाशीघ्र आफ्नो स्वरूपको विचार गर्नुपर्छ।

यावत्स्वस्थमिदं कलेवर गृहं यावज्जरा दूरतो।
यावच्चेन्द्रिय शक्तिरप्रतिहता यावत् क्षयो नायुषः॥
आत्मश्रेयसि तावदेव विदुषा कार्यः प्रयत्नोमहान्।
प्रोद्दीप्ते भवने तु कूपखननं प्रत्युद्यमः कींदृश॥

वैराग्य शतक ८८।

जबसम्म आफ्नो शरीर पुष्ट र निरोग हुन्छ र वृद्धावस्था आउँन धेरै बाकी रहछ, इन्द्रियहरूको शक्ति पनि केही घटेको छैन

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

त्यस अवस्थामा बुद्धिमान् पुरुषहरूले आफ्नो कल्याणको यत्न असल तरीकाद्वारा गरी हालुन्, जब घर बल्न लाग्यो त्यस समया कूप खन्ने उद्योगमा लागेर के हुन्छ ?

ईश्वरको न्याय

एउटा मुसलमान बादशाहलाई यस्तो भयानक रोग लागेछ कि कुनै डाक्टर र वैद्यहरूले उपचार गर्दा पनि स्वास्थ्य ठीक हुन सकेन। डाक्टर र वैद्यहरू लगायत सबै भाइ भारदारहरू समेत निराश भएछन् । अन्तमा वैद्यहरूले राजालाई यस्तो सम्मति दिए कि एउटा यस्तो मानिसको बलिदान गर्नुपर्छ जो सर्व-गुणले पूर्ण भएको होस्। यसले मात्र सो रोग निको हुन्छ, अन्यथा हुँदैन। यस्तो मानिस खोजी गर्न राजाको आज्ञाले हजारौं मानिस गए। अन्तमा एक गरीब किसानको छोरालाई ल्याए, जसलाई देखी वैद्यहरू पनि खुसी भए। उसको बाबु आमाले धेरै धन पाएर आफ्ना छोरालाई मार्नको निमित्त राजालाई दिए. मंत्रीले पनि बालकलाई मारेर राजाको कल्याण

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

गर्नमा राजीभए। जब बालकलाई मार्न राजाका एक कर्मचारीले राजाकै अगाडि खड्ग उठायो त्यस समयमा त्यो बालक आकाश-तिर हेरेर हाँस्न थाल्यो। बादशाहले बालकसंग सोधे-यस्तो अवस्थामा तिमीलाई किन हाँसो उठ्यो ? बालकले उत्तर दियो कि छोराको भरोसा आमा बाबु हुन् तिनै आफ्ना छोरालाई संसारी तुच्छ लोभको लागि बध गर्न बेच्दछन् । मंत्री जस्ता भए काले एक निरपराध बालकलाई मार्नको निमित्त व्यवस्था गर्दछन् र बादशाह जो न्याय र दयाको भंडार एवं प्रजाको रक्षक भईकन पनि आफ्नो केही समयसम्म बचेको जीवनको लागिमा एउटा बालकको धेरै समयसम्म बाँच्ने भएको जीवन-को बध गर्न उचित मान्दछन् भने जगदीश्वरको यस्तो आश्चर्यजनक लीलालाई देखेर मलाई हाँसो उठेको हो। यस्तो विकट[1] परिस्थितिमा म उनीदेखि बाहेक अरू कसलाई सम्झों ? बादशाहलाई त्यस बालकको वचनले यस्तो असर पऱ्यो कि त्यस बालकलाई बध गरेर उनलाई आफू बाँच्ने इच्छा भए-न, अनि उनले सबैलाई भने म यस्तो अनर्थ गरेर आफ्नो जीवन रक्षा गर्न चाहन्न, म मर्नमा नै खुशी छु, भनी बालकलाई प्यारो गरी धेरै धन दौलत समेत दिई बादशाहले छोडिदिए। केही समयमा नै ईश्वरको दयाले बिना कुनै औषधीको उपचार न-गरी बादशाहको स्वास्थ्य पनि ठीक भयो। धन्य ईश्वरको न्याय।

१—विकट = कठिन ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जीव र ब्रह्मको भेट

एउटा राजाकी ३६५ रानी थिए, ती रानीहरूलाई एक एक दिनको पालो लगाई दिएको थियो। राजा आफ्नो गर्नु पर्ने राजकाजको काम समाप्त गरी रानीको खोपीमा रातको १० बजे मात्र जान्थे। एक रात जेठी रानीको पालो आए छ। रानी भोलि त राजा आफ्नो खोपीमा आउँछन्, भेट गर्न पाइन्छ भनी अति हर्ष थिइन्। त्यो रातमा तिनलाई उस्तो निन्द्रा पनि लागेन छ। सबेरै उठिन् र त्यो दिनभर आफ्नो खोपी सिंगार्न लागिन्। एवं प्रकार-बाट दिन बित्यो, जब रात पर्‍यो अनि रानी पल पलमा उत्सुकता पूर्वक घडी हेर्न लागिन्, तर राजाको प्रतिक्षा गर्दा गर्दा रातको ११ बजन गए छ तै पनि राजा आफ्नो खोपीमा नआएकोले केही खिन्न मानिन्। तेतिकैमा रानीलाई निद्राले खूब जोड गर्न लागे छ। अनि रानीले आफ्नो शुसारेलाई भनिन्—मलाई अति निद्रा लाग्यो अब म सुत्छु, तँ ढोकामा बसी राजाको प्रतीक्षा गरी राखेस्। राजा आउँनासाथ तुरुन्त मलाई जागा गराएस् भनी निदाइन्। रानी निदाएको केही समयमा नै राजा पनि रानीको

pal Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

खोपीमा पुग्छन् । रानीलाई नदेखी राजाले त्यो प्रतीक्षामा रहेको दासीसित रानीको खबर सोध्छन् । दासीले भनीछ हजूरको प्रतीक्षा गरी महारानी ११ बजेसम्म राज भएको थियो। त्यतिकैमा निद्रा लाग्यो छ र मलाई द्वारमा बस्ने आज्ञा गरी आफू सुकुला भयो भनी राजालाई बिन्ति गरी छ । राजाले विचार गरे कि वर्षकोएक पटक पालो हुँदा त यी रानी मेरो वास्ता नराखी निदाउँछिन् भने यस्ताबाट मलाई सुख मिल्दैन भनी तीरानीलाई त्यागी भोलिपल्ट पालो आउने रानीकहाँ गए। दासीले रानीलाई राजा आई अर्कै रानीको खोपीमा गएको हाल बिन्ति गरिछ। यो समाचार सुनेर रानी अतिशय विलाप गर्न लागिन्। अब फेरि राजासंग भेट गर्नलाई सबै रानीहरूको पालो समाप्त हुनु पर्ने भयो।

सिद्धान्त—राजा भनेको ब्रह्म र रानी भनेको जीव हुन्। ३६५ दिनको सट्टामा ८४ घुम्नु हो। जीवले यो मनुष्य-शरीरद्वारा ब्रह्मलाई भेट्याउन सक्छ। यदि रानीझैं मोहरूपी निद्रामा भुली ब्रह्मलाई भेट्टाउन नसके फेरि ८४ योनि घुम्नु पर्छ र मनुष्यदेह धारण गर्न पाइन्छ। पशुपक्षी इत्यादि कुनै योनिमा पनि ब्रह्मलाई भेट्टाउन सकिन्न। यही कुरालाई लिएर श्रीरामचन्द्रजीले अयोध्याका प्रजालाई यस्तो उपदेश दिनु भएको थियो—

बडे भाग मानुस तन पावा,
सुर दुर्लभ सद ग्रंथहिं गावा।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

साधन धाम मोच्छ कर द्वारा
पाइ न जोहि परलोक सँवारा।

ठूलो भाग्यले मात्र मनुष्य शरीर पाइन्छ। यो शरीर देवताहरूलाई पनि दुर्लभ छ भनी सबै शास्त्रले भनेको छ। सबै साधनको घर र मोक्षकोद्वार भएको नर-शरीर पाएर जसले परलोक सपारेन भने भनेको छ—

सो परत्र दुख पावै, सिरु धुनि धुनि पछिताई।
कालहि कर्महि ईश्वर हि, मिथ्या दोस लगाई॥

त्यस्तो मानिस परत्रमा दुःख पाउँछ र टाउको हल्लाई पछिताउन लाग्दछ। अनि काललाई, ईश्वरलाई मिथ्यादोष दिन्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मन खालि बस्दैन

एक सज्जन यस्तो सेवकको खोजीमा थिए जो बिना वेतन उनको काम गरोस्। ती सज्जनले यत्नपूर्वक कोशीश गर्नाले त्यस्तो सेवक फेला पनि पारे। त्यस सेवकले ती सज्जनसंग यस्तो शर्त गरायो कि उनले उसलाई सदैव काममा लगाउनु पर्छ। यदि तपाईंले मलाई काममा नलगाई खाली राख्नु भयो भने म तपाईंलाई नै नपिटी छाड्ने छैन। ती सज्जनले पनि यो शर्त मंजूर गरे। सेवकले भन्यो कुन काम गरौं भन्नुहोस्। मालिकले भने—शौच जानका निमित्त पानी लिएर आइज। सेवकले पानी लिई आयो। मालिकले भने स्नानका निमित्त धोती-रुमाल र साबुन लिएर आइज। आज्ञानुसार सेवकले सबै चीज जम्मा गरिदियो। मालिकले भने—अब मलाई स्नान गराइदे। स्नान पनि भयो। मालिकले भने—धोती पछार् र पूजाको सामग्री तयार पार्। यो काम पनि केही क्षणमा सम्पन्न भयो। फेरि सेवकले भन्यो अब म के गरौं ? मालिकले भने क्षण भर विश्राम गर्। अब केहा बेरलाई काम छैन। मालिकले यति के भनेका थिए कि सेवकले उनलाई पिटी हाल्यो। ती सज्जन पूजापाठ त्याग गरी भागे। सेवक पनि पछि पछि लाग्यो। केही पर पुग्दा मालिकले एउटा महात्मालाई देखे। तिनले भाग्दा भाग्दै पनि

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

संक्षेपमा आफ्नो दुःख महात्मालाई सुनाए। महात्माले भन्नु भयो—तिमीसंग जब सेवकलाई अह्राउने कुनै काम हुँदैन त्यस समय त्यसलाई तिमी यस्तो भन कि एउटा लामो बाँसलाई गाड् र त्यसको माथि चढ्ने गर्नु। जबसम्म म तँलाई आर्को काम गर्ने आज्ञा दिन्न तबसम्म यो काम गरी नै रहनु। ती सज्जन आफ्नो घर फर्किआए र महात्माले उपदेश दिए बमोजिम गरे। वस, अब त्यो सेवक चढ्नु र ओर्लनु गर्दागर्दै शिथिल भयो र मालिकलाई भन्न लाग्यो—स्वामी! यो चढ्नु-ओर्लनु गर्दा गर्दैमा मलाई ज्यादा कष्ट हुन गयो।

यस कुराको वास्तविक तात्पर्य यो हो कि यस जीवात्मारूपी सज्जनलाई एउटा सेवकको आवश्यकता पर्‍यो जो बिना पैसा लिएर ज्यादा काम गरोस्। ईश्वरको कृपाले उनलाई मनरूपी सेवक मिल्यो। जसले यो प्रतिज्ञा गरायो कि उनले उसलाई सदा काम दिंदै गर्नु पर्छ। तर उनले पूरा काम दिन सकेनन्। अनि मनले गर्नु नगर्नु अनर्थ गर्न थाल्यो। जीवात्मा मनको मारदेखि त्रस्त[१] भएर भागेर गइरहेको थियो। एक महात्माले यस्तो उपदेश दिनु भयो कि जब केही काम रहँदैन अनि श्वास-प्रश्वासरूपी बांस गाडेर प्राणायामरूपले चढ्न-ओर्लन लगाऊ। केही समय पश्चात् यो आफै शिथिल भएर जानेछ। हुन पनि महात्माले भनेझैं भयो।

१—त्रस्त = डराएको।

epal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ब्रह्म तेज

विश्वामित्र र वशिष्ठमा बराबर गडबड भइरहन्थ्यो। विश्वामित्र क्षत्रीय राजा थिए तर प्रचण्ड तपस्याको बलले राजर्षि भए। तै पनि उनी यतिले मात्र सन्तुष्ट भएका थिएनन्। उनको इच्छा थियो कि म पनि ब्रह्मर्षि बनूं। त्यस समयमा वशिष्ठजी नै सबभन्दा ठूला ब्रह्मर्षि हुनु हुन्थ्यो। यदि वहाँले विश्वामित्रलाई ब्रह्मर्षि मानिदिएको भए अरु कुनै ऋषि पनि उनलाई ब्रह्मर्षि मान्नमा नामन्जूर गर्ने थिएनन्। तर वशिष्ठजी यस कुरामा मन्जूर गर्न तैयार हुनु हुंदैन थियो। यसका लागि वहाँलाई दारुण[1] यातना समेत भोग्नु पर्‍यो। विश्वामित्रले वशिष्ठका एक सय छोरालाई मारे तै पनि वहाँले उनलाई ब्रह्मर्षि भनी मान्नु भएन। विरोध दिनप्रतिदिन बढ्दै गयो। अन्तमा यहाँ सम्म भयो कि विश्वामित्र एक रात हातमा तरवार लिएर वशिष्ठलाई मार्ने अभिलाषाले वहाँको आश्रममा पुगे। त्यस समयमा वशिष्ठ आफ्नो शिष्य मण्डलीमा बसेर वार्तालाप गरिरहनु भएको थियो। त्यो पूर्णिमाको रात थियो। चन्द्रमा आफ्नो

१—दारुण = कठोर।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

सोह्र कलाले पूर्ण भई उदाउनु भएको हुँदा जतातते उज्यालोले पूर्ण थियो। त्यस कारणले गर्दा विश्वामित्रलाई तत्काल प्रहार गर्ने मौका मिलेन। उनी नगीचैको एक झाडीमा लुकेर वशिष्ठका कुरा सुन्न लागे। प्रसंगवश वशिष्ठले आफ्ना शिष्यहरूलाई भन्न लाग्नु भयो-चन्द्रमाको विमल ज्योति जसरी फैलिई समस्त भूमण्डललाई आनन्द दी रहेछ, त्यसै गरी विश्वामित्रको तपको प्रभाव पनि फैलिएको छ। यो कुरा सुनेर विश्वामित्रलाई सारै आश्चर्य लाग्यो। उनले विचार गरे कि जसको मैले यतिको अपकार गरे तथा उनको प्राण समेत लिन तयार भएर बसेको छु उनको ममाथि यस्तो शुद्ध भाव रहेछ। यो हो ब्रह्मतेज। धन्य हो भगवान् यस्तो भनी तरवार फ्याँकेर उनी वशिष्ठको पाउँमा परे। वशिष्ठजीले पनि अहो ब्रह्मर्षि! विश्वामित्र!! यस्तो भनेर दुवै हातले उनलाई उठाउनु भयो। "ब्रह्मर्षि" सम्बोधन सुनेर विश्वामित्रको हर्षको सीमा रहेन। उनले विन्ति-भावसंग सोधे—आज ममाथि तपाइँको यस्तो कृपा भयो, जुन कुराका निमित्त मैले तपाईंलाई कति कष्ट दिएको थिएँ, आज अनायास[1] ब्रह्मर्षि भनी भयो। यसको के मतलब हो? वशिष्ठले हाँस्तै उत्तर दिनुभयो—महानुभाव! अहिलेसम्म शस्त्र-बललाई नै श्रेष्ठ मान्नु भएको थियो। जबसम्म तपाईंमा यस्तो भावना थियो तबसम्म तपाईं

१—अनायास = अपर झट।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

राजर्षि हुनु हुन्थ्यो । जब त्यो भावना हऱ्यो र विनय भाव जाग्रत भयो तब तपाइँ ब्रह्मर्षि हुनु भयो । आज तपाईं फलामको तरवारलाई फ्याँकेर न्याय तथा धर्मको भरोसामा हुनुहुन्छ । यस्तो अवस्थामा तपाईंलाई ब्रह्मर्षि भन्नु उचित छ । यो सुनेर विश्वामित्रको सारा संशय हऱ्यो । त्यहाँदेखि फेरि कहिले पनि उनले वशिष्ठसित विरोध लिएनन् ।

नचिकेता र यम सम्वाद

कठोपनिषद् कृष्ण यजुर्वेद—एक जना मानिसले कुनै यज्ञ गर्न इच्छा गऱ्यो । अनेक प्रकारको यज्ञ हुन्छ । भिन्न-भिन्न यज्ञहरूमा भिन्न-भिन्न प्रकारको दक्षिणा दिनु पर्छ । एक यज्ञ यस्तो हुन्छ जस्मा सर्वस्व दक्षिणा दिनुपर्छ । त्यो मानिस धनी त थियो तर कंजूस पनि थियो । त्यो सबभन्दा कठिन यज्ञ गरेर यश लिन खोज्दथ्यो । जब उसले यज्ञ गऱ्यो तब सबै चीज दिनाको बदला उसले लङ्गडी, लूली, कानी, खुरण्डी, बूढी गाईहरू दक्षिणामा दियो । तर ती गाईदेखि दूधको आशा कहिले पनि गर्न पर्दैनथ्यो । उसको एक छोरा थियो जो बड़ो

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

समझदार थियो। उसले देख्यो कि मेरो पिताले यथोचित दक्षिणा दिनु भएन र यसको फल पनि पितालाई असल मिल्ने छैन। उसले इच्छा गर्‍यो कि पिताले मलाई समेत दक्षिणामा दिउन् र दक्षिणा पूर्ण गरुन्। यस्तो विचार गरी आफ्ना पिता-कहाँ गई सोध्यो—तपाईं मलाई कसलाई दिनु हुन्छ? पिताले केही पनि उत्तर दिएनन् र छोराले दोस्रो-तेस्रो पटक पनि यही प्रश्न गर्‍यो। पिताले झोक्किएर भने—म तलाईं यमलाई दिन्छु, म तलाईं मृत्युलाई दिनेछु। पिताको यस्तो वचन सुनी छोरो सोझै यमलोक गयो। त्यस समयमा यम आफ्ना स्थानमा थिएनन्। त्यो त्यहाँ तीन दिनसम्म उनको प्रतीक्षामा बस्यो। तीन दिनपछि यम आएर उसलाई भने कि हे ब्राह्मण! तिमी मेरा अतिथि हौ, तिमी तीन दिनसम्म यहाँ निराहार रह्यौ, तिमीलाई मेरो नमस्कार छ। यसको बदलामा म तिमीलाई तीन वर दिन्छु। केटोले पहिला वर त यो माग्यो कि मेरो पिताको क्रोध जो ममाथि छ त्यो नरहोस्। दोस्रो वरमा उसले केही यज्ञको कुरो सोध्यो। फेरि तेस्रो वर माग्दा भन्यो कि जब मनुष्य मरेर जान्छ तब यस्तो शंका उत्पन्न हुन जान्छ कि त्यो के भयो। कोही मानिस भन्दछन् कि त्यो रहन्छ, कोही भन्दछन् कि त्यो रहँदैन। म तेस्रो वरमा यै माग्दछु कि यो कुरा जान्न सकौं। कृपा पूर्वक भन्नुहोस् कि त्यो के कुरा हो? यसले भने—पूर्वकालमा देवताहरूले यस्को भेद जान्नलाई अति चेष्टा

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

गरेका थिए। यो रहस्य अति गूढ़ छ कि यसलाई जान्न अति कठिन छ। यसउसले आर्को वर माग। म तिमीलाई सय वर्षको आयु दिन सक्छु। पशु, घोडा, हात्ती, ठूलो राज्य जे मागे पनि दिन्छु तर यो कुरा न सोध। केटाले भन्यो—

हैन महाराज ! मनुष्य धनले कहिले तृप्त हुँदैन। यदि मलाई धनको कामना भए तपाईको दर्शनमात्रले नै पूरा हुन सक्छ। जब सम्म तपाइँ चाहनु होला तबसम्म म बाँचौला। संसारमा यस्तो कुन प्राणी होला जो अमर देवताहरूको संगत पाएर पनि गीत वाद्यादिलाई सुख सम्झेर धेरै जीवनको इच्छा गरोस्। अतः तपाईं कृपा गरेर त्यही ठूलो प्रश्नको उत्तर दिनुहोस्। मलाई अरू कुनै पदार्थको आवश्यकता छैन। त्यो ठीटो (नचिकेता) केवल त्यही मृत्युको प्रश्न सोध्न चाहन्थ्यो। यम प्रसन्न भए। उनले भने--पूर्वको दुइ-तीन व्याख्यानहरूमा भनी सकेको छु कि ज्ञानले अन्तःकरण शुद्ध हुन जान्छ। यसका दुइ मार्ग छन्--प्रेय र श्रेय। यी दुवैलाई मनुष्यहरू ग्रहण गर्छन्। तिनमा जो ज्ञानी छ त्यो श्रेय मार्ग ग्रहण गर्छ र जो मूर्ख छ त्यो प्रेय मार्गलाई ग्रहण गर्छ। नचिकेता ! म तिम्रो प्रशंसा गर्दछु कि तिमीले लोभ गरेनौ। मैले तिमीलाई प्रेय मार्ग ग्रहण गराउनका निमित्त अनेक लोभ देखाएँ तर तिमीले ती सबै थोक त्याग गर्‍यौ। तिमी जान्दछौ कि ज्ञान सुख-भोगभन्दा अति श्रेष्ठ छ। तिमीले यो सम्झनु पर्दछ कि जो मनुष्य अज्ञान र विषय भोगमा रहिरहन्छ त्यसमा र पशुमा केही भेद छैन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कति मानिसहरू यस्ता छन् कि जो अज्ञानमा डुबेर रहन्छन् र घमण्डमा चूर हुन्छन्। आफूलाई बड़ो ज्ञानी मान्दछन्। त्यो कस्तो हो भने; जस्तै एक अन्धाले आर्को अन्धालाई बाटो देखाउँछु भन्नु हो। अनेक घुमाउरो मार्गहरूमा ती घुमिरहन्छन्। हे नचिकेता? जो अज्ञानी बालखहरूको समान माटोको खेलाउनामा भुलिरहन्छन् त्यस्ताको हृदयमा सत्य कहिले प्रकाशित हुंदैन। ती आफू र आर्को कुनैलाई मान्दैनन् र बारम्बार मेरो वशमा परिरहन्छन्। कतिले सुनेको पनि छैनन्। कसै-कसैले सुनेका त छन् तर बुझेका छैनन्। कारण यो हो कि यसलाई भन्ने मानिस पनि अद्भुत नै हुनुपर्छ र सुन्ने मानिस पनि अद्भुत हुनुपर्छ। यदि वक्ता कुशल नभएदेखि यसलाई कोही सयकडौं बार कहोस् र सयकड़ौं बार सम्झोस् तै पनि सत्यको प्रकाश आत्मामा पर्दैन। हे नचिकेता! तिमी व्यर्थको तर्कले आफ्नो मनलाई चलायमान नगर। यो सत्य त्यसै अन्तःकरणमा प्रकाशमान हुन्छ जो अत्यन्त शुद्ध छ। जसदेखि बाहेक दुःखको बोध हुंदैन, जो प्राप्त छ, जो अन्तःकरणका गुहामा प्रविष्ट छ जसलाई ज्ञान चक्षुले देखेपछि सुख-दुःख रहदैन त्यस पुरातन पुरुषलाई यी बाह्य आँखाहरूले देख्न सकिदैन। जो यस तत्त्वलाई जान्दछ त्यस्को सबै कामनाहरू नष्ट हुन्छन्। दिव्य ज्ञान उत्पन्न हुन्छ र त्यो शान्ति पाउँछ। नचिकेता! यही शान्तिको मार्ग हो। त्यही धर्मदेखि पर, अधर्मदेखि पर, कर्त्तव्य र अकर्त्तव्यदेखि पर, भूत र भविष्यदेखि पर जसलाई

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जान्न सबै वेदले खोजिरहेका छन्, जसको लागि सबै तपस्वी तप गर्दछन् म त्यसको नाम तिमीलाई बताउँछु। त्यो ओ३म् हो। यही ओ३म् ब्रह्म हो, यही अमर हो। जो यसको तत्त्वलाई जान्दछ त्यो जे इच्छा गर्छ त्यही हुन्छ। हे नचिकेता! जसको विषयमा तिमीले सोधेका छौं त्यो नकहिले उत्पन्न भएको छ, नत्यस्को मृत्यु हुन्छ। त्यो अज, नित्य, शाश्वत[1] र पुराण हो। शरीर नष्ट हुनाले यसको नाश हुँदैन। जो यो सम्झन्छ कि म मर्दछु जो यो सम्झन्छ कि म मरेर जान्छु ती दुवै जान्दैनन्। न यो मर्छ, नमरेर जान्छ। यो अणुभन्दा पनि अतिअणु र महान्[2] भन्दा पनि महान् छ। सबको ईश्वर सबैको हृदय गुहामा रहेको छ। ईश्वरको साक्षात्कारमा प्रधान करण त ईश्वर कै कृपा हो। हृदयमा बसेकोछ तापनि यो टाढा जान्छ, सुतेको छ तापनि सर्वत्र पुगेको हुन्छ, शुद्ध र सूक्ष्म विचारवान पुरुषदेखि बाहेक को यस ब्रह्मलाई जान्न योग्य भएको छ। जसमा सारा विरुद्ध गुण एकत्र छन्, जसको शरीर छैन तर शरीरमा रहन्छ, अस्पृष्ट छ तर सबैदेखि स्पृष्ट छ, सर्वव्यापी छ। यस्तो आत्मालाई यस प्रकारले जानेर ऋषिहरू दुःखदेखि छुटेका हुन्छन्। आत्मा वेदमात्र पढ्नाले जानिने होइन। आत्मा जसलाई चाहन्छ त्यै उसलाई जान्न सक्छ। उसको अगाडि त्यो आफ्नो महिमा प्रकट गर्छ। जो निरन्तर पाप गर्दै रहन्छ, जसको आत्मा शान्त छैन, जो सदा चंचल र अशान्त छ त्यो

---

१ शाश्वत = नित्य। २ महान् = ठूलो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

त्यस आत्मालाई जान्न सक्दैन। जसको विवेक छ, जसको मन सदा सत्यलाई सम्झनामा लागिरहेको हुन्छ, जो शुद्ध छ त्यही सत्यलाई पाउँछ, जसलाई पाउँनाले फेरि पुनर्जन्म हुँदैन। हे नचिकेता ! यसलाई बुझ्न अति कठिन छ। मार्ग लामो छ, पुग्न गाह्रो छ तर नडराऊ, उठ र कर्म गर। जबसम्म ठेगानमा पुगिन्न तबसम्म न छोड। किनकि ऋषिहरूले भनेका छन् कि यो कर्म अति कठिन छ। छुराको धारमा हिंड्नु पर्छ। जो इन्द्रियहरूदेखि पर, स्पर्शदेखि पर रूपरहित, स्वाददेखि पर, निर्विकार नित्य, बुद्धिदेखि पर रहेको, नाश रहित छ, उसलाई जान्नाले मृत्युको मुखबाट बच्न सकिन्छ।

यो आत्मा भनेको के हो ? हामीले देखिसकेका छौं कि यो बुद्धिभन्दा पर छ। यसै उपनिषद्देखि हामीलाई यो पनि थाहा हुन्छ कि त्यो नित्य र सर्वव्यापी छ। तिमी र म सब लोक सर्वव्यापी छन् र निर्विकार छन्। अब यो सर्वव्यापो कुनै एक नै होला। संसारमा केवल एक आत्मा मात्र छ तर अनेक देखिन्छ। जस्तै एकै अग्नि विश्वमा प्रविष्ट भएर भिन्न-भिन्न रूप देखिन जान्छ त्यस्तै सारा विश्वमा एकै आत्मा छ जो भिन्न-भिन्न रूपमा व्यक्त भएर रहेको छ। अब प्रश्न यो छ कि यो आत्मा पूर्ण र शुद्ध छ, विश्वमा एकै छ, त फेरि जब त्यो अशुद्ध शरीरमा, पापी शरीरमा, पुण्य शरीरमा वा अरूको शरीरमा जान्छ तब उसलाई के हुन्छ ? फेरि यो पूर्ण कसरी रह्यो ? सबको आँखाको दृष्टिको कारण सूर्य हुन्। यदि कसैको आँखामा कमल रोग छ

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

भने उसलाई सबै पहेलो नै देखा पर्छ। यसमा सूर्यसंग केही सम्पर्क रहँदैन। यसैले यो एक आत्मा यद्यपि सबैको आत्मा हो, जो त्यस निर्विकारलाई जान्द छ, यो जड़-जगतमा जो त्यस चेतनलाई जान्दछ, अनेकतामा जो त्यस एकलाई जान्दछ र त्यसलाई आफ्ना-आफ्ना आत्मामा देख्छ, त्यसको लागि शाश्वत सुख छ, अर्कोको लागि होइन। त्यहाँ न सूर्यको प्रकाश पुग्द छ, न चन्द्रमाको प्रकाश, न ताराको प्रकाश पुग्न सक्छ, न बिजुलीको चमक पुग्न सक्छ, अग्निको त के कुरा? उसैको प्रकाशले यी सब प्रकाशित भएका हुन्। इच्छा मनको दुःखको कारण हो, जब इच्छा रहँदैन, अनि मरणधर्मा अमर हुन्छ र ब्रह्ममा लीन हुन जान्छ। जब हृदयको गाँठो खुल्न जान्छ र सबै संशय मेटिन्छन् अनि मात्र मरणधर्मा अमर हुन्छ। यही मार्ग मार्ग हो। यो ज्ञान हामीलाई सुखदायी होस्, यो हाम्रो भोगमा रहोस्, यसबाट हामीलाई बल मिलोस्, यो हाम्रो शक्ति बनोस्। हामी परस्पर घृणा न गरौं, सबैलाई शान्ति मिलोस्।

ॐ शान्ति—शान्ति—शान्ति।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विदेह

महाराज जनकको एक मंत्रीले एक दिन सोधे कि महाराज! तपाईं देहधारी भई कन पनि कसरी विदेह हुनुभयो? राजाले भने—म यसको उत्तर तिमीलाई केही समयपछि दिउँला। केही समय व्यतीत भएपछि राजाले एक दिन तो मंत्रीलाई भने—मंत्री! भोलि तिमीलाई मेरो निमंत्रणा छ। यस्तो भनी मंत्रीलाई विदा गरी एक दूतलाई बोलाई भने कि तँ शहरमा गएर चारैतिर झ्याली पिटिदे कि मंत्रीलाई ४ बजे बेलुका मृत्यु दण्ड दिइने छ। राजाले दूतलाई यो पनि आज्ञा दिएका थिए कि बारंबार उनको द्वारमा गई उनले सुन्ने गरी मृत्यु दण्ड दिइने भएको छ भनी झ्याली पिट्नू, जसलाई उनले सुनुन्। दूतले पनि राजाको आज्ञा मुताबिक गर्‍यो। मंत्री ठीक दिनको २ बजे भोजन गर्नको लागि राजा जनककहाँ पुगे। राजाले उनलाई खुवाउन जति सामग्रीहरू बनाउन लगाएका थिए, ती सबैमा नून हाल्न दिएका थिएनन्। मंत्री भोजन गर्न बसे। राजा खुवाउन लागे। उनले खूब प्रेमका साथ भोजन गराए। भोजन गरिसके पछि राजाले मंत्रीसित सोधे—के मंत्री! कुनै चीजमा नून कम त थिएन? मंत्रीले भयभीत भावले भने—

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

स्वामिन् ! मृत्यु दण्डको भयले गर्दा मलाई भोजनको केही स्वाद पनि थाहा भएन। मैले यो बुझ्न सकिन कि कुन चाहिं चीज मीठो, कुन अमिलो, कुन नून, चर्को र कुन पदार्थ बिलीनो थियो। अनि राजाले भने—जुन दिन तिमीले मलाई प्रश्न गरेका थियौं, आज तिमीलाई त्यस प्रश्नको उत्तर मिल्न गयो। मंत्रीले भने—अझ पनि कुरा मेरो समझमा आएको छैन। राजाले सम्झाएर भने कि भोजन गर्ने समयमा तिमीलाई यो कुरा थाहा थियो कि अहिले शूलीमा चढाउन केवल दुइ घंटा बाँकी छ भन्ने भावना रहेको हुँदा, त्यस समयमा तिमीलाई भोजनको स्वाद समेत थाहा भएन र त्यत्ति समयको निमित्त तिमी समेत विदेह मुक्त भएका थियौं। म त एक क्षणको लागि पनि आफ्नो देहको अस्तित्वमाथि विश्वास गर्दिन भने लोकले मलाई विदेह भनेकोमा आश्चर्य के छ ? इत्यादि प्रकारबाट मंत्रीलाई सम्झाई जनकले बिदा गरे।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ईश्वरको खोज

महात्मा भन्दछन्—यस चञ्चल मनको अद्भुत लीला छ। यो कहिले आकाशमा जान्छ, कहिले पातालमा जान्छ र कहिले दशौ दिशामा घुम्दछ। यता-उता भने यत्तिको घुम्दछ; तर भुलेर पनि जहाँ जानु पर्ने हो त्यहाँ जाँदैन। हे मन! तेरो उत्पत्ति स्थान आत्मा हो, तँ संकल्प गर्नाले त्यसदेखि वियोग भएर रहेको छस्। जस्तै सूर्यको किरण सूर्यदेखि भिन्न छैन, माटोको घटादि मृत्तिकादेखि भिन्न छैन, समुद्रको जल तरंगदेखि भिन्न छैन, त्यस्तै तँ पनि आत्मादेखि भिन्न छैनस्। जस्तो गोललाई हजारौं वर्षसम्म सफा गरे पनि त्यसको कालोपना हट्दैन र कालै नै रहन्छ। जसदेखि त्यो वियोग हुनाले कालो भएको छ उसैमा हालिदिनाले मात्र त्यसको कालोपना नाश भई सेतो र सफा हुन्छ। तँ पनि आत्मामा गएर मिलिस् भने आत्मै स्वरूप अजर अमर हुन्छस्। उसंग अमृतको सरोवर छ, उसलाई छोडेर तँ किन गली-गलीमा घुम्ने गर्दछ? तैंले त सबै ठाउँमा जान छोडी आफ्नो हृदयमा बसेको ब्रह्ममा पो जानुपर्छ, र हर बखत उसैको चिन्तना गर्नुपर्छ। त्यसो गरे पछि तेरो सब पाप नष्ट हुन्छ र आवागमनदेखि छुटकारा मिल्छ। एवं

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

परम शान्ति समेत प्राप्ति हुन्छ। अरू कुनै पदार्थको चिन्ता गर्नाले केही लाभ छैन। अब तँ आफ्नै हृदयमा उसलाई खोज्न थाल्। ईश्वर त्यहीं बसेको छ। तर तँ भ्रममा परेर उसलाई खोज्नको लागि हजारौं रुपियाँ खर्च गरी कहिले कता कहिले कता घुमेर हिंड्छस्।

हे मन! के तँहिले श्रीमद्भागवत पुराणमा पण्डितजीहरूले भनेको पनि त सुनेको छस् नि!

यस्यात्मबुद्धिः कुणपे त्रिधातुके स्वाधीः कलत्रादिषु
भौम इज्यधीः।
यत्तीर्थबुद्धिः सलिले न कर्हिचज्जनेष्वभिज्ञेषु स एव गोखरः॥
—भागवत १०।८४।१३

जुन पुरुषलाई वात, पित्त र कफ यी तीन धातुहरूले बनेका शव तुल्य शरीरमा नै आत्म बुद्धि छ, जो स्त्री आदिलाई आफ्नो मान्दछ, जसलाई केवल पार्थिव प्रतिमाहरूमा नै देव बुद्धि र केवल जलमा नै तीर्थ बुद्धि छ तथा जो ज्ञानी महात्माहरूमा कहिले पूज्य बुद्धि राख्तैन त्यो गधाको तुल्य हो।

अहं सर्वेषु भूतेषु भूतात्मावस्थितः
सदा तमवज्ञाय मां मर्त्यः कुरुतेऽर्चाविडम्बनम्॥
— भागवत ३।२९।२१॥

म संपूर्ण भूतहरूको अन्तरात्मा हुँ र सर्वदा समस्त जीवमा विराजमान् रहन्छु। यस्तो म परमात्माको अवज्ञा गरेर मानिस-

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

हरू परमात्मालाई केवल प्रतिमामा स्थित मानेर पूजन गर्दछन्, तिनीहरूको त्यो पूजन स्वाँग मात्र हो।

योमां सर्वेषु भूतेषु सन्तमात्मानमीश्वरम्
हित्वार्चां भजते मौढ्याद्भस्मन्येव जुहोति सः॥

—भागवत ॥३।२९।२२॥

जो पुरुष संपूर्ण भूतहरूमा स्थित र सबैको अन्तरात्मारूप स ईश्वरलाई मूर्खतावश अवहेलन गरी केवल प्रतिमा पूजनमा नै लागिरहन्छन् भने ती मानौ भस्ममा नै हवन गर्दछन्, अर्थात् तिनका उपासना भस्ममा गरेको हवनझैं व्यर्थ हुन जान्छ।

परेषां चेतांसि प्रतिदिवसमाराध्य बहुधा
प्रसादं किं नेतुं विशसि हृदय क्लेशकलिलम्।
प्रसन्ने त्वय्यन्तः स्वयं मुदित चिन्तामणि गुणे
विमुक्तः संकल्पः किमभिलषितं पुष्यति न ते॥

—वैराग्यशतक० ३४॥

हे मलिन मन! तँ आर्काको दिललाई प्रसन्न तुल्याउन किन लागिरहन्छस्? यदि तँ बाह्य तृष्णालाई छोडेर आफैमा सन्तुष्ट मानी रहिस् भने, तँ स्वयं चिन्तामणिस्वरूप छस्। अनि तेरो कुन चाहिं इच्छा पूरा हुँदैन।

जुन किसिमसंग दूधमा घिउ रहेको हुन्छ, उस्तै प्रकारले हृदयमा ईश्वर बसेको छ, तर तँ यस कुरालाई नबुझी खालि बाहिर मात्र खोजी गरेर हिंड्दछस्। मृगको आफ्नो नाभिमा

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कस्तूरीको बासना छ, तर मृग कताबाट बासना आयौ भनी वनमा खोज्दछ। त्यस्तै किसिमले तँ पनि आफ्नो हृदय स्थित ब्रह्मलाई न जानी बाहिर खोजेर हिंड्दछस्। यदि तँ मेरो कुरामा विश्वास मान्छस् भने आँखा बन्द गरेर हेर्, तेरो मालिक तेरै भित्र बसेको छ, अन्यत्र जान तँलाई केही जरूरत छैन। अब तँ मूर्ख मानिसको पछि लागी ईश्वरको खोजमा प्रयाग, काशी, गया, पुरी, मथुरा, कुरुक्षेत्र इत्यादि ठाउँहरूमा जानपट्टि नलाग। जहाँ गए पनि मूर्तिको दर्शन, जलको स्नान मात्र हुन्छ तँ शान्ति पाउँदैनस्। जुन धनलाई घरमा गाडेको छ, त्यो बाहिर खोजेर कसरी पाइन्छ ? मेरो कुरालाई न मानी तँ तीर्थहरूमा घुम्न लागिस् भने वृथा हैरानी मात्र पाउँछस्। तँलाई ईश्वरको दर्शन गर्ने इच्छा छ भने, आँखा बन्द गरी आफ्नै हृदयमा उसलाई हेर्नू। महात्माको उपदेशले उहाँको मन आफ्नै हृदयमा ईश्वर खोज्न लाग्यो। अनि केही समयमा नै महात्माले हृदयस्थित ईश्वरलाई प्राप्त गर्नुभयो र भन्नु भो कि मैले ईश्वरलाई देखें तर यो आँखाले देखेको होइन। ज्ञानले अरू कसैमा होइन, केवल आफैमा, त्यो आर्को होइन मेरै आत्मा हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

राजा जनक र शुकदेवजी

एक दिन व्यासजीले शुकदेवलाई भन्नु भएछ कि तिमी राजा जनककहाँ गएर उनले बताएको उपदेश ग्रहण गर। पिताको आज्ञानुसार शुकदेवजी जनककहाँ गएछन्। उहाँ पुगेर उनले राजाकहाँ खबर पठाए। राजाले पनि भनिपठाएछन् कि अहिले द्वारमा बसिराख। शुकदेवजी तीन दिनसम्म ढोकामा उभिरहे तर उनलाई क्रोध आएन। राजाले उनको क्रोधको परीक्षा गर्नको लागि नै उनलाई तीन दिनसम्म ढोकामा परखाई राखे र चौथो दिन आफू कहाँ बोलाए। उहाँ गएर शुकदेवजी के देख्दछन् भने राजा जनक सुनको जडाऊ सिंहासनमा बसेका छन्, सुन्दरी नवयौवना उनको चरण दाबिरहेका छन् र कोही चमर र पङ्खा हल्लाइरहेका छन्। ठाउँ ठाउँमा विषय-भोग अथवा एश आरामको सामानहरू राखेका छन्। अगाडि सुन्दरी स्त्रीहरू नाचिरहेका छन्। यो हाल देखेर, शुकदेवजीको मनमा राजामाथि घृणा हुन गयो। उनले मनमा भने कि यिनको केवल नाम मात्र ठूलो रहेछ। यिनी त भोगमा आसक्त छन्, पिताजीले यस्तालाई परम ज्ञानी भनी किन भनेको होला? राजा जनकले शुकदेवजीको मनको कुरा थाहा पाए। दैवात,

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

त्यसै समयमा मिथिला पुरीमा ठूलो आगलागी भयो। बाहिरबाट दूत दौडेर आयो र भन्यो—महाराज! शहरमा आगलागी भई राजद्वार सम्म आइसक्यो। यो कुरा सुनेर शुकदेवजी मनमा विचार गर्न लागे कि मेरो लट्ठी र कमण्डलू बाहिर राखेको छ, त्यो पनि बल्ने हो कि? त्यस समयमा राजाले भने—

अनन्तवत्तु मे वित्तं यन्मे नास्ति हि किञ्चन
मिथिलायां प्रदग्धायां न मे दह्यति किञ्चन ॥

मेरो आत्मरूप धन अनन्त छ। उसको अन्त कहिले पनि हुन सक्तैन। यो मिथिला जलनाले त मेरो केही पनि जल्न सक्दैन।

राजा जनकको यस वाक्यले यो थाहा हुन्छ कि उनलाई कुनै पदार्थहरूमा पनि आसक्ति रहेनछ। यदि कुनै मानिस गृहस्थ भएर पनि स्त्री, पुत्र, धन प्रभृतिमा अनासक्त रही तिनमा ममता न राखी, चाहे जुनसुकै व्यवहार गरोस् ता पनि त्यो सच्चा ज्ञानी हो र त्यो अवश्य पनि मोक्ष हुन्छ।

ममता नै दुःखको कारण हो। जसको कुनै पदार्थहरूमा ममता छैन भने उसलाई दुःख पनि के हुन्छ? उसको लागि त्यो पदार्थ मिले पनि जाती नै छ, नमिले पनि जाती नै छ। जसलाई जुन चीजमा ममता छ, उसलाई त्यस चीजको नाश भए अथवा उसलाई न पाउँदा अवश्य दुःख हुन्छ। जुनजुन चीजमा मानिस

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

को ममता छ, त्यही, त्यही दुःख दिने हुन्छ, र जुन-जुन चीजमा उदासीनता छ, त्यही सन्तुष्ट हो ।

घर—गृहस्थमै बस र गृहस्थाश्रमको सबै धर्म पालन गर तर कुनै पदार्थमा पनि ममता नराख ! तिम्रो सम्बन्धी कसैको मृत्युहोस्, धन-दौलत नष्टहोस् शोक नगर, अथवा प्राप्त भएमा पनि खुशी न हो । यस किसिमले उदासीन-भाव राख। यदि तिमी यस प्रकारले गृहस्थीमा रहेमा तिमी भन्दा ठूलो ज्ञानी आर्को को हुन्छ ? तिमीलाई अवश्य मोक्षपद मिल्नेछ।

दुःख निवृत्ति

दृष्टान्त—एक हितैषी बोधवान् मनुष्यले सुखको खोजीमा लागेका आफ्ना मित्रलाई यही बताइरहेका थिए कि दुःखको निवृत्ति हुनु नै सुख हो र अन्य सुखको न त अनुभव हुन्छ न कोही इच्छा नै गर्दछन्, न सुख छ । यो कुरा धेरै पटक सम्झा-उदा पनि जब मित्रले सम्झन सकेनन् तब सम्झाउने चाहिं मित्रले भने—हुन्छ ! फेरि पछि सम्झाउला । संयोगवश जिज्ञासु मित्रलाई दाद आएछ, त्यो दाद दिन प्रतिदिन बढ्दै गयो। कुनै एक सिलपटले यस्तो औषधि लगाइदिएछ जसले गर्दा

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उसको सबै शरीर कुइन गयो। त्यस रोगले गर्दा उसलाई सारै पीडा हुन गई रून कराउन थाल्यो। त्यस्तो अवस्थामा शिक्षक मित्र पुगेछन् र मौका यही हो भनी ठानेर उनले भने—मित्र! ओहो! तिमीलाई त सारै कष्ट भएछ। यो कुरा सुनेर त्यो रोगी रुन लाग्यो र भन्यो—यो भन्दा त बरु असल मेरो मृत्यु भए हुने थियो। शिक्षक मित्रले भने—त्यसो भए म तिमीलाई एउटा औषधि दिन्छु, त्यो दश आठदिन प्रयोग गरी हेर कस्तो हुन्छ भनी एक औषधि दिए।

त्यस औषधिलाई त्यो रोगपीडित मित्रले नियमसंग आठ दिन सेवन गर्‍यो। औषधि उसलाई रामबाण समान हुन गयो। चाडै नै बिगरेको रगत ठीक भयो र उसको पीडा शान्त भयो। शिक्षक मित्रले भने—तिमीलाई केही कम भयो? रोगपीडित मित्रले भने—अलिकति के, तपाईको कृपाले मेरो सबै दुःख हट्यो, म पूर्ण सुखी भएँ। हितैषी मित्रले भने—सुख तिमीलाई केले भयो? रोगीले भने—तपाईको औषधिले। हितैषी मित्रले भने—मेरो औषधिले तिमीलाई के दियो? रोगीले भने—मेरो रोग निको तुल्यायो। मित्रले भने—रोग हुदाँ तिमीलाई के थियो! रोगीले भने तीव्र दुःख। मित्रले भने मेरो औषधिले तिम्रो रोग गयो, अब तिमीसंग के बांकी छ! रोगीले भने—रोग जानाले रोग सम्बन्धी दुःख रहेन, र अहिले सुख भएको छ। मित्रले भने—यो रोग पहिले तिमीलाई थिएन, त्यस समय तिमीलाई सुख थियो कि दुःख! रोगीले भने—म बिना औषधि

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

पूर्ण सुखी थिएँ। मित्रले भने—तर तिमी पहिले मसंग कहिले पनि भन्दैनौ थियौ कि म सुखी छु! रोगीले भने—जुन कुरा धेरै दिनदेखि मैले सम्झन सकेको थिइन त्यो अब बुझें। मलाई रोगले जब अति कष्ट भयो तब औषधिको जरूरत पर्‍यो। फेरि तपाई जस्तो दानीको आश्रयले मैले अमृत तुल्य औषधिको सेवन गरें तब त्यस रोगको सर्वथा अभाव भयो। त्यस रोगको अभावले रोग सम्बन्धी दुःख गयो तब म सुखको अनुभव गरिरहेको छु। यद्यपि म रोग आउनुभन्दा पहिले बिना औषधि सुखी थिएँ तर यत्तिको सुखको अनुभव हुदैनथ्यो। बीचमा दुःख हुनाको कारण नै त्यस दुःख निवृत्तिले सुख प्रतीत भयो। शिक्षक मित्रले भने—यो दुःख निवृत्तिरूप सुखको लागि तिमी फेरि दादका रोग उत्पन्न गर्न चाहन्छौ? रोगीले भने—म भुलेर पनि त्यसको इच्छा कहिले गर्ने छैन। मित्रले भने—अब देखि तिमीलाई सुख कसरी हुन्छ त! रोगीले भने—तपाईको वाक्यले त हृदयको चक्षु खुल्दै जान्छ, मेरो समझमा यो पनि आयो कि दुःख बनाई-बनाई कन कोही पनि सुख चाहँदैन, फेरि दुःखको बिना सुखको चाहना नै हुन सक्दैन। विवशताले[1] रोग, व्याधि, पीडा, शत्रु हुंदा खेरी फेरि त्यसलाई निवारण गरेर मानिस सुखी हुन्छ. तर त्यस सुखको लागि फेरि दुःख बनाउदैन। जो आफ्नो खुट्टा काटी औषधिद्वारा सुखी हुन इच्छा गर्छ भने त्यो पनि भ्रांतिमा पर्‍यो भनी जाने हुन्छ।

१ विवशता=लाचारी

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

यसकारण दुःखको निवृत्ति नै सुख हो र सुख केही चीज होइन । शिक्षक मित्रले भने–यही तिमी अब सम्झ कि इच्छा एक दादको रोग हो, सो इच्छा अनादि सत्स्वरूपलाई भुलनाले हुन गएको छ । प्रारब्धरूप इच्छा आउनासाथ जीव चंचल हुन जान्छ । चंचलता अपूर्णतामा हुन्छ । त्यसको निवारणार्थ नाना किसिमको भोगरूप औषधि गर्दछन् । त्यो औषधि इच्छारूपी रोगलाई वृद्धि गर्ने कुपथ्य हो । यसकारण मैले तिमीलाई रोग आउनुभन्दा पनि अगाडि सम्झाउने गरेको थिएँ । यदि तिमी दुःख रहित सुख चाहन्छौ भने औषधि जस्तै अन्न जल र व्यवहार ग्रहण गरेर रहँदै विषयरूप आरण्यमा घुमिरहेको दश इन्द्रिय र एकादश मनलाई रोक अर्थात् विषयरहित मार्गको लागि सब साधन सम्पत्ति सम्पादन गर, जसको फल अचाह र स्वतंत्र छ । यति सुनेर जिज्ञासु मित्रले भने—तपाईंको कृपाद्वारा अब म त्यस्तै गर्नेछु । निश्चय हुनालाई मात्र विलम्ब थियो । दृढ निश्चय हुनासाथ मनुष्यले आफ्नो आधा काम समाप्त गरिसकेको हुन्छ, बाँकी पुरुषार्थले पूर्ण गरी छोड्दछ ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

गुरुको खोज

एक मनुष्य गुरुको खोज गर्दै धेरै दिन यत्र-तत्र घुमेछ तर उसले इच्छा गरेझैं गुरु पाउन नसकी सार्है निराश भई बगदाद-को नगीच जङ्गलमा गई बस्यो। अनि यो निश्चय गरेछ कि जब-सम्म गुरुको प्राप्ति हुँदैन तबसम्म अन्न जल ग्रहण गर्ने छैन, बरु शरीरको अन्त नै भएर जाओस्. त्यस समयमा बगदादमा जुनोद नाम गरेका एक ठूला तत्त्वज्ञानी रहन्थे। तिनी एक दिन नित्यकर्मानुसार आफ्नो घोडालाई दजला नदीमा पानी पिलाउना-को लागि लिएर गएका थिए। घोडा मार्गमा नै रोकिएर उभियो। त्यसलाई नदीमा लैजानको निमित्त जुनोदले अति कोशिश गरे तर त्यो आर्कैपट्टि जान लाग्यो। आखीरमा जुनोदले विचार गरे कि किन हो आज घोडा नदीमा जाँदैन र आर्कै ठाउँमा जान इच्छा गर्छ, भने यसमा केही नकेही अवश्य हुनु पर्छ। यसकारण तिनले लगाम खुकुलो गरिदिए र घोडालाई भने तेरो इच्छा जहाँ छ उतै जा। चारैतिर मेरै नै अल्लाहको जमीन हो। घोडा दौड्दै गयो र जहाँ त्यो गुरुको खोजमा आएर बसेको मानिस थियो उहीं पुगेर उभियो।

जुनोद घोडाबाट ओर्ली त्यस मानिसलाई सोध्न लागे—तिमी यहाँ के कारणले बसेका छौ ? त्यसले झट्ट आफ्नो हाल

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सुनाएर गुरु प्राप्तिको इच्छा प्रदर्शित[1] गऱ्यो। केही समयसम्म दुवैमा सवाल जवाफ भयो। त्यसबाट त्यो मनुष्यको शंका समाधान भयो। जुनोदले फर्किने समयमा अति उत्कण्ठा र प्रेमले त्यस मनुष्यलाई भने कि फेरि तिमीलाई कुनै समय गुरुको जरूरत पऱ्यो भने बगदादमा मेरो घर छ त्यहाँ आउनु, मेरो नाम जुनोद हो। यो कुरासुनेर त्यो गुरु भक्तले जवाफ दियो कि जुन कुरा जान्न पर्ने हो त्यो मैले जानिसकें, अब मलाई कसै कहाँ जानु पर्ने केही जरूरत छैन। आर्को कुरा अहिले पनि त तपाईं आफै म कहाँ आउनु भयो म तपाईंकहाँ आएको थिइन। अब फेरि केही गरी त्यस्तै जरूरत पर्नेगएछ भने, खुदाको मरजीले तपाईं अथवा तपाई जस्तो अरू कुनै यहाँ आफै खिचिएर आउँदछन् मैले जानु पर्दैन।

१ प्रदर्शित = देखाइएको

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

अध्यात्म विद्या

शास्त्रोक्त कर्मानुसार—स्व सामर्थ्य जानेर जिज्ञासा दृढ गरेर, अभ्यासको तत्त्वलाई जानेर, श्रद्धालाई पूर्ण गरेर, गुरु कृपा सम्पादन[1] गरेर, चरित्र बनाएर. विश्वव्यापी प्रेमलाई प्रकट गरेर,साधकले अध्यात्म विद्याको अभ्यासको काममा उद्यत हुन पर्छ। सामर्थ्य, जिज्ञासा, श्रद्धा, सद्गुरु कृपा, अभ्यास चरित्र र विश्वव्यापी प्रेमको पाठ पढ्नको लागि कुनै पाठशालामा, कुनै स्कूलमा. अथवा कलेजमा भर्ना हुने आवश्यकता पर्दैन। यसको प्रारम्भिक, माध्यमिक एवं उच्च कक्षाको पाठकर्म तिमीहरू कै हृदय पुस्तकमा लेखेको छ। यसको पत्र उल्टाई पल्टाई उसलाई नित्य हेरिरहनाले, एक पछि अर्को कक्षमा स्वयमेव पुग्नेछौ।

आधुनिक विद्यार्थीहरूको जस्तो पुस्तक, कागज, सिलेट, पेनसिलादिको भारी बोकेर कुनै स्कूल, कलेजमा जाने आवश्यकता छैन। नगणित, भूगोल, जुग्राफी, इतिहास, व्याकरण लेख्न पढ्न सिक्न नै आवश्यकता पर्छ र आई ए, बी ए, एम, ए बी एल इत्यादि पास हुनलाई नै आवश्यकता पर्छ। केवल बस्ता उठ्ता, हिंड्दा, फिर्दा, काम गर्दा, आफूमा आफ्नै लक्ष्य राखेर अलक्ष्यलाई लक्ष्य गर्नु पर्छ। उसलाई हेर्नको निमित्त चश्माको

---

१ सम्पादन = बनाउनु

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

जरूरत छैन, दूरवीनको पनि जरूरत छैन। खालि बहिर्लक्ष्यको अन्तर्लक्ष्य हुनु नै काफी छ। अन्तर्लक्ष्यलाई विचार संयममा यस्तो भनेको छ। पराको स्फुरण पश्यन्ती बनेर मध्यमा वैखरीको अर्थ शब्दहरूको एकता हो। यसलाई शाम्भवी महामुद्रा भन्दछन्।

अन्तर्लक्ष्या बहिर्दृष्टिर्निमिषोन्मेष वर्जिता।
एषा श्रीशाम्भवी मुद्रा जन्ममृत्युविनाशिनी ॥

●

आरुणिको श्वेतकेतुलाई उपदेश

आरुणिका सुप्रसिद्ध पुत्र श्वेतकेतु थिए, एक दिन पिताले भने—हे श्वेतकेतु! तिमी ब्रह्मचर्यव्रत पालन गर, किन कि हे सोम्य! हाम्रो कुलमा उत्पन्न भएका कोही पनि पुरुष अध्ययन नगरी ब्रह्मबन्धु जस्ता हुँदैनन्। जो ब्राह्मणहरूलाई बन्धु भनी भन्दछ तर स्वयं ब्राह्मणको आचरण गर्दैन भने उसलाई ब्रह्म-बन्धु कसरी भन्नु? यो प्रसंगबाट यो अनुमान हुन्छ कि उनको पिता घरबाट बाहिर जाने भएका थिए। पिताको आज्ञाले ती

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

श्वेतकेतु १२ वर्षको अवस्थामा गुरुकहाँ गए र २४ वर्षको अवस्थामा सम्पूर्ण वेदहरू अध्ययन गरेर त्यसको अर्थ समेत सम्झेर आफूलाई सबै भन्दा ठूलो मानी घर फर्के।

आरुणिले आफ्नो पुत्रको यस प्रकारको स्वभाव अर्थात् आफ्नो भन्दा विपरीत स्वभाव देखेर उसलाई सद्धर्ममा प्रवृत्ति गराउनाको इच्छाले भने—हे श्वेतकेतु! तिमी आफूलाई सबै विद्याले पूर्ण भएको जानी म समान आर्को कोही पनि छैन भनी किन अभिमान गर्छौ? तिमीलाई आचार्यबाट यस्तो के विशेषता प्राप्त हुन गएको छ? यसबाट यो सिद्ध हुन्छ कि ब्रह्म केवल शास्त्र र गुरुको उपदेशले नै ज्ञेय हुन्छ, अथवा जसद्वारा परब्रह्मको उपदेश गरिन्छ त्यसलाई आदेश भन्दछन्। के तिमीले त्यो आचार्यसंग सोधेका छौ?

जसकोद्वारा अश्रुत श्रुत हुन जान्छ, अमत[1]मत हुन जान्छ र अविज्ञात[2] विशेषरूपले ज्ञात हुन्छ। यो सुनेर श्वेतकेतुले सोधे—भगवन्! त्यो आदेश कस्तो छ? यस आख्यानले यो थाहा हुन्छ कि समस्त वेदहरूको अध्ययन र अन्य सम्पूर्ण ज्ञेय पदार्थ-हरूको ज्ञान प्राप्त गरेर पनि जबसम्म पुरुष आत्मतत्वलाई जान्दैन तबसम्म अकृतार्थ नै रहन्छ। यस विचित्र प्रश्नलाई सुनेर श्वेतकेतुले यस्तो विचार गर्दै भने कि यो अप्रसिद्ध कुरा कसरी हुन सक्छ, अन्य वस्तुका ज्ञानले अन्य समस्त पदार्थ-हरूको पनि ज्ञान हुन त असम्भव छ।

१ अमत = नमानिएको २ अविज्ञात = नजानेको

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आरुणिले आफ्नो छोरालाई मृत्तिका, फलाम, सुवर्णादिको उपदेश सुनाइसकी अन्तमा वृक्षको फलको दृष्टान्तद्वारा उपदेश दिने विचारले भन्नु भयो कि हे श्वेतकेतु ! तिमी यस महान वटवृक्षबाट एक फल लिएर आऊ। पिताको आज्ञानुसार उनले फल टिपेर ल्याए र भने भगवन् ! मैले फल लिएर आएँ। आरुणिले भने यस फललाई फुटाऊ। श्वेतकेतुले फुटाए। पिताले भने—यसमा तिमी के देख्तछौ ? श्वेतकेतुले भने—भगवन् ! यहाँ अणुभन्दा पनि अणु अत्यन्त सानादाना बीज देखिन्छन्। आरुणि—हे वत्स ! यस दानाबाट तिमी एउटा दानालाई फोड। त्यो आज्ञा सुनी उनले भने—भगवन्। फोडिदिएँ। आरुणि—अब तिमी त्यस फुटेको दानामा के देख्तछौ ? श्वेतकेतु—भगवन् ! म त्यसमा केही पनि देखिन। आरुणि—हे सोम्य ! वटको दाना फुट्नाले जुन वटबीजको अणिमालाई तिमी देख्न सक्तैनौ, तथापि हे साम्य ! हेर निश्चय त्यस बीजको देख्न नसकिने सूक्ष्म अणिमाको कार्य भूत—उसैदेखि उत्पन्न भएका यी मोटा-मोटा शाखा, स्कन्ध, फल र पातले सहित भएको महान वटवृक्ष खडा भएको छ। यसप्रकार हे साम्य ! विश्वास गर कि नाम, रूप, स्थूल जगत् यी सब सूक्ष्म सत्‌देखि उत्पन्न भएका छन्। यद्यपि युक्ति र शास्त्र यी दुवैबाट निश्चित भएका अर्थ यस्तै हुन्छन्। तथापि गुरुको श्रद्धा नहुनाको कारण वाह्य विषयहरूमा आसक्तचित्ताको स्वभावले नै प्रवृत्तिशील पुरुषलाई यस्तो सूक्ष्म विषयमा प्रवेश

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

हुन अति कठिन पर्न छ ।

यो जो अणिमा हो त्यही नै एतद्रूप यो सब हो। त्यो सत्य छ, त्यो आत्मा हो र हे श्वेतकेतु ! त्यही तिमी हौ ।

●

महावाक्य

महावाक्यमा तत्, त्वं र असि तीन पद छ । जुन् किसिमले एकै आकाश मठ उपाधिले, मठाकाश र घट उपाधिको कारण घटाकाश भनिन्छ तर मठ र घटको उपाधि रहित जो आकाश छ उसलाई महदाकाश भन्दछन् । त्यस्तै प्रकारले एक अद्वितीय तत्व माया उपाधिले तत् भनेर ईश्वरलाई भन्दछन् र अविद्या उपाधिले त्वं भनेर जीवलाई भन्दछन् । यस्तो भए तापनि दुवैको उपाधि त्याग गरेर असिपदले दुवै (तत् र त्वं) को एकता बोध गरिदिन्छ । यसरी एक अद्वितीय ब्रह्म सिद्ध हुन्छ । ईश्वर र जीवको भिन्नता प्रतीति केवल उपाधिको कारणले मात्र हुन्छ ।

ईश्वरमा समर्थपना र जीवमा असमर्थपना माया र अविद्याको उपाधिले हुनगएको हो । जुन प्रकार मठमा धेरै मानिस बस्न सक्तछन् र त्यहाँ हजारौं मन अन्न पनि अटाउन

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

सक्छ तर घटमा भने एक मानिस पनि बस्न सक्तैन र एक मुरी अन्न समेत अटाउँदैन। यद्यपि मठ र घट ठूलो र सानो उपाधिले मठाकाश र घटाकाश भएका छन् तर त्यहाँ भित्रको आकाशमा ठूलो र सानाको भेद छैन। यस किसिमले तत्पद र त्वं पदको लक्ष्यार्थ रूप शुद्ध सच्चिदानन्द ब्रह्म एकै छ। उसमा भेद छैन। यसकारण कल्पित जीव र ईश्वरको वाच्यार्थ-रूप उपाधि (अविद्या तथा माया) लाई भागत्यागलक्षणले त्याग गर्दा अभेद सिद्ध हुन्छ।

जहाँ पदहरूको वाच्यार्थमा एक भागलाई त्याग गरी आर्को भाग ग्रहण गरिन्छ त्यसलाई भागत्यागलक्षण भन्दछन्। जस्तो (सोयं देवदत्तः) अर्थात् सो देवदत्त भनेका यिनै हुन्।

कुनै ग्राममा बस्ने शिवदत्त नाम गरेका एक पुरुष काशीको यात्रामा गएका थिए। वहाँ उनको संयोगवश काशीराजको साथ मित्रता भयो। अनि धेरै दिनसम्म काशीमा बसी आफ्नो घरमा फर्कि आए। केही वर्षपछि तीव्र वैराग्य हुन गए छ र काशीका राजा आफ्नो समस्त राजपाट आदि संसारी वैभव-लाई[1] त्याग गरी, तीर्थाटन गर्न निस्केछन्। घुम्दा-घुम्दा दैव-संयोगले ती काशीराज विरक्त भेषभा शिवदत्तका गाउँमा पुग्न गएछन्। शिवदत्त देवताको दर्शन गर्न भनी मन्दिरमा गएका थिए। त्यहाँ राजालाई बसेको देखेर उनको मनमा विचार उत्पन्न हुन गए छ कि काशीमा जुन राजालाई देखेको थिएँ।

---

१. वैभव = सम्पत्ति।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

यिनी उनै हुन् जस्तो लाग्छ। फेरि शिवदत्तका मनमा सन्देह उत्पन्न हुन गएछ कि काशीराज त महा सत्तावान्, अपराधीहरूलाई दण्ड दिने र योग्य पुरुषलाई जागीरादि दिनामा समर्थ र स्वतन्त्र तथा पवित्र काशी धाममा रहन्छन्। यो पुरुष त उनको लक्षणहरूदेखि होन छ। यो काशीराज कसरी हुन सक्छ भनी यस्तो प्रकारको मनमा सन्देह हुन गएकोले उनी बारंबार राजातिर हेर्न लागे। हेर्दा हेर्दा काशीराजको शरीरको सब लक्षण त्यो विरक्तको शरीरमा मिल्यो, तब उनको मनमा केही केही विश्वास लागे छ कि यिनी नै अवश्य काशीराज हुन्।

फेरि उक्त विरक्तसंग कुराकानी गरी सकी काशीबाट तत्काल आएका मानिसहरूको मुखबाट समेत राजाले वैराग्य धारण गरेको कुरा सुनेछन्। त्यसपछि शिवदत्तले निश्चय गरे कि जुन काशीराजलाई मैले काशीमा देखेको थिएँ उनै यी विरक्त पुरुष हुन्।

यसको तात्पर्य यो हो कि राजाको समृद्धि सामर्थ्य, देश. काल इत्यादिलाई लियो भने कदापि राजा सिद्ध हुन सक्तैन। यसकारण देश कालादि छोड़ेर काशीमा देखेका राजाको शरीरलाई मात्र तुलना गरी शिवदत्तले राजालाई चिने।

यस्तै प्रकार महावाक्य (तत्त्वमसि) मा तीन पद छन्। तत्, त्वं र असि। यस महावाक्यको वाच्यार्थ यो हो कि त्यो तिमी हौ। यहाँ तत्पदको आशय ईश्वर हो र त्वंपद जीवको

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

वाचक हो। यस स्थानमा तत्पद ईश्वरको गुण, सामर्थ्य, सर्वज्ञता, परोक्षता, जगत्कर्तापन, इत्यादि वाच्यार्थ उपाधिलाई त्याग गरेर, त्यस्तै जीवको असमर्थपना अल्पज्ञता, परिच्छिन्नता, इत्यादि वाच्यार्थ उपाधिलाई छोडेर, तत्पदको लक्ष्य, एक, अद्वितीय, पूर्णानन्द, सर्वात्मा इत्यादि र त्वंपदको लक्ष्य कूटस्थ, साक्षी, असंग, सच्चिदानन्द इत्यादिको एकता असिपदद्वारा गर्नाले केही हानि छैन। यसकारण भागत्यागलक्षणले वाच्यार्थ-लाई छोडेर लक्ष्यार्थलाई ग्रहण गरी आत्माको एकता सम्झनु पर्छ। महावाक्य यसै अर्थमा एकता निरूपण गर्दछ।

तत्पद वाच्य ईश्वरको उपाधि माया हो। उसैकोद्वारा विराट्, हिरण्यगर्भ र अव्याकृत रूप तीन देह तथा वैश्वानर[1], सूत्रात्मा[2] र ईश्वर यी तीन अभिमानी तथा उत्पत्ति, स्थिति तथा प्रलय रूप तीन स्थिति इत्यादि ईश्वरको उपाधि विस्तृत भएको छ। यही तत्पदको वाच्यार्थ हो।

यस्तै किसमले त्वंपद वाच्य जीवको उपाधि अविद्या हो। जसदेखि जीवलाई स्थूल, सूक्ष्म र कारण तीन देह प्राप्त भएको छ। यिनैको सम्बन्धले जीव विश्व, तैजस र प्राज्ञ नामले तीनै देहको अभिमानी बनेको छ। जसलाई जाग्रत, स्वप्न र सुषुप्ति तीन अवस्थाहरूको प्राप्ति हुँदैगएको छ। यही सब त्वंपद वाच्य जीवका अविद्या कल्पित वाच्यार्थ उपाधि हो।

---

१ वैश्वानर = आत्मविशेष २ सूत्रात्मा = हिरण्यगर्भ

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

यस्तै प्रकारले तत्पद, त्वंपदको विद्या र अविद्या रूप वाच्यार्थ उपाधिलाई त्यागिदिनाले हामीमा स्वयं आत्मा तत्पद र त्वंपदको लक्ष्यार्थरूप शुद्ध वस्तु भगवान् शेष रहन्छ। यस-कारण सर्व उपाधिलाई छोडेर शुद्ध स्वरूप निज आत्मालाई नै जान्नुपर्छ। भगवान् श्रीकृष्णले गीतामा भन्नु भएको छ :—

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत।
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञान मतं मम॥ गी० १३।२

हे अर्जुन! सर्व क्षेत्रहरूमा अर्थात् शरीरहरूमा देह, प्राण, मन, इन्द्रियहरू र बुद्धि आदिलाई पनि जान्ने भएकोले मलाई क्षेत्रज्ञ भनी जान।

यस्तो किसिमले अर्जुन प्रति भगवान्ले आफूलाई क्षेत्रज्ञ-ताको निरूपण गर्नु भएको छ। श्रीमद्भागवतमा पनि जीव र ईश्वरको एकताको ज्ञान दृढ गर्न ईश्वर र जीवलाई एकै साथ वर्णन गरेको छ :—

अहं भवान्न चान्यस्त्वं त्वमेवाहं विचक्ष्व भो।
न नौ पश्यन्ति कवयश्छिद्रं जातुमनागमि॥
भगवत ४।·८।१

हे जीव! जो म हुँ सो तिमी हौ, मदेखि तिमी भिन्न छैनौ। जो तिमी हौ सोही म हुँ। यस कारण तिमी आफूमा मेरो एकता विचार गरेर हेर। ज्ञानी जीव आफूलाई र ईश्वरलाई एकै रूप मान्दछन्! यस्तै कुरा कैवल्योपनिषद्मा पनि लेखेको छ :—

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

यत्परं ब्रह्म सर्वात्मा विश्वस्यायतनं महत्।
सूक्ष्मात्सूक्ष्मतरं नित्यं स त्वमेव त्वमेव तत् ॥ कैव १।१६

जो ब्रह्म सब प्राणीहरूको आत्मा, सम्पूर्ण विश्वको आधार, सूक्ष्म भन्दा पनि सूक्ष्म र नित्य छ, त्यो तिमी नै हौ र तिमी त्यही नै हौ।

इत्यादि, श्रुति, स्मृति, पुराण आदिहरूमा यस्तो प्रकारले अनेक दृष्टान्तद्वारा ईश्वरको अभेद निरूपण गरेका छन्। यस-कारण हामीले आफ्नो-आत्मालाई ब्रह्मरूप भनी जान्नुपर्छ।

●

आफ्नो घर जाने पुरुष

आफ्नो घरमा जान भनी कुनै एक पुरुष मार्गमा हिंडिरहेको थियो। हिंडदा-हिंड्दा बाटामा एक नदी आइपुगेछ। त्यो नदी पार गर्नाको निमित्त, त्यो पुरुषले किनारामा बसिराखेका मानिसहरूलाई नदी पार गर्ने कसरी हो भनी युक्ति सोध्न लाग्यो। उसको कुरा सुनेर एक पुरुष जो शरीरमा भने खूब हृष्टपुष्ट र हिंड्नमा फुर्तिलो तर आँखा भने कानो थियो। त्यसले भन्यो कि तिमी मेरो काँधमाथि बस म तिमीलाई तुरुन्त यो नदी पार गराइदिन्छु। त्यस कानाको कुरा सुनेर उपरोक्त पथिक

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विचार गर्न लाग्यो कि, जो स्वयम् आँखा नदेख्ने कानो छ। जसले नदीको अर्को किनारा समेत देख्न सकेको छैन, त्यस्ताले मलाई कसरी नदी पारी पुऱ्याउन सक्ला। यसकारण यस्तो पुरुषको विश्वासमा लागी नदी पार गर्न पट्टि लागें भने भयानक आपत आइपर्नेछ। यो कुराको विचार गरी पथिकले कानालाई भने कि म तँसँग नदी पार गर्दिन।

त्यसै स्थानमा बसिराखेको अर्को एक लङ्गडो पुरुष थियो। त्यो आँखाले त देख्न सक्तथ्यो तर खुट्टाले भने हिंड्न नसक्ने थियो। त्यसले भन्यो हे भाइ! तिमीलाई अरूहरूको साथमा नदी पार गर्न केही जरूरत छैन। नदीमा कहाँ के कत्ति पानी छ, त्यो सबै मलाई यथार्थ बोध छ। यसकारण तिमी मैले बताएको मार्गबाट गयौ भने सहज नदी पार हुनेछौ। त्यस लङ्गडाको कुरा सुनी पथिकले फेरि विचार गरे कि यो स्वयम् खुट्टा नभएको छ, यसले कुन दिन नदी पार गऱ्यो होला? यसले नदीको गहिराई विषयमा जो जति कुरा गऱ्यो के त्यो सत्य होला? यसकारण म यसको कुरामा लागी नदी पार गर्न भनी पानीमा पस्न गएँ र कुनै ठाउँमा डुब्न लागें भने त्यस समयमा यो लङ्गडाले मलाई के सहायता गर्न सक्ला? यस्तो विचार गरी पथिकले लङ्गडाको कुरामा पनि विश्वास गरेन।

यस्तैमा एक तेस्रो मानिस दैवसंयोग त्यहाँ आइपुगेछ। यो आँखाले देख्न र खुट्टाले हिंड्न समेत सक्ने थियो तथा नदी पार गर्न समर्थ भएको र नदीको गहिराई विषयमा पनि

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

धेरै कुरा उसलाई बोध थियो। पथिकको कुरालाई सुनी उक्त पुरुषले भन्यो कि, तिमी मेरो साथमा हिंड म तुरून्त नदी पारी पुराइदिन्छु। पथिकलाई उसको कुरामा विश्वास लागेछ र उसैको साथमा लागी नदी पार गरी आफ्नो घर पुगेछ।

सिद्धान्त—ब्रह्मस्वरूप प्राप्त गर्न इच्छा भएका मुमुक्षुलाई स्वदेश अर्थात् घर जाने भएका पथिक सम्झनु पर्छ। जन्म मरण भनेको त्यो नदी हो। नदीको किनारामा बसेको कानो श्रोत्रिय अर्थात् केवल वेदशास्त्र जान्ने पुरुष हो। जसको शास्त्रले बताएको कर्मद्वारा चल्ने शक्ति त छ, तर आर्को किनारारूपी ब्रह्मलाई देख्ने शक्ति दैन। यसकारण केवल श्रोत्रिय गुरुको सहायताले स्वस्वरूपको प्राप्ति हुँदैन।

यहाँ पंगु भनेको केवल ब्रह्मनिष्ठ पुरुष हो। जसको गुरु-प्रसादले ब्रह्मको अपरोक्ष ज्ञानरूपी नेत्र त छ, जसदेखि संसार-रूपी नदीको आर्को पट्टिको किनारारूप परब्रह्मलाई त देख्दछ तर वेदवाक्यहरूको प्रमाणपूर्वक युक्तिले कर्म गर्नेशक्ति उसको छैन। यस कारण उसले जीवलाई ब्रह्म प्राप्तिको लागि उपदेश गर्दै भन्यो क यो संसाररूप नदी तुच्छ छ, ईश्वरको अनुग्रह भयो भने यो गोवत्स खुरको तुल्य नदी पार गर्न सकिन्छ। परमात्मा एक अद्वितीय, अनंत, असंग, अक्रिय, निर्विकार, निराकार, निर्गुण, प्रत्यगात्म[1], तीनै देहदेखि विलक्षण, तीनै अवस्थाको

१. प्रत्यगात्म = जीवात्मा।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

साक्षी, पंचकोशातीत, व्यापक, द्रष्टा, स्वयं प्रकाश, सच्चिदानन्दरूप हुनुहुन्छ। परमात्मालाई जान्नाले संसाररूपी नदी सहजै पार गर्न सकिन्छ। यस्तो सत्य उपदेश गर्दा पनि मुमुक्षुलाई उसको कुरामा विश्वास नभई सन्देह हुन गयो।

नेत्र र पयर दुवै भएको पुरुषको सहायताले पथिकले नदी पार गऱ्यो। यसकारण श्रोत्रिय तथा ब्रह्मनिष्ठ यी दुवै विशेषणले युक्त भएको सद्गुरुद्वारा नै मुमुक्षु संसाररूपी नदीदेखि पार गर्न सक्ने हुन्छ।

चौदह मायिक ब्रह्मको लक्षण

श्रुतिको अनुसार ब्रह्मको नाम यिनै हुन्। १ शब्दब्रह्म २ ओमित्येकाक्षरब्रह्म ३ खंब्रह्म ४ सर्वब्रह्म ५ चैतन्यब्रह्म ६ सत्ताब्रह्म ७ साक्षीब्रह्म ८ सगुणब्रह्म ९ निर्गुणब्रह्म १० वाच्यब्रह्म ११ अनुभवब्रह्म १२ आनन्दब्रह्म १३ तदाकारब्रह्म १४ अनिर्वाच्यब्रह्म।

अब संक्षेपमा यिनीहरूको वर्णन गरिन्छ।

१ जो अनुभवमा आउँदैन केवल शब्दमा मात्र बताइन्छ त्यो हो शब्दब्रह्म।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

२ ओमित्येकाक्षरब्रह्म ओंकारलाई मानेको छ।

३ खंब्रह्मको अर्थ हो आकाश ब्रह्म, त्यो महाकाशका तरह व्यापक हुन्छ।

४ सर्वंब्रह्मको विषयमा श्रुतिको आशय यस्तो छ कि पञ्चभूतहरूका चमत्कारले जति यी सब देखिएका छन् सर्वब्रह्म नै हुन्, सर्वं खल्विदं ब्रह्म भनेको पनि यही सर्वंब्रह्म हो।

५ चैतन्यब्रह्म पञ्चभूतात्मक मायामा जो चेतन ल्याउँछ त्यो चैतन्यब्रह्म हो।

६ चैतन्यकोमाथि जसको सत्ता छ, त्यो सत्ताब्रह्म हो।

७ सत्तालाई जान्ने चाहिं जो हो त्यो साक्षीब्रह्म हो।

८ त्यस साक्षीपनमा जब तीन गुणहरूका आरोप हुन्छन् तब उसलाई सगुणब्रह्म भन्दछन्।

९ जसमा गुणादि केही हुँदैन त्यो निर्गुणब्रह्म हो।

१० जो वाणीद्वारा भने बताइन्छ तर अनुभव भने हुँदैन त्यो वाच्यब्रह्म हो।

११ जो अनुभव भने हुन्छ तर वाणीद्वारा बताउँन सकिँदैन, त्यो अनुभवब्रह्म हो।

१२ आनन्द जुन वृत्तिको धर्म हो, र वाच्य समेत हो त्यो आनन्दब्रह्म हो।

१३ भेदाभेदले रहित जो तदाकारत्व छ त्यो तदाकारब्रह्म हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

१४ अनिर्वाच्यब्रह्मलाई के भन्नु त्यसमा त वाणीको विषय नै हुँदैन ।

——❀——

श्रीशुकदेवजीको अन्तिम उपदेश

श्रीशुकदेवजी भन्नु हुन्छ—प्रिय परीक्षित् ! तिमीले सुनेका छौ कि यस श्रीमद्भागवतमहापुराणमा बारं-बार सर्वत्र विश्वात्म भगवान् श्रीहरिको सङ्कीर्तन[1] भएको छ। ब्रह्मा र रुद्र पनि श्रीहरिदेखि पृथक् हुनुहुन्न । वहाँ उनैको प्रवृत्ति लीला र क्रोध लीलाको अभिव्यक्ति हो ।

परीक्षित् ! अब तिमी यो पशुहरूको झैं म मरुँला भन्ने धारणलाई छोड़िदेउ, तिमी शरीर होइनौ, पहिले जब शरीर थिएन तब पनि तिमी थियौ, शरीर कासाथ तिम्रो उत्पत्ति भएको छैन। शरीर जस्तै तिम्रो नाश हुँदैन, जस्तो बीजदेखि अंकुरको उत्पत्ति हुन्छ त्यस्तै एक देहदेखि दोस्रो देह उत्पन्न हुन्छ। परन्तु तिमी न त कसैसँग उत्पन्न भएको छौ र न त फेरि पुत्र पौत्रादिको शरीरको रूपमा उत्पन्न हुन्छौ। जस्तो कि आगो दाउरादेखि सर्वथा अलग रहन्छ।

१ सङ्कीर्तन=नाम कीर्तन

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

दाउराको उत्पत्ति र विनाशदेखि आगो सर्वथा पर छ, त्यस्तै तिमी पनि शरीर आदिदेखि सर्वथा अलग छौ। स्वप्न अवस्थामा यस्तो थाहा हुन्छ कि मेरो शिर काटियो र मेरो मृत्यु भयो, मलाई मानिसहरूले श्मशानमा जलाइरहेका छन्। परन्तु यी सब शरीर कै अवस्था देखिन्छन्, आत्माको होइन। जो देख्ने चाहिं छ त्यो त त्यस अवस्थाहरूदेखि सर्वथा पर छ। जन्म र मृत्युदेखि रहित छ, शुद्ध, बुद्ध र परमतत्त्व स्वरूप छ। जस्तै घडा फुट्नाले आकाश पहिलेकै जस्तो अखण्ड रहन्छ, परन्तु घटाकाशको निवृत्ति हुनाले मानिसहरूमा यस्तो प्रतीत हुन्छ कि त्यो महाकाशमा मिल्न गयो। वास्तवमा त्यो मिले कै थियो, त्यस्तै देह पात हुँदा यस्तो थाहा हुन्छ कि जीव ब्रह्म हुन गयो, वास्तवमा त त्यो ब्रह्म नै थियो। उसको अब्रह्मता त प्रतीत मात्र थियो। मन नै आत्माको लागि शरीर, विषय र कर्महरूको कल्पना गर्दछ, र त्यस मनको सृष्टि मायाबाट हुन्छ। वास्तवमा माया नै जीवलाई संसार चक्रमा भुलाउने कारण हुन्। जबसम्म तेल राख्ने पात्रमा वत्ती र आगोको संयोग रहन्छ तबसम्म दीपकमा दीपकपना हुन्छ। त्यस्तै जबसम्म आत्माको शरीर, इन्द्रिय, मन, कर्म यिनीहरूमा रहने भएको चैतन्याध्यासको साथ सम्बन्ध रहन्छ। त्यहाँसम्म उसलाई जन्म मृत्युको चक्र संसारमा घुमिरहनु पर्छ र रजोगुण, सत्वगुण, तथा तमोगुणका वृत्तिहरूदेखि उसलाई उत्पन्न स्थित एवं विनष्ट हुनुपर्छ। परन्तु जस्तो दीपक निभ्न जानाले तत्वरूप तेजको विनाश हुँदैन,

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

त्यस्तै संसारको नाश हुँदा पनि स्वयंप्रकाश आत्माको नाश हुँदैन, किन कि कार्य र कारण, व्यक्त अव्यक्त, प्रतीति र अध्यारोप[१] यी सबभन्दा पर छ। त्यो त आकाशको समान सबको आधार भइरहेछ। नित्य, निश्चल र अनन्त छ। साँचो कुरा त आत्माको उपमा आत्मा नै हो।

प्रिय परीक्षित्! तिमी आफ्नो विशुद्ध एवं विवेकवती बुद्धिलाई परमात्माको चिन्तनमा लगाऊ र स्वयं नै आफ्नो अन्तःस्थित परमात्मालाई साक्षात्कार गर। हेर तिमी मृत्युहरूको पनि मृत्यु हौ। तिमी स्वयं ईश्वर हौ। ब्राह्मणको शापले प्रेरित[२] तक्षक तिमीलाई नाश गर्न सक्तैन। तक्षकको त के कुरा, स्वयं मृत्यु र मृत्युहरूका समूह पनि तिम्रो नजीकमा समेत आउन सक्तैनन्। तिमी यस्ता प्रकारले अनुसन्धान[३] चिन्तन गर कि मै नै सर्वाधिष्ठान[४] परब्रह्म हुँ। सर्वाधिष्ठान ब्रह्म नै म हुँ। यस प्रकार तिमी आफूलाई आफ्नो वास्तविक एकरस अनन्त अखण्ड स्वरूपमा स्थित गर। त्यस समयमा आफ्नो विषालु जिब्रो निकाली लपलप गर्दै, आफ्नो ओठलाई चाट्दै तक्षक आएर आफ्नो विषपूर्ण मुखले तिम्रो खुट्टामा टोकोस् केही परवाह छैन। तिमी आफ्नो आत्मस्वरूपमा स्थित भएर रह्यौ भने यस शरीरको त के कुरा सारा विश्वलाई पनि आफूदेखि पृथक् देख्नेछैनौ।

१ अध्यारोप = आरोप २ प्रेरित = प्रेरणा गरिएको ३ अनुसन्धान = खोज ४ सर्वाधिष्ठान = सबैको आधार

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

निर्मोही पुरुष

कुनै एक जना सज्जनको एउटा पुत्र थियो। पुत्रको विवाह समेत भइसकेको थियो। एक दिन उनले आफ्नो घरमा ब्रह्मसभा गर्ने उद्देश्यले सभासदहरूलाई साँझमा आफूकहाँ आउन निमन्त्रण दिएका थिए। दैवसंयोगले त्यही दिनमा उनको पुत्रको मृत्यु भयो। उनले मृत पुत्रको लाशलाई एउटा कुनामा सुताएर माथिबाट कपड़ा ओढाई दिए र आफू द्वारमा बसी शान्तपूर्वक तमाखू पिउन लागे। यस्तैमा सभाको समय पनि आइपुग्यो, सत्सङ्गीहरू पनि जम्मा भए। तिनीहरू मध्ये एक जना कुनै कामले त्यस ठाउँमा पुगेछन्, जहाँ मृतपुत्रको लाश राखेको थियो। त्यो लाशलाई देखी आश्चर्य मानी तिनी तुरुन्त बाहिर आई सोधे—यो क्या हो ? ती निर्मोहीले भने मित्र ! मेरो पुत्रको मृत्यु भयो। पहिले सभा समाप्त गरिसकौं र सबै जना मिली त्यस लाशलाई श्मशान—घाटमा लैजाउँला भन्ने उद्देश्यले मैले यो काम गरेको हुँ। सत्सङ्गीहरू तो निर्मोही पिताका कुरा सुनेर चकित परे।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

उनीहरूले भने—तिमी त सारै गजबको मानिस रहेछौ! तिमीलाई के आफ्नो जवान एकलो पुत्रको पनि माया लागेन! उनले भने—यो विषय सुख भोग बादलमा बिजुली चम्के समान चञ्चल छ, देखेको केही समयपछि देखिदैन। त्यस्तै जीवको आयु पनि तताइराखेको फलाममा पानी हाल्दा छिन भरमा सुकेर जान्छ त्यही तुल्य छ। फेरि संसारको मेललाई विचार गरी हेर्दा पिता, माता, स्त्री, पुत्र, भाइ, बन्धुहरू इत्यादि मिलेर संसारमा बसिन्छ। तर यी बन्धुहरूका मेल पनि बाटाका पाटीमा बटुवाहरू बसेझैं छिनमा छुट्टिने हुन्छन्। थकाई र प्यास मेटी ती बटुवाहरू आफ्ना आफ्ना बाटो लाग्दछन्। नदी-को पानीको छालले ठाउँ-ठाउँबाट काठहरू बगाएर ल्याई एकै ठाउँमा जम्मा गरिदिन्छ। फेरि केही अल्प कालमा नै ती काठ-हरूलाई छालले अदृश्य गराइदिन्छ। एकै प्रकारको कर्म गरेर स्त्री, पुत्र, माता, पिता आदिका साथमा रहिन्छ र आफ्ना कर्म-को भोग पूरा गरी कोही कता जान्छन् कोही कता। यसको अत्तोपत्तो कसैलाई थाहा हुंदैन। तसर्थ यो छोरासित मेरो के को नाता छ र म चिन्ता गरौं। पूर्वजन्मको कर्मवश हामी दुवैको भेट भयो र अहिले उसको समय आयो र आफ्नो बाटो लाग्यो यसमा दुःख र शोक मान्ने केही कुरै छैन।

आर्को कुरा, यो मेरो शरीर भनी म जसलाई भन्दछु त्यस-को निरन्तर विकार भएर गइरहेछ ता पनि म चिन्ता गर्दिन।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मलाई थाहा छ, त्यो मेरो शरीर होइन, म आत्मस्वरूप हुँ र आत्माको विकार हुँदैन भन्ने मलाई पूरा निश्चय छ ।

तो सत्सङ्गीहरूले भने—! तपाईं जस्तै मनुष्य गृहस्थीमा रहेर पनि जन्म–मरणको टंटाबाट छुटेर मोक्ष लाभ गरी जीवन मुक्त कहलाउँद छन् ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विचित्र पुरुषहरूका कथा

एक दिन वसिष्ठ ऋषि एउटा घोर जङ्गलमा डुलिरहनु भएको थियो। त्यहाँ एउटा विचित्र पुरुषलाई देख्नु भयो। जसको हजारौं हातहरू र आँखाहरू थियो र चञ्चल र व्याकुल रूप थियो। त्यो आफ्नो हजारौं हातहरूले आफ्नै शरीरलाई कुटिरहेको थियो। कुट्दा शरीरमा घाउ लाग्नाले कष्ट हुने हुँदा दगुर्थ्यो। त्यसलाई थकाई लागेछ र भयानक अन्धकार कूपमा गई हाम फाल्यो। केही काल व्यतीत भएपछि त्यहाँबाट निस्की कञ्जको वनमा गयो। त्यहाँ वनमा उसको खुट्टामा धेरै कंटकहरू बिज्न गएछ र अति कष्ट हुनगयो। त्यस्ले वनको जुन भागमा सुख मानेर प्रवेश गरेको थियो उहाँ नै कष्ट भएकोले उसले त्यस वनलाई त्याग गऱ्यो र बाहिर आई फेरि आफ्नै हातले आफ्नो शरीरलाई पिट्न थाल्यो। शरीरमा कष्ट हुँदा दौड्दै गई पहिले कै अन्धकार कूपमा हाम फाल्यो। केही समयमा त्यहाँबाट पनि निकली केराको वनमा गयो। त्यहाँ उसलाई केही शान्ति भयो। फेरि त्यहाँबाट बाहिर आई आफ्नो शरीर लाई कुट्न थाल्यो एवं प्रकारबाट आफैद्वारा भएको कष्ट भोगदै घुमिरहेको थियो।

त्यो बिचित्र पुरुषको यस्तो हालत देखी वसिष्ठले भन्नुभो

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

कि किन यसरी तिमी आफूले आफैलाई कुट्छौ भनी केही ज्ञानको उपदेश दिनु भयो। अनि त्यो पुरुषले भन्यो कि न म केही हुँ, न यो केही हो र न म केही गर्छु। तिमी त मेरो शत्रु हौ, तिमीलाई देख्नाले मेरो नाश हुन जान्छ। यस्तो भन्दै त्यो आफ्नो अङ्गलाई हेरी हेरी रून थाल्यो। त्यस्तैमा उसको सारा हात, आँखा, टाउको, छाती, पेट इत्यादि सबै अङ्गको पतन भयो। यतिकैमा एक पुरुष फेरि पहिलेको जस्तो देखा पऱ्यो। त्यो पनि जुन कुरा पहिलेको विचित्र पुरुषले गरेको थियो उस्तै गर्दै थियो। वसिष्ठले पनि त्यस पुरुषलाई पूर्ववत् प्रश्न गर्नु भयो ? त्यसले पनि वसिष्ठलाई देखेर आफ्नो अङ्गहरूलाई त्याग गऱ्यो। केही समय पछि आर्को एक पुरुषलाई वसिष्ठले देख्नु भयो। त्यसको कर्म पनि सबै विचित्र पुरुषकोझैं थियो। वसिष्ठले पनि पूर्ववत् प्रश्न गर्नु हुंदा उसले आफ्नो सबै अङ्ग-हरूलाई त्याग्यो। अरू केही वसिष्ठलाई देखी भागे। जा जो वसिष्ठका नजीक परेका थिए, तिनलाई ज्ञान उपदेश गरी उहाँले शान्ति प्राप्त गराउनु भो। तिनीहरू मध्ये जो उहाँलाई देखी भागेका थिए ती अझै पनि त्यसै दुःख पाई वनमा घुमि रहेका छन्।

वसिष्ठले यो कुराको सिद्धान्त रामचन्द्रलाई बताउन लाग्नु भो—विचित्र पुरुषहरूले अनेक कष्ट पाई बौलाहा जस्तो भई घुमेका भयानक वन भनेको यही संसार हो। त्यस वनमा रहो

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

विवेक नहुनाले आफैलाई कुटी कष्ट भोगिरहेका ती पुरुषहरू मन हुन्। अन्धकार कूप भनेको नरक हो। त्यसमा हामफालेको कारण संसारी बिषयरूप काँढा बिज्न गई कष्ट हुन गयो र केही समयमा मृत्यु भई नरकरूपी कूपमा परेका हुन्। त्यहाँबाट निस्कनु जन्म हुनु हो। केराको वन भनेको स्वर्ग हो। जन्म भई पुण्य कर्म गरी स्वर्गरूपी केराको वनमा केही आनन्द भोग समाप्त गरी पुनः पाप-कर्म गरी नर्क-रूपी कूपमा हामफाल्नु मृत्यु हुनु हो। एवं प्रकारले ती मनरूप विचित्र पुरुषहरूका जन्मनु-मर्नु कर्म भइरहेको हो।

विचित्र पुरुषलाई देख्ने म वसिष्ठऋषि भनेको विवेक हुँ। जो मेरा नजीकमा आएका थिए मेरो उपदेसले तिनीहरूलाई पनि विवेक हुन गयो र हजारौं हात र हजारौं लोचनरूपी अभिलाषाहरू त्याग गरे। अन्तमा अभिमान पनि नष्ट भयो र दुर्वासनारूपी आफ्ना अंगहरूलाई समेत त्याग गरी परब्रह्ममा लीन भएर गए। जो मेरो नजीकमा नआई भागिगएका थिए तिनीहरूलाई विवेक हुन पाएन। विवेक नगर्नेहरू संसारको रहस्य नबुझी बौलाहाझैं रोइकराई हिंड्ने हुन्छन्। हे रामजी! जबसम्म विवेक हुँदैन तबसम्म आत्मतत्वको ज्ञान हुँदैन र दुःख पाउँछन्। जब विवेक भयो अनि शान्त मन हुन्छ र आत्म-पद प्राप्त हुनगई तब सब दुःख नष्ट भएर जान्छ।

—०—

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पहिले आफू बन अनि उपदेश गर

एक स्त्री थिइन्, उनको १० वर्षको एक छोरा थियो। त्यो छोरालाई शकर खाने बानी बसेको थियो। शकर नित्य खानाले उसको स्वास्थ्य दिन प्रतिदिन खराब हुँदैगएको देखेर आमाले आफ्नो पुत्रलाई "अब यो शकर खाने बानीलाई छोड़िदे, यसबाट तेरो कल्याण हुँदैन भनी समझाइन्"। तर बालकमा केही असर परेन। अनि एक दिन छोरालाई साथमा ली एक महात्मा कहाँ गइन्। उनीले महात्मालाई भनिन्—महाराज! यो मेरो छोरा शकर अति खान्छ, मैले कति सम्झाएँकी हुँ यसले मेरो वचन मानेन। अब यसलाई तपाईंले सम्झाई यसको त्यो खराब बानी छुटाइदिनु, पर्‍यो। यसको स्वास्थ्य खराब हुँदै गएको छ। यो कुरा सुनी महात्माले भन्नु भो—आज होइन, दश दिनपछि यसलाई लिएर यहाँ आउनु अनि म सम्झाइदिउँला। दश दिन व्यतीत भएपछि स्त्री फेरि छोरालाई लिई महात्माकहाँ गइन्।

महात्माले त्यस बालकलाई संक्षेपमा यस्तो शिक्षा दिनुभयो कि जसको उसमा खूब राम्रो प्रभाव पर्‍यो। बालकले त्यसै समयमा आफ्नो माताको दुवै चरणमा स्पर्श गरेर शपथ गर्‍यो

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कि अब उप्रान्त म शकर कहिले खाने छैन। माता छोराको प्रतिज्ञाले अति खुसी भइन्। केही क्षणपछि उनले महात्मासित सोधिन्। आजको दश दिन अगि मैले यसलाई शिक्षा दिनलाई तपाईंसँग प्रार्थना गरेकी थिएँ, तर त्यस दिनमा तपाईंले शिक्षा दिनुभएन। जुन शिक्षा तपाईंले आज दिनुभयो, त्यो शिक्षा त्यसै दिन पनि त दिन सक्नु हुन्थ्यो। आज मेरो छोराले शकर खान छोडेको पनि १० दिन भइसक्नेथ्यो र केही नकेही स्वास्थ्य पनि असल भएर जाने थियो। यी कुरा सुनी महात्माले केही हाँसेर भन्नुभो--तिम्रो भनाई ठीक छ, तर के गर्नु जुन दिन तिमीले मसँग यो कुरा गरेकी थियौ त्यस दिनसम्म म स्वयं शकर खान्थे। तिम्रो कुरालाई ध्यानपूर्वक सुनी मैले उचित ठाने कि त्यस दिन बालकलाई उपदेश नदिनु नै ठीक थियो। अरूलाई जुन कुराको उपदेश दिनु छ त्यो कुराको यदि स्वयं आचरण नगरे त्यो कुराको असर आर्कामा पर्दैन यो निश्चय छ। त्यसै दिनदेखि शकर खान छोडेर आज जुन उपदेश यसलाई गरें तुरून्त त्यसको प्रभाव यसमाथि पर्‍यो। हेर, वेद, धर्मशास्त्र आदि ग्रन्थ अध्ययन गरेका तर अनाचारी ब्राह्मणहरूका उपदेशको असर श्रोताहरूमा केही पनि पर्दैन। कारण क्या हो भने ती स्वयं दुर्गुणदेखि निवृत्ति हुनसकेका छैनन्। आर्कालाई भने यसो गर्न हुन्न उसो गर्न हुन्न भनी उपदेश दिन्छन् त्यो कसरी असर पर्छ। ती श्रोताहरू भन्दछन् आफू भने कुनै

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

आचरण नगर्ने यहाँ हामीलाई भने बडो पण्डिताई छाँटेर यो पनि गर्नु हुन्न त्यो पनि गर्नु हुन्न भनी उपदेश गर्दछन्। यो कुरा तिमी पनि भन्दछौउ त्यो पनि भन्दछ। यसै कुरालाई लिएर श्रीकृष्णजी गीतामा अर्जुनलाई भन्नु हुन्छ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन।
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥ गीता ३।२२

हे पार्थ। तीनै लोकमा मैले गर्न पर्ने कर्तव्य केही छैन अर्थात् मैले प्राप्त गर्न नसक्ने कुनै वस्तु नै छैन तै पनि बराबर कर्म गर्दै छु।

कृष्णको भनाईको मतलब यो हो कि मलाई कर्मको जरूरत नभए पनि अरूलाई सिकाउन मैले गर्नु पर्छ नत्र तल्लो श्रेणीका मानिसहरू कृष्ण त कर्म गर्दैनन् भने हामीले नगरे के हुन्छ भनी मलाई दोष दिई कर्म गर्दैनन्।

अर्थात् ती पण्डितजीहरूलाई ब्रह्मज्ञान प्राप्त भए छ रे कर्म गर्नाको जरूरत परेन रे। लौ मानौ तै पनि श्रोताहरूलाई कर्ममा प्रवृति गराउनको लागि केही आचरणमा त रहन पर्ने हो। आज घेरैलाई हाम्रो वैदिक शास्त्रमा विश्वास नभएकोमूल कारण पनि उपदेश कर्ताहरूको मनमानो आचरणले नै हुनु पर्छ भनी इत्यादि उपदेश गरी आमा, छोरा दुवैलाई घर जान आज्ञा दिनु भयो।

———o———

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

समदर्शी

चित्तको समता नै योग हो। समान दृष्टि हुनगयो भने अनि योगसिद्धिहरूमा बाँकी नै के रह्यो ? जब मानिसलाई यस कुराको ज्ञान हुन जान्छ कि समस्त जगत् र जगत्का प्राणी-हरूमा एकै चेतन आत्मा छ, सानो—ठूलो, नीच—उच्च जाति सबैका शरीरमा एकै ब्रह्मको प्रकाश छ। जुन किसिमले गुलाव-जल, गंगाजल, मदिरा र मूत्रको घडामा एकै सूर्यका प्रकाश परेको छ। त्यस्तै प्रकारले मनुष्य र पशु-पक्षी सबैमा एकै ब्रह्मको प्रकाश छ। जसलाई यस्तो ज्ञान भएको छ उसको नजरमा सबै एक समान हुन जान्छ। राजा-महाराज, अमीर र गरीब, मनुष्य र पशु-पक्षी, हात्ती, घोड़ा, कुकुर आदिमा एकै चेतन आत्मा व्यापक देख्तछ, तब उसको दिलमा कसैसँग राग र कसैसँग विराग, कसैसँग बिरोध र कसैसँग मित्र भाव रहँदैन। त्यस समय उसलाई नकोही शत्रु देखिन्छ नमित्र। यस अवस्था-मा पुगेपछि, त्यो नकसैलाई आफ्नो सम्झन्छ नआर्काको। यही कारण हो कि जङ्गलमा तपस्या गरिरहेका ऋषि मुनिहरूका आश्रममा बाघ, भालु, हात्ती, मृग इत्यादि जनावरहरू आई एउटाले आर्कामाथि हमला गर्न छोड़ी सबै शान्ति पूर्वक

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

आश्रममा रहेका हुन्छन् । यस्तो अवस्थामा उसलाई स्त्री र पुरुष, साथी र दुश्मन, सर्प र पुष्पहार, सुन र माटो प्रभृतिमा केही फर्क रहँदैन । यस अवस्थामा उसको अन्तःकरणमा दुःखको लेश मात्र पनि रहेको हुँदैन र परमआनन्दको प्राप्ति हुन्छ । त्यस समयमा जुन आनन्द हुन्छ त्यसको वर्णन कलमले लेखेर बताउन कठिन मात्र होइन कि असम्भव पनि छ ।

यो अवस्था सर्वोत्तम अवस्था हो । यसमा परमानन्द छ । यो अवस्था उसैलाई नै प्राप्त हुन्छ, जसमाथि जगदीश्वरको कृपा हुन्छ अथवा जसको पूर्वजन्मको सञ्चित पुण्यहरूको उदय हुन्छ ।

एक दिन एउटा समदर्शी महात्मा गाउँमा घुमिरहनु भएको थियो । एक जना गृहस्थले उहाँलाई रोटी खाऊ भनी दिएछन् । त्यहीं निर एउटा कुकुर पनि बसिरहेका थियो । महात्माले त्यो रोटी आफू पनि खान लाग्नु भो र केही रोटी कुकुरलाई पनि खान दिनु भएछ । आफूमात्र नखाई कुकुरलाई समेत केही रोटी खान दिएको गाउँलेहरूले देखी आश्चर्य मानी ती महात्मालाई गिजाउन लागे, कोही यो पागल हो भनी हँसी गर्न लागे । यो देखेर महात्माले तिनीहरूलाई भन्नु भयो कि—तिमीहरू किन हाँस्तछौ ?

विष्णौः परिस्थितो विष्णुः विष्णुः खादति विष्णवे ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कथं हससि रे विष्णो ? सर्वं विष्णुमयं जगत् ॥

विष्णुको साथ विष्णु छ । विष्णु विष्णुलाई खुवाउँछन् । हे विष्णु, तिमीहरू किन हाँस्तछौ ? सारा जगत् विष्णुमय छ अर्थात् सारा संसार त्यस पूर्णात्मा विष्णुले व्याप्त छ ।

सच्चा समदर्शी साधु, फकीर, महात्मा र सन्त सारा संसारमा एक परमात्मालाई देख्तछन् । उनीहरूको दृष्टिमा अन्य कुनै वस्तु देखिँदैन ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

छन् ।
मुमय
द्वारा
अन्य

☞ आत्मा-सम्बन्धी प्रश्नोत्तर ☜

१ प्रश्न—आत्मा कस्तो छ ?

उ०—आत्मा अचिन्त्य, कल्याणरूप, अमृत, मायाको पनि कारण, आदि, मध्य र अन्तदेखि हीन, विभु, एक आनन्द रूप र अद्भुत छ ।

२ प्र०—के सबै प्राणीहरूको एकै आत्मा हो ?

उ०—निसन्देह, सबै प्राणीहरूमा एकै आत्मा छ । एकै चेतन देव सबै भूतहरूमा लुकेको छ । त्यही सबैमा व्यापक रहेको छ र त्यही सब भूतहरूको अन्तरात्मा हो । त्यही कर्महरूको अध्यक्ष तथा ज्ञाता, सब भूतहरूको निवासस्थान, साक्षी, चेतन, द्वैतदेखि रहित निर्गुण हो ।

३ प्र०—के शरीर र आत्मा दुइ बेग्ला-बेग्लै पदार्थ हुन् ?

उ०—शरीर आत्मा दुइ अलग-अलग पदार्थ हुन् । शरीर जड र नाशवान् छ, परन्तु आत्मा चेतन र अविनाशी छ । शरीर घर हो र आत्मा उसमा बस्ने चाहिं हो ।

४ प्र०—उसोभए एक ब्रह्म सिवाय अरू केही पनि छैन भने संसार क्या हो ? ब्रह्म चेतन र जगत् जड छ । यसकारण जड जगत् चेतन ब्रह्मदेखि कसरी उत्पन्न भयो ?

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

उ०—जो यो देखिएको छ त्यो अज्ञानले देखिएको छ, वास्तवमा त्यो छँदैछैन। ज्ञानी पुरुषहरूको दृष्टिमा त एक ब्रह्मको सिबाय केही पनि छैन। ब्रह्म चेतन स्वरूपदेखि जगत् उत्पन्न भएको छैन। यसकारण चेतन ब्रह्ममा जड जगत्को उत्पत्ति कसरी सिद्ध हुन सक्छ।

५ प्र०—जीव कुन चीज हो? चैतन्यवान् हो भनौं-भने चैतन्यवान् असंग छ, यस उसले कर्ता भोक्ता हुन सक्तैन र जड हो भनौं भने कर्म गर्न नसक्नु पर्ने हो?

उ०—चैतन्यको प्रकाश सहित मायाको भाव जीव हो यसैले प्राकृत जीव असंग छैन र चैतन्यको आभासले गर्दा निदान जड पनि छैन त्यही अज्ञान स्वरूपजीव कर्ता भोक्ता हो।

६ प्र०—अज्ञान र ज्ञान कसलाई हुन्छ?

उ०—तिम्रो प्रश्नको उत्तर यो भयो कि जड र चैतन्यको संयोगलाई जीव भनिन्छ अतः ज्ञान र अज्ञान उसैलाई हुन्छ र जीवसंग मिलेर रहेको यस अशुद्ध भावले जो मुक्त हुनु छ त्यही मोक्ष भनिन्छ।

जस्तै ज्ञान र अज्ञान जीवको आश्रित हो। उसै प्रकार बन्ध र मोक्ष पनि उसैलाई हुन्छ। बन्धनमा परेको जो छ उसैको नै मोक्ष हुन्छ र जसलाई अज्ञान छ त्यही नै अज्ञानलाई हटाएर ज्ञान प्राप्त गर्न सक्छ।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

७ प्र०—जीवन र मरण अथवा जन्म र मृत्यु कसलाई भन्दछन् ?

उ०— शरीर र आत्माको संयोगमा जीवन र यिनको वियोगमा मरण हुन्छ। जब आत्मा नयाँ शरीरमा प्रवेश गरी संसारमा आउँछ, तब जन्म भो भनी भनिन्छ र जब आत्मा पुरानो शरीरलाई त्याग गरेर जान्छ, तब मृत्यु भो भनी भनिन्छ।

८ प्र०—शरीरको साथ जो आत्मा अथवा चेतन वस्तु पैदा हुन्छ त्यो के शरीरको साथ नाश भएर जाँदैन ?

उ०—शरीरको साथ जो चेतन वस्तु अथवा आत्मा प्रतीत हुन्छ, त्यो शरीरको नाश हुनाले नाश हुंदैन। शरीर नष्ट भएर जान्छ, तर उसको भित्र रहने भएको आत्माको नाश हुँदैन। त्यो आफ्नो कर्म अनुसार फेरि नयाँ शरीर प्राप्त गर्छ। हामीहरू जुन किसिमले आज छौं, त्यसै किसिमले पहिले पनि थियौं, पछि पनि रहने छौं। हामीले आजसम्म अनगिन्ती जन्मलीई सकेका छौं र पछि पनि लिने नै छौं। जबसम्म मोक्ष हुँदैन, यस्तै प्रकारले जन्म लिंदै मर्दै गर्नै छौं।

९ प्र०—मरेपछि पनि इन्द्रिय सबै साबुत नै देखिन्छ तर काम गर्न किन असमर्थ हुन्छ ?

उ—शरीर जड़ छ र आत्मा चेतन छ। शरीर घर हो र आत्मा दीपक हो। जुन किसिमले घरमा दीपकको प्रकाश

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कुकुर [illegible], बिरालो प्रभृति संसारका सबै प्राणीहरूमा एकै आत्मा छ। यी सबैमा फरक – फरक आत्मा छैनन् परन्तु भ्रमवश अथवा अज्ञानले जुन किसिमले एकै सूर्य भिन्न-भिन्न जल भएको घडामा अनेक सूर्यझैं देखिन्छ यस्तै प्रकारले एकै आत्मा अनेक शरीरमा अनेक आत्मा देखिन्छ। बुद्धिमान जान्दछ कि सूर्य एक छ, तर घडामा अनेक सूर्य भएझैं देखिन्छ, यस्तै प्रकारले ज्ञानी सम्झन्छ कि संसारमा एकै आत्मा व्यापक छ, तर अनेक शरीरमा अन्तःकरणका भेदले अनेक आत्मा भएको झैं देखिन्छ।

१५ प्र०--ज्ञान, ध्यान स्नान, र शौच कसलाई भन्दछन्?

उ०—आत्मालाई सब प्राणीहरूमा एक रूप देख्नु नै ज्ञान हो, मन विषयदेखि रहित हुन जानु नै ध्यान हो मनको मैला-लाई हटाउन सक्नु नै स्नान हो, इन्द्रिय निग्रह गर्नु नै शौच हो।

१६ प्र०--संसारी बन्धनदेखि कुन प्रकारले अलग रहन सकिन्छ ?

उ०--विषयमा लागेको चित्तलाई, विषय देखि हटाएर ब्रह्ममा लगाई दिनाले संसारी बन्धनदेखि छुटकारा हुन सक्छ।

१७ प्र०·-आत्मालाई साक्षात्कार गर्नमा बाधक कुन हो? परमात्माको स्पष्ट दर्शन कहिले हुन्छ ?

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उ०—आँखा, कान, नाक प्रभृति इन्द्रियहरू र रूप, शब्द, गन्ध, स्पर्श आदि विषय मूलकारण हुन्। इन्द्रियहरू सदा विषय तिर मानिसलाई लैजान्छन् र विषय-विषको तुल्य घातक छ। विषयमा आसक्त हुनु नै परमात्मा दर्शनमा बाधक भएकोले विषयासक्त पुरुष आत्मालाई साक्षात्कार गर्न असमर्थ हुन्छ।

विषय र इन्द्रिय पैदा हुन्छ र नाश पनि हुन्छ, तर आत्मा भने अजन्मा र अविनाशी भएकोले यसको र उसको मेल हुँदैन, किन कि मेल भनेको उस्तै उस्तैसँग हुने हुनाले नाशवान र अविनाशीको मेल हुन सक्तैन। आत्मा यनीहरू सबैभन्दा पर र सबैको साक्षी छ। त्यस आत्माको प्राप्ति सत्यद्वारा हुन्छ। सत्यले नै मनको निरोध हुन्छ। मनको निरोध हुना साथ आत्मा सफा देखिन्छ, अर्थात् शुद्ध सफा र निमल मनमा नै आत्मा देखिन्छ, जुन प्रकार सफा ऐनामा अनुहार देखिन्छ त्यस्तै अशुद्ध मनमा आत्मा देखिदैन। अशुद्ध मन बन्धनको कारण हो र शुद्ध मन मोक्षको कारण हो। मन शुद्ध हुनाले खराब असल कर्महरूको नाश हुन जान्छ। कर्म नाश भएपछि मनुष्य जीवन मुक्त हुन्छ। जुन किसिमले दाउरा नरहनाले अग्नि लय हुन जान्छ, अर्थात् निभ्दछ त्यस्तै किसिमले वृत्तिहरूदेखि रहित भएको मन आफ्नो कारणमा लय हुन जान्छ, अर्थात शान्त हुन्छ, उसको चञ्चलपना नाश हुन्छ र स्थिर हुन्छ, तब आत्माको दर्शन हुन लाग्छ। जुन प्रकार हावाले हल्लिएको जलमा सूर्यको बिम्ब

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

देखिदैन, त्यस्तै प्रकारले अशुद्ध, मैलो चञ्चल चित्तमा आत्मा देखिदैन।

१८ प्र०—परमेश्वर कहाँ छन् र उनको ध्यान कसरी गर्नु पर्छ ?

उ०—यो जो हाम्रो शरीर छ, त्यही ती परमेश्वर बस्ने मन्दिर हो। यसमा जुन चेतन जीव छ, त्यही परमेश्वर हुन्। मनुष्यले आफ्नै हृदय- कमलमा ईश्वरको ध्यान गर्नु पर्छ।

१९ प्र०—जगत् प्रत्यक्ष छ र तपाईं भने एक ब्रह्मलाई बताउनु हुन्छ त्यस्ले त जगत् र ब्रह्म दुइटा हुनगयो अनि अद्वैत कसरी भो ?

उ०—तिम्रो विकारी दृष्टिले भिन्न-भिन्न प्रकारको नाशवान जगत् भान हुन्छ र अविकारी दृष्टिवानलाई जगत्-भाव हटेर अद्वैत ब्रह्म भान हुन्छ। जगत् अवस्तु हो र परब्रह्म वस्तु स्वरूप छ। यसकारणले अद्वैत नै छ।

२० प्र०—मायालाई अनादि मानेदेखि त अनादिको नाश कहिले पनि हुँदैन, र मायाले कहिले पनि छोडदिन र जीवको मोक्ष पनि कहिले हुँदैन, फेरि मोक्ष क्या हो ?

उ—माया अनादि भएर पनि कल्पित छ यसकारण कल्पित भ्रांतिको बोध भएपछि अज्ञान रहँदैन। कुनै एक पहाड़को गुफामा अनादि कालदेखि अंधकार रहेको थियो, दीपक

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

बाल्नको साथै अनादि अंधकार नाश भयो। जब अज्ञान रहँदैन तब अनादि अज्ञानमा परेको जीव-भाव हराई मोक्ष हुन्छ। अनादि अज्ञान हराएर जानु र आफ्नो वास्तविक आत्म-स्वरूपमा स्थित हुनु यसैको नाम मोक्ष हो।

२१ प्र०—असंग भएर पनि ब्रह्म सृष्टिको कर्ता कसरी भए ? एकै सब व्यवहारको हेतु हो भने सब एक समान किन न-भएको ?

उ०—मुमुक्षुहरूलाई सम्झन शीघ्र आवोस् भन्नाको लागि वेदान्त आचार्यहरूले ब्रह्मलाई असंग र सृष्टिकर्ता ईश्वरलाई बताएका छन्, ईश्वरको ब्रह्मदेखि अभेद छ। भेद दृष्टिवानको लागि असंग भएर पनि उपाधि सहित ईश्वर भन्दछन्। यस्तो ईश्वर असंग भएर पनि सृष्टिको कर्ता छ। जीवको पूर्व कर्म नै सृष्टि गर्नामा हेतु हो। जस्तै जीवनमुक्त असंग रहेर व्यवहार गर्दछन्, त्यस्तै ईश्वर सृष्टिको कर्ता हुन्। बिजुलीको शक्तिमा केही भेद छैन, तर मिसिन अनुसार भिन्न-भिन्न प्रकारको काम गरेको हुन्छ त्यस्तै सबैको अन्तःकरण भिन्न-भिन्न हुनाले सबैको व्यवहार एक किसिमको हुँदैन।

२२ प्र०—ज्ञानी र महात्माहरूले पनि दुःख-सुख भोगेको देखिन्छ, उनीहरू भन्दछन् कि यो प्रारब्धको भोग हो ?

उ०—यदि उनीहरूलाई दुःख-सुखले बाधा दिन्छ भने ती

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

ज्ञानी होइनन्। यदि ज्ञानीलाई त अरूको दृष्टिमा उनलाई सुख-दुःख परेको प्रतीत हुन्छ तर उनको अन्तःकरणमा सुख-दुखले केही बाधा गर्न सक्तैन।

२३ प्र०—सबैथोक आफ्नो मनैको कल्पना हो भने फेरि मोक्ष के वस्तु हो ?

उ० —आफ्नो मनको कल्पनाले उत्पन्न अनेकताको भावदेखि जो दुःख र बन्धन प्रतीत हुन्छ, ती सबैको एकताको दृढ़ निश्चयले छुटाएर स्वतन्त्रपूर्वक जगत्‌मा साम्य भावले व्यवहार गरेर सबैको हितमा लागिरहनु मोक्ष हो।

२४ प्र०—स्वर्ग र नरक भनेको के हो र कहाँ छ ?

उ०—स्वर्ग र नरक मनको सूक्ष्म भाव हो। मनै आफ्नो कर्म अनुसार स्वर्ग नरकको कल्पना गर्छ र सूक्ष्म शरीरले त्यसको कल्पित भोग भोग्दछ। जुन किसिमले स्वप्नावस्थामा मन नाना प्रकारको सृष्टि गर्छ र भोग भोग्दछ तथा आफूलाई सुखी अथवा दुःखी अनुभव गर्छ, त्यस्तै प्रकारले स्थूल शरीर छाडेर मन नै वासनामय सूक्ष्म शरीरले आफ्नो कल्पनाको अनुसार स्वर्ग अथवा नरक खडा गरी सुख र दुःखको भोग गर्छ। जो मानिस आर्को जन्ममा स्वर्गादि सुखको कामनाले परोपकारादि शुभ कर्म गर्छ, त्यसको मन शुभ कर्महरूको प्रभावले गरीकन मृत्यु भएपछि आफ्नो लागि स्वर्गको रचना गरिहाल्दछ, र जो

pal Sanskrit University, Balmeeki Campus, Kathmar

In Public Domain. Digitization by eGangotri.Funding:

मानिस आर्कोलाई कष्ट हुनजाने कुकर्म गर्छ, त्यसको मन आफ्नो मलीन भावको कारण मरण भएपछि दुःखदायी नरकको कल्पना गरेर त्यसैमा दुःख भोग गर्छ।

२५ प्र०—गीतामा व्रतोपवास आदिलाई पनि तामसी तप मानेको छ रे हो ?

उ०—जबरदस्ती भोख-प्यासमा रहनाले शरीरलाई कष्ट हुन्छ र त्यो कृशा हुन्छ र मन विक्षिप्त रहन्छ; जसले गर्दा एकाग्र हुन सक्तैन, यसकारण गीतामा यसको निषेध गरेको छ। मनलाई एकाग्र गर्नको लागि गीतामा नियमित आहार—बिहारको विधान गरेको छ। हेर गीता अध्याय ६ श्लोक १६ र १७)।

२६ प्र०—आत्मज्ञानलाई प्राप्तिको मुख्य साधन के हो।

उ०—वैराग्य। बिना वैराग्य नभई आत्माज्ञान हुन सक्तैन।

२७ प्र०—वैराग्य भने को के हो।

उ०—संसारी वस्तुमा राग अथवा प्रीति नगर्नु नै वैराग्य हो।

२८ प्र०—एक शरीर ले गरेको शुभ अशुभ कर्महरूको फल आर्को शरीरमा भोगाउनु यसतो अन्याय किन ?

उ०—कर्म शरीरबाट हुन्छ परन्तु कर्म गर्ने चाहिं शरीर होइन। कर्म कर्ता र कर्मको अभिमान गर्ने जीव हो। शरीर

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

जीवको रहने स्थान हो, यसकारण एक शरीररूप स्थानमा बसेर जो शुभ अशुभ कर्म गर्छ त्यसको फल जीव आफैं शरीरमा भोग्दछ। यसमा अन्याय केही पनि छैन।

२· प्र०—आत्मा शुद्ध छ भने सबै कुरा किन जान्दैन ?

उ०—अद्वैत तत्व नै शुद्ध आत्मा हो, उसमा भेद छैन। भेद बुद्धिद्वारा जानिन्छ। जान्नमा ज्ञाता, ज्ञान। र ज्ञेय रूप त्रिपुटीको आवश्यकता पर्छ। जान्नमा प्रतियोगी राग द्वेष हुन्छ, बाहिर दृष्टि हुन्छ, यी सब सामाग्रीदेखि प्रपंच जानिन्छ। यो सब सामाग्री अद्वैतमा अध्यस्त छ, अध्यस्तको मिथ्या कल्पनालाई सत्य अधिष्ठान कुन प्रकार र कुन प्रयोजनले जानोस्।

३० प्र०—प्रारब्धको नै भोग हुन्छ भने शास्त्र र गुरुको उपदेश व्यर्थ छ। प्रारब्धले परतंत्र भएको मनुष्य के गर्न सक्छ ?

उ०—प्रारब्धको वेग स्थूल हो, र गुरुको उपदेश सूक्ष्म हो। प्रारब्धमा जीव परतन्त्र छ, उपदेश ग्रहण गर्नामा स्वतन्त्र छ। जुन अंशमा प्रारब्ध अविरोधी उपदेश हुनसक्छ उसमा शास्त्र र गुरुको उपदेश सार्थक छ।

३१ प्र०—मोक्ष सुखलाई कसैले पनि प्रत्यक्ष गरेको छैन, बिना नजानी कुनै वस्तुको प्राप्तिको इच्छा हुँदैन भने मोक्षको इच्छा को गर्छ ?

उ०—मुक्त स्वरूप आफ्नो आत्मा हुनाले उसको सामान्य

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

अनुभव सबैलाई छ । अज्ञानको कारण पूर्ण स्मृति हुँदैन। अज्ञानीको भाव पनि आत्माको तिर हुनाले आत्म-प्राप्ति मोक्ष स्वरूपको इच्छा त्यो पनि गर्न सक्दछ । सुन्नाले इच्छा हुन्छ ! नदेखेको पुस्तकको नाम सुन्नाले मात्र पनि पढ्नलाई इच्छा हुन्छ । परम सुख विषयको सम्बन्धबाट प्राप्त हुँदैन, विषय रहित अखंड सुख मोक्ष हो । जब योग्यता सहीत मोक्षको तीव्र इच्छा हुनजान्छ तब श्रवण, मनन र निदिध्यासनले परम पुरुषार्थ सिद्ध हुन्छ ।

३२ प्र०—के मनुष्य आफ्नो स्वाभाविक गुणलाई बद्लन सक्छ ?

उ०—गुण यस्तो स्वाभाविक हुँदैन कि जन्म भर उसलाई बदल नै नसकिने स्वात्विक भोजन तथा सात्विक आचरणले मनुष्य रजोगुण र तमोगुणलाई हटाएर सत्वगुणको वृद्धि गर्न सक्छ । यसको बिपरीत खान-पान र आचरणले रजोगुण र तमोगुणलाई बढाउन सक्छ ।

३३ प्र०—पुनर्जन्मको शास्त्रवाक्यको सिवाय अरू के सावीत छ ? पुनर्जन्म हुन्छ भने किन थाहा हुँदैन ?

उ०—यो तिम्रो प्रश्नले त धर्म शास्त्रको निन्दा हुँनजान्छ यस्तो कुरा मुमुक्षुहरूलाई विषको समान हुन्छ । यदि कोही आफ्नो पिताळाई यस्तो भनोस् कि मेरो माताको वाक्य सिवाय

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

तिमी मेरो पिता भन्नमा के सबूत छ, उसको यो प्रश्न एक सत्व्यवहार लान्छन रूप नै हुन्छ। यस्तो प्रकारको तिम्रो प्रश्न छ यदि पुनर्जन्मको याद नभएको भए बालक जन्मनासाथ आफ्नो आमाको स्तन चुस्न किन लाग्थ्यो, त्यो कसले सिकायो।

एक शरीरलाई छोडेर आर्को शरीर प्राप्त हुनु पुनर्जन्म हो। जति प्राणीहरू छन् ती सब प्रथम थिए। पश्चात बीजरूपमा रहेर, स्थूल शरीरलाई छोडेर, सूक्ष्म शरीर आर्कै स्थूल शरीरमा प्रवेश गर्छ, त्यही पुनर्जन्म हो। शरीर तीन हुन्छ र एकको भित्र एक रहेको हुन्छ। जबसम्म मोक्ष प्राप्त हुँदैन तवसम्म कारण र सूक्ष्म शरीरको नाश हुँदैन, केवल स्थूल शरीरको नाश हुन्छ, सूक्ष्म शरीर कारण सहित बनिरहेको हुन्छ र स्थूलमा प्राप्त हुन्छ, उसैको पुनर्जन्म हुन्छ। जुन वस्तु पहिले थिएन त्यो पछि हुनु असम्भवछ। स्थूलको नाश हुनाले सूक्ष्मको नाश हुँदैन, केवल रूपान्तर हुन्छ। यस्तो प्रकारले प्राणीहरूको रूपान्तर हुंनु पुनर्जन्म हो।

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

ग्रन्थको उपसंहार

कुनै एक सज्जनको एक पुत्र थियो। उसले आधुनिक प्रचलित विद्या अध्ययन गरको थियो। मूर्ख हरूका साथमा लागि हिंड्ने डुल्ने गरको देखेर एक दिन उसलाई पिताले भने कि हे छोरा! मूर्खहरूका संगत गर्नाले आफू पनि मूर्ख बनिन्छ यो निश्चय छ। हाम्रो शास्त्रमा भनेको पनि छः—

त्यज दुर्जन संसर्गं, भज साधु समागमम्।
कुरु पुण्य महोरात्रं, स्मर नित्य म नित्यताम्।

दुष्टको संगत छोड। सज्जन को संगत गर। रात दिन धर्म गर। सँधै संसार अनित्य छ भन्ने कुरालाई सम्झ।

पिताको कुरा सुनी छोराले भन्यो-पिता जी? तपाईले जो उपदेश गर्नु भो त्यो ठीक छ, परन्तु म त्यत्ति को मूर्ख छु र? जस्तो मानिसको संगत गऱ्यो आफू पनि उस्तै बन्ने। पिता—ठीक छ तिमी बुद्धिमान् छौ, कुकर्म, कुभक्ष्य आदि केही पनि सेवन गर्दैनौ भन्ने कुरामा मलाई विश्वास नलागेको कहाँ हो र तर के गर्नु भट्टिभित्रबाट बाहिर आउने मानिसलाई मदिरा पिएर आयो भनी अरूले भन्दछन्। त्यस्तै रण्डी कोठीमा जाने र जुवा बारहमासे खेलेको ठाउँमा जाने मानिसलाई जुवारे बार-

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

हमासे र फुडो भनी भन्दछन्। उसले त्यो कर्म गर्न पर्दैन र पकराऊ भएको खण्डमा त्यो निर्दोषी पनि देषीको सरह सजाय-को भागी हुन्छ। पुत्र—उसो भए के तपाइँ अँग्रेजी विद्या पढ्नेलाई मूर्ख मान्नु हुन्छ ? पिता—अँग्रेजी सितको मलाइ द्वेष होइन, किन्तु आध्यात्मिक दृष्टिकोण नभएका जुनसुकै विचार होउन् तिनबाट जीवन उत्कर्षमा जाँदैन यो मेरो भनाई हो। यो गोल तातो छैन यसले तिम्रो हात पोल्दैन, त्यसकारण केही समय सम्म यसलाई समाती राख भनी गोल दिए। पुत्राले पिताको आज्ञा पालन गर्नको निमित्त गोल समात्यो। केही अल्प कालमा नै उसको हात कालो भो र लुगामा समेत कालो लाग्न गयो। अनि उसले भन्यो—पिताजी! मकहाँसम्म यो कालोलाई बचाएर राखुँ। कहीं नकाहीं त अवश्य पनि दाग लागिहाल्छ। सज्जनले हाँसेर भने—पुत्र। यद्यपि गोल तातो छैन त्यसले तिमीलाई पोल्दैन, तै पनि तिम्रो हात, खुट्टा र लुगामा त अवश्य पनि कालो लाग्छ। ठीक यस्तै प्रकारले खराब मनुष्य को संगतले तिमी बुद्धिमान भएको हुंदा हानि केही गर्न नसके पनि दुनियाँ मा त अवश्य पनि वदनामी हुन्छ। अतएव खराब दुष्कर्ममा लागेका मानिसहरूसँग मित्राता जोडी तिनीहरूका साथ रहनु ठीक छैन।

पिताको यो उपदेशले भने उसको चित्त बुझ्छ र उसले आफ्नो खराब मित्राहरूलाई त्यागने निश्चय गरी त्यसको उपाय

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

पितालाई सोध्यो ? पिता—आफू आठ दश दिन जति बाहिर ननिस्कनु अनि तिम्रो साथी तिमीलाई के भो भनी घरैमा हेर्न आउने छन् । त्यस समयमा तिमीले उनीहरूको आदर सत्कार नगर्नु र यो वेदान्त संग्रह नामक पुस्तकलाई लिएर पढ्न थाल्नु, तो दुर्गुणीहरू आफ्नो उपेक्षा भएको देखेर स्वयं उठेर जानेछन् । यस्तै प्रकारले दुइ चार पटक अनादर भएपछि तिनी-हरू फेरि आउने छैनन् ।

अर्थात् जुन मानिस वेदान्त विचार बिना बेकाम बस्दछ भने त्यो पुरुषकहाँ कामक्रोधादिक आउछन्, किन कि त्यस पुरुषबाट उनलाई आदर सत्कार प्राप्त हुन्छ । फलतः उसलाई शीघ्र आफ्ना वशमा राख्दछन् र परमार्थबाट भ्रष्ट गराइदिन्छन् । यस उसले सदा वेदान्त विचार गरिरहनु अनि काम क्रोधादि नजीक आउन सक्तैनन् । केही गरी आए पनि त्यातातिर नला-ग्नाले तिरस्कार भएर शीघ्र भागिहाल्दछन् ।

यावदायुस्त्रयो वंद्या वेदान्तो गुरुरीश्वरः ।
आदौ ज्ञान प्रसिद्ध्यर्थं कृतघ्नत्वापनुत्तये ॥

जबसम्म शरीरमा आयु छ तबसम्म वेदान्तशास्त्र र त्यस-को उपदेष्टा गुरु तथा ईश्वर यी तीनजनाको बन्दना गर्नु योग्य छ, किन कि ज्ञान हुनुभन्दा प्रथम त ज्ञान प्राप्तिको लागि वेदान्तशास्त्रको श्रवण, गुरुसेवा र ईश्वरको भक्ति गर्नु

pal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Funding

कर्तव्य छ। ज्ञान प्राप्तिको पश्चात् कृतघ्नतारूप पापको निवृत्तिको निमित्त यिनलाई सेवन गर्नु उचित छ, किन कि जुन वेदान्त गुरु र ईश्वरको कृपाले ज्ञान प्राप्त भएको छ, उसको उपकारलाई भुल्नाले कृतघ्नतामा प्राप्त हुनेछ। अर्थात् परिपूर्ण, अखण्ड एकरस परमात्माको ज्ञानद्वारा दुस्तर संसार सागरदेखि तरन र कृतघ्नता दोषको निवृत्तिको लागि परमात्मा र गुरुको भक्तिपूर्वक सेवा गरी देहपात पर्यन्त वेदान्तको विचार गरेर नै काल व्यतीत गर्नु पर्छ।

सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः।
सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुःख भाग्जनः॥

॥ समाप्त ॥

bal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

त्ति
न्त
र-
एड
रन
को
रेर

pal Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

५८८

AUTHOR गौतम रामबहादुर

TITLE वेदान्त-संग्रह

NR66
GOT
2017

५८८

महेन्द्र संस्कृत विश्वविद्यालय
वाल्मीकि विद्यापीठ
पुस्तकालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

0. In Public Domain. Digitization by eGangotri.Funding: M

ल्मीकिविद्यापीठपुस्तकाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

pal Sanskrit University, Balmeeki Campus, Kathma